बीसौं कृति

गौतम बुद्ध

महाकाव्य

८९३२
३८ गो

चन्द्रप्रसाद न्यौपाने

Donated By:

Mr. Ramesh Khakuree

2064 . 8 . 19

बीसौं कृति

गौतम बुद्ध

Gautam Buddha

महाकाव्य

Epic



चन्द्रप्रसाद न्यौपाने

Chandra Prasad Neupane

मेलोमेसो

कृति
गौतम बुद्ध (महाकाव्य)

महाकाव्यकार
चन्द्रप्रसाद न्यौपाने

लेखकको ठेगाना
फुलपिङकोट-३ कल्लेरी
सिन्धुपाल्चोक ।

स्वामित्व
लेखकमा र स्वपरिवारमा

लेखनकाल
साउन, २०५८ साल

छापेको समय
२०५९ साल

संस्करण
पहिलो

प्रति
१००० प्रति

समर्पण
रुचि राख्नेलाई

प्रकाशक
आँखा स्वयंसेवी प्रकाशन, काठमाण्डौ

कम्प्युटर ले-आउट
सुरेन्द्र श्रेष्ठ
सुप्रभात कम्प्युटर सेन्टर
सिन्धुपाल्चोक, चौतारा ☎ ०११ २००७३

मुद्रक
मिजन अफसेट प्रिन्टिङ्ग प्रेस
पुरानो बानेश्वर, काठमाण्डौ ☎ ४६६३३९

मूल्य रु ३००/-

ISBN 99933-647-2-1

G.NO 1471

प्रकाशकीय

सिर्जना अध्ययन र साधनाको उपार्जन मात्र होइन; हर्ष, पीडा वा स्नेह र आक्रोश आदिका उत्कट भावले विभोर पनि हो। मिहिनेती स्रष्टामा भावना बग्दछ र ऊ भावुक बन्दछ। कविताविधा सबैभन्दा कठिन विधा हो तापनि नेपाली साहित्यका सबैभन्दा बढी सर्जकहरू कविताबाटै आएका छन्। पहिरो लड्दछ- त्यहाँ रूख-बुट्यान, झारपात, माटो, लेदो, गिट्टी, गिर्खा, ढुङ्गामूढा सबै समान गतिले झर्दैनन्। ढुङ्गामूढाको वेग र हुंकार लामो हुन्छ। त्यस्तै प्रबन्धात्मक काव्यका वेग लामा हुन्छन्। लामो वेगमा हिंड्न सबैको पाहुर पुग्दैन नै। प्रबन्धात्मक शैलीमा उनिएको प्रबन्धकाव्य लेख्नु चानचुने कुरा हुँदैन। एउटा कठिन तपस्यापश्चात् मात्र प्रबन्धात्मक काव्यको जन्म हुन्छ। कवितामा कलात्मक ढंगले एउटा सिङ्गो युगको वर्णन गर्न सक्नु कविको पहिचान हुन्छ। आजका सबै काव्य यस श्रेणीका छैनन्। छन्द र लयको कलात्मकताभित्र महाकाव्यको स्वरूप लिएर आएका कवि चन्द्रप्रसाद न्यौपानेभित्र कविप्रतिभा जन्मिसकेको छ।

कवि चन्द्रप्रसाद न्यौपानेमा जुन प्रतिभा छ, त्यो नमूनायोग्य छ। यी कविले सानै उमेरमा धेरै पुस्तकहरू लेखिसकेका छन्। जसमा पनि कठिन विषयका महाकाव्यमा हात हालेर आधा दर्जन महाकाव्य लेखिसकेका छन्। 'पालुवा' (खण्डकाव्य) २०४७ बाट यिनको साहित्यिक लेखन प्रारम्भ हुन्छ। शास्त्रीय छन्दमै आफूलाई हराउन सक्नु यिनको पहिचान हो। एउटा सामान्य परिवारमा जन्मी अतिसामान्यआर्थिकस्रोतले पत्याउनै नसक्ने पुस्तकहरूका लेखन, प्रकाशन, वितरण आदि सम्पूर्ण कामहरू आफैंले गर्नसक्नुमा यिनीसित विशेष प्रतिभा रहेको अनुभूत गराउँछ। कमल दीक्षितको शब्दमा भनूँ-"संसारमा कतै नभएका .... !"

"गौतम बुद्ध" महाकाव्य न्यौपानेको लेखनका हिसाबमा पाँचौं र प्रकाशनका हिसाबले चौथो महाकाव्य हो। यस महाकाव्यलाई प्रकाशित गर्न पाउँदा आँखा स्वयंसेवी प्रकाशन संघ गौरवको अनुभूति गर्दछ र यो अवसर दिनुभएकोमा स्रष्टाप्रति धन्यवाद ज्ञापन गर्दछ।

१ भदौ, २०५१ साल
कमलपोखरी, काठमाडौं।

रमेश खकुरेल
अध्यक्ष
आँखा स्वयंसेवी प्रकाशन संघ।

अलौकिक प्रतिभा बुद्धका बारेमा

मैले बुद्धलाई भेटिनँ । उनी मभन्दा पचीस सय वर्षले जेठा हुन् । उनका बारेमा मैले जे जति सुनें त्यही कुरालाई यस काव्यमार्फत् उतारें । मलाई उनको त्याग र तपस्या मन पऱ्यो । यति मात्र हो । उनी मिहिनेती थिए । जुन काम गरेपछि पछुताउन पर्दैन, सोही काम गर्नु उत्तम हुन्छ । गौतम बुद्धले अढाई हजार वर्षअगाडि यही कुरा भनेका थिए । बुद्ध व्यावहारिक सन्त हुन् । उनीमा व्यावहारिक ज्ञान थियो तब उनी अलौकिक प्रतिभाका रूपमा समाजमा स्थापित भए । व्यावहारिक ज्ञान हुने मानिस नै संसारमा धेरै वर्षसम्म बाँच्दछ । उसको व्यवहारलाई अनुकरण गरिन्छ । हामी भविष्य सोच्तैनौं तब हामीले जुन काम गरेका छौं, त्यसको फल प्राप्तिले आफैँलाई असन्तुष्टि बनाउँछ । यसो किन हुन्छ ? हामी काम गरेपछि पछुताउँछौं । त्यतिखेर त्यसो नभएर उसो गर्न पाएको भए हुन्थ्यो । यतिकैमा हाम्रो जीवन बितिराखेको हुन्छ । गौतम बुद्ध आफूले गरेका कामबाट कहिल्यै पछुताएनन् । उनले जुन काम गरे सोबाट सदा सन्तुष्ट भए । त्यसैले आजको विश्वमा गौतम बुद्ध बाँचिराखेका छन् ।

अलौकिक प्रतिभालाई संसारले पूजा गर्दछ । सोही व्यक्ति नै ईश्वरीय शक्तिमा रूपान्तरित हुन्छ । विचारले विचारलाई जित्न सक्नु सर्वविजय हो । तर्क गर्न सक्ने मानिस सधैँ अगाडि रहन्छ । ईश्वर, स्वर्ग-नर्क यी सबै तर्क हुन् । हिजोआजका अनेकौं वादहरू तर्ककै फल हुन् । तर्कले दिनलाई रात र रातलाई दिन गराउन सक्दछ । जो तार्किक र विचारवान् मानिस हुन्छ, उसभित्र नै अद्भुत प्रतिभाको जन्म हुन्छ । गौतम बुद्ध एक अद्भुत प्रतिभावान् मान्छे हुन् । जसको मिहिनेत, साधना र तपस्यालाई आजको यो विश्वले पर्याप्त सम्मान दिएको छ । कसरी जन्मन्छ अद्भुत प्रतिभा ? जसभित्र सिङ्गो समाजको दर्पण रहन्छ । एउटा समाजको प्रतिबिम्ब भन्नु नै प्रतिभावान् मानिस हो । विनाप्रतिभाको मानिस हुँदैन तर लौकिक र अलौकिक यसका दुई किसिम छन् ।

आजभन्दा अढाई हजार वर्षअगाडि नेपालभूमिको लुम्बिनी भन्ने जगगामा जन्मिएका सिद्धार्थ गौतम उनै हुन् जसलाई आज हामी भगवान् बुद्धका नाममा पूजा गर्दछौं । हामीले उनीलाई किन सम्भिराखेका छौं ? पारिवारिक मायाँ-ममता, सौखसयल एवं दरबारिया उच्च नेतृत्वसमेतलाई त्यागेर सामान्य जीवन बिताउन उनी एकान्तमा लागे । आफ्ना इन्द्रियहरूलाई वशमा राखेर एउटा सत्य कुराको खोजीमा गौतम बुद्धले समाधिको बाटो लिए । जहाँ उनले कुनै एक व्यक्तिको चिन्तन गरेनन्, यही ठूलो समाजका बारेमा नै अध्ययन अनुसन्धान गरे । नराम्रा पक्षलाई त्यागे, राम्रा पक्षहरूको अनुशरण गरे । आफू नमुना बनेर अरूलाई देखाए । त्यसैमा नै उनको महानता जन्मियो । उनीले संसारका सम्पूर्ण सृष्टिको नाश हुने देखे । हामी लोभ, मोह, क्रोध, ईर्ष्या आदि कुरामा अलमलिएका छौं । बुद्ध यी कुराहरूबाट उकासिएका थिए । सीमा बन्धनमा होइन, मानिसले स्वतन्त्र बाँच्न पाउँनु पर्दछ । यो संसार सीमाहीन छ । हामी बुद्धको विचारभन्दा विपरीत हिंडेका छौं । हामीले प्रत्येक क्षेत्रमा बन्धन बाँधेका छौं । धर्तीलाई टुक्राटुक्रा पारेर कृत्रिम सीमा खिचेका छौं । त्यतिमात्र होइन विचारको संसारलाई पनि विभाजित गरेर कोलाहलको सृजना गरेका छौं । जसको

कारण हो- अहंकार र द्वेष । बुद्ध समदर्शी थिए र उनले संसारलाई सम्मै देखे । हामीले संसारलाई विभाजित देखेका छौं । बुद्धले एकताको लागि संघर्ष गरे । हामीले विभाजनका निम्ति संघर्ष गरेका छौं र शासन गरेका छौं विभाजनकै निम्ति । जसभित्र हिंसाले जीवन पाएको छ । बुद्धले सत्य कुरा मात्रै बोले । उनले हिमालमा चिसो भेट्टाए, सूर्यबाट ताप पाए जो सदैव सत्य नै रहन्छ ।

संसारैका प्रसिद्ध मान्छे, गौतम बुद्ध । उनीलाई समय र परिस्थितिले माथि पुर्‍याएको हो । बुद्धभन्दाअगाडि जन्मिएका महान् विचार, महान् चरित्का अद्‌भुत प्रतिभाहरू पनि छन् विश्वमा । हामीले प्राचीन साहित्यमा अध्ययन गरेका छौं- विष्णु, कृष्ण, महादेव आदि । पृथ्वीका पूर्व-पश्चिम, उत्तर-दक्षिण सबैतिर कोही न कोही अद्‌भुत प्रतिभा जन्मिराखेका छन् । जिसस क्राइष्ट आदिका नाम पनि विश्वले जपिराखेकै छ । मैले ती धेरै अद्‌भुत प्रतिभामध्यका पनि अद्‌भुत प्रतिभा बुद्धलाई पाएँ । महान् विचार, महान् चरित्लेयुक्त महान् व्यक्तिलाई नायक बनाएर एउटा महाकाव्य सिर्जना गर्ने मेरो धोको होइन, आवश्यकता भन्ने लाग्यो । सोही अनुरूप गौतम बुद्धलाई संसारका प्रथम विजेता ठहर्‍याएर मैले उनैका नाममा यो काव्य अर्पण गरें । बुद्धका बारेमा के लेखिएका छैनन् ? सबै लेखिएका छन् तैपनि यो काव्यलाई सोही कुरामै दोहोर्‍याएर लेख्ने धृष्टता मैले किन गरें ? बुद्धजीवनीमा आधारित विभिन्न सन्दर्भ-सामाग्री, अध्ययन-अनुसन्धान र केही काल्पनिक पात्र चयन गरी यस काव्यकाय खडा गरिएको छ ।

हामी कुनै न कुनै वाद, सिद्धान्तमा लिप्त बनेका छौं । बुद्ध कुनै समाज, विचार वा सम्प्रदायका होइनन् । उनी सर्वव्यापी हुन् । सीमित स्वार्थपूर्तिका लागि बुद्धको नाममा हामीले आफ्ना नैतिकता बेचेका छौं । बेलाबेलामा भारत देशले कृत्रिम हल्ला फिंजाएर क्षेत्रीयताका आधारमा गौतम बुद्ध भारतमै जन्मेका हुन् भन्ने गर्दछ । यो अहं हो भारतको । बुद्ध जहाँसुकै जन्मून् ! सम्बन्ध के रह्यो र ? केवल उनी आजसम्म किन बाँचे ? हामीले उनीलेजस्तै राम्रो काम के गर्ने ? यसै कुरामा चिन्तन गर्नु आवश्यक ठहर्छ । गौतम बुद्धका विषयमा पारंगत त म होइन, मलाई यति मात्र थाहा छ- उनी सत्यवादी थिए । सत्य त्यसैमा थियो- जहाँ सम्पूर्ण विषयी भोगविलासको त्याग थियो । समाजप्रतिको गहिरो चिन्तन बोकेका गौतम बुद्धले आफ्नो जीवनकालमा समाजकै उन्नतिका बारेमा सोचे । समाजलाई नयाँ दर्शन दिए, जसमा पहिलो नमूना आफैँ बने ।

गौतम बुद्धलाई गहिरो चिन्तन अध्ययनले वस्तुको सत्तालाई स्वीकार नगरी शून्यको अनुभव गर्न लगायो । वास्तविक परमार्थले संवृत्ति सत्य र सम्यक्‌दृष्टि दुई सत्य चिजको ग्रहण गर्छ, त्यसैले बुद्ध बुद्धत्व प्राप्त गरी शून्यमा परिणत भए । आजको युगमा शून्यवादलाई मानववाद पनि भनिन्छ । शून्यको खास अर्थ के हो त ? शून्य यो अर्थमा छ- संसारका सबै वस्तु नाशवान् छन् । नाश नै शून्य हो र मानिसलगायत सम्पूर्ण प्राणीजगत् नाशतत्व हुन् । बुद्धले यही कुरालाई बारंबार दोहोर्‍याए । बुद्धले कर्म नगरेर निराशावादी जोगी, फिरन्ते बन्नु भनेका पनि होइनन् । संसारमा रहेर केही गर्नु त अवश्य पर्दछ । संसारमा रहनु खराबी होइन तर वास्तविकताको अज्ञानता नै खराब हो । गौतम बुद्ध मगन्ते भिक्षु होइनन्, उनी त्यस समयका एक नमुनयोग्य क्रान्तिकारी हुन् । क्रान्तिकारीको अर्थ विद्रोही लडाकु होइन, नयाँ सिर्जनाको पक्षपाती हो । चित्तशुद्धि भएका एक क्रान्तिकारी महान्‌ता बुद्धमा थियो । उनले संसारलाई समान देखेका थिए । हामी दुःखको सागरमा डुबेका छौं । दुःखी हुनु संस्कार हो । यसबाट मुक्ति पाउँन समाधितर्फ जानु पर्दछ । भौतिक उन्नतिले क्षणिक सुख मिल्दछ तर दुःखको उन्मूलन हुँदैन । भौतिक आधार नभए श्रमको सिर्जना हुन्न । भौतिक विज्ञान चित्तमा

रहन्छ । चित्त नै विज्ञान हो । चित्तलाई हामी दुःखको संस्कारतर्फ लैजान्छौं, तब दुःखको अनुभूति गराउँछ । संस्कार उन्नति होइन, जसमा क्षणिक सुख रहन्छ । यसबाट टाढा रहन आष्टाङ्गिक मार्गको खोजी गरे बुद्धले । तब उनी आजसम्म तिनै आष्टाङ्गिक मार्गमा भेटिन्छन् ।

मैले गौतम बुद्धलाई कुनै समाज, विचार वा सम्प्रदायका होइनन् भनी माथि उल्लेख गरिसकें । कुनै महान् व्यक्तिलाई हाम्रा मान्छे भन्नु विचारले हार्नु हो । महान् व्यक्तित्व सर्वव्यापी रहन्छ गौतम बुद्ध अहिलेको कृत्रिम सिमानामा विभाजित विभिन्न देश देशहरूमध्येको नेपालभूमिमा जन्मेका हुन् । उनी नेपालबाहेक अन्य कुनै देशमा जन्मिएका भए पनि आखिर बुद्ध नै हुने थिए । कृत्रिम स्वार्थपूर्तिका लागि अहिलेको भारत देशका ठूल्ठूला विद्वान् भन्नेहरूले बुद्धलाई आफ्नो पक्षमा ल्याउन नेपालमाथि बारम्बार मानसिक आक्रमण गरिराखेका छन् । तर्क पनि शक्तिमा निर्भर रहन्छ, सत्यतामा होइन । गौतम बुद्ध नेपालभूमिको लुम्बिनी भन्ने ठाउँमै जन्मेका हुन् र उनी त्यसताका मंगोलियनका विशेष पक्षपाती बनेको प्रमाण अहिलेका मंगोलियनका बुद्धप्रतिको आस्थाले देखाउँछ । त्यतिखेर भारतका आर्यहरूले बुद्धलाई अनावश्यक दुःख दिएका थिए । कारण गौतम बुद्धको नाम चारैतर्फ दिनानुदिन फैलदै थियो, सो कुरा भारतका पण्डितहरूलाई पच्न सकेन । लुम्बिनीमा जन्मी शिक्षादीक्षा दिंदै केही कालको भारत भ्रमणपश्चात् गौतम बुद्ध श्रीलंकासम्म पुगे । अहिलेको श्रीलंकामा गौतम बुद्धको जुन मानसम्मान् छ त्यति नेपालले पनि दिन सकेको छैन, तब बेलाबेलामा भारतले नेपाललाई किन मानसिक यातना नदेओस् ! त्यतिखेर गौतम बुद्ध भारत, श्रीलंका हुँदै अफगानिस्तान र दक्षिण चीनसम्मको भ्रमणमा लागे र आफूलाई मंगोलियनहरूकाबीच स्थापित गराए ।

यस महाकाव्यका विषयमा कतिले नाक चेप्राउलान्– यसमा नयाँपन त केही पनि छैन, उही पूर्वीय काव्यिक परम्पराअनुसार नै संरचित छ । तर पूर्वीय काव्यिक परम्पराअनुसार नै नेपाली भाषाका अधिकांश महाकाव्यहरू सिर्जना भएका छन् । अहिलेको पाश्चात्य हावाले भेटेका कवि साहित्यकारका निम्ति मात्र यो परम्परा नपच्ला ! जे होस् पश्चिमेली साहित्यदेखि पूर्वीय साहित्य हारेको छैन, यो प्रचारमा भर पर्ने कुरा हो । हाम्रो पहुँच पश्चिमेलीकोझैं भैदिएको भए नेपाली साहित्यले विश्वमै सर्वाधिक महत्व र चर्चा पाउने थियो । यसैले मैले आफ्ना काव्यहरू पूर्वीय परम्पराअनुसार नै सिर्जना गरेको हुँ ।

यस काव्यको पाण्डुलिपिलाई कविवर श्री रमेश खकुरेलले सरसर्ती हेरेर भुलचुक देखिएका त्रुटिमाथि औंल्याएर आवश्यक सल्लाह–सुझाउकासाथै आँखा प्रकाशनले प्रकाशन गरिदिने वचन दिनुभयो । गुणले गुणै तान्छ भन्छन् यसप्रति म ऋणी छु । रमेश खकुरेल भाषा र छन्दकाव्यका विषयमा, विकासमा संघर्ष गर्दै आएका एक साहित्यसेवी हुन् । अन्तमा, कम्प्युटर गर्न कति पनि झर्को नमानी सधैं सधैं सहयोगी भावना राखिराख्ने मित्र सुरेन्द्र श्रेष्ठ र यस काव्यप्रति चासो राख्ने सम्पूर्ण शुभेच्छुकप्रति कृतज्ञ छु र नमरी बाँचे, कालले साँचे फेरि अर्को काव्यमा भेट गर्ने वाचासहित–

फुलपिङकोट–३, कल्लेरी
सिन्धुपाल्चोक ।
२७ साउन, २०५८ साल ।

चन्द्रप्रसाद न्यौपाने

गौतम बुद्ध

वैरीहीन हुँदैन मानिस कुनै छन् द्वन्द्व यी जीवमा
वैरी गौतमका थिए तर उनी देख्थे समानै जन
बोल्थे बुद्ध गरीबपक्षतिरको सर्वत्र उत्थान होस्
बाटोमा तर छेक्दथे अरिहरू साम्राज्य हाम्रै बनोस् ।

◉

छन् अष्टाङ्गिक मार्ग यी वचनमा सङ्कल्प सम्यक् स्मृति
सम्यक् दृष्टि, समाधि कर्म घरमा आजीविका संस्कृति
सम्यक् भाव प्रयत्नमा रहिरहे हामीसितै शान्ति छ
यी अष्टाङ्गिक मार्गबाट नहिँडे संसार दिग्भ्रान्ति छ ।

◉

प्रथम सर्ग

अनुष्टुप् छन्द ।

१. नमोबुद्ध हलो जोत्ने मिहिनेती किसानमा
पहिलो वन्दना मेरो शान्ति जीवन पाउँन
शान्तिका दूत जन्मेका बुद्धनायक देशमा
वाँचुन्जेल नमस्कार हलो जोत्ने किसानमा ।

२. दु:खी मान्छे सधैं दुख्छ हेप्ने हुन्छन् जताततै
थामिंदैन लडे भीर बग्दै जान्छ अझै उँधै
जोतिंदैछन् सधैं त्यस्ता छँदै छैन पदोन्नति
नमस्कार तिनैलाई जल्ले गर्दछ उन्नति !

३. मन्त्र- "ॐ मणि पद्मे हुँ" सट्टा "होर्रा ह" मन्त्रले
निको हुन्छन् सबै रोगी फलफूल र अन्नले
को हुन् त्यस्ता महाबुद्ध ? गरेँ खोजी जताततै
यतै पाएँ महाज्ञानी शान्तिदूत किसान नै ।

४. हलो जोती सधैं खेती काम गर्ने छ जो यता
गाथा गाउनको आशा राखी सत्य टिपूँ कथा
सुम्पी दिन्छु तिनैलाई यी बुद्धबोध शिष्टता
बुद्ध भन्ने यिनै मेरा जो समाज किसानका ।

५. वन्दना गर्नमा योग्य जो छन् पाठक उत्तम
तिनैलाई छ यो मेरो नमस्कार नयाँपन
पढालेखा महाज्ञानी तथा दर्शनका धनी
कवि लेखक विद्वान् यी वन्दनामूलका अनि

६. जन्मभूमि, सुमा मेरी हुर्काउने पढाउने
गुरूलाई नमस्कार साथीगण रमाउने
न्यायनिम्ति लडेका छन् भोक तिर्खा खपेर जो
लक्ष्यको प्राप्तिमा पुग्नेलाई अर्पन्छु काव्य यो ।

७. आह ! शान्त सधैं मौन यी हिमाल सुशोभन
न्यायमूर्ति बनेका छन् आत्मा स्वच्छ छ कञ्चन !
ऋषि बाबा बसेका यी छन् आश्रम तपोवन
यही देश पियारो छ कविको बोल्छ जीवन ।

८. शान्ति शान्ति महाशान्ति होस् हाम्रो शान्त जीवन
यी उद्यान नमूना छन् आहा ! यी हरिया वन
शान्त सौन्दर्यले ढाकीछोपी मानवजीवन
बिउँझाई रहेका छन् वन्दनायोग्य यी वन ।

९. चिर्रबिर्र चरा बोल्छन् कता छन् बुद्ध गौतम
पाएँ मैले कला प्रेम चरामा बुद्ध चेतना
हरियो वनको देश हाम्रो नेपाल सुन्दर
तर हिंसा फँडानीले कुन सौन्दर्य बाँच्छ र ?

१०. मृगका हूलमा बाघ कुदेका हेर आतुर
ममताहीन हिंसाले शान्तिले चर्न दिन्छ र ?
हिमझर्ना सुसेल्दै छन् कल्कलाई निरन्तर
तर स्वच्छ नदी हाम्रा भएका रूप अन्तर ।

११. बगेका छन् नदी राता हाहाकार यता भयो
लोभ ईर्ष्या बढेको छ बुद्धबोध कता गयो ?
बोधिवृक्षहरू बुद्ध खोज्छन् हिंसकराजमा
त्यसैले म तपस्या त्यो खोजूँ यी बोधिवृक्षमा ।

१२. हिमालैको कथा लेखूँ ! भावनाले पवित्र होस
कहाँ ईर्ष्या लिई हिंडछन् कवि आत्मा अझै बनोस् !
हटून् दाग नरामा जो जति छन् यी कलंकित
खोजी भेटिन्न रे दाग छन् हिमाल सुशोभित ।

१३. हुँ श्रीपेच सबैको म बसेको छु उचाइमा
कवि आत्मा सधैँ स्वच्छ हिमजस्तै चिसाइमा
गर्मीमा सूर्यझैं तातो मेरो मुस्कान फूलझैं
पूर्णिमा रातको चन्द्रजस्तै प्यारो बनूँ सधैँ ।

१४. लेखूँ स्वच्छन्द आत्माले कविको भावना खुलोस्
कापी भू-भाग धर्तीको नदीनाला मसी बगोस्
हस्व-दीर्घ उँचा भीर-गहिरा हुन् जताततै
भावनाले उडेको हुँ हावाजस्तै हतारिंदै ।

१५. चढैँ धेरै उँचा डाँडा तरेँ धेरै नदीहरू
भावनाको भएँ डुङ्गा कविता छन् छ के अरू ?
तरेँ सागर ठूल्ठूला उक्लेँ अग्ला पहाड यी
सन्तुष्टि काव्यमै पाएँ प्राप्ति शून्य अरू जति ।

१६. बाँचुन्जेल यही बाटो छु लेख्ने काव्यमर्म यो
आखिरी काव्यको प्राप्ति मर्म अन्तिम शून्य हो
रूनेलाई हँसाऊन् यी काव्यका मर्मले छुँदै
शान्ति भेटेँ यसैमा छ खोज्न जाउँ कता रूदैँ ?

१७. प्रतिस्पर्धी भई आज धाराप्रवाह लेखुँला
देवकोटाहरू भेट्ने इच्छा जागेर आउला
कालिदास सँगै हिंड्छन् देवकोटा तथा अरू
मीठो डाहा गरेँ मैले भेटूँ मैले कता अरू ?

१८. लेखनी यो कुदोस् मेरो उछिनेर गणेशको
व्यासकोझैं कथा भन्ने वाणी धाराप्रवाहको
कालिदास महामूर्खबाट ज्ञानी बनेसरि
हटून् मुर्ख्याइँ मेरा यी काव्यभित्र त्यसै गरी ।

१९. सूर्यजस्तै उज्यालोले धर्ती ढाकोस् छपक्क रे !
मरुभूमि बनोस् पानी गरोस् सिञ्चित काव्यले
कोरियून् शब्द मीठा यी पिककण्ठ खुलेसरि
सदा शान्ति खुलोस् मार्ग जूनको देशमासरि ।

२०. प्रतिभाज्वारमा लक्ष्मीप्रसादझैं निरन्तर
कविताको फूटोस् मूल गहिराई भएनिर
लेखनाथीय चिन्ताको खुलून् मार्ग सुशान्तिको
गहिरा समका वाणी बाँची राखून् अनन्त जो ।

२१. घिमिरेको कला चाखूँ भेटूँ निर्भीक प्रश्रित
श्रमीप्यारा नमस्कार श्रमीकै हित लक्षित
सत्य बोलूँ सबैतर्फ उच्च गाथा निमित्तको
गरूँ चर्चा उनैको यो महान् व्यक्ति निमित्त यो ।

२२. प्रतिस्प्रधी बनूँ एक अनुयायी हुँ बुद्धको
समाजको बने राम्रो अर्को बुद्ध यहाँ छ को ?
दुनियाँको बुझी मर्म बुझाई चित्त लोकको
काम गर्छ यहाँ जल्ले निस्वार्थी एक बुद्ध हो ।

२३. कला मात्रै भई हुन्न हुनै पर्दछ भावना
जस्तै आओस् कडा वज्र बुद्धले गर्छ सामना
शान्ति हुन्न बसी मौन बोल्नु पर्दछ काममा
प्रतिस्प्रधी त्यसैले म बुद्ध गर्दैछु साधना ।

२४. सुनोस् कल्ले पढोस् कल्ले सिर्जना छन् निरर्थक
कल्ले देख्छ छ त्यो ठूलो एकान्तैको अजिङ्गर
भावना यी यता पोखें कवितामा भए जति
बाक्लो हुस्सू कता जान्छ नापो त्यस्मा लिने कति ?

२५. रोएको छु बसी एक्लै आँसु झर्दछ झर्झर
हुनेको साथमा कल्ले दुःख आएर बाँड्छ र !
जता जे होस् चलोस् मेरो लेखनी यो निरन्तर
गति चल्ने नरोक्दा नै दीप त्यस्मै छ उज्ज्वल !

२६. जस्तै आपतमा मेरा सत्य वाणी फुटून् यहाँ
सत्यनिम्ति मरेका छन् अन्यायीको विरूद्धमा
यसरी नै सधैं लेखूँ मसी बन्द नहोस् कतै
संघर्षैले बने बुद्ध क्रान्ति गर्थे हिंडी यतै ।

२७. के छ बुद्धत्वमा बुद्धिभन्दा माथि छ प्राप्ति जो
बुद्ध बुद्धत्व नासिन्न सत्यताको स्वकर्म हो
सत्यनिम्ति लडें एक्लै न देख्यो राज्यले कतै
त्यसैमा भेट्छु बुद्धत्व निराशैमा रूँदा यतै ।

२८. कैयौं वर्ष वितेका छन् शान्ति मात्र छ चाहना
विनाक्रान्ति कहाँ शान्ति ? जन्म सिद्धान्त उत्तम
व्यवहार र सिद्धान्त आगो पानी दुई भए
सिद्धान्तैमा मिलेनन् यी व्यवहार यतै छ हे !

२९. शान्ति ! शान्ति ! सबै भन्छन् प्रतिपादित बुद्ध वा
त्यसपूर्व अरू जन्मे न वा हुन् बुद्ध सृष्टिका
बुद्ध शान्ति न वा हाम्रो भावनाभित्र शान्ति छ
सिद्धान्तमा कता छन् खै ? खोजी भेटिन्न बुद्धता ।

३०. व्यवहार भए राम्रो खाँचो के तत्व हुन्छ र ?
चौतारिमा बसून् जो जो कस्ले पाउन्न शीतल !
म भएँ जिउँदो मुर्दा गरें के खै समाजमा ?
गर्ने केही सधैं बाँच्छ बुद्धजस्तै प्रकाशमा !

३१. मनैमा छ सबै तत्व परिचालनको कला
आफैंले गर्न जानेमा भेटिने छन् सबै यहाँ
व्यावहारिक सिद्धार्थ भए बुद्ध समाजमा
व्यवहार गरौं राम्रो नमूना भै नयाँपन !

३२. शक्तिशाली थियो एक शाक्य क्षेत्रिय वंशज
थिए सभ्य तिनी ज्ञानी यही नेपाल पश्चिम
जन्मे बुद्ध त्यही वंशबीच दीप नयाँ बल्यो
जो प्रकाशमा विश्व तेजोमय सधैं छ यो ।

३३. त्यसै हुन्न महामान्छे सकोस् चिन्त स्वयम् म को ?
सकोस् त्याग्न सबै लोभ घरबार यसोउसो
लिई चिन्ता समाजैको हितका निम्ति धाउँछ
त्यस्तो मानिस मर्दैन ठूलोमा कहलाउँछ !

३४. बाँचेको छ अझैसम्म बुद्धको तेज चम्किलो
ननिभेको महाज्योति किन होला हवा छ यो
बुद्धबोध म खोज्दै छु जस्को कारण इन्धन
पत्तो छैन मलाई त्यो अडकेँ केमा छ वन्धन ?

३५. त्यसै बुद्ध भएनन् ती राजाका पुत्र गौतम
दुनियाँको बुझी मर्म दिए दर्शन उत्तम
चाहेका छन् सबैले नै शान्तिमार्ग खुलोस् यहाँ
हिंड्दै जाँदा पुगे बुद्ध कठिनाई थियो जहाँ !

३६. ईर्ष्या डाह महाक्रोध त्यागे लोभ तथा अरू
दरवार सबै त्यागे राजकाज नशाहरू
के हो संसार यो व्यर्थ झगडा यी मनुष्यमा ?
तेरो मेरो अहंकारी थियो यस्तै समाजमा !

३७. नाशवान् छ सबै वस्तु जीव-आत्मा विनाश छ
किन व्यर्थ अहम् लोभ मान्छेमा आज क्रोध छ
कहाँवाट यहाँ आए अब जान्छन् कता यिनी ?
माटोवीच यहाँ निस्क्यौं मिल्छौं हामी त्यसैमुनि !

३८. सृष्टि हुन्छ त्यही मर्छ पुनर्भाव त्यही छ यो
पतिङ्गर सडेपश्चात् टुसा उम्रन्छ हेर त्यो
पुनर्जन्म कतै हुन्न हावापानी मिलेपछि
माटोवाटै सबै जीव जन्मनेछन् तथा इति !

३९. मलवीज तथा पानी घामछायाँ मिलेपछि
जन्मेका छन् नयाँ जीव मर्छन् वृद्ध भएपछि
माटो ईश्वर हो सत्य हावा श्वास सवैतिर
पानी जीवन हो सारा अर्को भेटिन्न ईश्वर !

४०. सत्य शिक्षा दिंदै हिंड्थे जस्तो देख्थे यताउता
शिक्षा यी बुद्धका यस्तै दृश्य प्राकृतका कथा
सूर्य तातो छ है भन्थे आफैं अनुभवी बनी
आगो छोए चिसो हुन्न पोल्छ त्यल्ले जता पनि !

४१. पोखरीमा डुवेका यी प्यास लाग्यो भनून् किन ?
भावनाले भनून् उल्टा गर्मीलाई चिसै हिम
चिसोलाई चिसै भन्थे सेतो, कालो हुँदैन त्यो
कालोलाई कहाँ सेतो ? बुद्ध दर्शनमा छ यो !

४२. निराशाले निराशा नै जन्माउँछ अधोगति
केही गर्नू त्यहीं बन्छ यो जीवन पदोन्नति
जता हेर्‍यो त्यतै शून्य नासैनास म देख्दछु
परिणाम निराशाको आत्मसम्मत भेट्तछु !

४३. विना सोच विना काम निरूद्देश्य हिंडेपछि
के भेटिन्छ यता खोजी उद्धेश्यै नै मरेपछि
भै निष्काम गली जान्छ फलफूल संडेपछि
त्यस्तै आत्मा मरी जान्छ निष्कामैको भएपछि !

४४. साहसीले सबै जित्छ त्यही बन्छ अजम्मर
स्वाभिमानी कहाँ मर्छ हार्दैनन् आत्मनिर्भर
बुद्धिजीवी भए हामी भोलि बन्छौं महानर
बुद्धिभन्दा अझै उक्ले बुद्ध भेटिन्छ सुन्दर !

४५. ज्ञान रश्मि हुनेलाई बुद्धिमानी अहो ! भनी
हामी गर्छौं नमस्कार स्वाभिमानी भए पनि
बुद्धिभन्दा अझै माथि बुद्ध हुन्छ उँभोतिर
उडेका यी चरा पंक्ति उडी पुग्छन् अझै पर !

४६. तीक्ष्ण बुद्धि कला मीठो सूक्ष्म तत्व बुझी कवि
प्रेम गर्छन् सबैलाई माया राखी बराबरी
कवि आत्मा पढी हेर ! बुद्ध जीवन बोल्दछ
ऋषिका ध्यानले खोज्दा चाहेको तत्व मिल्दछ !

४७. गहिराई अझै पुग्छ कवि-तत्व खुलेपछि
दुनियाँ यो बनी ढुङ्गा थिच्छन् ज्यादा लडेपछि
बुद्धिभन्दा अझै माथि कवि हुन्छन् उचाइमा
दुनियाँको अलग्गै छन् हेर्ने दृष्टि बुझाइमा !

४८. सत्ताको निन्ति लड्दैन कविले त्याग गर्दछ
नेतृत्व प्राप्तिका निम्ति दुनियाँ युद्ध लड्दछ
आफैंभित्र सिमाना छ कवि भावुक निर्मल
रेखा कोर्छन् यहाँ लोक तेरो मेरो सबैतिर !

४९. कवि देख्छ कला प्रेम दुनियाँको कलंकित
कवि छन् चन्द्रमासाथ अरू देख्छन् उँभोतिर
कविले चन्द्रमा देखी भावले गुन्गुनाउँछ
बौलाएछ अरू भन्छन् कवि जो चम्चभाउँछ !

५० झरी पर्दा हवा चल्दा कवि बस्दछ बाहिर
तुषारोमा कहाँ जान्छन् छाड्दैन दुनियाँ घर
कवि फूल टिपी चुम्छ एक्सरे फूलको लिई
अरू सौन्दर्य हो भन्छन् पतिरै वासना सुँघी

५१. एकान्तैमा बसी रोज कविको बित्छ जीवन
दुनियाँ यी खुशी देख्छन् हिंसाले गर्छ शासन
कवि देख्छ नदीभित्र चम्किलो एक जोति छ
दुनियाँ त डुबी त्यस्मै अँध्यारोभित्र पर्दछ !

५२. कविले कविताभित्र चित्र कुँद्छन् विचित्र रे !
सूक्ष्म तत्व त्यहाँ हुन्छ हल्का खोज्दा चिनिन्न है !
गहिरो र उँचोबीच समानान्तर दृष्टिले
देखेको कविले हुन्छ देख्दैन दुनियाँ छ के ?

५३. विपरीत बगेका छन् दुनियाँभित्रका कवि
चिसो गोला अरू देख्छन् कवि उष्ण भनून् रवि
निभेको छ कला ज्योति उस्तै देख्छन् यता कवि
मुख नाक सबैको छ आफ्ना आफ्नै पदोन्नति !

५४. भित्रभित्र दुखेका छन् स्वाभिमानी हुनेहरू
आफ्नो दुःख कता पोखून् पिंजडाका चराहरू !
भित्रभित्रै जलेको छ देख्दा सुन्दर बाहिर
भू-कम्प जोडले चल्दा ज्वाला निस्कन्छ आखिर !

५५. ठूलो सानो कतै हुन्नन् सानो को छ र जातले
व्यवहार नराम्रो छ सानो बन्दछ कर्मले
धर्म लोकोपकारी होस् दुनियाँनिम्ति श्रेष्ठता
त्यसैमा चेतनायुक्त प्रतिभा प्राप्ति मिल्दछ !

५६. उपकार सबैभन्दा उच्चदान बुझीकन
हिंडे खोजी त्यही विद्या बुद्धको ज्ञान कञ्चन
विपरीत हिंडे बुद्ध दुनियाँ पथ भो यता
उतातर्फ खने बाटो कच्ची पक्की यताउता !

५७. त्यस्तै मार्ग खनी एक विपरीत नयाँपन
सधैं बाचूँ धरासाथ विचारैको छ यो प्रण
आगो तापी खडेरीमा हिमवंत चिस्यानमा
भोगेको छु अनेकौं यी संघर्षमय जीवन ।

५८. संघर्षै हो सबै तत्व बुद्ध संघर्ष मार्ग हो
बुद्ध क्रान्ति अनौठो हो त्यस्तो गर्दछ क्रान्ति को ?
रूखका फेदमा एक्लै कैयौं भोकै रहे तिनी
कठाङ्ग्रिए पिई हुस्सू बिताई कष्टजीवनी ।

५९. कडा क्रान्ति गरे नाङ्गै गर्मीसाथ लडे कतै
संघर्षैले बने बुद्ध अजरामर छन् अझै
एउट बुद्धको चेलो कठिनाई विताउन
गाह्रो छैन मलाई यो तातो ज्वाला पिलाउन ।

६०. सामाजिक थियो चिन्ता रोगी, वृद्ध र बालक
दुःखीको दुःखमा मिल्थे घाहा बाँडी बराबर
नबुझी बुद्धको ज्ञान हाम्रा नेताहरू हिंडे
घाहा बुझ्दैन नेताले हत्या गर्दछ आज रे !

६१. चिन्तना बुद्धका उच्च राख्छन् सर्वत्र चाहना
दुनियाँ निम्तिमा मैले दिने के शुभकामना ?
किन रून्छन् यहाँ मान्छे ? जीर्ण छन् पीरमा डुबी
रूने कारण के होला सोच्थे एकान्तमा बसी ।

६२. एकत्व हो महाक्रान्ति हुन्न क्रान्ति लडीबडी
चराको मर्म बुझ्नेमा क्रान्तिकारी छ जिन्दगी
चरा प्रेमी बने बुद्ध भुसुना - जीवनी पढे
प्राणी मर्म बुझेकाले तब आज यहाँ बचे ।

६३. कथा प्राचीनका बोल्छन् छुटाई कम्प थर्थर
दृश्य बीभत्सका देख्दा छाती चर्कन्छ चर्चर
थियो अन्यायको राज्य त्यस्तै भूत अझै छ यो
निरंकुश कहाँ मर्छ महाप्रलय हुन्न जो ।

६४. यौटा प्रलयताकामा जन्मे बुद्ध त्यतैतिर
वेगवान हुरी चल्दा उनी अल्झे कतैतिर
चियाउँथे तमासा जो हाहाकार समाजमा
साक्षी प्रलयका बुद्ध फेरिएछन् प्रकाशमा ।

६५. समाजवादको खोज पहिले बुद्धले गरे
सहस्राब्द दुई बित्दा पुनर्भाव उनै भए
शान्ति भन्ने जपी मन्त्र विश्वभित्र फिंजारिए
युद्धका वीरले लड्छन् युद्ध शान्ति निमित्त रे ।

६६. युद्धको अन्तका निम्ति कष्ट भोगेर बुद्धले
शान्ति दर्शन पैल्याए नौला अद्‌भुत क्रान्तिले
त्यस्तै व्यक्ति भए अर्का परिवर्तित भावका
कार्ल मार्क्स बने दोस्रो पहिलो बुद्ध विश्वका ।

६७. नाशवान छ यो पृथ्वी यसभित्र छ वस्तु जो
सबै छन् आखिरी नाश यो हो दर्शन बुद्धको
बुद्ध दर्शनमा खोट लाएनन् मार्क्सले कुनै
बदलिन्छन् उनी भन्थे द्वन्द्वभित्र रही सबै ।

६८. सहस्राब्दी बिते तीन अझै बुद्ध बचे किन ?
देखिन्छ पूर्णिमाताका दिव्य उज्ज्वल चन्द्रमा
निर्दोषी चन्द्रमालाई औँसीताका नदेखिंदा
बनी ज्योति बलेका छन् हिमाली शीतका कला ।

६९. संघर्षले कता मिल्छ सुख खोज्दा जता पनि
सुख त्यागनसके मात्र भेटिन्छ सुखको जिमी
सुख भेट्छु गरी दुःख आशाको लक्ष्यमा हिंडे
बन्नेछ सुखको भोगी विर्सन्छ दुःख जो थिए ।

७०. त्यागेर झुपडी सानो घरको लोभ गर्दछ
बाँच्दैन लोकमा त्यस्तो पापले भित्र पोल्दछ
दरबार सबै त्यागी सकोस् भिज्न समाजमा
त्यो हो बुद्ध सधैं बाँच्ने दीप बन्छ हरेकमा ।

७१. नेपाली वनमा बुद्ध चिर्बिराई चरासित
नेपाली छहरासाथ सुसेल्दै छन् मजासित
कहाँ सर्छन् यहाँ बुद्ध घरमा छन् किसानका
श्रमीप्यारा महाबुद्ध हेर संघर्षका कथा ।

७२. लाखौंको हूलमा एक जन्मन्छन् उच्च मानिस
मणियुक्त कतै सर्प हुन्नन् है सबका सब
ज्ञान रश्मि त्यसैमा छ जो बलेको छ धप्धप
बुद्धबोध त्यहाँ हुन्छ त्यागीका हेर वैभव

७३. सत्य बोल्दा परोस् मर्न नछाड्नू नित्य कर्म जो
गतिमा बन्द धर्ती यो भएमा हुन्छ के अहो
गति आफ्नै लिई बुद्ध हिंडेका हुन् समाजमा
तब ज्योति बलेको छ चेतनाको प्रकाशमा ।

७४. जन्मेपछि उसै मर्नु व्यर्थ जीवन हुन्छ कि ?
केही गर्नू हितैनिम्ति सामाजिक दिनू कृति
गर केही सधैं बाँच संघर्षैसाथ जीवन
उपदेश यही एक बुद्धबोध बुझून् जन ।

७५. पारंगत सबैमा होस् ज्ञान विज्ञान क्षेत्रमा
द्वन्द्वले चल्छ धर्ती वा ग्रह वा सूर्य चन्द्रमा
ताराकाबीच छन् द्वन्द्व देखिने द्वन्द्वमै भव
किन बस्नु भई अल्छी गरे केही छ वैभव ।

७६. शान्ति शब्द सधैँ गुञ्जोस् रात प्रातः सधैंभर
अहो ! नेपाल हो धन्य नमुना होस् सबैतिर
ज्ञानी बनून् सबै मान्छे इन्साफ हुन् बराबर
एकै भाषा उही जात हवोस् मिल्ती चराचर ।

७७. हत्या हिंसा फँडानीले मिल्दैनन् प्राप्ति उत्तम
हत्याले पाइने के छ ? बन्छ दुर्भावको मन
हत्याको बदला प्राण ममता राख हे जन
हिंसाले बुद्ध बाँचेनन् थिए जो शान्त सज्जन ।

७८. साथ सज्जनको लेऊ विज्ञको उच्च संगत
प्रतिष्ठा बढ्छ झन् झन् जो आफैं आउँछ इज्जत
नेतालेझैं गरे हिंसा पापी हिंस्रक बन्दछ
नेताले भन्छ जो सोही उच्च आदेश मान्दछ ।

७९. ज्ञानी विद्वानकासाथ वैरभाव कहाँ छ र ?
हिंसाहीन भए राज्य भेटिन्छन् बुद्ध सुन्दर
खोपीमा बस्नु राजाको धर्म होइन उत्तम
बुद्धजस्तै बनून् त्यागी बाँचेर जनतासँग ।

८०. आकाङ्क्षा यो पुगोस् मेरो विश्वका प्रान्त प्रान्तमा
अहो ! बुद्ध चलोस् नाम घामजस्तै प्रकाशमा
जूनजस्तै बनोस् प्यारो पूर्णिमाबीच रातमा
गौतम बुद्ध यो काव्य अर्पिएँ लोकमाझमा ।

८१. शुद्धोदन हऊन् जागा मायाँदेवी फकाउन
कथारम्भ कता के हो जन्माउँ बुद्धको तन
जब खस्छ भुइँमा त्यो चिर्बिराएर च्याँकर
शान्ति दूत स्वयम् बन्छन् चिनापर्ची दिई तर -

शिखरिणी छन्द ।

८२. कता मीठो हावा भतभत यता उष्ण पवन
भयो ज्यादा गर्मी अझ पनि यहाँ खै नवपन ?
सुसाएका खोला त किन किन होला हृदयमा
कडा घाहा बोकीकन मसँग आए समरमा ।

॥ प्रथम सर्ग इति ॥

द्वितीय सर्ग

शार्दूलविक्रीडित छन्द ।

८३. यौटा सभ्य समाज सिर्जित थियो शैलादिका दक्खिन
आहा ! सुन्दर प्रान्तको छ गरिमा नेपालको पश्चिम
सीमा भिन्न थिएन राज्य पहिले धर्ती थियो एउटा
भाषा भेष विचार भाव जसमा त्यस्मै थियो एकता ।

८४. लड्थे पाँच हजार वर्ष पहिले सम्मानका खातिर
केही गाउँ समाज टोलभरिको राजा भए जो तर
सीमाको शुरूवात भो तब यहाँ पैले थियो साम्य जो
केही कालपछाडि राज्य यसरी सीमा भनी कोरियो ।

८५. हामी सात हजार वर्ष पहिल्यै यो भारती खण्डमा
आयौं पश्चिमबाट पूर्वतिर यी हैमादिका काखमा
बस्थ्यौं सात समुद्रपारि पहिले यूरोपका आर्य हौं
क्षत्री ब्राह्मणमा विभाजन भयौं जो आर्यमा गन्दछौं ।

८६. जो बेला कुरूयुद्ध, पाण्डव थिए श्रीकृष्णका पक्षमा
त्यो बेला जब आर्यबीच रण भो खोसी सिमाना लिन
सीमा भाव, विचारभित्र रचियो भूगोल रेखा बने
बस्थे सज्जन आर्य उत्तर दिशा भोला, अरू जन्मिए ।

८७. मंगोलीयन चीन तिब्बत थिए नेपालको उत्तर
डाँडा पर्वत यी विशाल पहरा खोलाहरू कल्कल
बाटो बन्द थियो यताउति हुने सम्बन्ध टाढा हुँदा
हाम्रो भारतसाथ संगत बढ्यो भाषा उही पाउँदा ।

८८. भाषाका लिपि मिल्दछन् अरू कुरा उस्तै गफाडी थियौं
लायौं अंश विभाज्य राज्य तब भो अस्तित्वमै फेरियौं
हाम्रो भाग हिमाल उच्च चुचुरा मैदानका फाँट छन्
ऐले भारतले लुट्यो मनपरी मैदान जग्गा दिऊन् !

८९. हाम्रो उत्तरको प्रदेश सब हो त्यो हैन है भारत
आयो साँध मिचेर भाग अरूको नेपालको इज्जत
आधा भाग थियो कहाँ छ अहिले ? मुद्दा म दर्ता गरूँ ?
जन्मे गौतम बुद्ध उत्तरतिरैं हाम्रै गया हो भनूँ !

९०. यस्को कारण छन् अनेक बलिया काटेर काटिन्न त्यो
आफ्नै भूमि भनी गया पनि गए इच्छा थियो बुद्धको
फर्के फेरि यतै हिमालतिरको पाखा-पखेरा घुमे
मंगोलीयनसाथमा पनि रहे ल्हासा उतै ती गए ।

९१. फैलाएर प्रभाव चीनभरिमा अस्तित्वको शानले
मंगोलीयनका त ईश्वर बने तत्सत्यको ज्ञानले
यी हाम्रा इतिहास सत्य सब छन् ती बौद्धमार्गीहरु
मंगोलीयन छन् घना जगतमा त्यो धर्ममा खै अरू ?

९२. ठूला घ्याङ छ चीन, तिब्बत उता जापानको राष्ट्रमा
पर्दा गौतमको प्रभाव बलियो श्री शान्तिको तेजमा
नाङ्गो भारत देश भो पछि पर्‍यो डाहा गर्‍यो व्यर्थमा
थाल्यो मिच्न अनेक साँध रिसले उन्मादको बैंसमा ।

९३. रोजूँ नायक बुद्ध काव्य यसमा तत्सत्य खोजीकन
विश्वैको मुटु लुम्बिनी नगरमा सिद्धार्थ जन्मीकन
यौटा मार्ग खने पुगी शिखरमा भत्काइ भत्कंन्न जो
हिंड्छन् मार्ग त्यही हरेक जनको आखीरको मार्ग हो ।

९४. तारा उज्ज्वल एशियातिर भए चम्के अझै विश्वमा
भन्छन् गौतम शान्ति दूत सबका तत्सत्य संसारमा
सच्चा चिन्तनले अजम्मर रहे के सत्य उन्मा थियो ?
ऐले खोज्नु छ बुद्धतत्व सबले साँचो भई बाँच्छ जो ।

९५. माटो तीन हजार वर्ष अघि जो समृद्धिशाली थियो
नेपालीपनको सुशासन थियो जो विश्वमै चम्कियो
आहा ! तौलिहवा छ पश्चिम दिशा मैदानमा रम्य छ
राजा एक प्रतापका अघि थिए नेपाल यो बोल्दछ ।

९६. फैलेथ्यो जब शाक्यवंश बलियो नेपालको पश्चिम
सारा भारत हल्लियो सब झुके राजा हुँदा उत्तम
जो राजा जनतामुखी छ उसको सम्मान गर्छन् जन
चल्दो नाम थियो सहस्र पुरमा क्याबात ! शुद्धोदन ।

९७. धर्मात्मा असली चरित्र नमुना लोकोपकारी तथा
बुझ्ने मर्म हरेकको हृदयको सद्भाव सत्कर्मका
राजा उत्तम शाक्यवंशभरिमा क्षत्रीय सम्झाउने
लड्ने सत्यनिमित्तको समरमा संसार हल्लाउने ।

९८. सत्प्रेमी जनका सुकर्म पथका आत्मीय संसारका
मानौं सूर्यसमान तेज सबका उन्मा थियो एकता
यस्ता पो नृप ! भन्दथे जनहरू दुःखी थिएनन् कतै
साझा राष्ट्रपिता र साम्य नमुना पैलो थियो सृष्टिकै ।

९९. आकाङ्क्षा विपरीत लोकजनको हिंड्दैनथे ती नृप
भाषा योग्य थियो समस्त जनको बोल्थे सबै संस्कृत
नेता कृष्ण र राम नै पछि परे जन्मेर शुद्धोदन
साराको मनमा घुसे जब उनी जन्माइ आफ्नोपन ।

१००. नेता कृष्ण र रामको जनहरू जप्दै थिए नाम जो
जन्मे धीर र वीर, शान्त मनका राजा अहो ! फैलियो
ठूलो भारत हल्लियो जब यहाँ नेपाल शुद्धोदन
धर्मात्मा अति छन् प्रचार सब भो सञ्चार सुन्थे जन ।

१०१. राजाको इतिहास लेख्नु पहिले उन्को बिहे भो कता ?
चर्चा थोर विवाहको शुरू गरूँ प्राचीनका ती कथा
होला सत्य असत्य पाठक बुझून् यी भावना क्षम्य हुन्
साक्षी छन् इतिहासकार यसका मीठो गवाही दिऊन् ?

१०२. फेदी पर्वतको असाध्य रसिलो झाडी थिए सुन्दर
पानी स्वच्छ पवित्र देवदहको छाप्रा थिए पर्तिर
सानो सुन्दर गाउँ एक जसमा ग्वालाहरू बस्तथे
ग्वालानायक श्यामदास बलिया नेतृत्व गर्ने थिए ।

१०३. शिक्षामा बलमा विचार धनमा सत्कार्यमा युद्धमा
राम्रा शील्पकला र कौशल थिए विज्ञानको क्षेत्रमा
तिन्मा पुत्र भएन एक पनि जो पुत्री थिइन् एउटी
माया नाम थियो मुहार हँसिली दोस्ती अहा ! फूलकी ।

१०४. बल्दी धप्धप चन्द्रमा पर भई लुक्थिन् कतै लाजले
विद्यामा घरकाममा सब थिइन् सत्ज्ञानकी शिष्ट हे !
आऊन् राजकुमार यी जनयिता वाचा गरून् एक यो-
मेरो साथ विवाह हुन्छ उसको गाँठो फुकोस् प्रश्नको ।

१०५. त्यागी राजकुमार होस् जगतमा खोजोस् नयाँ तत्व त्यो
आफ्नो जीवनबीच एक दिनको होस् काम सम्भोग जो
आओस् वस्त्रविहीन भैकन यता नाङ्गा तरूनीसित
पारोस् लौ बशभित्र इन्द्रियहरू होला बिहे त्योसित ।

१०६. झ्याली यो पिटियो हरेक जनमा ती गाउँमा देशमा
यौटा सुन्दर गाउँ देवदहमा मायावती नाउँमा
ज्यादै सुन्दर रूपकी हृदयकी बस्छिन् अहो षोडषी
विद्यामा अनि रूपमा कुन कमी छिन् सीपमा पारखी ।

१०७. जाऊन् देश विदेशका मृदुरूपी ज्ञानी वडा साहसी
त्यागी राजकुमार उत्तर दिऊन् भन्छिन् त्यहाँ जे तिनी
यौटा प्रश्न छ बैंसको समयमा उन्मत्तको कालमा
नाङ्गा राजकुमार हुन् तर त्यहाँ सम्भोगको मागमा ।

१०८. नाच्नेछन् तरूनी अनेक रसले नाङ्गै भई छेक्दछन्
राख्ला जो वशभित्र लिङ्ग नउठी नाङ्गीहरू चुम्दछन्
रोकोस् वीज शरीरमै चुप बसोस् वाचा गरोस् यो पनि
सिङ्गो जीवन एकरात उसको सम्भोगको जीवनी

१०९. यो झ्याली सब देश देश पिटियो आए युवा साहसी
कैयौं राजकुमार लस्कर थिए कोही कला पारखी
गाँजा भाङ अफीम सेवन गरी आए कि कोही भनी
सारा जाँच भयो प्रवेश गरियो भागे परीक्षा दिई ।

११०. कोही टिक्न सकेन लिङ्ग नउठी नाङ्गा तरूनीनिर
आयो राजकुमार एक नजिकै आफ्नो परीक्षातिर
के हो नाम ? कहाँ छ राज्य घर त्यो सक्छौ परीक्षा दिन ?
यी नाङ्गा तरूनीसितै बस तिमी लिङ्गै दवाईकन ।

१११. क्षत्री राजकुमार हुँ म बलियो हो नाम शुद्धोदन
ऐले उत्तर दिन्छु प्रश्न गर लौ आएँ परीक्षा दिन
मायासाथ रहून् अनेक तरूनी नाङ्गै बसून् जे गरून्
भागलान् लज्जित भै चरित्र सबले मारेर टाढा सरून् ।

११२. थाले घेर्न अनेक मस्त तरूनी नाङ्गा थिए षोडषी
चुम्थे लिङ्ग कतै समाइ बलले उन्मत्तका बैंसकी
आफ्नो इन्द्रिय राख्दथे वश गरी क्याबात शुद्धोदन
भागे लज्जित भै चरित्र कसरी बाचोस् हरे ! दुर्जन ।

११३. माया लज्जित छिन् म पुज्छु वर यी वाचा गरून् यो पनि
पूरा जीवनकालको नजरमा सम्भोगको मोहनी
एकैपल्ट हवोस् पुग्यो यति भए इच्छा छ मेरो यही
यो माला पहिरेर जान्छु सँगमा जान्छौ जता हे तिमी ।

११४. ठूलो उत्सव भो विवाह पनि भो माया र शुद्धोदन
जोडा सुन्दर आह ! सोह्र वयका उस्तै मिलेको तन
खाए भोजभतेर दूध महको खोलो बगेको थियो
गाई गोठ थिए हरेक घरको सौगात मीठो थियो ।

११५. वाचा बन्धनमा पऱ्यौ प्रिय सखे ! सम्भोग हाम्रो अब
एकैपल्ट हुनेछ एकदिन त्यो तारा गरून् स्वागत !
कालो बादलको असार महिना होला सफा जो दिन
त्यो बेला झलमल्ल चन्द्र छरिऊन् आषाढको पूर्णिमा ।

११६. बास्ना फूल दिऊन् सुगन्ध छरियोस् उद्यानको माझमा
उघ्रोस् छ्याङ्ग असारमास रसिलो साक्षी रहून् चन्द्रमा
प्यारो लाग्दछ लुम्बिनी नगरको उद्यान जो उत्तम
लौ डाक्नेछु म शालवृक्ष तटमा आऊ न शुद्धोदन ।

११७. तिम्रो माग छ जो म पूर्ण गरूँला वाचा छ मेरो पनि
मर्नेछ्यौ जब पुत्र हुन्छ पहिलो स्वीकार गर्छ्यौं भने
आऊँ तौलिहवा म जान्छु अहिले रानी तिमी बन्दछ्यौ
त्यस्तो आउँछ रात उज्ज्वल कुनै आषाढमै देख्दछ्यौ ।

उपजाति छन्द ।

११८. चुमेर माटो अनि चन्द्र तारा
माया रमाइन् र गरिन् इशारा-
हिमालजस्तै मन होस् उज्यालो
अग्लो सबैको गरिमा भएको ।

११९. पवित्र आत्मा अनि शान्त भाव
होस् चन्द्रमाझैं हँसिलो स्वभाव
नहोस् कतै सज्जनको अभाव
विशेषको होस् रविझैं प्रभाव ।

१२०. हे प्राण शुद्धोदन प्राप्तिमा के ?
यो प्रेम हाम्रो कुन प्राप्तिको हो ?
हिमाल भन्छन् अब जन्म एक
हुनेछ पैलो शिशु शान्तिदूत !

१२१. जन्मेर हामी किन मर्नुपर्छ ?
जन्मछ बालो तर वृद्ध हुन्छ
सजीव बोल्छन् जसमा छ प्राण
निर्जीव त्यस्मै किन भो अप्राण ?

१२२. जन्मेर मर्ने सबमा छ नित्य
ननासिने के छ यहाँ पवित्र ?
हे प्राण शुद्धोदन सत्य यो छ
छ नाम बाँच्ने जसमा छ तेज ।

१२३. श्रीकृष्ण बाँचे अनि राम बाँचे
बनेर तेजी सुखसाथ हाँसे
श्रीकृष्ण यौटा प्रतिभा महान
जो बुद्धि नै हो अमरत्व नाम ।

अनुस्टुप् छन्द ।

१२४. मायादेवी, जहाँ जन्म त्यहाँ मृत्यु अवश्य छ
प्रतिभा बाँच्छ थोरै नै यस्को कारण सूक्ष्म छ
बुद्धिमा हुन्छ सिद्धान्त कला जन्मछ पौरख
उँभो जानु तलै झर्नु कला मानिस जान्दछ ।

१२५. बुद्धि रावणमा जन्म्यो राम कृष्ण तथा अरू
हेराइमा थिए भिन्न आज बाँचे तिनैहरू
तर्क सिद्धान्तका ल्याए रावणैले र रामले
थोरैकाल तिनी बाँच्छन् नासिन्छन् भोलि तर्कले ।

१२६. बुद्धिभन्दा अझै माथि प्राप्ति हुन्छ अजम्मर
त्यो प्राप्तिभित्र ढोका छ बुद्ध भेटिन्छ सुन्दर
बुद्धि हैन नयाँ बुद्ध जन्माएर विचित्रको
परिवर्तन देखिन्न सूर्यले पोल्छ सत्य हो ।

१२७. बुद्धिले भन्छ-जाडोमा लुगा बुन लगाउन
बुद्धले भन्छ-गर्मीमा थाल्नु आगो जगाउन
परिवर्तनको खोजी द्वन्द्वतामा पुगेर छ
बुद्धि हुन्छ जहाँ उच्च द्वन्द्वको इतिहास छ ।

१२८. बुद्धिले ऐश आराम सुख खोज्दछ अन्तिम
सुख दुःख कतै छैन छ के बुद्धत्वमा भन !
मरेको लासमा सास जीवनी खोज्छ बुद्धिले
जिउँदो आँतमा शून्य मुर्दा भेट्तछ बुद्धले ।

१२९. पानीमा अग्नि खोजेर आगो बाल्दछ बुद्धिले
पानीको शून्यताभित्र पानी नै भेट्छ बुद्धले
बज्छ संगीतका बाजा कला जन्मन्छ बुद्धिमा
होहल्ला नासिने हुन्छ मौन नै हुन्छ बुद्धमा ।

१३०. बुद्धिमा सृष्टिको फूल फुली उद्यान हाँस्दछ
बुद्धमा फूल हाँस्तैन भित्र सौन्दर्य फुल्दछ
चेतनाहीनको द्वन्द्व सिर्जनाको बिरूद्धमा
आउँने मौनको क्रान्ति चेतनाहीन बुद्धमा ।

१३१. हावा चल्दा त्ससैसाथ तेजवान प्रकाशमा
पानीका पोखरीमाझ मास बन्दछ श्रावण
तातोमा बुद्ध तातो हो चिसोमा हुन्छ शीतल
पानीको प्यासमा बुद्ध गर्मी खोज्दछ भत्भत !

१३२. शुद्धोदन सखे मेरा ! विपरीत यथार्थको
भावनाको अनौठो त्यो पुत्र जन्मन्छ एक जो
वुद्धि वा प्रतिभावान बुद्ध होइन मानिस
प्राप्ति औ मुक्तिको मार्ग सत्य बन्नेछ लक्षित ।

१३३. मीठा मीठा कुरा गर्दै पुगे तौलिहवा तिनी
मायादेवी भईन् रानी चल्यो हल्ला जता पनि
प्रासादको खुल्यो ढोका जनतानिम्तिमा अब
भेटघाट सबैमा हक जय गाउँन् त्यहाँ सब !

शार्दूलविक्रीडित छन्द ।

१३४. माया मोह बढ्यो अझै गहिरियो माया र शुद्धोदन
डुल्थे गाउँ र लोकमाझ ममता बढ्दै गयो झन्झन
आयो यौवनसाथ प्यास रसिलो इच्छा भयो के भयो ?
पानी कल्कल छन् विचित्र छहरा आश्चर्य मैदानको ।

॥ द्वितीय सर्ग इति ॥

तृतीय सर्ग

शार्दूलविक्रीडित छन्द ।

१३५. के हो जीवन मर्नुपर्छ सबले कल्ले दियो जन्म यो
बाँचुन्जेल छ व्यर्थ दुःख किन यी आश्चर्यको चक्र यो
व्यर्थै यी दरवार स्वाङ नृपका माया यही सोच्दथिन्
हेर्थिन् बाहिरको सदृश्य हरिया पीडाहरू पोख्दथिन् ।

१३६. रानी उच्च विचारकी हृदयकी मायावती मोहिनी
कान्छी नाम प्रजापती पनि थिइन् मायाविनी यामिनी
राम्री शीलस्वभावकी र वयकी जेठी भइन् राज्यकी
माया शान्त स्वभावकी मृदुमुखी सौन्दर्य हुन् फूलकी ।

१३७. रानीमा करूणा हुँदा जनहरु ज्यादा सुखी देखिए
त्यस्तो राज्य कता मिलोस् जगतमा सारा सुखी नै थिए
पीडाबोध पराइको जति भयो आफ्नै भनी बाँड्दथिन्
आमा भैकन लोकको नजरमा क्याबात बन्दै गईन् ।

१३८. मायाँको सँगमा रहेर नृप ती आनन्दले रम्दथे
के हो सत्य कहाँ छ त्यो जगतमा यस्तै कुरा गर्दथे
राजाको मनसाय के कुन थियो माया सबै बुझ्दथिन्
यौटा सत्य र शान्ति दीपक बनूँ यो कोखमै भन्दथिन् ।

१३९. राजा नायक देशका तर तिनी ईर्स्या गरी हिंड्दछन्
हे शुद्धोदन व्यर्थ लोभ किन यो माया यही भन्दथिन्
मायाका सँगमा रहेर नृपले पोख्थे गुनासाहरु
राजा चिन्तित नै थिए जगतमा को हुन्छ त्यस्ता अरु ?

१४०. माया हेर, यहाँ असत्य छ सबै जो जन्म त्यो नाश छ
हाम्रो प्रेम सुगन्धको वय छँदा जो वृद्धमा क्रोध छ
चढ्दो बैंस छँदा हरेक पलमा उम्दो कला हाँस्दछ
यस्मा दोष छ सत्य के छ दयिते जोभित्र सन्यास छ ।

१४१. हे शुद्धोदन अन्धकार छ यहाँ संसार यो शून्य छ
यौटा धिप्धिपको प्रकाश म छरुँ मेरो यही चाह छ
प्यारा, यो सुनसान रात अहिले निर्दोष छिन् चन्द्रमा
त्यस्तै दीप सुशान्त दिव्य गरिमा खाँचो छ यो देशमा ।

१४२. खोपीभित्र चिहाउँदै अलि उता ताराहरु लुक्दथे
पस्थ्यो शीत प्रकाश चन्द्र निशिमा आऊ यता भन्दथे
शैय्या सुन्दर एउटा पलङमा माया र शुद्धोदन
खोज्थे दीप नयाँ यताउति त्यतै भेट्थे कता त्यो भन ।

१४३. झुल्किन् चन्द्रमुहार यी शिखरमा आषाढको पूर्णिमा
कालो बादल छैन आज किन हो आहा ! सफा मौसम
गर्मी थोर थियो उता पवनको पङ्खा चल्यो हर्हर
निस्के झट्पट आह ! शीतल चुमी प्रासादको बाहिर ।

१४४. आहा ! सुन्दर वागभित्र हँसिला छन् फूलका बोट ती
चुम्दैछन् रस फूलका भ्रमरले स्वातन्त्र्य भेटेर ती
हुन्छन् दोषविहीन फूल, भ्रमरा खोजन् त्यहीँ शान्ति छ
यौटा शान्त मुहार दिव्य गरिमा उद्यानमै हाँस्दछ ।

१४५. निद्रामा सब छन् अबोध दुनियाँ पाले सुसारे पनि
निस्के बाहिर दम्पती सयलको उद्यानको त्यो मुनि
धर्ती छिन् चकमन्न शान्त हँसिली आकाशमा चन्द्रमा
आइन् स्वागत गर्न जो नजिकमा माया र शुद्धोदन ।

१४६. सानो सुन्दर वागबीच तिनले आफ्नो लिए आसन
रातीमा पनि फूलबोट त उठे सत्कार गर्नाकन
हुन्थिन् मोहित चन्द्रमा पनि अहो ! देखेर शुद्धोदन
मायाँ धन्य तिमी भयौ गुणवती उद्यानकी पूर्णिमा !

१४७. आहा ! शीतल शान्त निशिकी साक्षी थिए फूल ती
छन् ओझेल यता कठैबर थिए ती जूनकीरी पनि
हे प्यारा किन मौन छौ भन तिमी उः हेर त चन्द्रमा
त्यस्तै पुत्र म जन्म दिन्छु सजिलै जो तेजमा उत्तम ।

१४८. बल्दो धप्धप चेत तेज सबमा राम्रो बनोस् भावना
एकैपल्ट खिचोस् समस्त जनको कस्को छ के चाहना
हावाभ‍ैं बिरूवा तथा विटपमा हल्लाउने सर्सर
त्यस्तो पुत्र म जन्म दिन्छु जगमा प्यारो बनोस् सुन्दर ।

१४९. माया ! सुन्दर फूलमा पनि कतै उफ्री फट्याङ्ग्राहरु
पार्छन् अङ्गविहीन दल्मल गरी विश्वास के पो गरूँ,?
आहा ! सुन्दर चन्द्रमा तर तिमी त्यो बीचमा हेर त !
कालो दाग छ पेटबीच कसरी ? के स्वच्छ संसार छ ?

१५०. प्यारा, होइन तर्कको समय यो के भो ममा आतुर
यस्तो साइत छैन उत्तम अरू इच्छा भयो यो तर
राजी छौ भन ! प्यार माग्दछु सखे ! सम्भोग यो रातको
यौटा दीप म जन्म दिन्छु जगमा चम्कन्छ जो बुद्ध हो !

१५१. माया एक कुरा म भन्छु अहिले सम्भोगको कालमा
सम्झौं पुत्र महान बुद्ध जगको सिद्धान्त ल्याओस् नयाँ
बोलोस् सत्य छ नाशवान जति जो छन् सृष्टिका आँकुरा
हाम्रो जीवन नाशवान छ प्रिया ! बाँच्ने यहाँ के छ र ?

१५२. साक्षी राख्दछु चन्द्रमा अनि यहाँ यी फूलका बोट छन्
निर्दोषी सब छन् कलंक पर छन् माया यिनी राख्दछन्
इच्छा पुर्ण हुनेछ आज दयिते ! यो पूर्णिमा रातमा
यो सम्भोग भयो अपूर्व तरिका प्रासाद उद्यानमा ।

१५३. उघ्यो छ्याङ्ग अझै सफा गगन यो आषाढको पूर्णिमा
बोलिन् सत्य कुरा-सुशान्त जग यो साक्षी भएँ चन्द्रमा
त्यो उद्यान छ लुम्बिनी जगतमा सम्भोगको ठाउँ हो
बित्नेछन् दशमास वाग यसमै जन्मन्छ जो बुद्ध हो ।

१५४. आहा ! त्यो सुनसान रात क्षणमा सम्भोग आनन्दको
मायामा छ प्रफुल्लता नवपना इच्छा भयो पूर्ण जो
छायामा पनि वीर्य्यवीज छ कसो सन्तुष्ट भो जीवन
थालिन् देख्न जताततै कुसुमका सौन्दर्यका ती वन ।

१५५. आयो गर्भ छ टन्न पेटभरि के ? वास्ता थिएनन् कुनै
हल्का पेट छ झैं थियो सरलता हेर्थिन् जता शान्ति नै
गर्जी बाघ समाउँदै मृगमुना लुस्थे हिजों त्यो तर
खेल्छन् आज सँगै विचित्र किन यो आश्चर्यको अन्तर ।

१५६. पैले टोल, समाजबीच झगडा हुन्थ्यो नराम्रा कुरा
आफैं बन्द भए नि आज कसरी यी वृद्ध वा आँकुरा
एकाएक सुशान्त भो जगतमा हावा चले सुस्तरी
देख्थिन् दृश्य यिनै सुशान्त सबमा उल्टा बगे मूल ती ।

१५७. कैल्यै रीस उठेन गर्भित भइन् आषाढको पन्ध्रमा
क्या आनन्द ज़ताततै नजरले देख्थिन् तिनी चन्द्रमा
तिर्खा भोक न नीद लाग्छ छिनमा सन्तुष्ट माया थिइन्
पाइन् चाल नयाँ कुरा कुन त्यहाँ यो मन्त्र जप्दै रहिन् ।

१५८. यौटै शब्द छ मन्त्र- "शान्ति" मुखमा संस्कारमा, दृश्यमा
देख्थिन् उच्च हिमाल अग्र पथमा पुग्थिन् जता जो जहाँ
देख्थिन् दृश्य हिमालफेद तटमा दारी फुलेका जन
ॐ ॐ गुञ्जनका सुशान्त कविता आनन्द लाग्ने मन ।

१५९. त्यो यौटा क्षण हो न दिग्भ्रम भयो सेता परेवा उडे
के आकस्मिक हो न दिव्य घटना ती श्वेत घोडा कुदे
हाँस्थे फूल विचित्र दृश्य बुझियो छन् आज रूपान्तर
छुट्टै लाग्दछ व्योममा पनि नयाँ छन् घाममा अन्तर ।

१६०. गर्मी छैन असाध्य शीतल छ यो चाहे छ गर्मी पनि
हावाको गति ठीक छन् जगतमा क्याबात भन्छन् अनि
के आश्चर्य भयो विचित्र कि यो डाहा र ईर्स्या घटे
कल्ले गर्दछ लोभ लालच बढी ? ती साम्यवादी भए ।

१६१. मायाको जब गर्भधारण भयो बाजा अनौठा बजे
ती सारा जनभावना बदलिए दुस्कार्य आफैं हटे
छाडी क्रोध र लोभ शुद्ध मनले सत्कार्य सामाजिक
थाल्यो बढ्न स्वकीर्ति उच्च सबमा जो हुन्छ लाभान्वित ।

१६२. मायाको मन लुम्बिनीतिर गयो प्रासाद त्यागी पर
बस्नैको मन गर्दथिन् निकटको राम्रा बगैंचा तर
जो सम्भोग भयो त्यहींनिर थियो उद्यान सौन्दर्यको
प्यारो लाग्दछ लुम्बिनी तब त्यहीं डेरा जमाइन् अहो !

१६३. छाप्रो एक बनाउने हुकुम भो उद्यानको माझमा
पाए नोकरले तयार पनि भो साथी सुसारेसँग
थालिन् घुम्न अनेक गाउँघरमा पुग्छिन् जता शान्त छ
छैनन् खै झगडा समाज जनमा मीठो महाशान्त छ ।

१६४. माया गर्भवती थिइन् दिनदिनै फुल्दै थियो पेट त्यो
केही डाह हुँदैनथ्यो कुशल छिन् औषध्य चाहिन्नथ्यो
योगी शान्त र विज्ञ पण्डितहरू माया पिछा लाग्दथे
हे देवी छ मुहार शान्त हँसिलो सद्कामना बाँड्दथे ।

१६५. हाँस्छन् फूल हरेक रात वनमा उद्यानमा गाउँछन्
कल्ले जान्दछ खै अपार प्रतिभा सौन्दर्यमा भुल्दछन्
आई फूल थुँगा र जीवन चुमी माया र शुद्धोदन
भन्थे धन्य छ दिव्य जीवन अहो ! सद्भावना चेतना ।

१६६. मायाको मनमा विचार यसरी सद्भावले फेरियो
हे प्यारा, अब जान्न त्यो महलमा उद्यान राम्रो छ यो
माली एक म हुन्छु फूलहरूले माया नजा भन्दछन्
मेरा लागि छ वाग उत्तम यही प्रासाद टाढा रहून् !

१६७. हे प्यारी किन मूर्ख छ्यौ भन तिमी बेला छ यो गर्भिणी
ज्यादा डुल्नु हुँदैन बाहिर कतै प्रासाद छाडीकन
ठण्डा जाग्दछ पेटमा कठिनले हिंड्छ्यौ तिमी बाहिर
गर्मी घुस्दछ हाय ! तागत घटी हुन्नन् सुसारे पर ।

१६८. हे प्यारा, सब ठीक छन् कठिनको यी स्पर्श छन् चञ्चल
हाय ! सुन्दर दृश्य यी प्रकृतिको प्रासाद बन्दी घर
चाहिन्नन् घर व्यर्थ यी सयलका साथी सुसारेहरू
खेल्छन् फूल मसाथ हर्षित भई रानी यिनैको बनूँ ।

१६९. हामी दुर्बल छौं अचेत पनि हौं क्रोधी र लोभी हुँदा
गर्छौं शासन चेतहीन जनमा जोडेर कीर्ते फुँदा
ठूल्ठूला दरबार यी सयलका व्यर्थैं गरैं चाहना
मेरा लागि छ बाग सुन्दर यही छन् फूलका वासना ।

१७०. हे राजा, छ घमण्ड व्यर्थ किन यी प्रासाद यो राजमा
छाप्रा छन् जनका कठैबर तिनी लुक्छन् त्यहीँ रातमा
मेरो यो मनले भन्यो अब नजा प्रासादको सौखमा
यो उद्यान स्वतन्त्रको महल हो पाइन्छ यस्तो कहाँ ?

१७१. रानी इज्जतकी तिमी तल परी गर्छ्यौ कुरा न्यूनता
आफैंसाथ म लान्छु जो महलमा इच्छा छ यो पूर्णता
झुत्री हाय ! शरीर यो किन भयो पाखा-पखेरा डुली
दिन्छ्यौ कष्ट छ गर्भिणी तन अहो ! छन् पाप यस्मा पनि ।

१७२. पापी होइन धर्म बोल्छ मनमा प्रासाद चाहिन्न त्यो
मेरा निम्ति हिमाल छन् घर त्यही चढ्ने छ इच्छा अहो !
हो कर्तव्य ममा दियौ जुन कुरा सम्भोगको कालमा
बाँकी छैन अरू स्वतन्त्र म रहूँ नाचेर उद्यानमा ।

१७३. आहा ! उत्तरतर्फमा शिखर छन् मैदानका मास्तिर
पाल्पा नाम रहन्छ भोलि सबको पाहाडमा सुन्दर
अग्ला पर्वत, खोंच भीर पहरा झर्ना अहा ! झर्झर
त्यस्तो ठाउँ म डुल्न जान्छु अहिले मैदानमा के छ र ?

१७४. सेता स्वच्छ हिमालको तल कतै सानो कुटी रच्दछु
मेरो जीवनको छ माग यति नै दुःखीसितै खेल्दछु
यी लाखौं झुपडीहरू कृषकका सम्मान दिन्छन् ममा
बस्ती माइततर्फ देवदहका पूर्वी सँगातीकन ।

१७५. इच्छा घुम्न छ यो- मभित्र अहिले प्रासादका सौख ती
बन्दी जेल भयो सखे ! अब तिमी स्वातन्त्र्य देऊ यति
भो सम्भोग जहाँ, रहन्छु म त्यहीँ जो लुम्बिनी वागमा
आहा ! आँप, सिसौ र शाल हरिया बन्छन् कुटी फेदमा ।

१७६. त्यागिन् लोभ अनेक पाप पनि ती इर्स्या र डाहा सब
चाहन्थिन् किन सौखका महल ती छाडेर आइन् अब
भो आघात कठैबरा ! नृप हिँडे माया नजाऊ वन
यो आश्चार्य भयो विचित्र कुन यो छन् दिक्क शुद्धोदन ।

१७७. रानी भैकन दीनभाव किन यो ? प्रासाद चाहिन्न रे
रानी सौखविहीन कारण छ के आशा कता मारिए ?
छन् शुद्धोदन दङ्ग आज यसरी त्यागेर रानी हिंडिन्
छाप्रामा जनतासँगै किन यिनी आफैं खुशीले रहिन् ?

१७८. माया छिन् दरबार बाहिर उता उद्यानमा, गाउँमा
आहा ! शान्त मुहार त्यो कठिनमा आवेगमा द्वेषमा
हाँस्छिन् मात्र विचार भिन्न तिनको कल्ले बिगाऱ्यो किन
पाल्कीमाथि सवार होस् अब छिटै आदेश थाले दिन ।

१७९. गर्नू हेरविचार सैन्य गणले रानी कता छिन् भनी
चारैतर्फ र द्वारद्वार खटिए सेना, सुसारे पनि
पुग्थिन् गाउँ अनेक ठाउँहरूमा पाखा-पखेरा कतै
त्यो आनन्द सुखी छ जीवन अहो ! रानी भनेकी यिनै ।

१८०. माया धन्य तिमी भनी प्रकृतिको स्यावासमा भुल्दथिन्
आहा ! जीवन क्रोधहीन सुखको खोजी कतै डुल्दथिन्
थालिन् बस्न उमङ्गसाथ हँसिली उद्यानकी मालिनी
माया सुन्दर लुम्बिनीसित रहिन् ढल्पल् थिइन् गर्भिणी ।

१८१. त्यो उद्यान समीप एक झुपडी गाईहरू चर्दथे
गोठालासित बाल, वृद्ध सबले "माया" भनी डाक्दथे
आँटो चामल पाक्दथ्यो जुन त्यही डाकेर दिन्थे कति
थालिन् डुल्न छिमेक टोल घरमा उस्तै छ तिन्मा गति ।

१८२. लाग्थे लस्कर साथमा नजरमा आफ्नैं सुसारे बनी
माया कष्ट भयो कि सुस्त हिंड है ! कैल्यै बटोही पनि
जो उद्यान छ लुम्बिनी बसिरहिन् नौमासकी गर्भिणी
थाहा छैन व्यथा बढ्यो न त घट्यो हाँसीरहेकी तिनी ।

१८३. थाले फुल्न अनेक फूल वनमा वासन्तिकी याममा
आहा ! चिर्बिरमा चरा विपिनमा बैशाखको पूर्णिमा
खै खै आज भयो अचम्म कुन यो उड्छन् चरा साँझमा
आहा ! शान्त मुहार पूर्व दिशिमा झुल्किन् नयाँ चन्द्रमा ।

१८४. आहा ! दीप सुशान्त शीतल छ त्यो यो देहमा झुल्कियो
त्यस्तै पुत्र म जन्म दिन्छु अहिले त्यो चन्द्रझैं चम्किलो
केही कष्ट भयो आज यिनमा एकान्त खेल्छिन् किन ?
गोठाला सँगिनी त्यतैतिर थिए आए समीपै लिन ।

१८५. माया छेउ सखीहरू सब थिए पङ्खा लिएका कति
ऐय्या ! डाह भयो उदास मनकी माया दुखेकी अति
भित्री डाह कसो भयो कुन व्यथा माया थिईन् छट्पट
ऐय्या मात्र भनिन् छिटै बिउँझिइन् नानी लिइन् झट्पट ।

१८६. ऐय्या ! च्याँकर च्यार्र च्यार्र भइँमा के ज्योति त्यो बल्दछ
आहा ! डम्म शरीर शान्त हँसिलो हेरी उँभो हाँस्दछ
साँच्चै चन्द्र खस्यो कि भूमितिर यो हेर्छन् सुसारे उँभो
ए त्यो होइन चन्द्रमा कुन छ यो के आज दिग्भ्रान्त भो ?

१८७. यौटा बालक हाँस्छ भूमिसितको पैलो थियो भेट जो
च्यापी दूध मुसुक्क हाँस्छ कसरी ! यौटा विजेता थियो
कैयौं मानिसबीच उज्ज्वल थियो संकेत त्यो शान्तिको
लाखौं वर्ष यहाँ बचेर उसले फेर्नेछ आकाश यो ।

१८८. वाणी एक खुल्यो अचम्म शिशु त्यो हेर्‍यो दिशा उत्तर
एक्लो मै छु फगत् यहाँ जगतमा अर्को कुरा के छ र ?
धर्ती चारदिशा जतातिर पुगूँ कोही छ जोडा भने
आऊ साथ म बस्छु शान्त मनमा बोलेन कोही त्यहाँ ।

१८९. हाँस्यो बालकले हिमाल जसरी पारेर ठाडो शिर
आहा ! शान्त मुहार दिव्य गरिमा आफैं थियो मन्दिर
गर्मी याम थियो समीर हलुका बृक्षादिका पातले
पङ्खा सर्सर क्या मजा प्रकृतिको आनन्दको राज हे !

१९०. सुत्केरी तन झोलिलो र रसिलो ज्वानू उमाले कतै
थाले गर्न सुसार मातृतिर जो साथी सुसारे सबै
खुल्ला ठाउँ छ चन्द्रमा र भुइँको प्रत्यक्ष आँखा जुध्यो
हेर्थे बालक चन्द्र उज्ज्वल थियो मुस्कान त्यस्तै सिक्यो ।

१९१. त्यो नानी जब जन्मियो भुइँ खस्यो प्रासाद सम्झिन् अनि
व्यर्थै कष्ट खपैँ अनेक किन यो बेकारेको हूँ भनी
प्यारो बालक भूपसाथ म दिऊँ कर्तव्य मेरो छ यो
छाडिन् दूत अनेक वेग गतिमा सञ्चार प्रासादको ।

१९२. थाले गद्गदसाथ नाच्न नृपती हे सैन्य जाऊ अब
ल्याऊ बालक, वेगवान गतिले रानी सुसारे सब
डाक्नू पण्डित विज्ञ ज्योतिषहरू सेना प्रजा साथमा
सिंगार्नू दरबार झलमल गरी राख्नू सुरक्षाकन ।

१९३. राजा व्यक्ति प्रभावले अघि थिए सामन्तको हैकम
जल्ले बोल्न सकेन नोकर भयो भोग्थ्यो उही शासन
सीमा भूमि थिएन भाव, मनको हुन्थ्यो सिमाना अघि
फैल्यो व्यक्ति प्रभाव जो जति जहाँ राजा भएका त्यति ।

१९४. मिल्ने भाव विचारले जति थिए आएर प्रासादमा
जम्मा भैकन नाचगान रसले गाए कतै कीर्तन
हे शुद्धोदन धन्य छौ जगतमा हौ भाग्यमानी पनि
जन्मे राजकुमार जित्छ यसले संसार आफ्नै भनी ।

१९५. राजा हुन्छ कि तेजवान सबको यो विश्व नै जित्दछ
वा यो बन्दछ शान्त सन्त हँसिलो आत्मा सबै बुझ्दछ
ऐले उज्ज्वल तेजयुक्त छ भने झन्झन् उज्यालो बनी
यल्ले दिव्य प्रकाश छर्दछ भरे सारा अँध्यारो चुमी ।

१९६. राजाको दरबारभित्र जनता जम्मा भएका थिए
आ-आफ्ना मत राख्दथे शिशु चुमी संकेत आफ्नै दिए
ठूलो उत्साव भो सुशान्त नगरी राखेर नामाङ्कन
धेरै दान गरे खुशीसित रहे धर्मज्ञ शुद्धोदन ।

१९७. मीठा भोजनसाथ स्वागत गरे सन्तुष्ट सारा भए
चाहेको सब पुग्दथ्यो जनहरू इच्छा जता जे थिए
पूजापाठ भयो र बालक नयाँ न्वारानको कर्मले
राखे नाम जुराइ पण्डित मिली "सिद्धार्थ" भन्ने गरे ।

१९८. यो नानी टठिलो छ शान्त मुहुडा मान्छे वडो बन्दछ
राम्रा लक्षण छन् सुशान्त अहिल्यै धेरै कला जान्दछ
भन्छन् "बुद्ध" भनी भरे जगतमा यो बुद्धिभन्दा उठी
छुट्टै दृष्टि दिनेछ लोकहरूको इच्छा छ जो त्यो बुझी ।

१९९. लोभीको अनुहार छैन यसको राजा नहोला भरे
हिंड्छन् साथ अनेक दार्शनिक ती सद्भावले प्रेमले
यो नानी गुरू हुन्छ भोलि सबको बोल्दैन धेरै पनि
वाणी ज्योतिषको भविष्यतिरको छाड्दै थिए तापनि ।

२००. हुन्थ्यो उत्सव वर्तमान जुन हो यी कर्मले भन्दछन्
दिन्छन् "राजकुमार" उच्च पदवी ताली त्यहाँ पिट्दछन्
हाम्रा राजकुमारको जय भनी सिद्धार्थको नामले
थाल्यो फैलन प्रान्त प्रान्त सबमा सद्दृष्टिको जन्म हे !

२०१. ऐलेसम्म थिएन जन्म जगमा साँच्चै उज्यालो दिने
जन्म्यो बालक आज दीप पछिको होला सदा चम्किने
हाम्रा राजकुमारको जय रहोस् छौं भाग्यमानी जन
हाम्रो मुक्तिनिमित्त भोलि यिनले त्यागी हिंडून् जीवन ।

२०२. आफ्नो होइन लोकस्वार्थ हितमा मैदानमा लड्दछ
जस्तो सूर्य छ तेजवान सबमा कल्ले नहोस् भन्दछ ?
हाम्रा राजकुमार जीवन दिने पानी बनून् प्यासमा
सिञ्चोस् आँत प्रचण्ड ताप छरिँदा झर्ना सुसेली नयाँ ।

२०३. थाले चर्चिन एक शान्त शिशुको भो जन्म उद्यानमा
सानैदेखि मुहार उज्ज्वल छ त्योझैं पूर्णिमा चन्द्रमा
जन्मे गौतम फैलियो जगतमा सिद्धार्थको नामले
लीला गौतमको छ उच्च जगमा श्रीशान्तको भावले ।

उपजाति छन्द ।

२०४. लीला अनौठा विपरीत भाव
गाली पिटाई सहने स्वभाव
सिद्धार्थ प्यारो तर मातृहीन
को हाँस्छ होला ममताविहीन !

॥ तृतीय सर्ग इति ॥

चौथो सर्ग

उपजाति छन्द ।

२०५. माली बगैंचासित रोज हाँस्छ ।
फुली स्वयम् सुन्दर फूल बन्छ
सुक्तैन माली जब फूल सुक्छ
छरेर बर्षा नवचेत भर्छ ।

२०६. पीयूष-धारा दिलभित्रबाट
वर्षन्छ रे झरझर एकसाथ
उद्यानका जीवन फूल बाली
स्वयम् फुलेको छ सजीव माली ।

२०७. त्यो फूलबारी भमराविहीन
मालीबिनाझैं छ सुगन्धहीन
हा ! लुम्बिनी रोदनसाथ आज
बढ्दैछ सुक्खा छ प्रचण्ड ताप ।

२०८. झाडी घना भत्भत तात्न थाले
तातो छ हावा धमिलो धुवाँले
ढाक्यो तुवाँलो सबतर्फ कालो
जलेर आत्मा कति मर्न थाले ।

२०९. गर्मी बढेको दिन सात भो यो
कीटाणु हैजासित फैलिएको
झाडा-पखाला र जरो विरामी
बुटी कता के जलको सलानी ?

२१०. ऐय्या र आत्था सकिएँ मरेँ म
मुर्दा मलामी छ उही अचम्म
माया थिइन् छट्पटले विरामी
झन् कष्ट भो औषधिले नमानी ।

२११. प्रसूति-डाहा अनि रोग आयो
भनेन रानी नचिनी समायो
यता थिए दूधमुखे सजीव
सिद्धार्थ हेर्थे नबुझेर चित्र ।

२१२. भो जन्मिएको दिन सातको यो
खै दूधधारा छ कहाँ चुसेको ?
निर्जीव आमा ममताविहिन
भएँ भ व्यर्थै शिशु प्रेमहीन ।

२१३. यो जन्मिंदामा सब कष्ट डाहा
न चोट लाग्यो म थिएँ अथाह
सन्तोष मानेँ शिशु हिंड्न थाल्यो
यो जन्मसाथै किन मुस्कुरायो ?

२१४. ती पूर्णिमाले पनि लाज मानी
माली बनाईन् शिशु यो नजानी
अवश्य रून्छन् शिशु जन्मिदामा
रोएन मेरो शिशु के हुँदामा ?

२१५. ऊ हाँस्न थाल्यो र ममा गिज्यायो ?
शरीर मेरो अनि दुख्न थाल्यो
हे रोग तैँले यस पुत्रलाई
दिँदै दिंदैनस् रस चुस्नलाई ।

२१६. ज्यादै भएँ छट्पट के बिराएँ ?
सिद्धार्थ पाएँ तब मुक्ति पाएँ !
हे रोग क्रोधी अनि काल तेरो
विरूद्ध लड्ने शिशु बुद्ध हो यो ।

२१७. अशान्तले ढाक्दछ ठाउँमा जो
यो बुद्ध पुग्नेछ विरूद्धमा त्यो
छ क्रान्तिकारी जब पाप बढ्छ
यो बुद्ध मेरो त्यससाथ लड्छ ।

२१८. बढ्दैछ ज्यादा जगमा अशान्ति
कर्तव्यको पालनदेखि टाढा
मनुष्य हिंसासित रोज खेल्छ
त्यो ठाउँमा बुद्ध बिरूद्ध बन्छ ।

२१९. अन्याय बीभत्स असत्यमाथि
छ बुद्ध बन्ने विजयी प्रतापी
यो शान्तिको दूत हुनेछ भोलि
मर्दैन चीत्कार प्रसूति बोली ।

२२०. भएँ विरामी छु यहाँ अशक्त
म मर्न लागेँ छ अनेक रोग
झाडा पखाला र जरो बढेको
बन्नेछ छोरो टुहुरो र एक्लो ।

२२१. के दोष मेरो शिशु जन्मिँदामा
यो रोग लाग्यो ममताविहिन
छ कष्ट ज्यादा यस कालसाथ
के भिड्न सक्थैं किन यो विलाप ?

२२२. मायाँ अझै छट्पटले सुसाईन्
सिद्धार्थलाई करूणा सुनाईन्-
जहाँ जहाँ रोदनको छ वास
मुसुक्क हाँस्तै त्यसतर्फ लाग ।

२२३. गम्भीर मुद्रा अनि भद्रताले
यो विश्व कब्जा गर बुद्धताले
पुग्छौ जता जो बन शान्तिभाव
मुसुक्क हाँसून् दुनियाँ र राज ।

२२४. सन्देश छाडिन् यति पुत्रलाई
ती बाल नाचे किन मुस्कुराई ?
क्वाँ क्वाँ सबै रोदनने सुसायो
चीत्कार हा ! हा ! दरवार ढाक्यो ।

२२५. आमाविनाको टुहुरो छ नानी
के गाउँ आलाप कथा-कहानी
माया, कता छ्यौ कुन देशमा छ्यौ ?
सिद्धार्थलाई टुहुरो बनायौ ।

२२६. रोएर शुद्धोदन झन् विहोश
मन्त्री, रजौटा कसमा छ होश ?
सारा अँध्यारो अनि आँसु वर्षा
हा ! हा ! छ कोलाहल त्यो सहस्र ।

२२७. रूँदैछ धर्ती अनि जूनतारा
मायाँ वितिन् रे शिशुको सहारा
हिमाल रोए झरना पहाड
बेसी तराई हिमका कछाड ।

२२८. स्याहार्छ कल्ले यस बाललाई
आमा लग्यो रे कुन काल आई ?
राखेन माया शिशु यो भनेर
छ काल सारासित शत्रु हेर !

२२९. यो काललाई पनि मित्र ठान्ने
छ बाल यस्तो छ कतै नमान्ने
धपक्क बल्दो प्रतिभा सचेत
देखिन्छ ओहो ! शिशुमै सचेत ।

२३०. स्याहार राम्रो अब गर्नुपर्छ
सभा बस्यो एक विचारसाथ
यो पुत्र भोको छ न दूध पायो
खानै नपाई किन मुस्कुरायो ?

२३१. मुमा मरिन् हा ! ममता छ दूर
माया गुम्यो हा ! सकियो यता त !
यो बाललाई अब कर्मभित्र
छ बाँध्नुपर्ने ममता पवित्र !

२३२. स्याहार्नु यो पुत्र प्रजावतीले
तुरून्त नै शोकसभा उठ्यो रे
जिम्मा लिईन् पुत्र प्रजावतीले
व्यथा सबैले तब विर्सिए है !

२३३. घरै उज्यालो वन भो उज्यालो
जताततै उज्ज्वल दीप छायो
सिद्धार्थ हुर्के अब चन्द्रमाझैं
बढ्दै गए रूप छ पूर्णिमाकै ।

२३४. खाई पिलाई अनि खेल्नलाई
चाहिन्छ जे त्यो सब नै जुटाई
सिद्धार्थलाई त प्रजावतीले
स्याहार गर्थिन् ममता बढाई ।

२३५. छलेर आँखा शिशु दूर जान्थे
कसी पलेटी अनि मौन बस्थे
एकान्त रोज्थे अनि शून्य हेर्थे
यी खेल व्यर्थै छ विचार गर्थे ।

२३६. सिद्धार्थ नानी छ कता गएको
आमा, सुसारे सब दंग पर्थे
अचम्म लाग्दो शिशु जन्मिएछ
एकान्त खोजेर समाधि कस्छ ।

२३७. 'आश्चर्य भो रे !' शिशु जन्मँदैमा
बोली फुट्यो रे, कति उच्च ज्ञान
म श्रेष्ठ सर्वाधिक योग्यताको
हुँ बुद्ध भन्दै शिशु जन्मियो को ?

२३८. हल्ला र खल्ला कुन भो उदेक ?
प्रचार सारा छ यहाँ अनेक
छ सत्य के त्यो कुन बुद्ध जन्म्यो ?
त्यो जन्मिंदैमा कसरी हिंडेको ?

२३९. त्यो जन्मिंदैमा परसम्म सर्दै
बोली निकाल्यो कसरी अचम्मै !
हुँ श्रेष्ठ सर्वाधिक मै भन्यो रे
को बुद्ध जन्म्यो मनभित्रको हे !

COC-C932
न्यौ ९CJो
G. No. 1471

२४०. औतार आठौंपछिको नवौं भो
प्रभावशाली शिशुमै भयो जो
त्यो बुद्ध नै हो छ हुने प्रसिद्ध
छ शान्ति खोज्ने अब हुन्न युद्ध ।

२४१. ती योग्य शुद्धोदन भूप-पुत्र
छन् जन्मिंदैमा कसरी विचित्र ?
छन् जन्मिएका जन यी अनेक
हुन्छन् अनौठा किन थोर थोर ।

२४२. स्वभाव नौलो शिशुमै विचित्र
सफा छ आत्मा दिलले पवित्र
सञ्चार चारैतिर फैलिएर
प्रचार भो यो-नभई अबेर ।

२४३. विचित्रका राजकुमार एक
लौ हेर्न जाऔं नगरी अबेर
आए हजारौं दरवार घेरे
विचित्रको बालक मस्त हेरे !

२४४. कोही रमाए अति हर्षसाथ
कोही डराए कति भ्रष्टचार
छ मुक्ति हाम्रो कतिले भने यो
यो विश्व जित्ने छ प्रभाव बढ्दो ।

२४५. खुलेर आयो अब मुक्तिढोका
छन् बन्दिला द्वारहरू अनौठा
खोल्दैछ आफैं शिशुले अचम्म !
छन् दङ्ग सारा शिशुछेउ जाँदा ।

२४६. बस्ने हिमाली वनका वियोगी
आए फिरन्ते सब वृद्ध योगी
विद्वान् र वैज्ञानिक हेर्न आए
ओहो ! अनौठो शिशु देख्न पाए ।

२४७. विद्वान् र योगी हिमशैलमाथि
बस्थे तपस्यासित काल काटी
ती सन्तका सन्त महान् स्वभाव
छ नाम चल्दो ऋषि कालदेव ।

२४८. हिमाल फेदीतिर कालदेव
बस्थे सधैं नै तपसी बनेर
विचित्रको बालक जन्मिंदामा
ती भेट्न आए तल लुम्बिनीमा

२४९. विचित्र के हो सब बुझ्नुपर्छ
राम्रो नराम्रो इतिहास बन्छ
औतार साँच्चै छ भने नवौंका
हुन् बुद्ध ओहो ! जगभित्रको यो ।

२५०. आश्चर्य के हो अवतार भो वा
हेरूँ विचारूँ शिशु लुम्बिनीका
सिद्धार्थलाई अब भेट्न जान्छु
विचित्र हो वा कुन के म जाँच्छु ।

२५१. अनेक घारीसित दुःख खाई
उद्यान नाना हरिया तराई
यी लेकबेसी झरना पहाड
ओर्लेर आए तपसी हतार ।

२५२. बाधा अनेकौं पथ भीर-पाखा
संघर्ष भो हिंस्रक जन्तुसाथ
जाने कता हो ? कुन बुद्ध जन्म्यो ?
छ प्रश्न यस्तै ऋषि हे कता हो ?

२५३. लौ साथ जान्छौ जनता कतैका
ती हेर्न आए शिशु बुद्ध चौता ?
छ बुझ्नुपर्ने दुनियाँ सबैले
को बुद्ध जन्म्यो कुन देवता हे !

२५४. हतार गर्दै ऋषि कुद्न थाले
हावासमानै गतिपङ्ख चाले
ज्ञानी महान् ती ऋषि कालदेव
पुगे छिटै सुन्दर एक वाग

२५५. अहा ! छ क्या सुन्दर फूलबारी
आनन्द मानीकन बस्छ माली
भन्थे सबैले यस लुम्बिनीमा
औतार भो एक विचित्र आत्मा ।

२५६. सिद्धार्थ नानी सुकुमार रूप
यो ठाउँमा जन्म भएर आज
प्रासादभित्रै अहिले बसेका
आमा वितिन् हा ! शिशु छन् निरोग ।

२५७. गम्भीर छन् रे शिशु बोल्न थाले
म सर्वज्ञाता शिशु भन्दछन् रे !
स्वयम् हिंडे रे परसम्म भन्छन्
सोध्दै र खोज्दै घरगाउँ पुग्छन् ।

२५८. ज्ञाता सबैका ऋषि कालदेव
प्रासाद जाने पथबाट साँझ
पुगे घरैमा शिशु त्यो जहाँ छ
आवाज आयो- 'ममता कहाँ छ ?'

२५९. म सर्वज्ञाता अनि दु:खमुक्त
हुँ बाल सानो सबको अमूर्त
को बुझ्न आयौ कुन बुद्ध खोज्छौ ?
छ शान्ति जस्मा तब बुद्ध भेट्छौ ।

२६०. आकाश- धर्ती सब नाशवान
छ शून्य सारा मनको सिमाना
आकाशवाणी न त जीववाणी
यो शून्यतामा कुन हो निशानी ?

२६१. छ मध्यराती चकमन्न सारा
छन् जुन्किरी ती मलिना उज्याला
आवाज उस्तै सब-नाशवान
के खोज्दछौ हे ऋषि यो उफान ?

२६२. नासिन्छ तिम्रो जति जे छ कीर्ति
आकाशवाणी छ उही कुरा ती
सोचे अनेकौं ऋषिले नजानी
प्रासाद जाऊँ कसरी नजानी ।

२६३. पुगेर प्रासाद-समीप बोले
भन्दै फिरन्ते पहिचान खोले
म भेट्न आएँ शिशु जो अनौठा
भेटेर फर्कन्छु छिटै सखारै ।

२६४. हे द्वारपाले ! नृपसाथ जाऊ
ढोका समीपै ऋषि छन् सुनाऊ !
के नाम सोधे-भन कालदेव
गर्छन् तपस्या शिरमा बसेका ।

२६५. के काम सोधे शिशु भेट्न आयो
म भेट्छु भन्दै दहिलो उघार्‍यो
त्यागी वियोगी तर बुझ्छ भेद
भविष्य जान्ने मनका अनेक ।

२६६. प्रसादको भित्र म जान्न कैल्यै
त्यागी यहीँ बाहिर बस्छु ऐले
हे दूत जाऊ भन भूपलाई
भेटून् यतै बाहिर नै मलाई ।

२६७. सञ्चार शुद्धोदन भूपलाई
हवस् म भन्नेछु गएर चाँडै
आएर कोही ऋषि छन् बसेका
कसी पलेटी तपसी बनेका ।

२६८. हिमाल, झाडीतिर रात-प्रात
गरी तपस्या गुणले भिजेका
के नाम भन्थे ? भन द्वारपाल
त्यागी वियोगी ऋषि कालदेव ।

२६९. चिम्टा लिएका अनि गेरू वस्त्र
निधारमा चन्दन लेप धेर
ओढेर छाला शिवझैं हिंडेका
गाँजा उडाएर नशा पिएका ।

२७०. आजन्म त्यागी ऋषि ब्रम्हचारी
छन् ब्रम्हवेत्ता शिवका पुजारी
रूद्राक्ष माला पहिरी गलामा
पर्खी बसेका शिशुकै प्रतिक्षा ।

२७१. हे डाक ल्याऊ घरभित्र ल्याऊ
चल्दैन भन्छन् घरभित्र पाउ
उतै सवारी नृपको हवोस् रे
योगी फिरन्ते कति पर्खने हे !

२७२. हतार गर्दै सुन, द्रव्य बोकी
आएर शुद्धोदन भन्दछन् यी-
छौ धन्य योगी दरवार मेरो
पवित्र पार्‍यौ मन भो उजेलो

२७३. योगी फिरन्ते ऋषिदेव आई
प्रासाद मेरो दिलले सजाई
सद्भाव राख्यौ ऋषि कालदेव
यो भीख थापी वरदान देऊ ।

२७४. योगी भएँ हर्षित लाख लाख
यो द्रव्य पायौ सुखको प्रसाद
सचेतका राजकुमार जन्म
बाँडे यिनै दौलत द्रव्यदान ।

२७५. बन्नेछ कस्तो शिशुको भविष्य
यो चेतनाले छ निकै रहस्य !
जे माग्दछौ दिन्छु तिनै विलास
योगी बताऊ शिशुको भविष्य ।

२७६. म लिन्न भैगो, भन द्रव्य के हो ?
म हैन माग्ने छ सबै पुगेको
राजा म आएँ अहिले घुमेर
आश्चर्य त्यस्तो कुन हो भनेर ।

२७७. म द्रव्यको लालस दास छैन
म तत्व खोज्दैछु नवीन ज्ञान
यो शून्यतामा धन चाहियो के ?
राजा, लिई दौलत हुन्छ के हे ?

२७८. भएर लोभी नृप विग्रिएका
ईर्ष्या र डाहा तब जन्मिएका
हिंसा अनेकौं अनि क्लेश भाव
अज्ञानले छन् ननिका स्वभाव ।

२७९. म भेट्छु खै राजकुमार ल्याऊ
भविष्य कस्तो उसको बताउँ
यी जन्मिदामा विपरीत चाल
असारमै भो नभ स्वच्छ ताज ।

२८०. असार पूर्णो ढकमक्क जून
आकाश धर्ती सब भो प्रसून
हिमालमा कम्पन भो अचम्मै
यी जन्मिँदा नै धर हल्लियो है ।

२८१. नदी बगेका विपरीत हो कि ?
अचम्म नै भो धर रोकियो कि !
हावा चलेको पनि वेग वेग
यी जन्मिँदामा जग भो अनेक ।

२८२. म श्रेष्ठ सर्वाधिक शान्तिदूत
हिंसाविरोधी दिलका प्रदीप
आकाशवाणी अघि नै भयो यो
लौ बुद्ध जन्मे शिशु रूपको जो ।

२८३. ज्यादै भएँ हर्षित हेर्न आएँ
र बुद्धलाई दिलमा मिलाएँ
हे भूप शुद्धोदन, पुत्र तिम्रो
बन्ला भरे शिक्षक जो अनौठो ।

२८४. आजन्म यो बालक सत्य बोल्छ
बोल्दैन झुट्टो सबसाथ मिल्छ
बोली नराम्रो कहिल्यै नगर्ने
समाजवादी दुनियाँ सुधार्ने ।

२८५. बग्छन् नदी तल्तिरमात्र हेर !
छ सत्य त्यस्मै जगतफर्क धेर
झर्ने नदी मास्तिर खै चढेको
उँधै छ जो सत्य सधैं बगेको ।

२८६. छन नासिने ती जति माथि पुग्छन्
झरेर फेदीतिर सड्न थाल्छन्
ढुङ्गा उँभो फ्याँक कहाँ छ पुग्ने
उँधै छ आकर्षण-शक्ति तान्ने ।

२८७. भेटिन्छ खोज्दा कुन सत्य तत्व ?
जो नाश नै हो अमरत्व तत्व
यो शून्य धर्ती अनि चन्द्र तारा
नासिन्छ सारा सबमा छ नाश ।

२८८. छ सत्य बोल्ने पछि बुद्ध बन्दा
बोल्दैन झुट्टा जति बोल भन्दा
कुरा छ के सत्य कतै नमर्ने
छन् सूर्य एकै कहिल्यै ननिभ्ने ?

२८९. छोएर हेर्नू हिउँमा चिसो छ
र अग्निले भत्भत पोल्न थाल्छ
समुद्र जाँदा गहिरो डुबिन्छ
आवाज कोलाहलमा सुनिन्छ ।

२९०. देखिन्न आँखा जब छैन आँखा
बास्ना सुँघोस् के नहुँदा त नाक
छ हात खुट्टा परसम्म पुग्छ
यो सत्य नै हो यसले कहन्छ ।

२९१. समीप, टाढा अनि मध्यभाग
यी भावना हुन् मनका विभाग
भन्छन् यिनै गौतमले भरे जो
यथार्थ यस्तै ऋषिले बुझेको ।

२९२. हे भूप प्यारा, तपसी म योगी
छु वृद्ध ज्यादा वयले अभागी !
यी वृद्ध तारा मनभित्र बाल्छु
विदा म पाऊँ अहिले म जान्छु ।

२९३. ती बाल भेटी ऋषि कालदेव
हिंडे लिई भित्र विचार एक
सिद्धार्थलाई अब योग्य बुद्ध
पार्नेछ कल्ले ? पछिको प्रसिद्ध ।

२९४. चिन्ता बढ्यो झन् ऋषि सोच्न थाले
शिक्षा दिने को शिशुकै कलाले ?
लिएर शिक्षा गुरू बन्दछन यी
तारा जगैका गुरू बुद्ध भोलि !

२९५. पढाइ राम्रो गुणले महान
चाहिन्छ यौटा गुरूदेव ज्ञान
यी भूप शुद्धोदनका सुपुत्र
अयोग्य हुन्नन् पछिका प्रबुद्ध !

२९६. सिद्धार्थ ज्ञानी पछि बुद्ध बन्छन्
योगी हुँदैनन् गुरू बन्न सक्छन्
संसारकै उज्ज्वल दीप बन्छ
महानता शिक्षकमा हुनेछ ।

२९७. पढाउने शिक्षक एक योग्य
विद्वान् गुणी साधु वडा सुयोग्य
सिद्धार्थलाई व्यवहार शिक्षा
तथा प्रयोगात्मक उच्च दीक्षा ।

२९८. पढाउँदै सत्य असत्य भेद
छुट्याउने योग्य बनून् सफेद
छन् भोलि बन्ने जगका महान
विज्ञान वैज्ञानिक धर्म-ज्ञान ।

२९९. छ योग्यता शिक्षकमा कहाँको ?
भेटिन्न खोजी गुणवानको जो
भान्जा कलावान् छ सुयोग्य एक
सम्झे अहो बालकको विवेक ।

३००. चालीस नाघे परिपक्वता छ
ज्ञानी हुँदा नालकमा कला छ
सिद्धार्थलाई हँसिला बनाई
शिक्षा दिनेछन् तिनले पढाई !

३०१. सम्झेर भान्जाकन कालदेव
विचार बोकी मनमा अनेक
पुगे छिटै नालकको घरैमा
पढाउने काम गरेस् सबैमा ।

३०२. छौ पाठशाला यस ग्राममाझ
चरित्रका शिक्षक हौ महान
कुमार सिद्धार्थ भरे यहाँको
महान हुनेछन् गुणशीलताको ।

३०३. छ बुद्धि तिन्मा अति तीक्ष्ण भाव
छन् बालकैमा असली स्वभाव
भान्जा तिमी नालक योग्य देखेँ
धेरै पढाऊ शिशु बुद्ध भेटेँ ।

३०४. छु वृद्ध ऐले म त मर्छु चाँडै
छौ भाग्यमानी शिशु भेट झट्टै
लिएर जिम्मा अब भूप पुत्र
साँच्चै बनाऊ गुरू जो सुयोग्य ।

३०५. थिए गुणी शिक्षक योग्यताको
चर्चा थियो नालकको अहो त्यो
मामा वियोगी तर दूरदर्शी
आएर बोले कि भविष्य देखी ।

३०६. दिएर शिक्षा इदमित्थ ज्ञान
म बुद्धलाई यस लोकमाझ
चिनाउँला शिक्षक हुन् भनेर
भाविष्यसम्मन् जगले चुमेर ।

३०७. हिमालका उज्ज्वल शान्ति तारा
यो विश्वका शिक्षक हुन् सितारा
म योग्य पार्नेछु अवश्य नै हो
मामा, प्रतिज्ञा जति यो गरे भो ।

३०८. निर्धक्क बन्दै ऋषि कालदेव
लागे कतै ती तपसी बनेर
बुद्धत्वको प्राप्ति निमित्त हेर
जिम्मा लिए नालकले गएर

३०९. त्यो बालीला सब बुझ्न पाए
पैले सिकाए कखरा पढाए
छन् छक्क नै नालक, बुद्ध आफैं
सिकाउँथे नालकमै अचम्मै !

अनुष्टुप् छन्द ।

३१०. चिप्लो चिप्लन्छ टाँसिन्न गुण उत्तम हो भने
चक्का गुड्दछ बाटोमा बाटो सम्म भयो भने
कला नामी स्वयम् ज्ञानी बुद्धचेत अपार छ
आगो फुकून् हिमालैमा नताती शीत जम्दछ ।

॥ चतुर्थ सर्ग इति ॥

पाँचौ सर्ग

अनुष्टुप छन्द ।

३११. नानी सिद्धार्थलाई यो पुतली खेल खेलन
कति राम्रो चरो हेर, चीँचीँ साथै रमाउन
प्रासादको अटालीमा आँगनीमा घुमाउँदै
सुसारेका घना मायाँ हात हात समाउँदै ।

३१२. वास्ता केही कुनै छैन भुल्दैनन् खेलमा कुनै
मुद्रा गम्भीर नानीको गर्छन् चुम्बन फूलमै
छली आँखा सुसारेका पितामाता तथा यता
साथी सङ्गीसँगै खेल्ने छली हिंड्छन् यताउता ।

३१३. वन्दना गर्न एकान्त खोजी ती बुद्ध गौतम
सानैदेखि भुलेका छन् भेटेहुन् शान्त आसन
सुसारे छन् सँधै साथ तर भागेर बाहिर
खोजी नौला गरेका छन् कुन ठाउँ छ सुन्दर !

३१४. आहा ! फूल फुलेका छन् बगैंचाभित्र सुन्दर
माली उद्यानमा भुल्छन् उस्को हुन्न अरू घर
खिच्छ सौन्दर्यले सारा पइने शान्त जीवन
फूलका बोटमा हेर ! जिन्दगी क्या सुशोभन ।

३१५. के छ प्रासादमा खेल्ने शून्य लाग्दछ आसन
बगैंचामा भुलेका छन् बाल सिद्धार्थ गौतम
कतै फूल टिपी चुम्छन् त्यही भेट्छन् सजीवता
ईर्ष्या मानिसमा हुन्छ फूलमा हुन्छ मित्रता ।

३१६. थुँगा छन् फूलका राता, पहेँला वा अनेकता
फक्रेका फूलमा शान्ति भेट्तछौं उच्च एकता
राम्रो देखी बगैंचामा डुलेका छन् जतातते
आहा ! सौन्दर्यले चुम्दा बालजीवन भुल्छ नै ।

३१७. बालमस्तिष्कमा सत्य कुरा आउँछ सुन्दर
सत्यको सृष्टि पो हुन्छ सृष्टिकापछि के छ र ?
सृष्टिको पहिलो बस्तु विनादाग मनोहर !
लाल सूर्य विहानीको कल्ले भन्दैन सुन्दर ।

३१८. फूलको शान्त उद्यान पक्रन्छन् बाल गौतम
ठाउँ हुन्न यहाँ अर्को बस्नका लागि उत्तम
बगैँचामा रमाएर फूलको बोट-बोटमा
वन्दना गर्नका निम्ति खोज्दैछन् शान्त आसन ।

३१९. त्यतै खेल्दा त्यतै बस्दा देखी जीवन फूलको
बाल सिद्धार्थ छन् मौन बुझ्नेनन् कि रहस्य जो
एउटा फूलको बोट हल्लाएर हतारमा
पहिलो क्रान्ति सिद्धार्थ गर्छन् उद्यानकासँग ।

३२०. हल्लिंदा फूलका बोट जरैसम्म छ कम्पन
काँपी थर्थर नासिन्छ हाय ! सुन्दर जीवन
अहो ! फूल थुँगा झर्छन् भूमिमा खात लाग्दछ
टिपी चुम्छन् अहो ! राम्रो बास्ना हर्हर चल्दछ ।

३२१. झगडा फूलकासाथ गर्दैछन् बाल गौतम
फूलैमाथि गरेका छन् ओहो ! उन्मत्त आसन
फूल जीवन क्या राम्रो त्यसैमाथि लडीबुडी
बास्ना मीठो सुँघेका छन् थुँगा फूल टिपी टिपी ।

३२२. दिए झारी सबै फूल भयो हिंसा त्यहाँ तब
पूलले प्रेमको बास्ना बुद्धलाई दिए जब
एकोहोरो भए प्रेम हिंसा बन्दछ भावना
बिहे गर्दैन प्राणीले प्रेमको हुन्छ कामना ।

३२३. मनुष्यले बिहे गर्छ प्रेम हिंसा त्यहाँ छ जो
अरू प्राणीहरू हेर ! बिहे गर्ने यहाँ छ को ?
तिमीलाई गर्‍यौ प्रेम तर हिंसा गरेर यो
पापी बुद्ध गर्‍यौ हिंसा फूललाई टिपेर जो ।

३२४. बुद्धलाई समीपैमा देखी ती फूल बोल्दछन्
हिंसायुक्त गर्‍यौ क्रान्ति आँखा सिद्धार्थ खोल्दछन्
कोपिला वासना दिन्नन् प्रेमको सृष्टिनिम्ति छ
फक्रेका फूलमा प्रेम सच्चा पाइन्छ हेर त !

३२५. फूल झारी गरें क्रान्ति विनासंघर्ष प्राप्तिमा
कोही पुग्दैन आकाश जस्तै ज्ञानी हवोस् यहाँ
गर्नै पर्दछ संघर्ष विगारी एक जीवन
झरेका फूल सुक्दैछन् छक्क छन् बाल गौतम ।

३२६. छ सच्चा प्रेमको हिंसा फूलको भूल के थियो ?
हल्लाएँ बोट नै ज्यादा सच्चा प्रेम झरी मर्‍यो
दुनियाँमा यही होला क्रान्ति उत्तम वैभव
अर्को जीवन मारेर गर्दैछन् व्यर्थ उत्सव !

३२७. झरेका फूल गुच्छाका ओइलाउँछ जीवन
रही मौन थुँगा हेर्छन् उड्यो सास कता भन !
अपराध गरें मैले हल्लाएँ बोट फूलको
फूल जीवन वैलायो गरें संघर्ष व्यर्थको ।

३२८. मारी जीवन यौटाको अर्को पाउँछ जीवन
पशु, मानिस वा पन्छी बाँच्छन् खाएर के भन ?
बाघले मृग, पन्छीले किरा खाएर बाँच्दछ
अर्को मारेर बाँच्ने यो सृष्टि आश्चर्य लाग्दछ ।

३२९. कला मार्छ कलाले नै बुद्धि मार्दछ बुद्धिले
शान्ति जो शान्तिले मार्छ युद्ध मार्ने युद्धले
सृष्टि आश्चर्य यस्तै छ जो द्वन्द्वात्मक युद्धले
अर्कै संरचना गर्छ दोस्रो मारेर एकले ।

३३०. मेरो जीवन यस्तै हो कुनै आई यसै गरी
हल्लाएमा म वैलन्छु फूलजस्तै तलै झरी
सबै झर्छन् तलैतर्फ यसैमा नाश हाँस्दछ
विना नाश कहाँ सृष्टि बुद्धमा ज्ञान पस्दछ ।

३३१. फूलका बोटका फेद समाती माफ माग्दछु
अपराध गरेँ मैले आफ्नै जीवन साट्तछु
आजैदेखि तपस्यामा रहने छु सधैंभरि
प्रतिज्ञा उच्चता मेरो दिऊँ जीवन के गरी ?

३३२. सोच्न थाले कुरा नौला बाल सिद्धार्थले त्यहाँ
पुगी सात भए आठ भए वृद्ध विचारमा
अघि जीवन पाएका फूलका पत्र-पत्रमा
थियो सास मऱ्यो ऐले जस्मा के छ त कारण ?

३३३. किन वैलाउँछन् फूल ? ध्यानमग्न भए तिनी
तपस्यामा बसे एक्लै वगैँचाका बुटामुनि
दुनियाँका छली आँखा एकान्तैमा गईकन
तपस्यामा भए लीन एक बालक गौतम ।

३३४. योग- दर्शनमा लाग्ने पहिलो शिशु बुद्ध हुन्
सानैमा पुज्दथे ज्ञानी ज्ञानका बुद्ध सृष्टि हुन्
योगसाधनमा प्रातः नबोलेर कसैसित
चिन्तैचिन्ता थियो उन्मा दुनियाँनिम्तिको हित ।

३३५. लोक ईश्वर छन् भन्थे तर्कले बुद्ध काट्तथे
देवता हुन् स्वयम् आत्मा तर्कमा तर्क लड्दथे
जल्ले समाजमा राम्रो कीर्ति राख्दछ सभ्यता
त्यही हुन्छ महाज्ञानी चेतनायुक्त देवता ।

३३६. भोको पेट खपी तिर्खा बगैंचामा बसीकन
बाल सिद्धार्थले खोजे आफ्नै आदर्श जीवन
फूलका बोटमा हेरे कमिला, कीटमा पनि
खोजे जीवन आदर्श शान्तिसाधक भै उनी ।

३३७. राजाका पुत्रले राज जान्नुपर्छ चलाउन
उल्टो काम गरेका छन् बुद्धको भिन्न चेतना
यता चिन्ता अनेकौं छन् शुद्धोदन, प्रजावती
नदेखी बाल सिद्धार्थ खोज्न थाल्छन् यताउति ।

३३८. मायावती मरिन् चाँडै तर स्याहार निम्तिमा
डुबेकी घोर चिन्तामा सानीआमा दिई मन
नहुँदा बाल सिद्धार्थ लिएकी पीर आपति
सानीआमा अरू राम्रा छैनन् जस्तो प्रजावती ।

३३९. प्यारा पुत्र कठै मेरा भोक लाग्यो कि जङ्गल
निद्रा लाग्दा कहाँ सुत्छन् टाढा छैन कि मङ्गल
बेकारको तपस्या के ? सोचेनन् राजकाज यो
बाबामा पनि वास्ता खै भावना उल्टियो कसो ?

३४०. सम्झाई भन्दछन् राजा किन दोष लगाउँछ्यौ
ममा चिन्ता अनेकौं छन् अझै डाह जगाउँछ्यौ
ऐश आरामका स्रोत बालनिम्ति जुटाइद्यौ
भुल्छन् सिद्धार्थ खेलेर मीठा गीत सुनाइद्यौ ।

३४१. यता छैनन् कता भागे न वा जङ्गलमा गए
सधैं भाग्दैछन् छली आँखा तपस्या कता भुले ?
राम्रा राम्रा कलाका यीं बाजागाजा बजाउनू
भुल्याउनु परेको छ गीत मीठा सुनाउनू ।

३४२. मीठा गीत भए भुल्छन् स्वर संगीतको कला
नभुल्ने व्यक्ति को होला बाजागाजा बजीदिंदा
चिन्ता राख्नु छ यो धर्म राजाका पुत्रले सदा
राज्यको नीति जानेर योग्य शाषक बन्नमा ।

३४३. राज्य गौतमले त्याग्दा हाम्रो मर्नेछ इज्जत
सिमानानिम्ति लड्नेको राज्यमा बढ्छ गौरव
सीमाहीन छ यो विश्व फैलोस् साम्राज्य एक यो
चारैतर्फ सिमानाको बाँध बाँधी नवीन जो ।

३४४. हामी हौं शाक्यवंशीय राज्यका योग्य शासक
यो बेला बुद्धको चोला योगीको भेष व्यर्थ छ
सानैदेखि भुलेको छ एकान्तैमा गई बसी
दूरदर्शी नबन्नेले राज्यको ज्योति मार्दछ ।

३४५. त्यसलाई दिई शिक्षा कलापूर्ण बनाउन
शिकारीझैं लिई वाण थालौं युद्ध गराउन
लोभ, ईर्ष्या नयाँ कर्म उद्योगैमा लगाउन
शिक्षा पर्याप्तको लागि गुरू डाकौं पढाउन ।

३४६. शिक्षा नालकको व्यर्थ नीतिसम्मत छैन त्यो
राजपाठ कला जान्ने खै सिद्धार्थ भएन यो
गयो ऐले कतातर्फ गरे खोजी जताततै
बगैंचामा पुगे कोही जासुसी भेषमा हुँदै ।

३४७. एकोहोरा भएका छन् आँखा चिम्लेर बस्तछन्
वन्दना सन्तलेजस्तै शून्य अकाश हेर्दछन्
हिजैदेखि बगैंचामा आँखा चिम्लेर आसन
बसेका छन् भनी माली आएका सूचना दिन ।

३४८. शुद्धोदन तथा माता लोककी हे प्रजावती
आँखा चिम्लेर सिद्धार्थ तपस्या गर्दछन् कति ?
भोकभोकै सुकेका छन् फट्याङ्ग्रा कीटसाथमा
के हो जीवन सोचेका बुद्धले रात प्रातमा ।

३४९. अँध्यारोमा बसी एक्लै भुल्छन् गम्भीर सोचले
घामपानी खपेका छन् कतै दुख्दैन चोटले
सहन्छन् कष्टका वाण टोकून् दुष्टात्म सर्पले
राख्दैनन् ती कुनै वास्ता घाहा सहन्छ भक्तले ।

३५०. परे सिद्धार्थका छेउ कुनै हिंस्र जनावर
मौन बन्छन् उनीजस्तै भेटैं अद्भुत ईश्वर !
बिच्छी, सर्प, किरा, प्यूसा, भुसुना, उपियाँ सब
बुद्ध छेउ पुगेमा छन् तिनको भावना स्थिर ।

३५१. चराले पनि आएर गीत गाएर चिर्बिर
हम्केका छन् पखेटाले शान्त जीवन निर्मित
कला खोली चरा बोल्छन् बुद्धकानिम्ति शास्वत
तिमीलाई यहाँ पायौं साँच्चै ईश्वर अद्भुत ।

३५२. भन माली अरू के छ त्यस्ता अद्भुतका कुरा
हार्छन् मौसमले आफैं जङ्गली रूख आँकुरा
छायाँ देखिन्न जाडोमा रूखका फेदमा पनि
सूर्यको ताप छिर्ने त्यो लाग्यो आश्चर्यको भनी ।

३५३. पूर्वतर्फ हुँदा सूर्य छायाँ पर्दछ पश्चिम
तर बुद्ध त्यहाँ बस्दा पाइयो परिवर्तन
अनौठा सोचका बुद्ध दुनियाँ भिन्न बुझ्दछ
दुनियाँ द्वन्द्व हिंसामा शान्तिको पाठ बुद्ध छ ।

३५४. मालीले भेद सारा ती बताए देखियो जसो
के हो आश्चर्य हेरौं न ! राजारानी उठे यसो
भारदार तथा मन्त्री बगैंचामा पसे सब
फुत्त आए यता भागी बाल सिद्धार्थ गौतम ।

३५५. माने आश्चर्य राजाले, रानीले भारदारले
मन्त्रीले, दुनियाँले र बगैंचाभित्र फूलले
यता प्रासादले फेरि डाक्छन् दौंतर बालले
सँगै खेल्न यता हामी आनन्दसित सौखले ।

३५६. दुनियाँले सुनेका छन् बुद्ध अद्भुत जन्मियो
वन्दना गर्नकानिम्ति भीड लाग्दैछ लोकको
सानैमा पनि बूढोझैं परिपक्व विचार छ
विचारै सापटी हाम्रा बुद्धको सोच मौलिक ।

३५७. मुक्ति देऊ नमोबुद्ध तिमी शिक्षक उत्तम
जन्म्यौं, मर्छौं कहाँ जान्छौ ? सकेनौं चुचुरा छुन
बुद्धलाई नमस्कार गरे मिल्दछ मुक्ति जो
कुरा यस्तै बुझी लाग्थ्यो घुइँचो दीन लोकको ।

३५८. अन्धकार निराकार चमत्कारी छ सृष्टि यो
सृष्टिमा नाशको तत्व स्वयम् पूरक हुन्छ जो
बुझेनौं तत्व हामीले अन्धा छौं दुनियाँ सब
प्राप्ति आखिर हो बुद्ध दुनियाँभित्र व्याप्त छ ।

३५९. बुद्ध भन्थे सबैलाई अज्ञानी दुनियाँ किन ?
शान्त जीवनले बाँच ज्ञानको चुचुरा छुन
अहंकार सबै त्याग हिंसा छाडेर द्वेषको
ईर्ष्या नेतृत्वमा हुन्छ मुक्ति मिल्दैन देशको ।

३६०. मारी जीवन यौटाको अर्को जिउनु व्यर्थ हो
देशलाई कहाँ हाँक्ने हाँकिने पशु, गोरू हो
कसैले हाँक्नु पर्दैन हामी पर्दैन हाँकिन
मिल्छ एकान्तमा खोजे स्वतन्त्रसुख जीवन ।

३६१. आफैंमा खोज को हो म ? छ कहाँ आत्मदर्शन
शिक्षा सापटका पाए चाँडै हुन्छ विकर्षण
विचार सापटी मेरा प्रज्ञा जन्मन्छ मौलिक
प्रज्ञामा हुन्छ आत्मा जो विचारैमा छ भौतिक ।

३६२. प्रज्ञामा शान्ति जन्मन्छ जस्मा मौलिक बुद्ध छ
दृश्यकासाथ फेरिन्छ सोच ठाउँविशेष छ
सृजनाहीनको मान्छे राजनीतिज्ञ बन्दछ
सृजना सीपमा हुन्छ कला श्रमिक जान्दछ ।

३६३. नेतृत्वले कलालाई उँभो चढ्न दिंदैन रे !
आत्मनिर्भर भै बाँच्छ कला साहित्य जन्मिए
एकताभित्र साहित्य हुन्न बन्धनमा कतै
हुन्छ स्वतन्त्र साहित्य जस्मा सौन्दर्य हुन्छ नै ।

३६४. प्रतिभा फूलका बोट सिर्जना फूल सुन्दर
फक्रेका फूलको बास्ना कल्ले सुँघ्दिन भन्छ र ?
सृजना हुन् कला नौला जस्मा अड्चन आउँछ
जन्मदै पहिलोपल्ट बच्चा चीत्कार गर्दछ ।

३६५. कठिनाइसँगै खेल्ने साहसीको छ जीवन
फुल्छन् गुराँसका फूल अनकन्टार लेकमा
एक्कासि घटना घट्ता नतमस्तक पार्दछ
आत्मसंयम त्यो बेला लिने प्राज्ञत्व बन्दछ ।

३६६. 'लग्यो रे कागले कान' होहल्लैमा दगुर्दछ
त्यल्ले उन्नति गर्दैन सधैँ शासित बन्दछ
अप्ठ्यारा जोखिमी काम उद्देश्यैनिम्ति गर्दछ
तिनै विजयमा पुग्छन् अझै साहस बढ्दछ ।

३६७. योद्धा साहसले बढ्दा विजयी तीर छेड्दछ
सङ्ग्रामी कालमा भाग्ने जिउँदो लास बन्दछ
कठिनाइसितै खेली बाँची कठिन जीवन
लक्ष्यको प्राप्तिका निम्ति लड्ने बन्दछ उत्तम ।

३६८. लक्ष्य, उद्देश्यका निम्ति जल्ले संघर्ष गर्दछ
तपस्या लक्ष्य हो एक साधना योग्य बन्दछ
साधनाभित्र छ प्राप्ति खोज अभ्यास कर्मले
साहसी पाइताला जो रोकिन्नन कठिनाइले ।

३६९. भाव उत्तेजनायुक्त स्वभाव तर मौन छ
पूरा हुँदैन उद्धेश्य पूर्ति निर्जीव बन्दछ
सभामा मौन बस्नेको पेटमा पाप बढ्दछ
एकान्तमा गई बोल्छ शून्य प्राप्ताङ्क भेट्दछ ।

३७०. युद्धले शान्ति खोज्नेछ उद्धेश्यसित द्वन्द्वमा
शान्तिको खोजमा शान्ति युद्धमैदान पुग्दछ
क्रान्तिले शान्ति जन्मन्छ नाशको साथ सृष्टि छ
सृष्टिमा छ सिमाना जो जस्मा आतङ्क मात्र छ ।

३७१. आतङ्कित हुनेले नै युद्ध सिर्जन गर्दछ
आतङ्कैबाट आतङ्क जन्मला युद्धकौशल
प्रतिकार सबै गर्छन् युद्धको कालमा तर
प्रतिकार जता जे होस् शान्तिले जित्छ आखिर ।

३७२. हामी आक्रोशमा लड्छौं ज्यादा हिंसा हुने हुँदा
प्रतिकार मरेको छ शान्तिले युद्धमा रूँदा
चाहना शान्तिको राख्ने सिर्जनामा रमाउँछन्
केही काल तिनी हार्छन् युद्धलाई छकाउँछन् ।

३७३. सीमा देश लडाइँका नराम्रा सूचना सब
झगडा छ सिमानामा जस्मा बाँच्तैन वैभव
दुनियाँ ज्ञानका भोका बुद्ध भेटेर दङ्ग छन्
बालकैमा भए ज्ञानी गुरू बन्ने झसङ्ग छन् ।

३७४. बुद्धलाई दिने शिक्षा गुरू आए त्यहाँ जति
बुद्ध छेउ बनी चेला झुकाए शिर उच्च ती
गुरू बुद्ध दुनियाँकै चाहिएन कुनै गुरू
के आवश्यक बत्तीको सूर्यको छेउमा अरू ।

३७५. गुरू नालक ज्ञानीमा लोक कहलाउने
तर बुद्ध समीपैमा चेलो हुन्थे डराउने
गुरू नालकले आई बाल सिद्धार्थ गौतम
बुद्ध नाम जुराएथे बुद्धिमाथि छ उत्तम ।

३७६. साथी-सङ्गी थिए राम्रा खेल खेल्न रमाउन
सधैँ जङगलमा जान्थे गाईवस्तु चराउन
गोठाला खेल्दथे झुत्ती गर्म्दथे बुद्ध छेउमा
गाईबस्तु सँगै हुन्थे छ जहाँ बुद्ध आसन ।

३७७. बुद्धका पछि लाग्दैछन् गाईवस्तु रमाउँदै
जता बुद्ध त्यतै गाई बाँ बाँ प्रीति लगाउँदै
बुद्धको प्रेमले तानी जङ्गली बाघ हिंसक
साधु प्राणी बनेका छन् सारा हिंस्रकमूलक ।

३७८. हात्ती गैंडा तथा अन्य भीमकाय जनावर
बुद्धको छेउमा आई लाउँथे प्रीत सुन्दर
झगडा व्यर्थमा गर्ने भए उत्ताउला सखा
बुद्धको छेउमा पर्दा पुग्थे मुस्कानमा सब

३७९. सूर्यको तापमा पर्दा वैलन्छन् फूल कोमल
त्यस्तै बुद्ध भए छेउ लत्रन्थ्यो लोकवैभव
समकालीन साथीमा प्रतिभा उच्च देखिने
बुद्धको नामको मूल्य बढ्दै जान्थ्यो प्रभावले ।

३८०. कैयौं योगी झुके आई झुके कैयौं महाजन
चन्द्रमा छेउमा तारा के सक्थ्यो चम्चमाउन ?
कोही आई गरे गाली कुरा हाँसेर गर्दथे
इँट्टाको बदला फूल प्रतीकात्मक देख्दथे ।

३८१. समकालीन सङ्गीका माझमा बुद्ध आउँदा
मौनता छाउँथ्यो सारा प्रतिभा योग्य पाउँदा
सबैलाई दिई शिक्षा सत्यको पक्षमा नयाँ
बुद्ध दर्शन खोज्दैछन् साथीको भेटघाटमा ।

३८२. गोठाला साथमा खेल्ने गाउँका बालबालिका
कहाँ छन् बुद्ध खोजेर पुग्थे बुद्ध समीपमा
एउटी बालिका राम्री शीलमा नमुना थिईन्
बुद्धका साथमा बस्ने प्रणसाथ रमाउँथिन् ।

३८३. उज्याली चन्द्रमाजस्ती बल्दी धप्धप तेजकी
सुनायो नाम कल्ले त्यो बन्दैछिन् भक्त बुद्धकी
माताका साथमा बस्दा पिताका काखमा छँदा
भरे रोज्नू तिमीले जो योग्य सिद्धार्थ हुन् वर ।

३८४. योगी भैकन विग्रन्छ विषयीमार्गको पर
गृहस्थी बुद्ध बन्दैन शून्यको मार्ग रोज्दछ
बुद्धलाई रची जाल गृहस्थीमा फसाउँन
शुद्धोदन कुरा गर्छन सुप्रबुद्ध महाजन ।

३८५. जसरी हुन्छ सिद्धार्थलाई प्रेम दिलाउन
तिम्री छोरी पठाए है गृहस्थीमा लगाउन
सानैदेखि बसे प्रेम तपस्याहीन बन्छ रे
प्रेमजस्तो अरू हुन्न सोचे यो सुप्रबुद्धले ।

३८६. महाराज ! यही गर्छु बुद्धलाई फसाउन
छोरी मेरी उनीसाथ अब थाल्छु पठाउन
मायाँ प्रेम बढोस् तिन्मा प्रीति बन्छ नमेटिने
कहाँ हुन्छ महात्यागी प्रेमको साथ बाँधिने ।

३८७. प्रजावती तथा शुद्धोदन मन्त्री र लोकले
सुप्रबुद्ध समीपैमा राखे प्रस्ताव कूटले
जिम्मेवारी लिएँ मैले बुद्धलाई छकाउने
षड्यन्त्र यो भयो ठूलो सृष्टिमा बन्द हुन्न हे !

३८८. सुप्रबुद्ध गरी कूट बुद्धलाई फसाउँन
आफ्नी छोरी त्यतैतर्फ थाले हेर पठाउन
सानी छोरी थिईन ज्ञानी बाह्र नाघेर तेह्रकी
तीक्ष्ण बुद्धि चलाकीमा कागकी फुल चोर्नकी ।

३८९. कूटनीति सिकाएका त्यही पाठ बुझीकन
राजनीति सिकिन् चाँडै झुट्टा काम गरीकन
सबै लागे तिनीलाई राजनीति पढाउन
दिए शिक्षा अहो प्रेम बुद्धलाई छकाउन ।

३९०. बुद्धलाई कहाँ भेटूँ एकान्तैमा गई सधैं
खोज गर्थे नयाँ चेत शान्ति जीवन भेट्न है
कता बस्छन् तिनी ज्ञानी बुद्ध मेरा महान् बनून्
सँगै पुग्थिन् जता बुद्ध भावनाको समान छिन् ।

३९१. बसी मौन तपस्यामा बुद्ध हुन्थे समाधिमा
टुलूटुलू गई हेर्थिन् बुद्धको अनुहारमा
कस्ता राम्रा सधैं ज्ञानी ज्ञानभण्डार बुद्ध यी
बोल्न पाए तिनीसाथ पाउँथे ज्ञान मैपनि ॥

३९२. आँखा चिम्लेर के देख्छन् हेर संसार सुन्दर
हरियो वनको देश चराका गीत चिर्बिर
सुसेल्छन् झरना खोला हेर शान्त हिमाल त्यो
आँखा चिम्ली कहाँ हेर्छौ आत्मदर्शन बुझ्छ को ?

३९३. धेरै पाएँ सखा-सङ्गी तिमीजस्तो त भेटिनँ
ताराका माझमा चन्द्र बुद्धको तेज चम्चम
तिमीसाथै बसूँजस्तो हाँस्दा खेल्दा जता पनि
तपस्यामै भुलूँजस्तो ममा लाग्यो कि मोहनी ।

३९४. एकान्तमा बसी आफ्नै भावनामा हराउँदै
के भेट्छौ भन है बुद्ध जिय सारा सुकाउँदै
आँखा चिम्लेर देख्दैछौ सपना प्रेम सुन्दर
आखिरी मौनमा बस्दा भेटिने वस्तु के छ र ?

३९५. साहसी व्यक्तिमा हुन्छ प्रतीकात्मक भावना
योद्धाले युद्धमा गर्छ कडा जोखिम सामना
आँखा चिम्लेर के हुन्छ उज्यालो खोज बाहिर
अन्धकार छ यो धर्ती चेतना ज्योति के छ र ?

३९६. उठ बुद्ध यता हेर, आएको छु अघिल्तिर
संगिनी ज्ञानकी भोकी आएकी ज्ञानखातिर
अगाडि एक मान्छे को ? बोल्छ यो नम्र भावले
आँखा खोली त्यहाँ हेर्छन् सन्यासीकै स्वभावले ।

३९७. समकालीन केटी छे आई को बालसुन्दरी
कताबाट यता आई पत्तो पाएर के गरी
राम्रा वस्त्र लगाएकी कोरीबाटी चिटिक्क छे
मानी लाज स्वयम् हाँस्छे को आई कुन कामले ?

३९८. महासामन्तकी छोरीजस्ती ढाँचा सुहाउँदी
फुर्तीफार्ती निकै नै छ फूलझैँ कल्कलाउँदी
हाँसिलो छे खुशीले हो वा यो नाटक हो कुनै
सुखी जीवन छाडेर किन जङ्गलमा त है !

३९९. के हो नाम छ के काम ? एकान्ती ठाउँ जङ्गल
घर फर्क यता हुन्न बालिकानिम्ति मङ्गल
हुन्छन् जङ्गलका प्राणी हिंसाकर्मी बहादुर
चिथरेर तिमीलाई मार्न सक्छन् कठैबर !

४००. थुँगा फूल फूलेकीझैँ अहो सौन्दर्यकी तिनी
मुस्कुराएर बोल्दामा साँच्चै लाग्दछ मोहिनी
बोलाउँछन् पितामाता छोरी मेरी यशोधरा !
बुद्ध भेट्न भनी आएँ अरू के काम हुन्छ र ?

४०१. यस्तो एकान्त झाडीमा आँखा चिम्लेर वन्दना
घण्टा चौवीस नै गर्छौं ज्ञान आत्मीय-प्रार्थना
यस्तो जीवन पो प्यारो आएँ सम्झेर छेउमा
यशोधरा म हुँ प्यारा, मलाई राख साथमा ।

४०२. मलाई पनि पो लाग्यो तपस्यातर्फको मन
तिम्रै साथ भई मौन तपस्या गर्न थाल्छु म
सँगै खेलौं सँगै हाँसौं भयौं बाह्र उमेरका
बाह्रै वर्ष तपस्यामा त्यसपश्चात् विवाहमा ।

४०३. मनमा घाउ छन् मेरा आत्मदर्शन बुझ्दिनँ
अज्ञानी वन्दना गर्छु तिमीबाहेक देख्दिनँ
तिमीभन्दा प्रिय अरु दृश्य प्राकृतका अनि
भूमिको शुद्ध अस्तित्व कैले हुन्छ र बैगुनी !

४०४. जानेकी छु यिनै बोल्न तिमी पाएँ अचम्मको
घरैमा छन् पितामाता तिमी विनु यहाँ छ को ?
वन्दना बुद्धमा मेरो सुखी सम्झ यशोधरा
मिलाऊँ यी दुवै हात छ कहाँ प्रेम निष्फल ?

४०५. कुरा तिम्रा बुझैँ मैले संगी मेरी यशोधरा
तपस्याको छ यो बाटो विना संघर्ष हुन्छ र ?
प्राप्ति मिल्दैन आनन्दी कठिनाइ छ जीवन
सक्दिनौ बस्न झाडीमा समस्यायुक्त यौवन ।

४०६. नमुना शान्ति पाइन्छ आत्मभित्र प्रकाशमा
उज्यालो ज्योति पाइन्न नाशयुक्त विचारमा
बदलिन्न कतै कैल्यै आत्मदर्शन मौलिक
चाँडै मर्दछ विज्ञान जरा मक्केर भौतिक ।

४०७. विचारैकी तिमी सानी उत्ताउली यशोधरा
कुरा बोल सधैं टिक्ने सत्य हुन्छ अजम्मर
आँखा चिम्लेर के हुन्छ ? आँखा चिम्लेर हेर त !
व्यावहारिक बन्नेले भित्र बाहिर देख्दछ ।

४०८. भावना हो त्यही मेरो त्यसैले म तिमीसितै
बसी गर्छु तपस्या जो ज्ञानको प्राप्ति निम्तिमै
कुरा यी मनका तिम्रा बुझें मैले यशोधरा
पछि आऊ तपस्यामा बुझ्दिनौ अहिले कुरा ।

४०९. पर कोही बसेको छ छेकिएर बुटामुनि
कुरा सारा सुनेको छ कोही जासुसले अनि
यता बुद्ध तथा नानी यशोधरा विदा भए
यतिकैमा भयो हल्ला जासुसीले कुरा लगे ।

४१०. सुप्रबुद्ध तथा शुद्धोदन जासुस छाड्दथे
यशोधरासितै बुद्ध बसेका हुन् त्यता थिए
मीठा-मीठा कुरा गर्थे गाढा प्रेम भविष्यमा
प्रेम छुट्तैन सानामा बाँधिएको छ बन्धन ।

४११. बुद्धलाई भुल्याएकी बाला प्रेम नमेटिने
प्रेम प्रस्ताव राखेकी धेरै टिक्ने हिसाबले
जासुसीले बताएका शुद्धोदन, प्रजावती
खुशीराजी बढोस् प्रेम होस् अमेट अजम्मरी

४१२. सुप्रबुद्ध, भयौ धन्य पात्र छोरी यशोधरा
गइन् रे बुद्धका छेउ ज्ञान सिक्ने लिई कुरा
बुद्धले शून्य एकान्त छाडी चाँडै यतातिर
गृहस्थी क्षेत्रमा आऊन् राजपाठ बुझी घर ।

४१३. तिमीले यसको जिम्मा लिनै पर्दछ बुद्धको
प्रेम गाढा अझै बन्छ तिम्री छोरीसितै छ जो
कूट रच्नू नयाँ सुप्रबुद्ध जाऊ उतैतिर
सिकाऊ पाठ छोरीमा नहोस् भङ्ग कतैतिर ।

४१४. जासुसी रुपमा जानू बुद्धको ध्यान भङ्गमा
भूमिका खेल्नु मन्त्रीले जोशसाथ उमङ्गमा
प्रेमले कहिले गाना कहिले इतिहासले
कहिले युद्धको ज्ञान कहिले सत्चरित्रले

४१५. बुद्धका सारथि प्यारा छन्नलाई तथा अरु
सबैलाई यिनै कूट सिकाएथे बनी गुरु
छन्न बुद्ध समीपैमा सधैं हुन्थे सुधारमा
तपस्या गर्दथे बुद्ध छन्न बस्थे सियाँलमा ।

४१६. कलाले प्रेमले बोले यशोधरा र बुद्धले
कुरा के के भयो फेरि चिम्लिए नेत्र बुद्धले
यशोधरा यतै आईन् छेउ सारथि होशले
'हिँड सुस्त, कता नानी ?' निकाले शब्द छन्नले ।

४१७. मसिनो स्वर नानीको चरा बोल्यो कि चिर्बिर
कलायुक्त गला खोलिन् डुल्न आएँ यतैतिर
भेटेँ बुद्ध महाज्ञानी सधैँ मौन रहेर ती
खोजेका छन् नयाँ तत्व आत्मदर्शनका कति ।

४१८. नगर्नू झगडा ईर्ष्या नगर्नू लोभ लालच
उद्देश्ययुक्तको लक्ष्य होस् जो संघर्ष उच्च छ
ममा ज्ञान दिए यस्तै फेरि चिम्लेर लोचन
विदा पाएँ यता आएँ तिमी को हौ यहाँ किन ?

४१९. यशोधरा चिनेँ मैले सुप्रबुद्ध सखा थिए
अनुहार छ त्यो उस्तै सोध्न खोज्न पऱ्यो र के ?
यशोधरा म ता छन्न सारथि बुद्धको बनी
रथ हाँकी यहाँ आएँ जाऊँ बुद्ध लिई भनी ।

४२०. बुद्धको रथ हाँकेर बुद्धलाई घुमाउँछु
बगैंचा, भीर मैदान चारैतर्फ डुलाउँछु
बुद्ध जान्छन् जता भन्छन् त्यतैतर्फ पुऱ्याँउछु
शान्ति मेरो यसैमा छ आफैंभित्र रमाउँछु ।

४२१. धन्य छोरी महाज्ञानी बुद्धका भावना बुझी
गाँस्यौ प्रेम नमर्ने जो बिर्सन्नन् बुद्धले पनि
सधैं आऊ नविर्सेर ज्ञानी बन्छ्यौ तिमी पनि
कडा पत्थर घोटेमा टुक्रेला बालुवा बनी ।

४२२. एउटा रुखको फेद हेर आउँछ शीतल
ज्ञानीका साथमा बस्ने ज्ञानलेहीन को छ र ?
अनौठा सीपका मान्छे महामानव बुद्ध हुन्
भोलि बन्छन् महात्यागी लोकका गुरू बन्दछन् ।

४२३. उनीकै हितमा बोल बुझ्दछ्यौ आत्मदर्शन
राजनीति छिटै मर्छ आत्मा हुन्न विकर्षण
बुद्ध आत्मा बुझेका हुन् बालकैमा अलौकिक
जन्मिएनन् कुनै मान्छे आत्मज्ञानी स्वभाविक ।

४२४. सामाजिक र भूगोल, विज्ञान, इतिहासका
ज्ञाता श्रेष्ठ भरे बन्छन् बुद्ध एक अलौकिक
पति आफ्नो बनाऊ है यशोधरा, भनैं यति
यशोधरा परिन् छक्क कुरा सारथिका सुनी ।

४२५. छन्न सारथिकासाथ बोल्न थालिन् यशोधरा
बुद्धका पक्षमा बोल भाव राखेर सुन्दर
भन हे बुद्धका बारे अरु के छ अलौकिक
पछि लाग्छन् उनीसाथ के हो कारण मौलिक ?

४२६. ऋषि वृद्ध तथा योगी राजा मन्त्री र शिक्षक
कवि दर्शनका ज्ञानी प्यारा श्रमिक दक्षक
आउँछन् बुद्धकासामु मुक्ति खोज्न उनीसित
बुद्धमा प्रतिभा के छ आश्चर्य छ अलौकिक ?

४२७. कलाप्रेमी सबैका हुन् हुन्छ मुस्कान उत्तम
हाँसी बोल्छन् सबैसाथ उनीमा छ सफा मन
मुस्कुराएर जो बोल्छ उस्मा ईश्वर बोल्दछ
नराम्रो भन्छ को आहा ! हेर स्वच्छ हिमाल छ ।

४२८. कहिलै भगडा छैन सहन्छन् चोटमा पनि
त्यसैले बुद्धका साथ भुम्मिन्छन् धेर मानिस
गर्मीका याममा पानी चिसो धारा भएतिर
सबै जान्छन् जता धारो छ त्यहाँ देह शीतल ।

४२९. राजपुत्र भए बुद्ध तर शान्त स्वभावले
राजपुत्र कहाँ हुन्छ विनाकोध दवावले
हतियार उठाएर सिकेका युद्ध-कौशल
छैनन् बुद्ध सिपाहीभैं युद्धका सीपपारख ।

४३०. सुन छोरी दिई ध्यान तिमी छ्यौ आज चञ्चली
बुद्धका प्रेरणा मिल्दा चेतना उर्वरा बढी
तत्व बुझ्दछ मान्छेले कम छैनन् कतै उनी
कला धेरै उनीमा छन् हेर्नुपर्दछ जे पनि

४३१. युद्धका पारखी बुद्ध जानेका युद्धकौशल
विद्याका तत्वमा भिज्छन् जो अलौकिक मानिस
युद्ध गर्ने कलामा छन् बुद्ध श्रेष्ठ अलौकिक
पीडानिम्ति लडेका हुन् चाहन्छन् बुद्ध एकता ।

४३२. मंगोलीयन वंशी र आर्यकाबीच द्वन्द्व छ
अगाडि आर्य नै आए पीडा मंगोलभित्र छ
आजै हुन्छ यहाँ ठूलो वाण हान्ने परीक्षण
प्रतिस्पर्धा हुने बेला हेर, आत्मा खिचीकन ।

४३३. यत्तिमै वाणका ठोक्रा बोकी लस्कर आउँछ
निशाना दूरको ताकी शर फर्केर आउँछ
युद्धको भूमिमा मानौं युद्ध चल्दैछ निर्भय
शर काट्ने निशानामा जय आफैं पराजय ।

४३४. साना साना थिए नानी युद्ध सिक्न भनीकन
भए जम्मा हजारौं ती गुरुसाथ अनेकन
राजाका पुत्रका साथ धनुधर्र रथी थिए
दिन्थे ज्ञान नयाँ खेल यसरी खेल्नु पर्छ रे !

४३५. निशाना ताक्नमा योग्य विद्यार्थी गुरू साथमा
ताक्छन् वाण जता हान्यो त्यतै लाग्दछ बिन्दुमा
कैयौं चिर्छन् रऊँ साना प्रभुत्व अनि जम्दछ
होडबाजी त्यहाँ चर्क्यो प्रतिस्पर्धा अचम्म छ ।

४३६. चरो खसाल्छ कोहीले तारो ताक्दछ व्योममा
कसैले चुचुरा ढाले व्यर्थ आवेग द्वेषमा
फूलबारी भए नष्ट वनका जन्तु आत्तिए
धुवाँका साथमा सारा विनाश मात्र फैलिए ।

४३७. आगो जङ्गलमा लाग्यो भाग्न थाले चराहरु
जलेका कीट फट्याङ्ग्रा माटोमा छैन उर्वर
मरूभूमि त्यहीं लाग्यो हरियो वनको छटा
फुस्रो फुङ्ग उडेको छ ओहो । देखिन्छ अद्भुत !

४३८. परात्रुमी सबै आए धनुर्धारी रथीहरु
युद्धका पारखी वीर भए जम्मा त्यहाँ अरु
राजा, मन्त्री तथा वीर सेनानायक वीर छन्
युद्धको अन्तका निम्ति कोही आह्वान गर्दछन् ।

४३९. होडवाजी चलेको छ प्रतिस्पर्धा छ युद्धको
कल्ले भेट्छ निशाना त्यो परीक्षा छ अचम्मको
सिकारू, युद्धका लागि लिदैंछन् भव्य तालिम
दिनरात सिकारूका वाण चल्छन् हजारन ।

४४०. सिद्धार्थ भूपका पुत्र खै धनुर्धर उत्तम
हान्दैनन् वाण आएर एकान्तैमा रहे किन ?
हलखल्ला निकै आयो सामाऊ वाण बुद्धले
एकपल्ट निशानामा पुग्नैपर्दछ पुत्रले ।

४४१. साहसी जिउँदा हुन्छन् वीरले युद्ध लड्दछ
युद्धमैदानमा वीर वलिदान चढाउँछ
बुद्धले युद्धमा हारे तपसी व्यर्थका यिनी
शून्यतामा रही के छ ? भेट्न के सत्य जीवनी ।

४४२. अनुरोध भयो धेरै चालेनन् डेग बुद्धले
बुद्धको मनले बोल्छ शान्ति बाँच्तैन युद्धले
सारा दर्शकका साम्ने उभिए ठिङ्ग गौतम
दर्शनैका थिए ज्ञानी दिए भाषण उत्तम ।

४४३. निशाना ताक्न सक्ने म वीरतासाथ लड्दछु
तर सत्य त्यहाँ हुन्न अपराध म भेट्तछु
समाउन्नँ कुनै वाण मैले छोए कडा शर
चूर्ण हुन्छन् घनावस्ती रचना कुन बाँच्छ र ?

४४४. रचना सृष्टिका सारा युद्धले ध्वस्त बन्दछ
शान्तिले क्रान्तिमा लाग्दा सृष्टिमा क्षय आउँछ
धनु मैले उचाल्दामा ध्वस्त हुन्छन् घना वन
गुँडका यी चरा मर्छन् आगो दन्कन्छ दन्दन ।

४४५. प्यारा बुद्ध कला जाँच्छु तिमी नामर्द मर्द वा
युद्धको कालमा हार्दा लाज हुन्न लडाकुमा
ताक्नै पर्छ निशाना जो बुद्धको युद्धको कला
एकफेर यहाँ हेर्छु जिद्दी गर्छिन् यशोधरा ।

४४६. प्रेमले मार्छ बुद्धत्व आँखा देख्दैन प्रेमले
यो ऊर्जा बुद्धमा आयो उचाले वाण शानले
बज्यो ताली हजारौंको उपस्थिति थिए जति
बोल्न थाले त्यहाँ बुद्ध प्रेमभित्र फसेपछि ।

४४७. मन छोइन् यता आई प्रिया सङ्गी यशोधरा
प्रदर्शन उनैमा यो पाखण्डी युद्धका कला
म कालो काल क्रोधीझैं आगो दन्दन बाल्दछु
हिंसाको अन्त्यका निम्ति हतियार उठाउँछु ।

४४८. म सर्वत्र कलाप्रेमी पाञ्चभौतिकमा सब
सृष्टिको अन्त्यका निम्ति सिकेँ यो युद्धकौशल
जन्मन्छ स्वार्थमा हिंसा शान्तिमा अन्त्य हुन्छ त्यो
हिंसा सिद्धान्तमा हुन्छ शान्ति हो व्यवहार जो ।

४४९. म प्रेमी शन्तिको लागि फूलको म सुगन्ध हुँ
विषमा विषको थोपा दूधको साथ दूध हुँ
ज्योतिमा सूर्यझैं तेजी एकैपल्ट म झल्मल
ताराका माझमा चन्द्र पहिचान म सुन्दर ।

४५०. पराइको म आत्मा हुँ भावना बुझ्न सक्दछु
सत्यताभित्र भेटिन्छु सबै भित्रपवित्र छु
युद्धकौशलको ज्ञानी म हिंसाको विरूद्ध छु
तर बोकी कडा वाण हिंसानिम्ति तयार छु ?

४५१. व्यावहारिक ज्ञानीमा तत्व खुल्दछ शान्तिको
हिंसा हुन्न जता हुन्छन् मिहिनेती किसान जो
राज्यको लालसा बोक्दा हिंसा जन्मन्छ भौतिक
खोजी पाइन्न मान्छेमा चरित्र शुभ नैतिक ।

४५२. सामान्य चोटले दुख्छ ज्यादा छट्पट हुन्छ है
चोट ज्यादा परेपश्चात् दुख्ने ठाउँ कहाँ छ खै ?
त्यसैले दुनियाँसामु शस्त्रविद्या सिकेर यो
चोट थप्दैछु झन् ज्यादा मुर्दातुल्य भएर यो ।

४५३. म हुँ बुद्ध विधाता हुँ म उज्यालो र चेत हुँ
अन्धकार जता, हुन्छ एक दीप त्यता म हुँ
मरुको जल हुँ वायु शीतभित्र म अग्नि हुँ
भोकाको खाद्यबाली म औषधी रोग निम्ति हुँ ।

४५४. खुल्ला छाती छ यो चौडा म आकाश अनन्त हुँ
सिद्धार्थं जन्मको मान्छे प्राप्तिमा श्रेष्ठ बुद्ध हुँ
म हुँ वृक्ष घनाभ्फाडी आत्मा मेरो सजीव छ
त्यसैमा बोल्छ आत्मा जो जन्म मृत्यु समान छ ।

४५५. के हो जन्म ? कहाँ, हुन्छ मृत्यु आउन्न चेतको
शक्ति चैतन्यको मै हुँ यो बाहिर अपूर्ण हो
मैले वाण उचालेर कल्लाई हान्नु लोकमा ?
मर्दैन वाणले कोही चेत मर्दैन घातमा ।

४५६. हामी सज्जनका निम्ति पाशो थापेर बस्तछौं
परिवर्तन पाइन्न युद्धमा क्रोध भेट्तछौं
परिवर्तन आउन्न महात्माका स्वभावमा
त्यसैले बुद्ध हाँसेर बोल्छन् शान्ति निमित्तमा ।

४५७. बास्ना सज्जनको टाढैबाट आउँछ हर्हर
फूलको छेउमा चल्छ बास्ना पुग्दैन पर्तिर
भएर सौन्दर्य मात्र त्यो हुँदैन अजम्मर
वैलन्छन यी थुँगा फूल चर्किदा घाम उज्ज्वल ।

४५८. कानूनी क्रान्तिमा हुन्छ हत्या हिंस्रक निर्मम
पीडा सन्तानको हुन्छ आमाभित्र अनेकन
क्रान्तिमा शान्तिकी आमा चुप बस्छिन् खपेर जो
सहन्छिन् डाहा आमाले जन्मिदा शिशु रून्छ को ?

४५९. राजनीति गरी हिंड्ने नेता हावासमान हो
सुकेका पातझैं उड्ने जनता स्थिर हुन्छ को ?
उडाई लान्छ हावाले सुकेका यी कसिङ्गर
उडेका जनता हेर कहाँ अड्दछ पत्कर ?

४६०. वाण हान्नु तथा युद्ध गर्न जान्नु छ निष्फल
फुलेका बोटका फूल झार्दा सौन्दर्य बाँच्छ र ?
हो ढुङ्गामाथिको खेती युद्धले हुन्न उब्जनी
नाशले उब्जनी बढ्ला ? सुक्खा हुन्छ जता पनि

४६१. छौं ढुङ्गामाथिको खेती लगानी व्यर्थको छ यो
कला छाडेर कुस्तीको बाटो खोज्नु छ शान्तिको
एकैनास सधैं हुन्न वातावरण भिन्न छ
यशोधरा त्यसैले म वाण हान्दिन सत्य छ ।

४६२. प्यारा सिद्धार्थ मेरा यी चाहनामात्र होइन
राजाको पुत्र बन्दैन लडाकू नबनीकन
सुन बुद्ध, चल्यो युद्ध महाभारतको अघि
कृष्ण अर्जुनका आँखा पढ गीता त्यहाँ छ कि ?

४६३. आफ्ना बन्धु, पितामाता मामा साथीहरुसित
इष्टभित्र सबै देख्ता थिए अर्जुन मौन त
कृष्णको ज्ञान पाएर हाने वाण कडा कडा
सत्यनिम्ति लडेका हुन् गीतासार बुझी कथा ।

४६४. कुरा तिम्रा बुझें मैले प्रिया मेरी यशोधरा
कृष्णले युद्धका निम्ति लिए पार्थ प्रयोगमा
विना काम गरी चिन्ता काम गर्न डराउने
पार्थ अर्जुन बेकामी जोश ल्याऊ दवाउने

४६५. हिंसा गर्न सिकाएथे कृष्णले पार्थमा नयाँ
धर्म युद्ध भएथ्यो त्यो सीमा आफ्नै बढाउन
मलाई साँध सीमाको के आवश्यकता छ र ?
शून्यताको म हुँ बुद्ध युद्धमा जानु पर्छ र ?

४६६. प्यारा बुद्ध गरेँ विन्ति मेरै लागि भए पनि
बुझाऊ चित्त रोएको तिमी शून्य बसे पनि
एकैपल्ट उठाएर फ्याँक्नै पर्दछ यी शर
त्यसपश्चात् सबै छाडे पनि हुन्छ भई पर ।

४६७. तिमीले वाण हानेको हेर्ने इच्छा छ अन्तिम
वाण हानेर मेरो यो बुझाऊ भित्रको मन
उठे बुद्ध बज्यो ताली उचाले धनुवाण ती
टुक्रा टुक्रा भए सारा कोधका युद्धउत्पति ।

४६८. भो आश्चर्य ! अचम्मै भो नाशिए शस्त्रअस्त्र रे !
सारा हल्ला चल्यो यस्तो-भाँचे रे वाण बुद्धले
केटी एक पुगी सारा तपस्या भङ्ग बुद्धको
गरिन् रे यो भयो राम्रो जासुसी सुप्रबुद्धको ।

४६९. खुशी छायो यता ठूलो शुद्धोदन तथा कति
इष्टमित्र सखासङ्गी सानीआमा प्रजापती
बुद्धको फेरियो भाव अब हुन्छ विवाह रे !
गार्हस्थतर्फमा लाग्छन् बनी राजा महान् अरे !

शिखरिणी छन्द ।

४७०. कुरा चल्छन् यस्ता-जगत दुनियाँका वरिपरि
हुने रे राजा नै दमनसितका बुद्ध यसरी
बिहा होला चाँडै सुखसयल सिद्धार्थसित होस्
यही चाहेका छन् अबुझ दुनियाँ दुर्मति हटोस् ।

॥ पाँचौं सर्ग इति ॥

छैटौं सर्ग

बसन्ततिलका छन्द ।

४७१. दीपावली झिलिमिली दरवार सारा
मानौं महान विजयीसितको छ प्यार !
राजा प्रजा घरघरै सब दीप बाली
सौहार्द्र उत्सव थियो जग वारिपारि ।

४७२. उल्लासमा सब थिए दरवारभित्र
हाँसो थियो गजबको छ जहाँ विचित्र
राजा रहस्यतिर छन् अनि भारदार
ठूलो सभा पनि थियो छ यही प्रचार ।

४७३. लौ हाँस्नुपर्छ सबले वह दु:ख विर्स
माग्छौ म दिन्छु सब चीज छ जो सहस्र
शुद्धोदनै यति भनीकन हाँस्न थाले
हाँस्छन् सबै जनहरू रमिता मजाले !

४७४. के हो रहस्य ? नृपले सबमाझ हाँसी
ठट्टा गरेर सबसाथ रमाउँदै ती
गाएर गीत मनका अति हर्षसाथ
बोले खुलस्त मनले नलिएर ताप ।

४७५. मन्त्री र जासुस तथा सब द्वारपाले
लौ हाँस्नु पर्दछ खुवै अब एकताले
हे सुप्रबुद्ध यसमा यति याद राखे
निर्धक्क हाँस सब हाँस प्रजापतीले

४७६. सिद्धार्थको नयनमा सबले नहाँसे
गम्भीर भाव उनमा अझ जान्छ बढ्दै
जो पर्छ सम्मुख त्यहीँ बहुतै रमाई
ईर्ष्या र लोभ मनको सबले हटाई ।

४७७. जम्मा गरी सयलका पुतली नचाऊ
नाच्नेहरु डिमडिमे डमरू बजाऊ
श्रृंगार उत्तम गरी सब षोडषीले
हाँसी मुसुक्क पथमा पनि नाच्न थाले ।

४७८. जम्मा भए नगरका जति षोडषी छन्
छोपेर प्रेम वशले पथमाझ बस्छन्
नाङ्गो शरीर तनको छ प्रदर्शनी त्यो
उन्मत्त बैंस तिनको किन आज यस्तो ?

४७९. निर्देशनै यति थियो-तरूनी सबैले
नाच्नू उदाङ्ग पथमा र जतातते हे
सिद्धार्थ छेउ यसरी छ भुल्याउनू हैं
आओस् उमङ्ग उनमा जब कामुकी भै ।

४८०. भुल्दैन को जगतमा ? वय बैंसमा जो
उन्मत्त हुन्छ खहरे पनि मात्तिएको
कस्ता वडा ऋषि भुले नगरी तपस्या
हो प्रेम चुम्बक कडा छ त्यहीँ रहस्य ।

४८१. देखून् उदाङ्ग तन यी तरूनीहरूका
छाड्छन् कि योग उनले तपसी बनेका
नेतृत्व पर्छ यसको लिन जासुसीले
सम्भोगको बचन राख यशोधराले ।

४८२. सिद्धार्थ गौतम विवेक र मर्मदायी
छन् श्रेष्ठ विश्वभर राजकुमार हाइ ।
सिद्धार्थ सज्जन र विद्धतका नमूना
सत्कर्मले जगतमा तब छन् महान ।

४८३. आँखा उनी जगतका सबतर्फ देख्छन्
अज्ञानका हृदय हुन् जनगीत लेख्छन्
यो लोकका कवि उनी र उनी विवेकी
हुन् एक अद्भुत तिनी तर मौन हो कि ?

४८४. सिद्धार्थको कुन छ चाह बुझेर आऊ
सौन्दर्यले मन खिची घरतर्फ ल्याऊ
गाएर हुन्छ कि अरू सुरिलो गलाले
सत्पेम्र ल्याउनु छ नेतृ यशोधराले ।

४८५. यो काममा अरु कुनै पनि छैन योग्य
छन् सुप्रबुद्ध चतुरा पनि हुन् सुयोग्य
छोरीजुवाइँ उनका तब पो हुनेछ
मन्त्री म दिन्छु यस काम गरेर एक ।

४८६. जिम्मा लिए सब भयो अब जासुसीको
छोरी भइन् प्रमुख पात्र यशोधरा जो
सिद्धार्थसाथ दिनमा अनि रातमा छिन्
माया र प्रेम गहिरो तिनमा भयो झन्

४८७. सानै उमेर रहँदा पनि विज्ञ बन्दा
चल्दैछ नाम जगमा ‘भगवान’ बुद्ध
सिद्धार्थ अद्भुत कलासित भुल्न थाले
संसार बुझ्छ कसले ? यस सृष्टिबारे ।

४८८. नाघेर पन्ध्र वय यौवन सोह्रमा छ
को हुन्न चुल्बुल त्यहाँ सबभित्र हुन्छ
सिद्धार्थ बैंस वयका तर शून्य भाव
संसारदेखि पर छन् दिलभित्र खास ।

४८९. एकान्त शून्य थलमा हरकाल मौन
गम्भीर सोच मनमा रति छैन चैन
यी द्वेष, मोहसित राग अलापसाथ
भुल्दैछ दीन दुनियाँ दिन रातप्रात ।

४९०. चिन्ता अनेक मनमा छ समाजवादी
सिद्धार्थमा सयल खै ? न त छन् उपाधि
ज्यादा च चिन्तन भने तब भेट्छ शून्य
आँखा परोस् विषयमा अब चेतजन्य ।

४९१. वेला भयो अब बिहे पनि गर्नुपर्छ
सिद्धार्थले अब गई घर गर्नुपर्छ
योगी बनेर वनमा कसको तपस्या ?
चिन्ता सबैसित थियो छ कसो रहस्य ?

४९२. आध्यात्म चिन्तन गरी शिशुकालमै यो
आश्चर्य नाटक रचे कि कसो यता पो
सिद्धार्थ अद्भुत कला प्रतिभा अनौठो
छन् झुम्म मानिस उनीसित भूत, द्यौता ।

४९३. प्राणी समस्त जगका भुसुना र हात्ती
शार्दूल, कीट भमरा र समुद्रका ती
माछा अनेक थरिका अहि भ्यागुता वा
उड्ने चरा नजिकिंदै सब छन् भुलेका ।

४९४. आई सबै शरणमा अब मुक्ति देऊ
भन्छन् कतै प्रभु तिमीसित खेल्न देऊ
हामी भयौं विषयका अति अल्पज्ञानी
छौं मुर्ख मानिसहरू रचना नजानी ।

४९५. जानू बुझेर सब मानिससाथसाथै
झुक्क्याउनू चतुरले बन मोहनी नै
सिद्धार्थको मन बुझी कुन के छ इच्छा
गर्नु त्यही सब तिमी लुक लोकमाझ ।

४९६. यस्मा अत्यन्त सजिलो छ उपाय एक
बग्गी चलाउन सिपालु त छन्नसाथ
हे सुप्रबुद्ध अब राजकुमारलाई
गार्हस्थतर्फ जसरी पनि बस्नलाई ।

४९७. जासूस गर्नु हरकाल प्रजापतीले
औ सुप्रबुद्ध अघि छन् अनि ती रथीले
झुक्क्याउनू तरहले र यशोधराले
चाँडै विवाह यिनको तब हुन्छ नै हे !

४९८. राजा स्वयम् अघि बढे यस कामलाई
सिद्धार्थका हृदय-बन्धन तोड्नलाई
सक्तैन प्रेम गढिंदा न त हुन्छ योगी
थाम्नेछ राज्य यसले विषयी प्रयोगी ।

४९९. मार्गी बनोस् विषयको र यथार्थवादी
इच्छा यही छ नृपको र सुधारवादी
होस् सृष्टिजन्य तप जो जति छन् गरेको
चिम्लन्छ नेत्र उसले विषयी भए जो ।

५००. यो काम गर्न खटिए अति गुप्तसाथ
गाढा थियो हित सधैंभरि छन्नसाथ
मंगोल हुन् दमित ती छन्न एक
प्रख्यात सारथि भए कसरी उदेक !

५०१. सिद्धार्थ भावुक बनी घरदेखि दूर
एकान्तसाथ तपसी सुखको छ खोज
यो व्यर्थ बन्धन विवाह र राजकाज
चिन्ता हुँदैन ऋषिमा कविका स्वभाव ।

५०२. सिद्धार्थले सुन त ! सारथि श्रेष्ठ मै हुँ
तिम्रो म हाँक्छु रथ यो म कला नयाँ हुँ
हाँक्दैछु जीवन प्रभो ! तर गोप्य मै हुँ
तिम्रो म मित्र दिलको यश, शून्य मै हुँ ।

५०३. मंगोलमा दमन छन् जति आर्यले यो
गर्दैछ शासन स्वयम् सबतर्फको त्यो
मंगोल इज्जत लिऊन् जति आर्यमा छ
सिद्धार्थ पक्षधरमा तिनको विकास ।

५०४. मंगोलका निकटमा र अरिष्ट आर्य
संस्कार दम्भ ननिका कसमा छ धैर्य
मंगोल धैर्य बिचरा कसरी हुने हो
यी आर्य रूष्ट ननिका मन भिन्नता भो ।

५०५. मंगोल छन् दमनमा कति खप्नु चोट
यी आर्यका पहुँचमा अब पुग्नुपर्छ
यस्तै बिचार र कला व्यवहार बोकी
सिद्धार्थ चिन्तनसितै तपसी भए कि ?

५०६. सिद्धार्थको मन बुझी अनि कूटसाथ
नारी अनेक खटिए वय षोडषीका
सिद्धार्थ छन जुनजता सब छन् पुगेका
नाचेर गीतसँगमा तरूनी रमेका

५०७. नेतृत्वमा अघि बढेर यशोधराले
प्रस्ताव एक तिनले सुरिलो गलाले
सिद्धार्थसाथ नजिकै अब भन्न थालिन्-
सिद्धार्थ धन्य तपसी मनभित्र राखूँ !

५०८. सम्झन्छु बुद्ध दिनमा अनि रातसाँझ
खाना लिने समयमा र जताजता म
आकाशमा तल कतै जल पोखरीमा
तिम्रै छ आकृति सबै मनभित्र मायाँ !

५०९. झाडी म जाउँ छ उतै मन यो पुगेको
ती बुद्ध हुन् कि ? त कतै तपसी बसेको
छौ सूक्ष्म ईश्वर तिमी मन यो बुझाऊ
के हुन्छ मित्र दिलमा अब भित्र जाऊ ।

५१०. सिद्धार्थ, घाह मनको नगरे निको यो
मर्ने छु घायल बनी बुझ माग मेरो
यो हेर बैंस वयको नमुना जवानी
यो भित्र शान्त छ सदा सुखको कहानी ।

५११. भेट्छौ त शान्त अरू के जब मर्द छैन
त्यो देख्छ व्यर्थ रचना पुरूषै हुँदैन
हो प्रेम एक जगमा सुखशान्त चैन
सम्भोग हेर त यहाँ अरूले छुँदैन ।

५१२. प्रस्ताव के छ मनको भन ढुक्कसाथ
नाङ्गो शरीर किन यो रति छैन लाज
उन्माद बैंस सबमा वयले गऱ्यो कि ?
नाङ्गै हिंडेर यसरी कसरी भुले यी ?

५१३. नाङ्गिन्छ मानिस यहाँ जब लाज पच्छ
के लाज हुन्छ र कतै तब नाङ्गिदो छ
उन्मत्त बैंशवयका तरूनी हजार
नाङ्गो प्रदर्शन गरीकन बारवार ।

५१४. आएर छेउ यसरी किन मात्तिएका
आँखा जुधाउन अगाडि यशोधराका
नेतृत्वमा अघि सरे तपसी बुझेर
गर्छन् कि भङ्ग यिनले नगरी अबेर ।

५१५. एकान्त ठाउँ वनको र नदी किनार
प्रासादबाहिर कतै छ जता अँधेर
गम्भीर भाव मनमा पछिसम्म सोची
उद्यानबीच त कतै वरबोट रोजी ।

५१६. रोजेर पीपल कतै अनि फूलबारी
काँडा विचित्र विषका सँगमा लठारी
सिद्धार्थ जीवन पढी तिनको जसो छ
त्यस्तै बनेर दिनमा अनि रातमा त ।

५१७. भुल्छन् नि हाय ! दुनियाँ किन कूट रच्छ ?
एकान्तमा भुलिरहे सब तत्व खुल्छ
सिद्धार्थ चिन्तन गरून् तर भङ्ग गर्न
प्रस्ताव हुन्छ यसरी गृहतर्फ बस्न ।

५१८. एक्ली छु घोर वनमा हुँ यशोधरा म
रोजेँ तिमी पति भनी यस कालसम्म
हाम्रो विवाह नगरी अब हुन्न प्यारा
एकान्त छाड अब ता मनका अँध्यारा !

५१९. आएँ म सोह्र वयकी र तिमी समै छौ
जोडा त मिल्दछ सखे ! किन बेर गर्छौ ?
माता पिता र दुनियाँसित जानुपर्छ
बाजा र नाच रमिता पनि गर्नुपर्छ ।

५२०. सिद्धार्थको तप खुल्यो र यशोधराको
हेर्छन् मुहार हँसिलो वय ओजिलो त्यो
बिर्से सबै तपहरू अनि तत्वबाट
टाढा भएर तिनले रूख फेदबाट ।

५२१. यो घोषणा पनि गरे दरबारभित्र
मेरा कुरा भन तिमी छ जहाँ विवेक
प्रस्ताव राख्छु सबमा म त हुन्न राजा
चाहिन्न है ! महल यी म हुँ तत्व एक ।

५२२. मेरा निमित्त शुभ, सभ्य र रम्य तीन
यी व्यर्थका महल छन् सब चाहिंदैन
ऐले बिहे त गरूँला तर अन्तसम्म
गार्हस्थ जीवन हुँदैन प्रिया मसंग ।

५२३. जे होस् भरे मकन चिन्तन छैन केही
सिद्धार्थ पाउँ तप यो पनि एक हो कि ?
सिद्धार्थ केवल प्रिया भन हे दया हो
यो विन्ति अन्तिम थियो कि यशोधराको ।

५२४. गम्भीर निर्णय दिंदै तब बुद्ध बोल्छन्
इच्छा थिएन घरको र बिहे त झन्झन्
यी बाध्य व्यर्थ ननिका किन भो मलाई
मेरै छ कारण भने म हुँ दोष हाई !

५२५. तिम्रै निमित्त म विवाह र राज्यतर्फ
फर्कन्छु यो समयमा तर भोलि बुद्ध
बन्नेछु लोकभरिको म त सन्त योगी
भेट्लान् कि बुद्ध म भनी सब भुक्तभोगी ।

५२६. प्रस्ताव ठीक छ उठें अब युद्धतर्फ
गार्हस्थ जीवन बनोस् जब एक पुत्र
जन्मन्छ छाड्छु सब यो घर राज्य-मोह
माया र प्रेम ममता अनि क्रोध लोभ ।

५२७. शुद्धोदनै अनि उता घर मावलीका
छन् सुप्रबुद्ध भन यो - अब होस् विवाह
सिद्धार्थको मन बुझ्यो सबको छ जीत
स्वीकार भो अब बिहे छ यशोधराको ।

५२८. नाङ्गै प्रदर्शन हुने तरूनी हजार
संकोचले सब लुके नगरेर बेर
सन्ध्या थिईन् मनमनै म बिहा गरूँ कि
सिद्धार्थ प्यार तर प्रेम यशोधराकी ।

५२९. छिन् हाय ! छट्पट खुबै बिचरी सुकन्या
सिद्धार्थ पाउँ पति यी कठिनाइसंग
सन्ध्यासितै अरू थिए नव कूट रच्थे
पुग्लान् त ती विजयमा सब चाल चल्थे ।

५३०. छायो हर्ष उमङ्ग राज्यभरमा बाजा वजे नौमती
भ्याली यो दरबारभित्र पिटियो हाँसुन् सबै लोक यी
हाम्रा शाक्यकुमारको अब बिहे राम्री सुनौली चरी
ख्यातिप्राप्त यशोधरासित हुने चर्चा चल्यो बेसरी ।

५३१. सारा लोक खुशी थिए तर उता सन्ध्या थिइन् तापमा
थालिन् रच्न अनेक कूट तिनले साथीसँगातीसँग
मेरा निम्ति यशोधरा अरि बनी सिद्धार्थका छेउमा
मैले पर्दछ जानु झट्ट अहिले यस्तो बिहे रोक्नमा ।

५३२. जुर्ने साइत लग्नका समयमा रच्दै नयाँ कूटले
पकौ झट्ट यशोधरा र सजिलै ब्यौली त सन्ध्या हुने
सन्ध्याका परिवारमा र उनका साथीहरूले पनि
यो सल्लाह दिए छ गोप्य रहनू हुन्थे कुरा तापनि ।

५३३. ज्यादा हर्षित सुप्रबुद्ध र यता छन् भूप शुद्धोदन
माया बन्धन बाँधिएपछि छिटै सिद्धार्थको त्यो मन
राजा देश प्रजा भनी विषयको यो राज्य सञ्चालन
गर्नेछन् नमुना विकास यिनले साम्राज्य फैलाउन ।

५३४. हाम्रा राजकुमारको अब बिहे ? सिद्धार्थका सारथि
आफैं दङ्ग परेर कुद्छ पथमा यो धेरै टिक्दैन कि ?
भित्री ज्ञान छ बुद्धमा विषयको हल्ला छ यस्तो यहाँ
खोज्छन् शान्त समाज ज्ञानदिलले हल्ला रूचाउन् कहाँ ?

५३५. हाँकेको रथ रोकियो सडकमा भन्दै गए सारथि
प्यारा बुद्ध बिहे हुने अब भयो हल्ला कि साँच्चै कति ?
साँचो हो अब सारथे म त फसें गार्हस्थको जीवन
मैले जानिनँ भाग्न दूर वनमा कल्पिन्छ मरो मन ।

५३६. प्यारा छन्न म आखिरी विषयका भत्काइ सारा पथ
पक्का भेट्तछु शान्त मार्ग मनको चल्नेछ उस्मा रथ
हाम्रो मूर्त शरीर दिव्य रथ हो यस्को छ को सारथि
हाम्रो जीवन हाँक्छ तत्व छ कुनै उस्मा छ आफ्नै गति ।

५३७. त्यस्तो अद्भुत तत्व रोज्दछु सखे त्यो हुन्छ आफ्नै मन
सक्छौ चिन्न भने स्वयम् सब तिमी राम्रो भए भावना
मेरा छौ प्रिय एक सारथि तिमी चेलो चलाकी पनि
मेरैसाथ म राख्छु छन्न बस है ! छैनन् अरू क्वै पनि ।

५३८. प्यारा छन्न तिमी कहान मनका छैनौ कतै लालची
ईर्स्या डाह र लोभ व्यर्थ ननिका टाढा गरी दुर्मति
केही तत्व छ खोज्नु जीवन छँदै भेटिन्न खोज्दा भरे
मेरैसाथ सयौ अझै पनि भने भर्नेछु सद्ज्ञानले ।

५३९. हाम्रो जीवन उच्च हो तर यही व्यर्थै नजान्दाकन
जाने जीवन तत्व नै बिजयको शोभा दिने कञ्चन
प्यारा छन्न हिमालझै अटलले मुस्काउनै पर्दछ
त्यस्मै जीवन बोल्छ शान्त मनले जीवन्तको नाम छ ।

५४०. व्यर्थैको घरवारनिम्ति झगडा षड्यन्त्रको जाल हो
मेरा निम्ति अनेक कूट रचिए मैले सहेँ धन्य हो
सारा यी तप भङ्ग गर्न यिनले षड्यन्त्रले कूटले !
लागे बन्धनभित्र बाँध्न अहिले भन्छन् बिहे गर्दिने ।

५४१. प्यारा राजकुमार सत्य छ कुरा गर्दा बिहे हुन्छ के ?
सारा सृष्टि हुनेछ बन्द यसरी जल्ले नगर्दा बिहे
ठीकै हो छ विवाह गर्नु मनुले हो सृष्टिको पालन
खोज्ने तत्व भरे छ वृद्ध वयमा बुझ्नोस् प्रभो कारण ।

५४२. प्यारा राजकुमार गौतम तिमी यो विश्वका ज्योति हौ
सारा मानिसका गुरू प्रवर हौ सत्चेतका चेत छौ
भित्री ज्ञान छ मेटिंदैन कहिल्यै आफैं सबैथोक हौ
हाम्रो चित्त बुझाउने समयको यौटा तिमी माग छौ ।

५४३. ठीकै हो म विवाह गर्छु अहिले सञ्चार यो भन्दिनू
आइन् बस्न यशोधरा दिल खिँची अंन्माउनू भन्दिनू
इच्छा पूर्ण बनोस् पिता र जननी अज्ञानका लोक यी
खाऊन् टन्न भतेर उत्सव गरी इच्छा भएको जति ।

५४४. दौडेको रथ रोकियो महलमा सञ्चार ल्याए नयाँ
आए छन्न कुरा लिएर कुन के ? यो भव्य प्रासादमा
मन्त्री सेवकले मुखामुख गरे बोले सभानायक
के भन्छौ भन छन्न शून्य छ सभा बोल्दै गए ती तब ।

५४५. हे शुद्धोदन, बुद्धले अब छिटै गार्हस्थको जीवन
बाँधी बन्धनले र क्रन्दन गरी गर्ने भने शासन
भो प्रस्ताव यशोधरासित बिहे भन्छन्-भयो गर्दिए
चाँडै साइत यो जुराउनु पर्‍यो ढीलो भए हुन्न रे ।

५४६. हुन्छन् गद्गद सुप्रबुद्ध उनका षड्यन्त्रकारी सब
मानी हर्ष प्रजापती पनि उठिन् हाँसिन् र नाचिन् अब
हाँसिन् खिस्स यशोधरा पनि कतै ज्यादा बनी हर्षित
चौकीदार खुशी भए अब बिहे हेर्ने भनी पण्डित ।

५४७. थाले साइत हेर्न जुर्छ कहिले ? बैशाखकै पूर्णिमा
मिल्दो साइत चन्द्रदृष्टि शुभको छन् शुक्रजी लग्नमा
हल्ला माइततर्फ भो सब जुटे धन्धा बिहेको गरी
हात्ती, अश्व अनेक दान गरिने गाईहरू नौथरी ।

५४८. कन्यादानसँगै अनेक थरिका वस्त्रादि भाँडाकुँडा
साथै सेवकसेविका अनि अरू खोजेर बाँकी कुरा
चल्दो मौसममा सुहाउन वडा निर्माणमा छन् घर
जाडो, उष्ण पचाउने महल ती छन् दानमा सुन्दर ।

५४९. के के उत्तम हुन्छ दान दिइँदा ? ज्ञानी दिऊन् पुस्तक
होऊन् सज्जन ज्ञान पुस्तक पढी संसारमा गौरव
मान्छन् सज्जन दानमा उचित यो शिक्षा सबै मङ्गल
विद्यादान छ बेस लोकभरमा देखिन्न अर्को तर ।

५५०. जग्गादान अनेक सौखिन कुरा खोजेर भेटेजति
गर्ने दान भनी जुटे तरहका सामान नानाथरी
ज्यादा हर्षित सुप्रबुद्ध उनका साथी सँगाती अनि
राजाको परिवारमा र जनमा उल्लास छायो पनि ।

५५१. सारा हर्षित छन् बिहे नजिकमा उल्लासले आउँछ
आहा ! भोजभतेरमा फल तथा केरा दही आउँछ
गोठाला अनि सन्तराज, बटुवा माग्नेहरु लस्कर
मीठा भोजन पाउँला अब भनी आशा गरेका पर ।

५५२. कोही धन्य थिए भने कति त्यहाँ दुःखी बनेका थिए
ज्ञानी गौतमको बिहे किन हुने ? भन्दै परेवा उडे
गर्नै हुन्न बिहे भनी तरहका जीवणु बोल्दै गए
बोल्थे प्राकृत वस्तु सृष्टि सब यी के बुद्धको हो बिहे ?

५५३. आगो सूर्य र चन्द्रमा, पवनले बोल्दै थिए सागर
पन्छी चील तथा वडा विटपले निर्दोषका बालक
हात्ती, सर्प र माहुरी हरिणले माछा माकुरा तथा
डालीका पुतली मयूर वनका सेता परेवा चरा ।

५५४. घिस्रेका जति छन् अजिङ्गरहरु भन्थे कठै गौतम
साँच्चै बन्धनमा परे सहजले बिग्रन्छ राम्रो मन
व्यर्थैको किन यो बिहे ? भन्थे उता बादल
कोहि आह ! भनी बिछट्ट सुखले ठोक्तै थिए मादल

५५५. दोषी भूप थिए तथा अरु त्यहाँ षड्यन्त्र रच्थे कति
दोषी निश्चित सुप्रबुद्ध पनि हुन् षड्यन्त्र रच्थे जति
रानी नाम प्रजापती पनि थिईन् षड्यन्त्रकारी त्यहाँ
साँच्चै नै घरबारनिम्ति तिनले बाँधीदिए बन्धन ।

५५६. ज्ञानी गौतमका विरूद्ध नजिकै भङ्गै तपस्या गरी
रच्थिन् कूट यशोधरा अझ बढी रानी बनूँ मै भनी
ज्ञानी मर्दछ प्रेमबन्धन परी यस्तै भयो बुद्धमा
आफ्नो हिम्मत छाड्नु हुन्न जति छौं षड्यन्त्रका युद्धमा ।

५५७. थाले काट्न कुरा छ इच्छुकबिना यस्तो बिहे टिक्छ के ?
राजी राज़कुमार गौतम खुदै छैनन् कि एकान्तले
राजी एक यशोधरा तर तिनी मायाँ फिंजाई नयाँ
पारिन् जाल बुनेर गौतम त्यहीं उम्केर जाने कहाँ ?

५५८. मर्छन् जाल बुनेर अन्तिम घडी भागोस् कहाँ माकुरा
धागो कात्दछ वासनिम्ति उसले देखेर खान्छन् चरा
यौटा जाल बुनिन् लुकेर तिनले आफैं भरे पर्दछिन्
केहीकाल हुनेछ बन्धन भरे फुत्की हिंडून् गौतम ।

५५९. वैरी एक यशोधरा किन बनी ? सन्ध्या उता भन्दथिन्
पक्री कूट रचेर थुन्छु बलले षड्यन्त्र ती रच्दथिन्
छाप्छाप्ती पनि छन् सुराक सबका के के कता के भयो ?
पाइन् चाल यशोधरा चतुर भै बुझ्ने सुराकी गयो ।

५६०. सन्ध्या छट्पटसाथ विस्मित थिईन् मेरा हऊन् गौतम
पत्नी थुन्नु यशोधरा म कसरी ? त्यस्को बिगारूँ मन
थालिन् रच्न अनेक कूट तिनले जासूसका साथमा
आफ्ना सैनिकसाथ जासुस छरिन् एकान्त एकान्तमा ।

५६१. चाँडै पक्र यशोधरा जगतमा मारी कतै फाल्दिन्
मेरो गौतम प्राणप्यारसँगमा जग्गे छिटै गर्दिन्
सन्ध्याले सबतर्फ जासुस छरिन् ती नायिका निम्तिमा
ज्यार्दै चङ्ख यशोधरा पनि थिइन् जासूस सामीप्यमा ।

५६२. सन्ध्याका सब कूटनीति ननिका बुझिथन् उता के गरी ?
सक्थिन् बाँच्न यशोधरा तरहले ज्यादा थिइन् चतुरी ।
इच्छा पूर्ण कसो गरी अब हुने ? आफ्ना बनून् गौतम
थालिन् सोच्न यशोधरा मनमनै आफैं दिऊँ हैकम ।

५६३. आयो साइत पूर्णिमा दिन थियो वैशाखको उत्तम
जन्ती लस्कर सैन्यसाथ दुलही छिन् माइतीतर्फमा
बाजा घन्घन घन्कियो छ रमिता हाँस्ने र नाच्ने जन
जन्ती एक गयो सवारसित त्यो धेरै थिए सज्जन ।

५६४. ज्ञानी पण्डितसाथ छन् कविहरु राम्रा कलाकार छन्
विद्याले भरिपूर्ण ज्योतिषिहरु विद्वानका लाम छन्
बाजा शङ्ख र घण्ट मिष्ट मुरली बास्ना धुवाँ धूपको
छन् शुद्धोदन जन्तका लहरमा शोभा बढ्यो भूपको ।

५६५. आहा ! गौतम बेहुलासित अरु हात्ती र घोडाचढी
लावालस्कर सैन्यका दल थिए तैनाथका ती गढी
छाता झल्लर आह ! सारथिहरू टाँगी ध्वजा सुन्दर
लागे सैन्य अगाडि छन्न खुशले त्यो माइतीको घर ।

५६६. माला फूल अवीर सिन्दुर तथा छन् धूप बास्ना दिने
मीठो मग्मग वासना छ सबमा इच्छा भएको हुने
छर्की अत्तर बालवृद्ध र युवा नाच्छन् स्वयम् छाँटले
बाजाका लयमा स्वतन्त्र सुरले गाएर सद्भावले

५६७. गाए सज्जनले सुकीर्तन गला मीठो खुलाई लय
ऊँ नारायण राम शङ्कर भने केही नमानी भय
बाजाका सुरसाथ कीर्तन बजे नारा थियो होस् जय
आहा ! शान्त समाज निर्मित थियो सारा थिए निर्भय ।

५६८. आएका कवि गीत छन्दलयका गाना सुनाऊँ भनी
गाए कृष्णपुराण राम सबका हिन्दूहरुका मणि
बोल्ने ईश्वर बुद्ध छन् जगतमा श्री शान्तिका चिन्ह हुन्
जप्थे गौतमको सुनाम कतिले हाम्रो मनैमा पसून् ।

५६९. जग्गे पण्डितले गरे वरवधू जोडा मिलाई अब
बाधा बन्धनले भविष्यतिरको राम्रो बनोस् वैभव
आँखा एक बनोस् दुवैजन मिलून् होस् भावना एक त्यो
आन्द्रो एक बनोस् मिलोस् मुटु उही सद्भाव सत्प्रेमको ।

५७०. आर्शीवाद दिँदै थिए कतिजना सच्चा बनोस् प्रेम यो
मायाबन्धन हुन्छ जीवित सधैं इच्छा भएको छ जो
चाँडै छुट्तछ आल्पप्रेम मनमा शङ्का भए उब्जनी
सच्चा प्रेम कहाँ छ अल्पवयमा जो प्रेम गर्छन् गुणी ।

५७१. जग्गेमा छ अनेक तर्क जनका राम्रा नराम्रा दुवै
मान्छेको समुदाय तर्क नगरी बस्दैन भन्छन् कतै
जग्गेमाझ यशोधरासित थिए श्रीशान्तिका लक्षण
आहा ! गौतम बेहुला विषयका भोगी हुनेछन् अब ।

५७२. जग्गेमा महिलाहरुकन जुटी सिन्का चिरी बोहता
गाँस्दैछन् टपरा दुना कलशमा बास्ना दिँदै धूपका
धन्धा भ्याइनसक्नु छन् र महिला के के बितेझैं गरी
जग्गेमा अनि भित्रबाहिर घुमी हिंड्छन् हतारै गरी ।

५७३. सारा काम वितेसरी अति छिटो कोही कुदेका त्यहाँ
कोही जोड भई खुसुक्क मनका खोल्छन् कुरा दु:खका
भारी स्वागतसाथ उत्सव गरी माला उनी नौरङ
गर्छन् होड तँछाडले चतुर भै उत्साहले ती जन ।

५७४. माला फूल टिपी उनेर कतिले आफैं गलामा भिरी
बन्छन् सुन्दर बैंसका समयमा दङ्दास आफैं परी
राता फूल अनेक छन् मखमली जाई चमेली जुही
पत्रे फूल गुलाव पीत रङका सेता र राता पनि ।

५७५. छर्दै फूल अवीर सिन्दुर तथा लावा भुटेका कति
रङ्गीवस्त्र उनी पतङ्ग छरिता गाड्दै थिए ती कति
जग्गे मण्डपमा अरूतिर थिए हेरूँ बिहे लौ भनी
सन्ध्या छट्पट गर्दथिन् पर कतै आफैं बनूँ गौतमी ।

५७६. जग्गे मण्डपमै म गौतम हरूँ लैजाउँ आँखा छली
राखूँ जेल यशोधराकन भनी सन्ध्या बनेकी कली
उस्तै रूप धरिन् र मण्डप पसिन् सन्ध्या भनी चिन्छ को ?
आइन् क्यार यशोधरा कति छिटो शोभा छ सौन्दर्यको ।

५७७. आइन् मण्डपमा धरी छवि नयाँ आँखा सबैको जुध्यो
साँच्चै यी त यशोधरा सब भुले आएर को हो कुद्यो
शंका जन्म भयो रहस्य कुन हो आएर को फर्कियो
जग्गेबीच छ सैन्य तापनि यहाँ आश्चर्य यो के भयो ?

५७८. सन्ध्याको सब कूटनीति बुझियो सारा चनाखा भए
आईन् झट्ट यशोधरा पनि त्यहाँ तैनाथ जम्मा भए
पक्रे झट्ट र हत्कडी पनि लिए सन्ध्या परिन् जेलमा ।
विग्री एक र सप्रने अरू हुने यी प्रेमका खेलमा ।

५७९. ज्यानै जान्छ लडाइँ हुन्छ वयमा हत्या स्वयम् गर्दछन्
यौटै कारण प्रेमरोग तिनमा आफैं जली मर्दछन्
सारा रोग निको हुनेछ जगमा यौटा निको हुन्न रे
तृष्ण जाग्दछ प्रेमको यदि भने बाँच्तैन यो रोगले ।

५८०. देऊ प्रेम म भन्न खोज्छु मनले बोल्नै नसक्ने तर
के संकोच छ यो मभित्र यसरी आफ्नो बनायो घर
सक्तैनन् कति बोल्न यौवन चढी मस्तै भएका चरी
बोल्छन् प्रेम भनी रहस्य मनको कल्ले बुझोस् के गरी ?

५८१. बोल्दैनन् अधिकांश यौनवयका नारी परी सुन्दरी
आफैं दङ्ग भएर हेर्नु भुइँमा बानी छ तिन्को बरी
मान्छन् लाज असाध्य लज्जित भई बोलूँ नबोलूँ गरी
बस्छन् आखिर मौन बैंस वयका यी षोडषी सुन्दरी ।

५८२. साँच्चै प्रेम र चाहना पनि थियो सन्ध्या बनी गौतमी
पक्रेकी तर हाय ! हाय ! तिनमा बाचून् कठै के भनी ?
अर्कै छिन् सँगमा म हासुँ कसरी भन्दै बसिन् जेलमा
जग्गेकर्म यशोधरासित भयो षड्यन्त्रको खेलमा ।

५८३. निस्किन् बाहिर बेहुली मृदुचरी दासी सुसारेसित
तेजी मण्डपबीच गौतम थिए जन्तीहरुकासित
पढ्छन् पण्डित वेदमन्त्र विधिले रेखा खिँची लक्ष्मण
घेरा निर्मित मन्त्रले तब गरे वैरी नपस्नाकन ।

५८४. धन्धा झट्पट गर्दछन् कतिजना श्रृंगारमा छन् कति
लाली चन्दन बेहुलीकन घसी सौन्दर्यको आकृति
तेजी दिव्य यशोधरा शशिमुखी शोभा अहो ! व्योमकी
के लाग्दैन र मोहनी पुरूषमा हाँसी दिंदा षोडषी ।

५८५. तारा चम्चम चम्किइन् गगनकी सन्ध्या उदाइन् जब
ताराकासँग चन्द्रजोति छरियो जग्गे बन्यो गौरव
रातो वर्ण यशोधरा जगतकी बान्की मिलेकी परी
शोभा प्राकृत दृश्यमा पनि बढ्यो आईदिंदा सुन्दरी ।

५८६. लामो केश लता समान छ यहीँ शोभा सबै कुञ्जको
चौडा व्योम ललाट सम्म छ अहो ! त्यो कल्पना देशको
चौडा सम्म ललाटमा रङ थियो टीका स्वयम् चन्द्रमा
गाला लाल चुहिन्छ रक्त कि त्यहाँ लाली चढेकी हिम ।

५८७. फुल्छन् फूल अरण्य शान्त थलको एकान्तको बोटमा
त्यस्तै प्रेम फुलेर मस्त छ यहाँ संकेतको श्रोतमा
शोभायुक्त यशोधरा नववधू श्रीशान्तिकी गौतमी
हात्ती ढल्पलझैं लसक्क छ हुने छिन् प्रेमकी मोहनी ।

५८८. आहा ! केश छ कृष्णको नजरमा मानौं घना जङ्गल
ढाक्ने ढाड पछाडिसम्म छ कटि क्या सुन्दरै सुन्दर
शोभायुक्त अनार गोल उरमा बान्की मिलेको कटि
लामा अङ्गुल पाखुरा पनि थिए आत्मा त्यसैमा छ कि ?

५८९. लामो पेट छ नाइटोतल अहो ! ओढार छन् जङ्गल
खेल्छन् हिंस्रक जन्तु कीट त्यसमा गाई कथा सुन्दर
छाती श्वेत हिमाल उच्च चुचुरी थुम्का दुई बीचमा
खोल्सी एक पवित्र बग्छ जल जो झर्ना झरेझैं हिम ।

५९०. चुच्चो नाक सुमेरू, वृत्त मुखको श्रीपेचझैं उच्च जो
आहा ! दन्त हिमाल श्वेतचुचुरी देख्दा नहेर्ला त को ?
लाली ओठ छ भित्र दन्त लहरा हाँसून् मुसुक्कै परी
जग्गेकी दुलही म वर्णन गरी सक्थें कसो हे चरी !

५९१. मोटो गर्धन हारयुक्त मणिका आँखा दुवै गाजली
चम्केकी बिजुली मिलिक्क छरिती नौरङ्गकी हे चरी !
डाँफे लाज लिऊन् मयूर वनका भागून् मुना शावक
नाच्दा डग्मग स्वर्ग हुन्छ कि कसो छोपून् गुफा अप्सरा ।

५९२. के शोभा छ र रूक्मिणी अनि कतै ती उर्वसी पार्वती
लक्ष्मी मोहन सावित्री सरस्वती घुम्टो लुकेका कति
नाच्छिन् छम्छम मेनका तर त्यहाँ छेऊ टुकी सूर्यको
बल्दी तेज यशोधरासित बसी को हुन्छ सौन्दर्य त्यो ?

५९३. हात्ती सुस्त चलेसरी छ गतिमा बास्ना छरी अत्तर
सारी लाल सफा सफेद पटुकी आहा ! दुलहानिर
धर्ती शान्त स्वभावकी सरलता बोली न वा कोयल
गाना सुन्दर तीक्ष्ण बुद्धि मनकी ती ज्योति हुन् उज्ज्वल ।

५९४. ओहो ! अद्भुत दृश्य आकृति तिनी मूर्च्छा परे पौरूष
सारा शक्ति खिंचिन् वडा पुरूषको सारा खिचिन् वैभव
आँखा बन्द भए सभासद उठ्यो के को बल्यो तेज यो
यस्तै ईश्वर शक्ति हुन्छ भवमा कल्ले सकोस् देख्न त्यो ।

५९५. हुन्छन् ईश्वर रे अदृश्य मनमा यी भावनामा बसी
हाँक्छन् मानिसको शरीर उनले आत्मा चलाई अनि
के हो सत्य असत्य तथ्य मनको देख्छन् उनी ईश्वर
त्यस्तै अंश यशोधरा पनि थिइन् सौन्दर्यमा मङ्गल ।

५९६. आईन् अंश यशोधरा जगतकी यी तेजसी मोहनी
प्यारी गौतमकी बनिन् शुभघडी राम्रै वितोस् जीवनी
आहा ! हर्षविभोर छन्न तब छन् मै भाग्यको सारथि
प्यारा गौतमसाथ हाँक्दछु चरी सारा उज्यालो छरी ।

५९७. हाँसे गौतम एकपल्ट किन हो ? माला लगाईदिए
आफ्नी जीवनसंगिनी विषयकी छाती मिलाईदिए
ताली पट्पट पड्कियो सुजनको प्रासाद नै थर्कियो
जोडी अद्भुतको बन्यो जगतको संसारमा फैलियो ।

५९८. भो सम्पन्न बिहे उठे सबजना मीठा गरी भोजन
खाए सात्विक राजसी अनि कतै भो तामसी भोजन
सारा उत्सव भो अहो गजब भो सन्ध्या उता मूर्च्छित
के के हुन्छ म भन्न सक्तिन भरे त्यस्मै रहूँ केन्द्रित ।

५९९. बोले बुद्ध म रोकिएँ विषयमा बेत्तालको नाचमा
मेरो यो घरबार हुन्छ कसरी यी क्रान्ति सामीप्यमा
मेरा छन् पर सम्झुँ रात दिनमा ओ प्राण, मेरा मन
देऊ शान्ति म भित्रको सयनमा प्रेमी तिमी नै बन ।

अनुष्टुप् छन्द ।

६००. प्रेमको बासना चल्छ बुद्धसाथ यशोधरा
झुकेकी तरूजस्तै छिन् गुणलेयुक्त छिन् कला
पहिलो प्रेमको बास्ना चल्छ गौतममा पनि
सम्भोग कालको सर्ग प्रेममै झुक्छ सप्तम ।

॥ छैटौं सर्ग इति ॥

सप्तम सर्ग

अनुष्टुप् छन्द ।

६०१. यज्ञ यज्ञादिले धर्ती पनि कम्पन भो कसो
लुम्बिनी क्षेत्रमा भव्य यज्ञारम्भ सुशान्तको
दुलही भित्रिईन् योग्य हाम्रा शाक्यकुमारको
जयकार मनाएका शुभकाल मुहूर्तको ।

६०२. ज्ञानी पण्डितकासाथ थिए वेद पुराण ती
शुभकाल बज्यो शङ्ख-घण्टा मधुर बाँसुरी
ॐ नारायणको गाए कीर्ति सद्भाव कीर्तन
भिक्षु एकान्तका प्रेमी पाए बुद्धत्व दर्शन ।

६०३. छन् शुद्धोदनकासाथ भारदार प्रजापती
सुप्रबुद्ध तथा सेना ठूला-ठूला भलादमी
हर्षोल्लास मनाएका भित्रिंदा दुलही-चरी
मुख हेर्ने थिए कैयौं दुलही आह ! सुन्दरी !

६०४. दीप बाल्नू सबैतर्फ वस्ती वस्ती जताततै
मीठा भोजनले टन्न आहारा सात्विकी सबै
भयो प्रासाद श्रृंगार रङ्गीचङ्गी पतङ्गले
बिहेपश्चात् छ यो भव्य राज राज्याभिषेकले ।

६०५. फूल वर्षे बज्यो बाजा हाम्रा शाक्यकुमारको
राज्याभिषेकको बेला उडे पंक्षी हजार जो
भोका नाङ्गा कतै छैनन् तिलौराकोट जगमग
जयकार थियो सारा धर्ती-आकाश डगमग ।

६०६. सुहागरातमा आहा ! बुद्धसाथ यशोधरा
पहिलो प्रेमको बोली हुने गर्छ अजम्मर
स्वागतम् छ अहो ! प्रेमी पहिलो भेटको तर
दीप ज्योति बलेको छ कोठा भित्ता सबैतिर ।

६०७. कोठा प्रासादको भित्र मधुरात्रि निमित्तमा
दुलहा दुलही बस्ने गोप्य एकान्त ठाउँमा
बास्ना श्रीखण्डको मीठो धूप दीप कपूरको
छर्की अत्तर बास्नाको थियो कोठा सुवासको ।

६०८. बत्ती वर्तनले बल्छ प्यारा गौतमकासँग
आएँ वर्तनको रूप तिमी ज्योति महाजन
म हुँ अर्धाङ्गिनी रानी बोलिन् सामु यशोधरा
पैलो सम्भोगको काल सृष्टिको खुल्छ वीजन ।

६०९. प्यारा गौतम मेरा यी हात पाउ शरीरमा
निस्कँदैछ नयाँ ऊर्जा बढ्यो उत्तेजना किन ?
एकान्तैमा बसी भुल्छु वैरागीपन आउँछ
म एक्लै बोलुँझैं लाग्छ रौं सारा जुर्मुराउँछ ।

६१०. भूमि कोर्छु त्यहाँ सृष्टि भेट्तै भेट्तिन शून्य छ
देख्छु आकाश नै मौन तारा आफैं बिलाउँछ
के भो के भो ममा ऐले रोग लाग्यो अदृश्य कि
एकोहोरो बनेकी छु बसी एक्लै रूँदै छु नि !

६११. मेरा निम्ति हरा झाडी हराहीन उजाड छ
हरियाली सुकेको छ नदी झर्ना विषाद छ
आफ्नो रूप स्वयम् हेरी पश्चात्ताप छ फूलमा
मेरो सौन्दर्य के काम एक्लीएकी छु बैंसमा ।

६१२. बोल गौतम हे प्यारा व्यर्थको मौनता किन ?
विना सृष्टि कहाँ चल्छ धर्ती आकाश जीवन
सधैँ मौन सधैँ ध्यानी मौनले तत्व मिल्छ र ?
प्रेमले हाँस हे बुद्ध शान्ति सम्भोग हैन र ?

६१३. एउटी प्रेमकी भोकी मेरो चित्त निराश छ
दुनियाँमा कहाँ शान्ति शान्तिको व्रत व्यर्थ छ
अर्धाङ्गिनी बसेकी छु प्रेमको वासना दिई
तृप्त होऊ पिई प्रेम पौरूषत्व कला लिई ।

६१४. वस्त्र खोलिन् अहो बैंस ! आभूषण सबै झिकिन्
नाङ्गी उदाङ्गले बोलिन् के हो सत्य स्वयम् गुनिन्
बुद्ध बुद्धत्व खोज्छौ के ? भो बुद्धत्व काममा
वासना मग्मगाएको सोह्रको मत्त बैंसमा ।

६१५. कटि भाँचिन् घुमाएर नाचिन् नाच उदाङ्गले
खिचिन् शक्ति अहो बुद्ध यसो हेर्छन् मुहारले
ऊर्जा निस्क्यो स्वयम् वैरी कता भागूँ कसो गरूँ ?
फसेँ हाय ! अकालैमा जपी राम यतै मरूँ ?

६१६. अहँ ! मोह फिंजेको छ सृष्टि निम्ति अपार छ
ईर्ष्या द्वेष यसैमा छ यस्मा जादू विशाल छ
प्रेमको बैंसको जादू नारी उन्मत्त सोह्रकी
मेरो शक्ति खिचेकी छ बनूँ भोगी कहाँ कति ?

६१७. ऊर्जा गौतममा निस्क्यो विषयी मार्गमा उठे
बोले- सत्प्रेमले हो वा रिसले वा यशोधरे !
तिमी पत्नी भयौ मेरी लोककानिम्ति सुन्दरी
विषयी मार्गमा ल्यायौ उम्कूँ हाय ! कसो गरी ?

६१८. हिमाली हाँसले जस्तै पौडने जल कञ्चन
म शुद्धोदनको छोरो नाम सिद्धार्थ गौतम
शान्तिको खोजमा लागेँ त्यागी यी प्रेमबन्धन
विषयी मार्गको त्यागी भिक्षु आखिरको हुँ म ।

६१९. वैरागी तीर्थको यात्री नमूनायोग्य जीवन
खोज्ने बुद्धत्वको प्राप्ति म हुँ सिद्धार्थ गौतम
तिमी छेउ मरेँ आज प्रिया मेरी यशोधरे !
पुग्न देऊ महातीर्थ मार्ग मेरो नरोक हे ?

६२०. प्राणीको आखिरी तीर्थ हिंसाहीन समाज हो
त्यस्मा बुद्धत्व मिल्नेछ भेट्न सक्छ्यौ समीप यो
म सामीप्य हुँ आफन्त प्राणीका निम्ति केवल
हाँसेको छु सबैमा म सुखी जीवन सुन्दर ।

६२१. म पानी मरूको लागि बालीमा पुग्छु सिञ्चन
प्राणीको प्राणमा पुग्ने म माटो वीज उम्रन
म आकाश सफा छाती चन्द्र सूर्य प्रकाशमा
ज्ञानीको ज्ञानको विद्या म हुन्छु व्यवहारमा ।

६२२. पंक्षी आकाशको यात्री प्राणको वायु उड्दछु
म नै तत्व उडेको छु पंक्षीरूप म बन्दछु
सधैँ मौन सफा सेतो शान्तिरूप हिमाल म
नाचून् उफ्रून् जता जो जो कडा छाती पहाड म ।

६२३. किशोरीगणका निम्ति लालीश्रृङ्गार ओष्ठ म
प्रातःकालीनको रश्मि महालङ्गूरको हिम
म शोभामा उचाईको हुँ ध्वजा फर्फराउने
शहीदको म आत्मा हुँ रक्तदान दिलाउने ।

६२४. म हावा शून्यका निम्ति अन्तरिक्षसितै छु म
म नै विज्ञानको यन्त्र वा विध्वंस हुँ ध्वंस म
रूपमा हिमको छाती श्रृंगारैमा म फूल हुँ
म आगो शीतका लागि ठण्डीमा त म उष्ण हुँ ।

६२५. गर्मीका यामको पङ्खा चौतारी वृक्ष पीपल
सुखको गहिराई म ढाक्ने निम्ति हुँ सामल
शक्तिमा देवको अंश शून्यवादी अदृश्य म
दृष्टिको पारि देखिन्न एकै दुर्जन सज्जन ।

६२६. अन्धाको निम्तिमा आँखा वैशाखी लंगडोसित
म योगी धैर्यतासाथ आत्माभित्र सुसज्जित
परदेश पराईका साथमा विज्ञ पण्डित
परको जेष्ठता मान्य म कान्छो घरकोतिर ।

६२७. वस्त्र भूषण नाङ्गाको भोकाको म अनाज हुँ
प्यासीको जल ठण्डा हुँ एक्लो निम्ति समाज हुँ
विश्वासीमा उही काल उदाएको म सूर्य हुँ
कला पारखमा हेर चन्द्र हुँ नभकाबीच चन्द्र हुँ ।

६२८. तिथिमा पूर्णिमा पूर्ण मासमा म वसन्त हुँ
तारामा ध्रुवको चिन्ह दिशामा उत्तरै त हुँ
हुँ शब्दमा शान्ति एक हत्या हिंसा म गर्दिन
नाममा बुद्ध हो मेरो विश्वमा म त मर्दिन ।

६२९. विद्यामा कविताकाव्य ज्ञानीमा कवि सज्जन
मूर्खमा भूप वा सेना मार्गमा तीर्थ उत्तम
कूटको नीतिमा ऐन जालझेल वकील म
न्यायाधीश गवाहीका भरमा न्याय बेच्तिन ।

६३०. धनमा मणि पद्मे हुँ म मोती हारमा भए
म दानी माहुरीजस्तै चाकामा मह भन्दिए
म तिमिङ्गल प्राणीमा मेवा हुँ फलमा भए
वैरीमा रीस नै मै हुँ कीर्ति सद्भावमा पढे ।

६३१. ऋतुमा हरियाली म नृत्यमा मृगशावक
पंक्षीमा हासको लाम दूधमा जल छान्छु म
निठुरीमा म राजा हुँ राजनीति म हैकम
कूटनीति चलाखीमा मन्त्रीझैं गर्छु शासन ।

६३२. दानमा योग्य शिक्षा हुँ शान्तिमा मौनता हुँ म
अम्मली म खराबीमा प्रेरणामा किसान म
पिता हुँ जग यो पाल्ने खेती गर्ने परिश्रम
हुन्नन् ईश्वर ढुङ्गामा देवतामा किसान म ।

६३३. क्षतिमा धर्मको नाश पारम्परिक संस्कृति
धर्मछाडा छिटै गिर्छ छाड्नु पर्छ अनित्य यी
तेजमा बिजुली मै हुँ कर्ममा नित्य भोजन
प्रेमीमा रजकी चार त्राशमा हुँ म हैकम ।

६३४. रङमा शुभ्रता मै हुँ ऋषिमा श्रेष्ठ नारद
देवमा कृष्णको जादू कन्यामा द्रौपदीसँग
अङ्गमा दुइटा आँखा रोजगारी म सीपमा
भेटमा हुन्छु आफन्त म विद्वान् हुँ प्रवासमा ।

६३५. लयमा छन्दको काव्य साम्य मै हुँ विचारमा
बुद्ध हुँ प्राप्तिमा आफैं छरूँ बुद्धत्व भावमा
जुनीमा नरको योग्य पशुमा सात्विकी म हुँ
कला हुँ भेदमा जादू बुद्ध सर्वत्र व्याप्त हुँ ।

६३६. म शोभा विश्वमा श्रेष्ठ उचाईमा हिमाल हुँ
म भूगोल घना झाडी माछानिम्ति समुद्र हुँ
म पाञ्चभौतिकी तत्व सृष्टिब्रह्म म बुद्ध हुँ
सृष्टिमा प्रेमले बोल्ने धुनमा बाँसुरी म हुँ ।

६३७. रूक्मिणी रूपकी प्यारी सारङ्गी हुँ महाकला
युद्धमा शान्तिको दूत कोइलीको म नै गला
क्रान्ति भ्रान्ति दुवैमा छु अवस्थासाथ हुन्छु म
म नै सृष्टि फुलेको छु व्याप्त सर्वत्र खेल म ।

६३८. हुँ व्यास कविमा श्रेष्ठ द्रुत लेख्ने गणेश म
सर्वहारा भनून् को हो ? देव शङ्कर श्रेष्ठ म
सत्यवादी म राजा हुँ सत्य बोल्ने युधिष्ठिर
बलमा भीमको हात दानीमा कर्ण सुन्दर ।

६३९. ॐ एकाक्षरको सृष्टि भाषामा हुँ म संस्कृत
पूजामा आरती धूप बास्ना श्रीखण्डकासित
शालीग्राम ढुङ्गा हुँ झारमा बाबरी म हुँ
रूखमा वरको बोट धेरै वर्ष बचीरहूँ ।

६४०. अँध्यारोमा उज्यालो म देव औ नर-किन्नर
तामसी राजसी सत्व हुँ म नै सर्वव्यापक
अँध्यारो हुँ र अज्ञानी मै सर्वत्र चराचर
हिमको निर्झरी मै हुँ नदी बग्दछु कल्कल ।

६४१. लालिमा प्रातकालीन ललाटैबीच सुन्दर
सन्ध्याको पीत छायाँमा टल्किने ज्योति उज्ज्वल
विश्वभाल उँचा माथ लेक लालीगुराँस म
रक्त मेरो बगेको छ वीरका वज्रशक्ति म ।

६४२. जुही जाई चमेली म बैंसभित्र छु भर्भर
पहिरोखण्डको माटो जीर्ण शीर्ण म जर्जर
सुख औ दुःखको गीत जिन्दगी मोक्ष खोज्दछ
हाँसो रोदनकासाथ जिन्दगी प्रीत गाँस्दछ ।

६४३. हत्या हिंसा नहोस् भन्न शान्तिको बुद्ध बन्दछु
शान्ति शान्ति दुई वर्ण यहीमात्र म जप्दछु
शान्तिको दूत हुँ बुद्ध रोगीका निम्ति औषधि
नराम्रो रोग हो युद्ध त्यस्मा पाइन्न उन्नति ।

६४४. इन्द्रेणी हाँस्दछे आफैं कलाले मत्त छे जब
सातै रङ्ग त्यहाँ खुल्छु शान्तिको खोजमा तब
इन्द्रेणीसाथमा हाँस्दा डाँफे आएर नाच्दछ
शान्तिको देवता आई मभित्रै वास खोज्दछ ।

६४५. लेकाली वनमा फुल्ने फूल लालीगुराँसमा
मेरो रक्त बगेको छ ठण्डा ठण्डा समीरमा
तपसी ऋषिका निम्ति शान्त आश्रमको कुटि
हुन्छु एक्लो त्यता खोज्दा गुफाभित्र सधैंभरि ।

६४६. हरियो घाँसको चौर गाईनिम्ति म केवल
बाघका निम्ति हिंसा नै गर्दै हिंड्छु अनादर
सात्विकी ऋषिका लागि म स्याउ सुन्तला फल
चेतज्योति सबैको म सबैतर्फ छु सुन्दर ।

६४७. मौरीको मह काढ्नेले हात चाट्तछ स्वादले
मान्छे सत्कर्मले गर्दा ठूलो बन्दछ कर्मले
वेइमानी सुराकी हो त्यस्तो नामर्द होइन
बहादुर लडी मर्छ आत्मघाती नभैकन ।

६४८. पापी होइन राज़ा म मन्त्री हाकिम होइन
खडेरी कृषिका निम्ति सुक्खा बादल होइन
हिंसायुक्त लडाईंको सेनानायक होइन
हुँ भिक्षु बुद्ध हो नाम प्रेमनिम्ति म भुल्दिनँ ।

६४९. ज्ञान अज्ञानको ज्योति तर छायाँ म होइन
कैयौं दु:ख परे कष्ट कतै हारी म रोइन
सुराकीले सधैँ घेरे राजनीति गराउन
राजनीति घृणा तत्व त्यसैले लाग्न मानिनँ ।

६५०. फँस्यौ हाय ! म योगी हुँ चाहिन्न व्यवहार यो
जान्छु जङ्गलमा बस्छु शान्ति खोज्छु सधैंजसो
मेरी मेरा समीपैमा यौन इच्छा गरीकन
बसेकी छ्यौ कठै प्यारी, यौनाचारी म होइन ।

६५१. जान्दै जान्दिनँ यी व्यर्थ राजकाज चलाउन
मान्दै मान्दिनँ सौखीन घरबार बनाउन
व्यर्थ श्रृंगारका कोठा फोहोरी धन दौलत
अहंकार यसैमा छ द्वन्द्वमा छैन इज्जत ।

६५२. घरबार तथा राज द्वन्द्वको शुरूवात हो
मायाँ बन्धनको घेरा भुमरी चक्रवात हो
तेरो मेरो जहाँ हुन्छ लोभ पाप त्यतै छ त्यो
'म' भन्ने स्वार्थमा हुन्छ क्रोध ज्वाला बढेर त्यो ।

६५३. नासिनेछ अहंकार गोली वारूदभैँ उडी
अर्को मारेर वीरत्व प्राप्ति मानिन्न क्यै गरी
साहसी वीर हुँ भन्छन् हतियार लिनेहरू
मारी सज्जन के हुन्छ ? ध्वस्त बन्छ अभै बरू ।

६५४. ज्ञानीमै छ महाशक्ति कर्मकै हुन्छ पूजन
गर कर्म सधैँ राम्रो लोकका निम्ति उत्तम
यी मेरा बुद्ध सन्देश सुन मेरी यशोधरा
म एकान्त हुँ योगी हुँ तत्व खोज्छु निरन्तर ।

६५५. मान्छे तात्विक भेटिन्न तत्वदर्शी महाजन
कुरा काट्ने सबै हुन्छन् सक्ने हुन्नन् समाउन
व्यर्थमा अरूको निन्दा गरी क्षुद्र स्वभावले
बाँच्यौं हामी अहंकारी खपेरै राप-तापले ।

६५६. मान्छेमा गुण छन् चार पहिलो अति उत्तम
ज्ञानी छन् मौनमा बस्ने आचार छ सफा मन
दोस्रोमा सहने हुन्छन् द्वन्द्वहीन विचारका
अर्धज्ञानी भए तेस्रो चौथा क्षुद्र स्वभावका ।

६५७. फलानो त नराम्रो रे ! निन्दा, ईर्ष्या गरी गरी
काल कट्छ विनाकाम क्षुद्रको जिन्दगी मरी
तामसी भोजमा मांस मदिरा लागुऔषध
हिंसायुक्त त्यही बन्छ आफैं बन्दछ निन्दित ।

६५८. मदिरा बेच्छ वा खान्छ तुलना जो समान हो
गर्नेभन्दा गराएमा नाम चल्दछ कामको
रण्डीवाजी जुवातास जँड्याहा, राजनीति वा
राजा मन्त्री तथा सेना मुर्दाजस्तै बराबर ।

६५९. कुरा काट्छ कुराले नै धेर तर्कवितर्कले
निन्दा गर्ने चियोचर्चा हुन्छन् जासुस क्षुद्र हे !
बहिरो हो न वा अन्धो अर्धचेतन मानिस
न वा वारि न वा पारि दुविधायुक्त बन्दछ ।

६६०. स्वयम् शुद्ध नमूना हौं हामीभित्र अशुद्धि छ
धमिलो जलमा धोए वस्त्र बन्दैन सुग्घर
हामीभित्र अहंकार ढाकिंदो छ नजानिंदो
मुसाको गुँडमा सर्प पस्दा भागोस् कता मुसो ?

६६१. जसले जसको चिन्ता गर्छ लिप्त भयो त्यहीं
चोटमा औषधी लिप्त हुने गर्छ अवश्य नै
जस्तै तेजी हवोस् मान्छे उस्मा पनि कलङ्क छ
हिलोमा मणि बल्दैन गुणै गुणविहीन छ ।

६६२. मारिदिन्छन् भए सत्य राज्य गर्छ असत्यले
विष मन्द खुवाएका हेर कस्तो दवावले
मणि हुँ तर बुद्धत्व मार्न खोजे यहाँ किन ?
यो षड्यन्त्र नराम्रो हो त्यस्मा पुग्दछ दुर्जन ।

६६३. दागहीन कतै हुन्न् दाग हुन्छ हरेकमा
खै छायाँहीनको वृक्ष पाइन्न यस लोकमा
जन्म मृत्यु सबैमा छ सबैमा दुःख औ सुख
सुखमा मात्तिने हैन दुःखमा रूनु व्यर्थ छ ।

६६४. जन्म रोकेर रोकिन्न मृत्यु नै न छ रोकिने
छ जो कर्म त्यही भोग्छौं केही हुन्न लिनेदिने
मृत्यु आउँछ जन्मैले सृष्टि नाश समान छ
धर्तीको गतिमा हेर ! दिशाबोध अवश्य छ ।

६६५. राग द्वेष तथा मोह शत्रु जीवनचक्रको
शुरुदेखि छ यो अन्त झिक्न खोजे झिकिन्न जो
स्वार्थमा द्वेष जन्मन्छ जादू हो मोहको घर
राग द्वेष तथा मोह शत्रु बन्छन् निरन्तर ।

६६६. एक ज्योति स्वयम् होऊ आफैं विश्वासिलो बन
अरूको भर पर्नेले गर्ला उन्नति के भन !
आत्मतत्व बुझेमात्र तत्वज्ञानी हुनेछ त्यो
आफ्नो रक्षा स्वयम् गर्ने पर हुन्छ विनाशको ।

६६७. तेजसी प्रतिभायुक्त बन शास्वत सुन्दर
एउटै चन्द्रमा हुन्छ ताराकाबीच उज्ज्वल
तिमी हाँसे जगै हाँस्छ रोए देखिन्छ रोदन
सुख दुःख मनैका हुन् आफैंभित्र छ वीजन ।

६६८. चाह गर्नू स्वयंले नै देखावट शरीरको
आफ्नो चोट सधैं आफ्नो थाहा हुन्न परत्र त्यो
दुःखमा हुन्छ आफन्त सुखभित्र परत्र छन्
हवोस् भूतै करेसाको हुन्छ आफन्त अन्तमा ।

६६९. छ आफ्नो शक्ति भन्दैमा पेल्नु हुन्न दबाबले
गरी आघात अर्कोमा जिती लानु छ के त हे !
उपदेश हुँदैहैनन् यी मेरा व्यवहार हुन्
मेरी यशोधरे ! श्रेष्ठ गुण नै लोक भन्दछन् ।

६७०. परका देवता भन्छन् क्याबात ! सुखकालमा
भूतै हुन् वरका रून्छन् चोटको अन्त्यकालमा
नफुटून् भाइआफन्त सुकी जान्छ छिटा-छिटा
पानी हुन्छ खडेरी होस् एकनास समुद्रमा ।

६७१. ध्यान गर्नू स्वआत्माको उठी प्रातः सबेर नै
योग एकान्तमा गर्नू हुनेछौं तन्दुरूस्त है
स्थिर राख्नू स्वयम् आत्मा नासिने हुन्छ चञ्चल
गर एकत्व ध्यानीझैं त्यही बन्दछ उज्ज्वल !

६७२. शोकमा खिन्नता बन्ने ज्यादा उन्मत्त हर्षमा
आत्मसंयम त्यो हुन्न ज्यादा चाञ्चलको हुँदा
मीठो बोल सबैसाथ दम्भ छाडेर लोकमा
आत्मसंयम यस्तै हो जो हाइ ! हाइ ! जीवन ।

६७३. संसारैका सबै मान्छे दुःखी हुन्छन् अचेतले
योग्यता नै गरीबीको छुटकारा र मुक्ति हे !
केलाई योग्यता भन्ने ? जो बुझ्छन् दुःखकारण
शक्ति चैतन्यमा हुन्छ दुःखको जो निवारण ।

६७४. बुद्धिमानी स्वयम् ठान्ने अभिमानी मनुष्य हो
दिनुहुन्न कुनै राय सुन्छ सन्देश मूर्ख को ?
चढ्नु पैले उकालीमा पाइला चाल्नु सुस्तरी
खहरे पहिले बढ्छ चाँडै थाक्दछ हेर ती ।

६७५. कल्पना गर्नुको सट्टा काम गर्नु छ त्यो फल
अल्छीमा कल्पना बढ्छ आखिरी बन्छ निष्फल
राखे आफन्तमा प्रेम राम्रो मेलमिलापले
कोही बन्दैन है वैरी भलै गर्छन् स्वजातले ।

६७६. त्रासले त्रास नै डाक्छ त्रासदीपूर्ण आखिर
आफैँभित्र बढी त्रास चिन्तैले मर्छ कायर
ओर्लेका मृगमा हुन्छ चिन्तैचिन्ता भयातुर
भन्छन् नै मृग ओर्लेका पेलिने छन् निरन्तर ।

६७७. बुझेँ प्यारा, दियौ अर्ती तर मेरो छ यौवन
सोह्रैका वयमा हामी प्यारा ! के माग्छ जीवन ?
रूप हेरी जलेकी छु विर्सी संसारका कुरा
हाम्रो प्रेम अझै गाढा भएमा पो रमाउँला ।

६७८. जोडी चखेवाकोजस्तै प्रेमको साइनो बनोस्
सँगै बाचौँ सँगै नाचौँ जुनी अनि सँगै जलोस् !
छाती हाम्रो सँगै गासौँ धर्ती आकाशझैँ बनोस्
नङ मासु मिलेज़स्तै प्रेम स्थायी बनी रहोस् !

६७९. प्रेममा सत्यको तत्व एउटै हुन्छ शान्तिमा
शान्ति नै तृप्ति हो प्रेम अरू प्रेम छ खै यहाँ ?
मेरी प्राण म हुँ प्रेमी सम्झेको छु यशोधरा
हिंड साथै त्यजी राज्य के छ मेरा अरू कुरा ?

६८०. बनेका छौं महामूर्ख पढी शास्त्र अनेक यी
हुन्छन् विद्वान् क्रियावान व्यावहारिक छन् जति
पढी विद्वान् कुनै हुन्न वीज उम्रन्न बालुवा
मरूभूमि हरा बन्ला जस्मा पानी पटाउँदा ।

६८१. शक्ति धेरै भएपश्चात् आफैं बन्दछ निर्बल
हुन्छन् बुद्ध युवावस्थामा सारा थाकेर आखिर
शक्तियुक्त कुनै हुन्नन् होइन्छ बल निर्बल
एउटै ठाउँमा वास कसैको हुन्न है स्थिर !

६८२. यौटा मानिसले अर्को मान्छेलाई पढाउँदा
मनको शुद्धि बन्दैन विद्या घोकन्तको हुँदा
शिक्षा हुन्छ विवेकीमा त्यही पुग्छ विकासमा
पाकेका फलका वृक्ष झुकेका छन् स्वभावमा ।

६८३. रोजी रोटी मलाई पो त्यस्मै शिक्षा छ लक्षित
शिक्षा त्यस्तो हुँदै हैन त्यल्ले देश बिगार्दछ
व्यक्ति शिक्षित जो बन्छ अभिमानी हुँदैन त्यो
शान्त गम्भीर जो विद्वान् बोल्छन् सत्य पछाडि पो !

६८४. बोली मानिसको चिन्ह बोलीमै बोल्छ जीवन
मिल्छ सङ्केत बोलीमै वैगुनी वा गुणी जन
सत्यमा लाग्छ आरोप जे जे होस् बोल सत्य नै
दु:खको स्वरसन्देश आखिरी पुग्छ विश्वमै !

६८५. सुन पैले अरू बोली आफू बोल पछाडि नै
बाहिरी भागमा हुन्न मोती भेटिन्छ पींधमै
गर्जने मेघले गर्जी धर्ती पार्नेछ थर्थरी
मसिनो रसिलो बोल्दा लोकप्रिय छ कोइली ।

६८६. सभामा बोल सोचेर बोल्नैपर्ने भए तर
बोली गोली छुटेपश्चात् फर्किंदैन स्वयम् घर
जरूरी नै भए बोल थोरै बोल मिठासले
कुरा बिग्रन्छ धेरैको बोल्दाखेरि हतारले ।

६८७. रिसको बिन्दुमा पुग्दा शुरू हुन्छ लडाईंको
रोकिंदैन त्यही युद्ध वर्षौंसम्म चलेर जो
युद्ध रोक्छौ भने गर्नू वार्ता आपसमा यतै
फैसला युद्धको हुन्न युद्धमैदानमा कतै ।

६८८. आँखा खै युद्धको ? हुन्छ अन्धो निर्जीव-पत्थर
टाकुरीको लडे ढुङ्गा थिच्छ जीवन तल्तिर
हतियार भिरी हिंड्ने त्यसैद्वारा छ मृत्यु त्यो
अस्त्र हुन्न कबै आफ्नो औषधी हुन्न शत्रु त्यो ।

६८९. मनुष्यको सधैं बाँच्ने पहिचान छ के यहाँ ?
ज्ञानीमा नम्रता हुन्छ नराम्रो हुन्न लोकमा
विद्याले नम्रता बन्छ नम्रताले त वैभव
कविमा नम्रता हुन्छ तब पो छन् अलौकिक ।

६९०. गहना नम्रता नै हो कविभित्र सुसज्जित
कविको भावना हुन्छ अमूल्य ज्ञानदौलत
सापटी कविता बन्छ कविमा धृष्टता बढे
कविता कविमा हुन्छ कविमा कविता भए ।

६९१. कवि बन्छन् सबै व्यक्ति प्रेमका क्षणमा हुँदा
विवेकी प्रेमले बन्छन् ममता सत्य पाउँदा
दुःखका कालमा आई कविले काव्य गाउँछ
तब त्यो कवि नै बन्छ दुःख पत्ता लगाउँछ ।

६९२. होमिन्छन् पुतली आफैं बलेको देख्छ जोति जो
घाती विश्वासको जो छ आफैं विश्वासहीन हो
आकाङ्क्षाभित्रको प्रेम परिवर्तित हुन्छ त्यो
गरी हेर त विश्वास आफैंभित्र रहन्छ जो ।

६९३. प्रत्यक्षता छ विश्वास होस् अदृश्य भलै कुरो
आशाको सारमै हुन्छ सच्चा विश्वासको चुरो
चरित्रभित्र के हुन्छ ? छ महत्व विवेकमा
अझै विश्वासमा हुन्छ बल उच्च महत्वमा ।

६९४. गरी के हुन्न हामीले राख्दा विश्वास उच्च ती
विश्वासैमा अडेको छ धर्ती ब्रह्माण्ड सृष्टि यी
विश्वासैले जगत् जित्छ विश्वासैमा छ साहस
विश्वासैमा विवेकी छन् अनि सद्व्यवहार छ ।

६९५. के हो संकटकालीन अवस्था हुन्छ युद्धमा
शक्तिका सामुमा निर्धा मरेका छन् जहाँ जहाँ
ऐय्या ! आत्था ! बढ्यो डाहा रूँदै बस्तछ शासित
वर्षाउँछ उता गोली हाय ! संकट घोषित ।

६९६. मार्छन् मर्छन् वडानिम्ति सेनानोकर धृष्टका
व्याधा संकटमा पर्छ उडेका उम्कँदा चरा
संकटा आउँदा कालो तब हाँस्दछ क्रोधले
त्यस्तो संकटको बेला शान्ति खोज्छ महानले ।

६९७. आत्तिंदैन हवोस् कष्ट भाँचिऊन् हातपाखुरा
संकटा रात्रमा वीर एक्लै चढ्दछ टाकुरा
आतङ्कीमै छ यो त्रास संकटैसंकटा भयो
स्वार्थीले घोषणा गर्छ बेला संकटको छ यो ।

६९८. राजा मन्त्री तथा चम्चे भरौटे सैन्यनोकर
तिन्मै आतङ्कका डेरा तिन्मै आतङ्कका घर
अविवेकी तथा क्रोधी राजा मन्त्री यहाँ हुँदा
संकटा देशमा हुन्छ जो अहंकारले छुँदा ।

६९९. परेवा बन्छ आतङ्की गिद्धको शान्त देशमा
राजाका सामुमा पर्दा कहिन्छन् कवि दुर्जन
बाघका सामु आतङ्क गरे खै मृगले कता ?
तर छन् मृग आतङ्की बाघको शान्त राजमा ।

७००. 'हामी हिंस्रक आतङ्की ?' मृगका हूलले भन्यो-
किन हो कुन्नि आजै हो आत्तिएर चरो उड्यो !
शिकारीले चरा मार्‍यो मार्ने के हो त कारण
युद्ध गर्छन् चराले रे ! व्याधाको शान्त राजमा ।

७०१. पन्छी स्वतन्त्र झाडीमा चिर्रबिर्र कराउँदा
आगो लाउँछ व्याधाले आतङ्की को छ खै यहाँ ?
कला मारेर मर्दैन अजम्मर बिचार छ
डँढेलो वनमा लागोस् मुना फेरि पलाउँछ ।

७०२. हूलमा जीउ जोगाऔं र बीऊ अनिकालमा
युद्धको मुखमा जाँदा मारिन्छौं है अकालमा
छाड आलोचना गर्न नमूना राष्ट्रको बन
तीतो बोलेर के हुन्छ ? लोक भन्दैन सज्जन ।

७०३. नराख्नू मित्रता गाढा ज्यादा हुन्न समीपमा
मित्रै हो तर ठण्डा छ छेउ पर्दा हिमालमा
वैरीका पनि सामुन्ने बस्नै हुन्न बढीजसो
आगो छेउ परे पोल्छ परै बस्दा कता जलोस् ?

७०४. वैरभाव महाक्रोध नासिनेछ बढी भए
भदौको भेलको शक्ति टिकेको छ कता बढी ?
गुणले गुण नै खान्छ- जति जे बाथमा गर
म मान्छे खान्न भन्दैन हजारौं प्रार्थना गर ।

७०५. कविमा वज्रका चोट पर्दैनन् भन्न मिल्छ र ?
आगाको छेउमा राख्दा घिउ ठोसै रहन्छ र ?
मृगका फौजमा हुन्छन् शान्त धावक शावक
तर हिंसामुखी सिंह पसे पर्दछ आपत ।

७०६. सुहागरातका जोडी आशा संसर्गको अहा !
बोलिन् मोह फिंजाएर बुद्ध छेउ यशोधरा
प्यारा बुद्ध म भोकी हुं ऋतुदान म मागदछु
रजकी चारकी आज जोरमा पुत्र छाड्दछु ।

७०७. यौटा पुत्र दिनोस् प्यारा ! इच्छा मेरो छ अन्तिम
पुत्र एक भएपश्चात् म दोस्रो माग राख्दिनँ
प्रेममा विह्वलै हुन्छ जस्तै होस् वीर साहसी
ऋषि ध्यानी सबै भुल्छन् प्रेमको द्वारभित्र ती ।

७०८. झुके आँखा दुवैका ती अङ्ग अङ्ग मिलाप भो
यशोधरा थिइन् तृप्त रोपी वीजन सृष्टिको
अहो ! एकान्तको कोठा सृष्टिको लागि उर्बरा
शोभा श्रृंगार हो प्यार प्रिय मेरी यशोधरा !

७०९. छरेँ वीजन उम्रेर विषयी मार्गमा फुलोस्
राजकाज सम्हालेर विषयी मार्गमै भुलोस्
जन्मनेछ महाज्ञानी नाम राहुल चर्चित
माग तिम्रो गरेँ पूरा आफैँमा बन हर्षित ।

७१०. विश्वबन्धुत्वको भाव राख सोच समानको
जातजति कुनै हुन्न हुन्छ जो व्यवहार पो
परेका कालमा बोल्ने बुद्धिमान् व्यक्ति हुन्छ त्यो
मूर्खका निम्तिमा विद्या छोपिएको प्रकाश हो ।

७११. वन्दना गर धर्तीको जन्मभूमि त स्वर्ग हो
जहाँ हुन्छ महाक्रोध त्यही नर्क र पाप हो
स्वर्ग नर्क दुवै धर्ती स्वर्गखण्ड हिमाल हो
जहाँ ताप बढेको छ त्यही भूमि त नर्क हो ।

७१२. स्वर्गको अर्थ अर्को छ मनको शान्ति स्वर्ग हो
मनमै द्वैष उब्जन्छ मनकै क्रान्ति नर्क हो
मानिसैमा छ जो स्वर्ग मानिसैमा छ नर्क जो
आफैँभित्र सधैँ खोज आत्मतत्व पवित्र हो ।

७१३. दोषी सज्जनले आफैँलाई देख्छ बनाउँछ
घमण्डीको समीपैमा काल हाँसेर आउँछ
नोकरी नुनको सोझो पूरा नै हो कबोलको
माहुरी मह खाँदैन जम्मा गर्छ रसादि जो ।

७१४. शोभाहीन तिनै बन्छन् तोड्ने हुन्छन् परम्परा
तृष्णा जन्मन्छ तृष्णामै अन्तहीन विचारका
तृष्णामै नर्क भेटिन्छ तृष्णाका वशमा परे
द्वन्द्वमा जन्मने तृष्णा हुन्छ शोभाविहीन हे !

७१५. उत्ताउलो नबन्ने नै लक्ष्यको प्राप्तिमा पुगी
आत्मतत्व छ बुझ्ने त्यो त्यही हुन्छ महातपी
झार छोड्दैन टेकेको जुकाले जो समाउँछ
पहिलो झार त्यो छोड्छ अर्कोमा आड पाउँछ ।

७१६. हामी हेलाँ गरी हिंड्छौं छेउमा हुन् महानर
समीपैमा हऊन् विद्वान् तर हुन्छ अनादर
गुण बोक्ने गुणी नै हो गुणले विज्ञ झुक्तछ
कुलमा हेर के हुन्छ ? गुणमा कुल हाँस्दछ ।

७१७. ज्ञानले पूर्ण जो हुन्छ अज्ञानी बन्न थाल्दछ
गुणीका गुणको बोझ पोखिंदा विश्व जल्दछ
पुरूषार्थ भनेको के ? छ जो सहनशीलता
तेजसी अग्निको क्रोध तर निभ्दछ आखिर ।

७१८. दु:ख कारण केमा छ ? आशा जेमा छ अन्तिम
लिनू इन्द्रियको कब्जा हुन्न आशक्त सज्जन
पहिचान धरा नै हुन् अहो ! सहनशीलता
सीमा नाघी कहाँ बग्छन् ? हुन्छन् सागर धीरता ।

७१९. जस्तो संगतमा हुर्क्यौं त्यस्मै होइन्छ मिश्रण
फूलका गन्धका हावा सुगन्धै छर्छ सत्गुण
पुरूषत्व कडा अग्नि नौनी नारीत्व चिन्ह हो
अग्निका वशमा नौनी नपग्लीकन जम्छ त्यो ?

७२०. स्वर्ग सत्वगुणीमा छ गुणमै हुन्छ दौलत
गुणले युक्त मान्छे नै देखिन्छन् सर्वव्यापक
गरी देखाउला वीर काल बुझ्दछ वीरले
एकैनास सधैं हुन्न गतिमा रोक छैन हे !

७२१. आत्मज्ञानी त्यही बन्छ वशमा राख्छ इन्द्रिय
जिभ्रोले खान्छ संसार आत्मज्ञानी छ निर्भय
छायाँमा सत्यता हुन्न घडाभित्र छ आकृत
घडाको भित्र आकाश पानी सुक्दा कहाँ छ त ?

७२२. राम्रो संगतले राम्रै जस्तो संगत त्यों भयो
मकैका वीजमा धान कहाँ उम्रन्छ रोपियो !
शिक्षा सापटको मर्छ दिएको ज्ञान मर्दछ
छिटै सुक्छ तलाऊ जो पानी बोकेर भर्दछ

७२३. नसक्ने काम गर्नेले दुःख पाउँछ आखिर
रिसले सूर्यमा थुक्ता मुखैमा खस्छ आखिर
विन्ती सज्जनले गर्दा करूणाद्वार खुल्दछ
प्रार्थनाकालमा हुन्न हिंसा हिंसक मर्दछ ।

७२४. आफैंको रिसले आफैंलाई हानि पुऱ्याउँछ
रिसले सृष्टि के हुन्छ ध्वंसै ध्वंस गराउँछ
असन्तोषी सदा दुःखी बस्छ आनन्द दूरमा
सन्तोषीमा छ आनन्द त्यागी जीवन पाउँदा ।

७२५. त्यागी को हुन् कहाँ हुन्छन् खुशीमा त्याग आउँछ
जो देखिंदैन छायाँमा रिसमा त्याग भाग्दछ
तपले एक सप्रन्छ राजा देश सुधार्दछन्
तर तारा हजारौं हुन् चन्द्रमासित झुक्तछन् ।

७२६. उपदेश दिदै जान्थे स्वयम् बुद्ध चराचर
सुन्दै जान्थिन् दिई ध्यान विदुषी ती यशोधरा
थिइन् तृप्त तिनी आज रोपिन् वीजन सृष्टिको
फुल्छन् फल्छन् मुना हुर्की राख आशा भविष्यको ।

७२७. जता आस्था उतै पुग्छ मन ज्ञान मनुष्यको
थाहा पाइन्न जादूझैँ आस्था हुन्छ रहस्यको
धर्म वृद्ध भएपश्चात् गर्छु भन्नु निरर्थक
आगो लाग्यो कुवा खन्ने कर्ममा विपरीत छ ।

७२८. वेदले बन्छ विज्ञान गहना सुनको भए
ज्ञान विज्ञान जोडी हुन् विज्ञानै बाँच्छ ज्ञानले
शंकाले अझ शंका नै जन्म दिन्छ हताश जो
शंकाकै भरमा पर्दा बौलाहा हुनुपर्छ हो ।

७२९. बुद्धका दिव्य यी वाक्य झ्याल-ढोका टुँडालले
सुन्थे भित्ता विछ्यौनाले जीव जुम्रा उडूसले
थिइन् मौन र एकाग्र पतिव्रत यशोधरा
बुद्धको वशमा पर्दा कल्ले पो धेर बोल्छ र !

७३०. कर्मको फल दासी हो प्राण पाइन्छ तत्वमा
विष हुन्छ प्रशंसामा सुन आलोचना यहाँ
मान्छे उन्मत्तिले गिर्छ अहंकार र मातले
रीसदान गरोस कल्ले ? हानि गर्दछ द्वेषले ।

७३१. धैर्य आपतमा लिन्छ त्यस्तो व्यक्ति महान् भयो
संकटकालमा हास्ने विज्ञ मान्छे यहाँ छ को ?
प्रतिज्ञाबाट हारेमा दाग बस्छ भविष्यमा
आपसी झगडा केही गरी मिल्दैन देशमा ।

७३२. छन् अपत्यारिला काव्य रस अद्भुतमा रचे
उचाले कृष्णले धर्ती सातवर्षे उमेरले
तर अद्भुतका हुन्छन् कला, जादू अलौकिक
सिर्जना नै परीक्षा हो त्यसैमा सत्य सत्य छ

७३३. मूढो टुक्रन्छ आगोमा यी विनाहतियारले
शक्तिका सामुमा कस्तै वीर ढल्दछ निश्चय !
गुरूभन्दा अझै चेला हुन्छन् तिक्खर ज्ञानको
आगोभन्दा अझै पोल्ने तातो हुन्छ फलाम पो !

७३४. विद्या प्राप्त कहाँ हुन्छ ? विना अभ्यास के हुने ?
साधना चक्रले दिन्छ नयाँ सीप अनेक रे !
प्रतिभा साधना नै हो कडा गर्ने परिश्रम
इच्छा पुग्दछ चाहेको तपस्या साधनासँग ।

७३५. आफ्नो उद्धार आफैंले गर्नसक्दछ विज्ञले
गुण पण्डितमा हुन्छ मार्न सक्तैन युद्धले
मायाँ बन्धनमा पर्ने सुखी बन्दैन जीवन
मायाँ लोभ सके त्याग्न हुन्छ एकाग्रको मन ।

७३६. भविष्यत् भूत औ वर्तमानकाल बुझे प्रिया
इतिहास पढी हेर ! प्राणप्यारी यशोधरा !
हिजो के भो नमूना त्यो छुट्याऊ सत्यतथ्य जो
बोल साँचो सबैभन्दा उच्च हो व्यवहार त्यो ।

७३७. चलाऊ राज्यको काम पुत्र जन्मन्छ राहुल
जिम्मा देऊ उसैलाई त्यही बन्नेछ मंगल
शान्तिको व्रतले बाँच मेरै साथ सके बस
शान्तिको दूत हुँ बुद्ध अप्ठ्यारा मार्गमा कुर ।

७३८. नाईं नाईं त्यसो हुन्न बन राजा र राज्यमा
छर शान्ति स्वयम्ले नै विषयी मोह मार्गमा
जोगी भैकन के हुन्छ ? कल्पना छाड यी सब
प्यारा सिद्धार्थ हे मेरा चलाऊ राज्य यो अब ।

७३९. राज्य छाडी कता जान्छौ ? पुरूषार्थ हुँदैन त्यो
शून्य एकान्तमा बस्ने पुरूषार्थ विहीन हो
काम, अर्थ तथा राज धर्म, मोक्ष छ अन्तमा
पुरूषार्थ यिनै पाँच सदा हुन्छ सनातन ।

७४०. पुरूषार्थ सबै त्यागी छाडेरै कामवासना
के खोज्छौ र कता भेट्छौ मान्छेका दु:खकारण
मान्छेका यस आत्मामा विषयी मार्गमा कुद
भलाइ छ त्यसैमा पो पुरूषार्थ छ मौजुद ।

७४१. उद्योगी बन हे प्यारा नमूनायोग्य देशमा
राजा होऊ श्रमीप्यारा लोकको सुखदु:खमा
रूखका फेदमा एक्लै ॐ नारायण जप्दछौ
के भेट्छौ शून्यमा खोजी आफैं पागल बन्दछौ ।

७४२. ज्ञान शून्यसितै मिल्छ कर्ममा दु:ख केवल
काममा मोहले पोल्छ हुन्न जीवन सुन्दर
दियौ ज्ञान बुझ्यौ जस्तो भयो छाती चिराचिरा
शान्ति एकान्तमा हुन्छ बुझ मेरी यशोधरा ।

७४३. ऋतुदान गरें मैले इच्छा पूर्ण भएन कि ?
बनाएँ दु:खको डेरा त्यस्मा द्वार खुलेन कि ?
सुखी होऊ गरी राज्य महारानी बनीकन
प्रजा राजा सुखी होऊन् सुख ऐश्वर्यको मन ।

७४४. सत्गुणी बन सत्ज्ञानी निस्वार्थी भावकञ्चन
तत्वज्ञानी, त्रिकालज्ञ र कर्तव्यपरायण
गुण तीन खोज, सत्व तममा श्रेष्ठ सत्गुण
तामसी निर्गुणी तल्लो रज जान्नु छ मध्यम ।

७४५. महारानी तिमीलाई उपयुक्त रजोगुण
राजकाज तथा क्रोध लिनू कैले तमोगुण
राजसी तामसी छाडी शून्य खोज्दैछु सत्गुण
भिक्षु बन्छु बिदा देऊ राजा भै राज्य गर्दिनँ ।

७४६. बाध्यता हो बिहे मेरो कूटनीतिज्ञले गरे
इच्छा सम्भोगको राख्यौ त्यसैको चक्रमा परेँ
दु:खको वीज रोपेँ यो बोट बन्दछ भोलि त्यो
काँडा बन्छ ममा कोर्छ बाटो छेकेर मोक्षको ।

७४७. दशै इन्द्रियमा मायाँ चोरिन् सिद्धार्थको मन
मोहनी रूपले बाँधिन् नछुट्ने मोह-बन्धन
काममा क्रोधमा ल्याइन् अल्मलिन्छन् कि गौतम
मनै चोर्छन् महाप्रेमी काम उत्तेजना हुँदा ।

७४८. भइन् सिद्धार्थमै लिप्त लगाइन् काम मोहनी
दिव्य शोभा दिइन् चैन प्रेमले भुल्छ जीवनी
तव विर्से यता सारा ध्यान विर्सेर गौतम
थाले भन्न अहो ! प्यारी छ हाम्रो एउटै मन ।

७४९. उपदेश दिए कैयौं तर काम र मोहले
बुद्धिमानी स्वयम् गिर्छन् अज्ञानी कामतेजले
कर्के आँखा यता हेर्छिन् मीठो मुस्कान सुन्दरी
भइन् गर्भवती आज रूप प्यारी यशोधरी ।

७५०. सुहागरात भो अन्त दुलहान फिराइयो
साथसाथै रमाएका प्रेम तृष्णा अझै बढ्यो
वित्यो एक दुई मास तीन चार हुँदै गयो
दशमास भयो चाँडै आयो प्रसूति काल त्यो ।

७५१. बुहारी गर्भ बोकेकी छेउ आइन् प्रजापती
छोरै जन्मोस् थियो चाह सुसारेसाथ एक ती
विषयी मार्गमा लागे हाम्रा राजकुमार रे !
हल्लाखल्ला भयो चर्चा रमाए सुप्रबुद्ध रे !

७५२. खुशी छायो सबैतर्फ शुद्धोदन तथा अरू
छन्न संगतका सारा जो जो छन् दामलीहरू
सखी सारा रमाएका भाग्यशाली यशोधरा
थिइन् चिन्तातुरा सन्ध्या लुटी मेरी महानर !

७५३. राजशिक्षा दिए कैयौं गुरू जम्मा भए त्यहाँ
मन सिद्धार्थको फर्क्यो योगी बन्थे सधैं कहाँ ?
यता सिद्धार्थमा आफ्नै थियो चिन्ता हजार त्यो
शान्ति खोज्नेहरू राजा बनेका खै यहाँ छ को ?

शिखरिणी छन्द ।

७५४. यता छोरो जन्म्यो तर हृदयमा चोट थपियो
उता आँधी आयो जगत पनि वैराग्यपन भो !
कतै हाँसेका छन् तर पनि यता गौतम रूँदै
हिंडेका छन् सारा जगत, मनमा त्रस्त रहँदै ।

॥ सप्तम सर्ग इति ॥

अष्टम सर्ग

शिखरिणी छन्द ।

७५५. भुलेका छौं हामी विषय-पथमा रोदन भरी
घडा रित्तारित्तै छ हृदय सुक्यो उष्ण नघटी
छ यो तेरो मेरो तब त झगडा, आतुर छ यो
कहाँ खोज्ने होला अब त मनको शान्त घर त्यो ।

७५६. अह्रो ! के भो यस्तो ? सकल दुनियाँ रोदनमय
कता जाने होला सबतिर भयो के जलमय ?
भए यस्ता कैयौं प्रलय जगमा क्रान्ति किन यो
जपँ कैयौं ॐ ॐ हृदयसित वैराग्यपनको ।

७५७. सबै रोएका छन् जनसित छ वैराग्यपन यो
सुखी छैनन् मान्छे किन त यसरी दुःख रचियो
कतै तिर्खाएका ज्वलन मनमा कष्ट कहर
यही देख्दा होला सबकन छ छाती चरररर ।

७५८. भुलेका छन् एक्लै किन त यसरी गौतम सधैं
गई एकान्तैमा जपतप गरी चिन्तित हुँदै
न हाँसेका छन् ती न रसरङ्गमा कामुक बने
न नाचेका छन् ती किन त यसरी चिन्तित भए ?

७५९. महाराजा शुद्धोदन पनि थिए चिन्तित बढी
भयो छोरो योगी ऋषि अब भने हुन्न यसरी
रचे कैयौं बाजा सुखसयलका नृत्य छनन
सिँगारेका छन् ती घरमहल सारा रमझम ।

७६०. यता चिन्ता ज्यादा लिइकन सधैँ गौतम उठे
कता के गर्ने हो सकल जनको जीवन बुझे
थिए साथी प्यारा हरपल सँगै छन्न उनका
यिनै मेरा आत्मा सुख र वहका साथसँगका ।

७६१. कुमारी नाचेका छमछम गरी यो महलमा
भुल्याएका व्यर्थै मकन यिनले यी सयलमा
पिताले गर्दा वा किन किन यहाँ बन्धित भएँ
सखे लैजाऊ हे मकन त कतै शान्त मनले ।

७६२. अहो ! देखेँ मैले महलभर उद्यान रमिता
त्यतै लैजाऊ हे रथ अब सखे ! गाउँ कविता
बगैँचामा डुल्ने लहड जब भो गौतमसित
रमाएका ज्यादै गदगद भई छन्न पनि त ।

७६३. थिए ज्ञानी बाबा हरबखत छन् गौतमसँगै
बुझेका छन् आत्मा किन त यसरी दुःख छ सधैँ ?
अहो ! मेरा प्यारा सबसित छ यो जन्ममरण
जिती लैजाने के छ त जगतमा शून्य छ मन ।

७६४. अँध्यारोले ढाक्यो हृदयजगमा निष्पट भयो
उदासी यो मेरो मन अब बुझाऊ प्रिय अहो !
सखे लैजाऊ त्यो हरित वनको वागसयल
त्यहाँ नाच्थेँ खेल्थेँ मनसित रमाईकन तर ।

७६५. तिमी नै हौ मेरा मनउपरका चिन्तनकला
थिए ज्ञानी आफैँ सँगसँग थिए छन्न बिचरा !
तबेलामा घोडाकन पनि बुझे के छ खबर
उठाए फोए ती अनि रथ कसे जानु छ पर ।

७६६. बसेका खोपीमा सुखसयल प्रासादतिरको
लिए हावा निस्की वरिपरि छ मीठो पवन जो
चरा बोल्छन् मीठा सुरलय निकालेर गजब
थियो धर्ती, तारा सबतिर उज्यालो र अजब !

७६७. कुदे चारै घोडा अब गति लिए वागतिरको
थियो वास्ना मीठो मगमग अहो ! फूलकलिको
बगैंचाको शोभा नयनसित भो सुन्दर कला
खुलेका छन् आहा ! सुमधुर कथाका पिकगला ।

७६८. बजेको हो वा त्यो सुमधुर कलाभित्र मुरली
नजाऔं छाडी यो मधुरस चराका चिरिबिरी
उडेका क्या शोभा लहर पुतली छन् छिरिबिरी
झुलेका छन् सारा विटप लहरा ती वरिपरि ।

७६९. मिलेको क्या चौडा हरितिमय उद्यान रसिलो
नभुल्ने को होला चिरबिर चराकासँग अहो !
पुगे आँखा चारैतिर छ रसिलो सिञ्चन सफा
त्यहीँ कोही यौटा जन पनि थिए वृद्ध वयका ।

७७०. नुहेका ती बूढा थरथर गरी काम्दछ जिय
भयो मर्ने बेला अब त नजिकै कालप्रणय
फुलेका दारीमा सकल जगको दर्पण थियो
कता जाने हुन् यी अब त वयको चक्र सकियो ।

७७१. भुले कैयौं मायासित अघि यिनी यौवन छँदा
'म' भन्ने 'मेरै' हो सबतिर पुगे जोश रहँदा
अहंकारी हामी समय बलमा क्रोधित भयौं
यहाँ ऐले आफैं समयसित हारी पर गयौं ।

७७२. रूघा खोकी ख्वाक्ख्वाक् लुगलुग र स्याँस्याँ गरिकन
विछ्यौनामै पल्टी हरबखत 'पानी' भनिकन
विछ्यौनैमा त्याग्छन् अब त तिनले मूत्र-मल हे !
कठै ! बूढो मान्छे अलिकति दया राख्छ कसले ?

७७३. सुसारे स्याहार्थे जति अघि त घोर्ले बल छँदा
गरोस् कल्ले चाहा परपर भए शक्ति नहुँदा
अहो ! मेरा स्वामी, अघि अघि सरेकी गुणवती
परै भाग्छिन् ऐले अब त किन बस्ने वरिपरि ?

७७४. यता छोराछोरी वरिपरि उता बान्धवहरू
भयो भन्छन् मुर्दा कठिन छ कि पन्छाउन बरू
गन्हायो बूढो यो शिशु पनि हटे दुर्दुर गरी
कठै ! स्याँ स्याँ गर्दै अझ पनि त बोल्छन् बल गरी ।

७७५. अहो ! कुप्रो लट्ठीसित भर लिने जीर्ण फितलो
सुकेको छालामा दलिन घरका हाड चुचुरो
फुलेका छन् रौं रौं सकस किन त्यो च्याल चुहिँदो
परी वैशाखीका भर किन हिंड्यो वृद्ध बिचरो !

७७६. भए टोड्के आँखा जगत धमिलो सम्म गहिरो
'पिता', सुन्छन्- 'जा ! जा !' मनुज सजिलै बन्छ बहिरो
नुहेका कुप्रेका तब त चिउँडोसाथ छ घुँडो
सुसेलेका सुय्या ! गरिकन कठै ! वृद्ध वयको ।

७७७. गरे मुद्दा कैयौं समर ननिका क्षुद्र वचन
जपेका छन् ऐले प्रभुकन छ 'नारायण' मन
सुकेका आन्द्रामा अझ अझ त सुक्खा गरिकन
कहाँ तर्ने होलान् तनमन उनीमै दिइकन ।

७७८. खिएजस्तो दुब्लो तर छ बलियो बुद्धि तिनको
मनैमा बोकेका जगत पनि यो पूर्व वयको
चले कैयौं आँधी हरररर उडायो प्रलयले
मरे कैयौं योद्धा तर पनि बचे आत्मबलले ।

७७९. तिनै मान्छे नै हुन् अघि समयमा पौरूष गरी
जिते कैयौं ठूला समर मनका जोखिम खपी
विधाताकै वा समय गतिको चक्र गजब
'म' 'मेरो' भन्दैमा परपर छ जाने किन अब ?

७८०. बगैंचाको छेवैनिर अलि यता गौतम थिए
त्यहाँ देखे साँच्चै भयसहित वैराग्यपन हे !
सखालाई सोधे अलि डर पस्यो आज मनमा
न वा भूतै हो त्यो ? किन त यसरी हिंड्छ वनमा ?

७८१. सरे केही दूरी अलिपर पुगे वाग-तटमा
पऱ्यो चिन्ता वा के ? छटपट भए बुद्ध छिनमा
सखे ! के होला त्यो ? मनुज कि न वा जीव कुन हो ?
यहीँ देखें मैले जन गजबको दृश्य पहिलो ।

७८२. बसेका खोपीमा वरपर कतै देख्न नसकी
परे छक्कै यस्तो नजरसितको दृश्यसित ती
कुनै बूढो मान्छे लुगलुग गरी काम्दछ घरी
चिनेनन् को हो त्यो ? किन यसरी वृद्धपगरी ?

७८३. बताऊ को हुन् यी ? घरजम छ वा छैन यिनको ?
सुनाऊ गर्छन् के ? घर थर छ के छन्न ! भन यो
प्रभो ! बूढा मान्छे यिनसित कुनै शक्ति र घर
न वा धन्धा केही न त छ यिनमा नाम र थर ।

७७२. रूघा खोकी ख्वाक्ख्वाक् लुगलुग र स्याँस्याँ गरिकन
विछ्यौनामै पल्टी हरबखत 'पानी' भनिकन
विछ्यौनैमा त्याग्छन् अब त तिनले मूत्र-मल हे !
कठै ! बूढो मान्छे अलिकति दया राख्छ कसले ?

७७३. सुसारे स्याहार्थे जति अघि त घोर्ले बल छँदा
गरोस् कल्ले चाहा परपर भए शक्ति नहुँदा
अहो ! मेरा स्वामी, अघि अघि सरेकी गुणवती
परै भाग्छिन् ऐले अब त किन बस्ने वरिपरि ?

७७४. यता छोराछोरी वरिपरि उता बान्धवहरू
भयो भन्छन् मुर्दा कठिन छ कि पन्छाउन बरू
गन्हायो बूढो यो शिशु पनि हटे दुर्दुर गरी
कठै ! स्याँ स्याँ गर्दै अझ पनि त बोल्छन् बल गरी ।

७७५. अहो ! कुप्रो लट्ठीसित भर लिने जीर्ण फितलो
सुकेको छालामा दलिन घरका हाड चुचुरो
फुलेका छन् रौं रौं सकस किन त्यो च्याल चुहिँदो
परी वैशाखीका भर किन हिंड्यो वृद्ध बिचरो !

७७६. भए टोड्के आँखा जगत धमिलो सम्म गहिरो
'पिता', सुन्छन्- 'जा ! जा !' मनुज सजिलै बन्छ बहिरो
नुहेका कुप्रेका तब त चिउँडोसाथ छ घुँडो
सुसेलेका सुय्या ! गरिकन कठै ! वृद्ध वयको ।

७७७. गरे मुद्दा कैयौं समर ननिका क्षुद्र वचन
जपेका छन् ऐले प्रभुकन छ 'नारायण' मन
सुकेका आन्द्रामा अझ अझ त सुक्खा गरिकन
कहाँ तर्ने होलान् तनमन उनीमै दिइकन ।

७७८. खिएजस्तो दुब्लो तर छ बलियो बुद्धि तिनको
मनैमा बोकेका जगत पनि यो पूर्व वयको
चले कैयौं आँधी हररर उडायो प्रलयले
मरे कैयौं योद्धा तर पनि बचे आत्मबलले ।

७७९. तिनै मान्छे नै हुन् अघि समयमा पौरूष गरी
जिते कैयौं ठूला समर मनका जोखिम खपी
विधाताकै वा समय गतिको चक्र गजब
'म' 'मेरो' भन्दैमा परपर छ जाने किन अब ?

७८०. बगैंचाको छेवैनिर अलि यता गौतम थिए
त्यहाँ देखे साँच्चै भयसहित वैराग्यपन हे !
सखालाई सोधे अलि डर पस्यो आज मनमा
न वा भूतै हो त्यो ? किन त यसरी हिंड्छ वनमा ?

७८१. सरे केही दूरी अलिपर पुगे वाग-तटमा
पऱ्यो चिन्ता वा के ? छटपट भए बुद्ध छिनमा
सखे ! के होला त्यो ? मनुज कि न वा जीव कुन हो ?
यहीँ देखेँ मैले जन गजबको दृश्य पहिलो ।

७८२. बसेका खोपीमा वरपर कतै देख्न नसकी
परे छक्कै यस्तो नजरसितको दृश्यसित ती
कुनै बूढो मान्छे लुगलुग गरी काम्दछ घरी
चिनेनन् को हो त्यो ? किन यसरी वृद्धपगरी ?

७८३. बताऊ को हुन् यी ? घरजम छ वा छैन यिनको ?
सुनाऊ गर्छन् के ? घर थर छ के छन्न ! भन यो
प्रभो ! बूढा मान्छे यिनसित कुनै शक्ति र घर
न वा धन्धा केही न त छ यिनमा नाम र थर ।

७८४. यिनी हामीजस्तै मन र बलका खै त वयका ?
सबै यस्तै हुन्छन् कि भन त सखे ! देशभरका
यिनीजस्तै बूढो थरहर भरे हुन्छु म पनि ?
नबन्ने बूढो यो छ कि कहिँकतै औषधि पनि ?

७८५. प्रभो ! यस्तै हामी पनि पछि हुनेछौं वय विती
हुनैपर्ने बूढो नियम पनि हो निश्चित छ नि !
अवस्था यो यस्तो किन र कसरी हुन्छ भन त !
अवस्था यो टार्ने तबर छुटकारा पनि छ त ?

७८६. सबै बूढा हुन्छन् अलिकति कतै छैन छुट यो
सबैमा यो यस्तै नभइनहुने नीति खुद हो
तपाईंका पुर्खा सब सब भए वृद्ध यसरी
विते सारा ऐले नियम सबमा आउँछ सरी ।

७८७. कुरा यस्ता सुन्दा छटपट भए बुद्ध यसरी
बल्यो आगो भित्रै ज्वलन अनि डाहा छटपटी ।
हरायो त्यो मायाँ समर मनको पञ्चविषय
अहो ! वैरागीझैं विचलित भयो बुद्धहृदय ।

७८८. कता जाने होला सबतिर छ वैराग्यपन त्यो
अँध्यारोले ढाक्यो निशिमय बन्यो सृष्टि सब यो
भई बूढो मैले कतिदिन रूनै पर्दछ यहाँ
कता खोजी भेटूँ यस विषयको कारण नयाँ !

७८९. यता छोयो ज्यादा विकलपनले बुद्ध यसरी
चरा तिर्खाएकासरि छटपटी व्याकुल बनी
सखे ! लैजाऊ यो रथ भवनमै वाग नपस
छ यो व्यर्थै मेरो सयल ननिको गर्छु तपस ।

७९०. भुलैँ पैले मैले सुखकन बुझी पञ्चविषय
बुझैँ ऐले यस्ता विषय जति छन् दुःख र भय
यता टोल्हाएका घरिघरि त सिद्धार्थ बिचरा !
महाराजा शुद्धोदनतिर पुग्यो एक खबर ।

७९१. बगैंचा घुम्दामा मन वहकियो रे करूणले
कुनै बूढो मान्छेकन नजरमा आइकन रे !
बुझी झुट्टा सारा विषयकन त्यागेर वनमा
भए हिंड्ने भन्ने खबर सुनियो गौतम यहाँ ।

७९२. परे मुर्च्छा शुद्धोदन तर उठे साहस गरी
यतै फिर्ने पार्ने विषयकन सिद्धार्थ कसरी ?
भुलेका छन् सारा ऋषि, नृप तथा लोकजनता
त्यसैमा भुल्छन् लौ तनमन त सिद्धार्थ अबता ।

७९३. थिए राम्रा राम्रा जति कपिलवस्तीभर परी
सबै डाके आफ्ना वरिपरि र प्रासादतिर ती
परी आए सारा वरिपरि थिए षोडष जति
भुलाओ यो जोगी हुन अब तजी होस् नरपति ।

७९४. दिए आज्ञा-जाओ छमछम कला नृत्य गजब
भुल्याओ जो सक्छौ छटपट छ त्यो गौतम बुझ
बन्यो त्यो वैरागी अब त नचली राज्यकन यो
छ जाने अर्कैमा किन त नहुने भूमिपति त्यो ?

७९५. अँध्यारोले ढाक्यो विषयपथमा बादल छ जो
हटाओ जस्तै होस् हृदयभरि वैराग्यपन त्यो
भुल्याओ चाँडो गैकन अब भुलून् रङ्गरसमा
जुटे सारा नाङ्गै वरिपरि बसे बुद्धसँगमा ।

७९६. बजे बाजागाजा सुमधुर छ आवाज घनन
चुरी नाडी बज्छन् सबतिर थियो कान भनन
कतै नाचे गाए नवरस पिई ऐशविषय
भुलाई बस्छन् ती क्षण क्षण पुगी गौतमसँग ।

७९७. नभुल्ला को मान्छे भनननन संगीतमयमा
सबै प्राणी भुल्छन् सुरमधुर संगीत-सुरमा
थिए ज्यादै बाठा शिशुपन छँदै तीक्ष्ण मगज
बुझे सारा जालो छ वरिपरि बाजा त गजब !

७९८. त्यहाँ बाजा बज्दा पवन पनि सुन्थे हरदम
सुधा थोपा खस्थे तपतप गरी शीतलपन
परी नाच्दा भुल्थे हरित लहरा-पात विटप
स्वयम् नाच्थे छायाँ पनि गजबले यी रवि नभ ।

७९९. निशा हाँसिन् आई मुसुमुसु अहा ! सुन्दर कला
उज्यालो भो सारा हृदय जनको खुल्दछ गला
उता राजा हाँसे मुसुमुसु हुँदै शान्त रसले
यता मायाँ गाँसे अमर पिरतीसाथ सबले ।

८००. भुले केही बेला भवनतिर नैं छन्नसँगमा
सधैँ साथै बस्थे हरतरहका दु:खसुखमा
मिलेका साथीझैँ युगल अनि ती मासुनङझैँ
बसेका हुन्थे छन्न समय सँधै गौतमसँगै ।

८०१. यता बूढो, मान्छेकन त अब बिर्सेर मनमा
बगैंचामा घुम्ने रहर थपियो जो सयलमा
सखे ! जाऊ आफ्नो रथ कस छिटो के छ खबर
अहो ! नाचूँ हाँसू सयल लिउँ घुम्दै वरपर ।

८०२. भुले आँखा आहा ! जगत पनि सौन्दर्य रसमा
डुबुल्की मारेको छ अझ पनि आशक्तिवशमा
उदाएका देखे त्रिभुवन यहीँ मालिक स्वयम्
जता फर्क्यो उस्तै रमझम छ सौन्दर्यपन झन् ।

८०३. चले सारा रौं रौं अणु अणु थिए जो हलचल
भुलेका छन् त्यस्ता अचल मनका गौतम तर
कतै सम्झन्थे ती तरूमुनि बसेका अघि दिन
बगैंचामै जाने मन किन बढ्यो व्यर्थ चयन ?

८०४. बुझी आकांक्षा यो झटपट गरी छन्न रथमा
चढी आए दौडीकन अघि बढे गौतमसँग
कुरा गर्दै मीठा सडकतिरको दृश्यसित ती
बगैंचामा जान्छन् हरतरहका सौख बटुली ।

८०५. बगैंचाको छेवैनिर अघि थियो वृद्ध बिचरो !
थियो रोगी ऐले हरतरहको दुःखसित त्यो
मरैं ऐय्या ! आत्था ! अझ अझ छ चीत्कार उसको
त्यहाँ त्यस्तो देख्दा अझ विकल भो बुद्ध मन त्यो ।

८०६. पुगेको त्यो रोगी कठिन पथमा हिंस्रक रथ
मुना ती काँढाका वरिपरि छ कोर्दै अतिशय
चरा आई ठुङ्छन् छ मयल जमेको र खटिरा
लुतो छाला रोगी सकल जियमा चिल्छ धमिरा ।

८०७. गन्हाएको ज्यादा जियभरि बगी पीपरगत
रूघाखोकी, टी.बी. सबसित झुकी बोल्छ फगत
मरैं ऐय्या ! चाँडो लग प्रभु चुँडी प्राणपवन
ज्वरो आयो खप्नै सकिन म मरैं बाँच्न सकिनँ ।

८०८. सखे, को मान्छे यो ? किन त यसरी रून्छ बिचरो ?
छ जो पीडादायी हरकिसिमको डाहसित यो
प्रभो ! रोगी मान्छे यिनसित डाह छ अब
मरी जानेबेला पनि भइसक्यो चक्र छ सब ।

८०९. यही रोगीजस्तै म पनि हुनुपर्ला ? भन सखे !
निरोगी नै बस्ने मनुज छ कतै ? हुन्छ छुट के ?
सबै रोगी हुन्छन् सबसँग विधाता पसिकन
उही उस्तै देख्छन् समनियम नै हो सबकन ।

८१०. बढ्यो उस्तै घाहा र विकल भए गौतम पुनः
बने त्यागीजस्तै सयल सब छाडेर चयन
यतै बूढो भेटेँ अनि पछि त रोगीकन अझ
सबैमा यस्तै हो वह यदि भने ऐश किन त ?

८११. विरक्ती राजाका सुत अब भए दुःख थपियो
यिनी दुःखी हुन्छन् किन समर यो जीवन लियो
सबै रोगी हुन्छन् तर छ छुटकारा पनि यहाँ
म खोजी भेटूँला जति छ यसको कारण नयाँ

८१२. बनी योगीबाबा वनतिर गए मुक्ति छ हुने
भनी टोह्लाएका किन त यसरी गौतम हरे !
यता राजा शुद्धोदन अझ भएका विचलित
कतै योगी बन्ला कि तनय भनी शोकविकल ।

८१३. भुलोस् छोरो भन्दै सुखसयलका खेल रचिए
यता भागी जाला भनिकन अझै सैन्य थपिए
उता सेनाका छन् नजरपहरा चारतिर नै
कता जान्छन् भागी अब त सजिलै बन्द घरमै ।

८१४. यता राम्रा-राम्रा सुखसयलका खेल रचिए
भुलून् गार्हस्थैमा भनिकन मनोरञ्जन दिए
बसून् खोपीभित्रै कतिदिन अहो ! गौतम अब
घुमूँझैँ लागेथ्यो शहरतिर वा बाहिर सब ।

८१५. भने छन्नैलाई प्रियवर सखे ! घुम्न मन छ
मलाई लैजाऊ शहरतिरको के छ खबर ?
दुबै निस्के साथै वरिपरि घुमेका शहरको
त्यहाँ देखे यौटा निकटतिरकै दृश्य शवको ।

८१६. छ बाँधेको को यो ? मनुज बिचरो बाँधिनु किन ?
कहाँ लैजान्छन् यी मनुज कपडाले कसिकन
प्रभो ! यो यस्तै हो जब मरण भो बाँधिनु पर्‍यो
लगी पोल्छन्, गाड्छन् अब त सकियो जीवन छ जो ।

८१७. थियो तेस्रो यात्री नजरसितको गौतमसित
कतै बूढो, रोगी अनि शव पर्‍यो दृश्य चकित
बुझ्के यस्तै यस्तै कठिनमय पो जीवन छ यो
कहाँ जाऔं खोज्दै हृदयसितको मुक्ति कुन हो ?

८१८. सबै दु:खी हुन्छन् सबसँग निराशा पनि किन ?
सबैमा पो पाएँ सकल जन दारिद्रय छ किन ?
कसो गर्ने होला भययुत तथा चिन्तित खुबै
थिए दु:खी आफैँ हरप्रहर सिद्धार्थ बहुतै ।

८१९. सबै दु:खी बन्ने भयसित परी कारण छ जो
बुझेँ मैले यस्तै म अब कसरी मुक्ति लिउँ यो
सखे ! त्यागी सारा सुखसयल प्रासाद ननिका
बनूँ योगी यौटा रनवन घुमूँ मुक्ति छ जता ।

८२०. ज्यादै छट्पटसाथ गौतम थिए गर्ने कसो के कता ?
भेट्तैनन् जुन वस्तु भेट्नु छ यहाँ पाइन्न खोजी यता
खोजेको कुन तत्व हो ? हृदयमै त्यो तत्व भेटिन्छ जो
हामी साधक बन्नुपर्दछ नयाँ श्रीशान्त सद्भावको ।

८२१. देखे दृश्य तृतीय जो शव थियो मान्छेहरू मर्दछन्
दुःखी मानिस हुन्छ कारण छ के बूढा तिनै बन्दछन्
रोगी मानिस हुन्छ हाय ! कसरी सन्तापले गौतम
थाले छट्पट गर्न छन्नसँगमा पार्दै उदासी मन ।

८२२. यस्तो दुःख खपेर बस्नु किन यो दारिद्र्यको लोकमा
बूढो भैकन कष्ट खप्नु कसरी सन्त्रासको शोकमा
रोगी दुर्दुर छिः भई कति रहूँ स्वार्थीहरूकासित
प्यारा छन्न म मुक्ति खोज्दछु यिनै ठूलै तपस्यासित ।

८२३. रोगी, वृद्ध र कालदेखि परको बाटो नयाँ खोज्दछु
त्यागी यी घरबार बान्धवहरू एकान्तमा बस्दछु
मेरा निम्ति समाज क्रान्तिपथको निर्माण गर्दै छ यो
यौटा शान्त समाज निर्मित गरूँ कैल्यै नमर्ने छ जो ।

८२४. दुःखी गौतम बुद्ध छन् हृदयका चिन्ता हुँदा लोकका
सारा जीवन दुःखसागर छ यो जम्छन् कष्टा शोकका
मान्छे वृद्ध भएर छट्पट हुने जो दुःखको भोग हो
रोगी मानिस बन्नु कारण रह्यो दारिद्र्यको चेत हो ।

८२५. थाले घुम्न समाजमा अझ पसी ती छन्नका साथमा
सन्ध्याकाल, विहान सूर्यसँगमा वा रातमा-प्रातमा
देखे दृश्य विचित्रका जति थिए गम्भीर बन्दै गए
हुर्केका दरबारमा तर छिटै सामान्य जस्तै भए ।

८२६. यौटा व्यस्त खचाखची शहरमा घुम्दै थिए गौतम
हाँक्थे सारथि जोडले शहरको बाटो समातीकन
बाठा सारथि छन्न चर्चित थिए जान्ने कलाकौशल
आहा ! राजकुमारको रथ भनी श्रद्धा र पूजा छ, र ।

८२७. गुड्दैथ्यो रथ वेगयुक्त गतिले दायाँ र बायाँ बुझी
केही दूर पुगेर टक्क अडियो आश्चर्य लाग्यो पनि
प्यारा छन्न विचित्र दृश्य छ उता केही अड्याऊ रथ
के हो त्यो सब हेर्नुपर्दछ गई ती दृश्य छन् सुन्दर ।

८२८. ॐ नारायण शान्तभाव सबमा मूली थिए एक जो
भन्थे शान्त ! छ दुःखसागर यहाँ माया तथा लोभको
छन् एकत्व सबैजना तर त्यहाँ यौटा कुनै भिक्षुले
छर्दैथे उपदेश दिव्य तिनमा सुन्दै थिए लोकले ।

८२९. देखे दृश्य सुशान्त भिक्षु पहिलो त्यो दृश्यमा चार हो
पैलो वृद्ध, द्वितीय रोगहरूको दुःखी कुनै व्यक्ति हो
तेस्रोमा शव देखियो नजरमा यो दृश्य चारौं पनि
आयो मानिस एक अद्भुत थियो श्रीशान्तको जीवनी ।

८३०. टीका चन्दनले ललाट रसिलो पैह्री पहेँला लुगा
भाँडो एक छ जो कमण्डलु थियो शोभा दिने हातका
गेरूवस्त्र सुशान्त भाव मनका त्यागी थिए वैभव
आफैं स्वर्ग र नर्क हुन् वचनका बूढा स्वयम् शैशव ।

८३१. ज्ञानी भिक्षु त्रिकाल दर्शन स्वयम् आत्मा-परात्मा दुवै
आफैंभित्र छ सृष्टिब्रह्म जगका शोभा दिने चन्द्रझैं
तेजी धप्धप सूर्यझैं जगतमा एक्लो स्वयम् चम्किलो
खिच्छन् तेज सहस्र लोक-गणको तेजी स्वयम् हुन्छ जो ।

त्रिष्टुप् छन्द ।

८३२. मनमनै यिनी शान्तभावले
वन पसे स्वयम् आत्मज्ञानले
कुन कुरा छ खाँचो सबै मिल्यो
सुख र शान्तिको चीज हुन्छ जो ।

८३३. विपिनबीच छन् भिक्षुदेवता
कमल-कोपिला शुभ्र-भावका
हरित प्राणमा छन् सजीव ती
निकट यात्रुदेव त्रिकालकी !

८३४. कुसुम वागमा पीतवर्णका
ललित लालिमा वस्त्रसाथका
वचनमा छ दिव्यास्त्र मोहनी
तिमिर साँझका शुभ्रचाँदनी !

८३५. घर न घाटका भिक्षुदेवता
कुन विचारले ती हिंडे यता ?
छ सृजना कलाभित्र अद्भुत
छ रचना स्वयम्भित्र पूर्णतः ।

८३६. सुख यहीँ छ खोजे छ दुःख नै
मन भए यतै शान्ति मिल्छ नै
प्रकृतिभित्र हुर्केर झर्नु छ
यति कुरा गरी दुःख मेट्नु छ ।

८३७. मधुर वासना बागबागमा
विटप फेदमा बित्छ जीवन
कुन छ दुःख यी भिक्षुमा भन
तब हिंडे यिनी त्यागले वन ।

८३८. चन्द्रवर्त्म निगदन्ति रनभसै
भिक्षु-दर्पण थियो कि यससँगै ?
दृश्य अद्‌भुत छ भिक्षुहृदयमा
विश्वब्रह्ममय कीर्तिशिखर छन् ।

८३९. अर्चना विटपको र हरितको
श्वेत पर्वत र शान्त गगनको
शून्य, भावुक बनेर जगतमा
भिक्षु हेरूँ नमुना सुखघरमा ।

८४०. यात्रु अद्‌भुत यिनी छ जपतप
छैन निन्दित कलासित तपस
शान्ति शान्ति तप केवल यिनमा
के छ आखिर यहाँ समर नयाँ ?

८४१. यी निरन्तर बगीकन छहरा
भिक्षु डाक्दछ उता नद-नहर !
रून्छ मानिस जहाँ हृदयसँग
दुःख, पीर अनि दर्दमय मन ।

८४२. दुःखदेखि पर छन् सुखजगत
प्राप्त हुन्न जति खोज गर यता
भिक्षुको हृदयभित्र पसिकन
खोज्नुपर्दछ सुखी घर नमुना ।

८४३. त्रासपूर्ण मनबीच समरमा
आज गौतम त भिक्षु नजिकमा
चेतपुस्पक फुल्यो गजब भयो
आज गौतमसँगै छ जगत त्यो ।

८४४. व्याख्याकार छ विन्दु विन्दु सबका ॐकारमा अन्त छ
आत्मा स्वच्छ समाजवाद तिनमा दृष्टान्त जो साम्य छ
जोगी शान्त स्वभावका प्रणयका साक्षात् तिनी ईश्वर
ईर्ष्या, डाह र मोह छैन मनमा त्यो जिन्दगी सुन्दर ।

८४५. चिन्ता छैन म वृद्ध हुन्छु पछि त्यो चिन्ता छ के भिक्षुमा
रोगी हुन्छु म, छैन चिन्तन कुनै मुर्दा भए के यहाँ ?
यौटा खोज छ शान्ति मार्ग छ कता ? भेटिन्छ वैराग्यमा
त्यस्कै खोज गरी हिंडे कि जगमा नक्शा रहे भिक्षुमा ।

८४६. देखे भिक्षु समीप शान्त मनले हिंड्दै गरेका कतै
बोले गौतम-छन्न, को जन यिनी ? आँखा जुधे ती दुबै
प्यारा गौतम, भिक्षु हुन् जगतका आँखा यिनी तेजका
मायाजाल, जहान बन्धु सबका त्यागी यिनी प्रेमका ।

८४७. नाता औ घरबार पुत्र यिनका छैनन् कुनै बान्धव
सीधा मार्ग लिए अजम्मर हुने सम्बन्ध त्यागी सब
मैत्रीभाव छ मोक्षनिम्ति यिनमा सम्पूर्ण प्राणासित
हामी दुःख समुद्रमा डुबिरह्यौं भन्छन् पुगून् जोसित ।

८४८. प्यारा छन्न, छ के त नाम यिनको गर्छन् यिनी काम के ?
बस्ने वास कता छ वंशज कसो ? यी वंशमा जात के ?
कैलेदेखि हिंडे भुलेर जगमा हिंड्छन् कतिञ्जेल यी ?
के हो आखिर प्राप्ति भिक्षुसितको खोल्छन् कहाँ द्वार ती ?

८४९. धर्ती नै घर शान्तभाव धन हो सन्तान हुन् इन्द्रिय
आत्मज्ञान छ मोक्षमार्ग यिनको हिंड्छन् बनी निर्भय
यस्तो वंशपरम्परा छ यिनमा सत्कर्म हुन् जातमा
भेट्छन् आखिर प्राप्ति मोक्ष यिनले सत्चेतको आँतमा ।

८५०. भेटेँ बल्ल विशाल व्यक्ति अहिले खोजी गरेथेँ जुन
भुङ्ग्रोबाट म निस्किएँ विपिनमा निर्वाध हावा लिन
आँखा गौतमका खुले अब भने सुन्दा कुरा छन्नको
आयो चेत र शक्ति जन्मन गयो सत्चेत ऊर्जा बल्यो ।

८५१. कानो भन्दछ नेत्र दे ! र बहिरो सुन्ने कला खोज्दछ
आँखा गौतमका भए कति छिटै आँखा स्वयम् भिक्षु छ
गर्मीका क्षणमा चिसो जल बन्यो जाडो हुँदा ताप भो
खोजेथे जुन वस्तु मिल्दछ त्यही इच्छा भयो पूर्ण जो ।

८५२. चौथो दृश्य थियो सुशान्ति थपियो पानी पिए प्यासको
देख्दा भिक्षु खुशी भए अझ तिनी ठानी सही मार्ग यो
यस्तै भिक्षु अवश्यमेव म हुँला संकल्पको घोषणा
भन्छन् गौतम- दुःखबाट सबमा बाचौँ बचाऔँ यहाँ ।

८५३. एक्लो आँट अठोटसाथ कसिए संसारको मुक्तिमा
आजैदेखि म लाग्छु शान्त तपमा के बस्नु प्रासादमा
प्यारा छन्न, चतुर्थ दृश्यसित यो तृष्णा सबै मेटियो
त्यागी यी सुखभोग जान्छु सँगमा साथी बनी भिक्षुको ।

८५४. पाएँ मंगलरूप दर्शन यहाँ हे सारथे यो रथ
चाँडो हाँक र वागको सयलमा आनन्द नाचौं अब
हाँकेका रथ वेगपूर्ण गतिले हावा भए सारथि
देखे दृश्य अहो ! मनोरम थियो उद्यानमा ती अडी ।

८५५. त्यो उद्यान थियो असाध्य रसिलो औ पोखरी देखिए
गर्दै स्नान तलाउमा पनि बसे कैले छहारी लिए
खाए टन्न रसाउने फल टिपी क्रीडा गरे साथमा
खेल्छन् गौतम छन्नसाथ यसरी बिर्सेर आनन्दमा ।

८५६. हरितमय कलाकोसाथमा फूल छायाँ
वरिपरि भ्रमराका गीत संगीत नाना
भुँ भुँ भुँ भुँ भमराले राग मीठा अलाप्दा
फुरफुर पुतलीमा मोहनीको कला छ ।

८५७. चिरबिर छ चराका मोहनीले छुने त्यो
कुन हृदय नभुल्ला वाग सौन्दर्यको जो
दिनभरि त बगैँचामाभ्क हाँसे रमाए
रह-रहसित खेल्दै आत्मभित्रै नुहाए ।

८५८. हृदय अब रमायो बुद्ध धेरै खुशी छन्
सँगसँग त बसेको भो खुशी छन्नमा भ्कन्
प्रिय ! मन सब पग्ल्यो आज सौन्दर्य वस्त्र
पहिरन म सिँगारूँ ! रूप पारी विचित्र !

८५९. पहिरन शुभबेला वस्त्र नानादि आए
वरिपरि त सुसारे मोहले सुस्सुम्याए
जियभरि त सिँगारे वस्त्र श्रृंगार भो रे !
खबर सब पुग्यो यो बुद्ध धेरै रमाए ।

८६०. पहिरनसित खेल्दै वागक्रीडा गरेका
खबर यति पुगेथ्यो अप्सरा ती खटेका
कपिलपुर समीपै रम्य उद्यानभित्र
सयलसित बसेका बुद्ध देखी विचित्र !

८६१. पहिरन अभ्क राम्रा इन्द्रले पो पठाए
लिइकन तल जाऊ विश्वकर्मा खटाए
पहिरन गरिदेऊ शान्त सिद्धार्थलाई
वरिपरि अरू नारीमाभ्कमै बस्नु जाई ।

८६२. यति बुझिकन आए विश्वकर्मा रमाई
पहिरन खुब राम्रो स्पर्श छुट्टै गराई
जियभरि त मुसाऱ्यो आज कल्ले मलाई ?
वरिपरि सब हेरे बुद्धले दङ्ग खाई ।

८६३. हरितमय बगैंचामाझमा पीत वर्ण
झलमल गहना छन् मूल्यका ती सुवर्ण
त्यसबखत उदाइन् चन्द्रमा ज्योति छर्दै
चमकचमक तारासाथमा प्रीति भर्दै ।

८६४. हरबखत रमाई अप्सरा छम्छमाई
पहिरनसित मीठा गीत संगीत गाई
छमछम सब नाचे बाँसुरी तिर्तिराई
वरिपरि पिरतीका मोहमाया फिँजाई ।

८६५. जगतभरि उज्यालो आज सिद्धार्थ देखी
नजिक नजिक सन्ध्या आउँछिन् चाल रोकी
वरपरकन बुझ्दै झट्ट सन्ध्या कुदेकी
पहिरन पहिरेकी आज मौका बुझेकी ।

८६६. प्रियवर पति पाऊँ एक आशा लिएथैं
झटपट तब आएँ आज सिद्धार्थ पाएँ
हृदय जति छ सङ्लो हुन्छ इच्छा तथास्तु
तर म त अब चाँडै भिक्षु यौटा हुनेछु ।

८६७. अब वहमय पीडा दर्दको मुक्तिनिम्ति
वनवन तपसी भै बुद्ध हिंड्छन् सधैं नि !
यति भनिकन कोही अल्पियो रे नजानी
अघि पनि त भएथ्यो हेर ! आकाशवाणी ।

वंसस्थ छन्द ।

८६८. भुली बगैँचासित आज गौतम
बुझे स्वयम्ले सुखभित्र जीवन
सजीव उद्यान छ चाल हेर त !
प्रमाण के हो ? भर फूलमा पर ।

८६९. मनुष्यझैँ छन् लहराहरू हरा
र बोल्दछन् ती हरकालमा तर
सुकर्मका छन् अनि सद्विचारका
चढेर हाँगाहरूमाथि हेर त !

८७०. चराहरू चिर्बिरले कराउँछन्
र प्रीत मीठो तिनले लगाउँछन्
हराधरामा भमरा रसादमा
डुबेर मर्छन् कि कडा विषादमा ?

८७१. भुलेर व्यर्थै सुखको हरासित
म डुब्न आँटैँ यशयुक्त वाग छ
छ वस्त्र राम्रा म भएँ सुसज्जित
हरासितै यो कति काल छिप्नु म ?

८७२. यता थिए गौतम आज सज्जित
उता थियो डाह यशोधरासित
चिटिक्क छन् गौतम पीतवस्त्रले
अनेक श्रृंगार छ नव्यचालले ।

८७३. डुली बगैँचाकन छन्न साथमा
लिएर आनन्द नयाँ कलामय
अहो ! भुले गौतम शान्त वागमा
छ दृश्य सौन्दर्य नभुल्नु के भन !

८७४. फुलेर जाई र जुही गुलाबले
गरे कि सत्कार अदृश्य चालले
भुली गए गौतम फूलसाथमा
छ चाल के राजकुमारको यहाँ ?

८७५. उता बसेकी घरमा यशोधरा
खुशी भएकी बिचरा अहो ! यता
छ वस्त्र राम्रा मनभित्र गौतम
सँगै रहन्नन् कि यशोधरासँग ?

८७६. थिएन चिन्ता घरवारतर्फ यी
रहेर एकान्त सधैँ भुले कि ?
बढेर आयो अब पेट डम्म भो
छ कष्ट ज्यादा हलुको भएन यो ।

८७७. मरेँ मरेँ आत्थु ! भनी यशोधरा
परिन् बिछ्यौना दरबारमा उता
थिए सुसारे सँगिनी र वैद्य जो
भयो कसो आज यशोधरा अहो !

८७८. छ छट्पटी हाय ! कराउँछिन् मरेँ !
बढेर आयो अझ दुःख कष्ट हे !
छ पेट दुख्दो अनि हात-पाखुरा
सधैं दुखेको छ अहो ! कठैबरा !

८७९. छ गर्भ ऐले दशमासको भयो
खुराक राम्रो हरिया छ साग जो
टिपी पहेँला फलफूल खाद्य औ
बुटी अनेकौं सँगिनी जुटाउँथे !

८८०. भयो उज्यालो अब पूर्वतर्फको
पहाड झुल्क्यो कि तराईमा अहो !
प्रकाश छर्दै सबतर्फ सूर्यले
चरा उठाएर नयाँ उमङ्गले ।

८८१. प्रभातको दिव्यमुहार देखियो
यता नयाँ जाँगर जीवको थियो
सफा थियो आज सुशान्त मौसम
न उष्ण ज्यादा न त शीत औ हिम !

८८२. सुखी सबै छन् जनता तथा उता
थिए प्रजावत्सल भूप देशका
र सन्त-योगी ऋषि वा तपीहरू
हऊन् भिखारी सुख भोग्दथे अरू ।

८८३. विहानको सुन्दर दृश्यकासँगै
चरा थिए चिर्बिर तानमा सबै
प्रकाशले पूर्व दिशा छ उज्ज्वल
हिमालमा ज्योति छरी दिवाकर ।

८८४. मुसुक्क हाँसे हरिया पहाड यी
लता झुकेका वनभित्र हेर ती !
छ है झुकेको गुणले भरिन्छ जो
गुणी र विद्वान् नझुकी रहन्छ को ?

८८५. सुशान्त झाडीभरि फूल पल्लव
कला सिँगार्छन् जसमा सजीव छ
सजीवता यी वनमा पहाडमा
हिमालमा औ जनका विचारमा ।

८८६. भयो उज्यालो जगमा जताततै
मुसुक्क हाँसे हिमका पहाड है !
छ शान्त सारा सबमा छ उन्नति
प्रभातसाथै सब भो पदोन्नति !

८८७. उता उज्यालो तर हेर निष्पट
भयो अँध्यारो कि यता यशोधरा
भएन सञ्चो कुन योग हो त्यसो
शरीर दुख्ने अनि पेट नै फुल्यो ।

८८८. बढ्यो व्यथा जो अति कष्टदायक
मरैं म ऐय्या ! नजिकै छ संकटा !
खपिन् सबै ती जुन कष्ट आउँछ
व्यथा छ के त्यो ? अब निस्कुँ ! च्याउँछ !

८८९. भईन् कि वेहोश त्यहाँ यशोधरा
सुपुत्र जन्म्यो सुरिलो छ च्याँकर
उता चराको चिरबिर्र चिर्बिर
यता नयाँ त्यो शिशुको छ च्याँकर !

८९०. हतार गर्दै परिचारिका कुदे
खटे सुसारे अनि सूचना दिए
कहाँ कता छन् यस पुत्रका पिता ?
पुऱ्याउँ सञ्चार भनी कुदे उता ।

८९१. पुगे बगैँचा दरबारमा कतै
सुपुत्रको जन्म भयो भनी सबै
जता थिए गौतम ठाउँ जो बुझी
र सूचना यो तिनले दिए पनि-

८९२. छ भाग्यमानी शिशु त्यो अजम्मरी
थिए अहो ! शान्त पिता सधैँभरि
यशोधराको अब शान्त जीवन
हुनेछ टाढा सब कष्ट बैगुन ।

८९३. सुपुत्र जन्म्यो घरवार पूर्ण भो
छ भाग्यमानी अनुहारले अहो !
सुसूचना गौतमले सुने जब
बसे थचक्कै थप दु:ख भो अझ ।

८९४. भयो अँध्यारो मनभित्र गौतम
असाध्य रोए कुनमा छ चिन्तन ?
ल, दु:ख पाएँ कुन कूटनीतिले
बनेँ पिता हा ! अझ दु:ख बढ्छ हे !

८९५. ल, राहु उत्पन्न भएछ आज नै
र दु:खमा दु:ख बढ्यो ममा अझै
छ मर्नुपर्ने तर जन्म यो किन ?
भए विरामी मनभित्र गौतम !

८९६. न हर्ष आयो अझ झन् छ विस्मत
दरिद्रझैँ गौतम छन् पराजित
भएन केही यश पुत्र जन्मँदा
छ कष्टदायी व्यवहार सम्झँदा ।

८९७. भएर दु:खी चुपचाप गौतम
छ मुक्ति के मा ? कुन गर्नु चिन्तनं ?
न हर्ष माने न हतारले हिंडे
सुपुत्र आफ्नै ग्रह संकटा बुझे ।

८९८. छ 'राहु' यो, गौतमले भने तब
न्वारानमा जुर्छ सुनाम 'राहुल'
कुमार साना जयगान भो तर
छ राहु यो गौतमको जल्यो मन ।

८९९. खुशी सबै छन् र यशोधरा पनि
असाध्य दु:खी किन छन् महामुनि !
डरेर शुद्धोदनले हतारले
गरे महाउत्सव जो स्वतन्त्रले ।

९००. सहर्ष शुद्धोदन सुप्रबुद्ध औ
प्रजापती छिन् अनि हर्षसाथ लौ !
र छन्नमा झन् थपियो अझै सुख
परन्तु छन् गौतम हाय ! विस्मित !

९०१. उता सुसारे पनि छन् खुशी सब
हुनेछ राम्रो सुखशान्ति छाउँछ
लिई अनेकौं उपहार दौलत
सुखी सबै छन् जनभित्र वैभव !

९०२. भतेर खाए जयगान भो सब
सधैँ बचून् राजकुमार राहुल
पुगे फिरन्ते, ऋषि शान्त भावका
चिना लगाए छ दशा कसो कता ?

९०३. सबै भुले उत्सवमा यता तर
उता थिए गौतम हाय ! विस्मत
भने कुरा गौतमले यिनै त्यहाँ
छ शान्ति के मा ? मन शान्त भो जहाँ ।

शार्दूलविक्रीडित छन्द ।

९०४. चिन्तामै हरकाल गौतम थिए देखे जहाँ दृश्य ती
रोगी, वृद्ध र लासको पछि थियो गम्भीर कोही मुनि
पाँचौ दृश्य अझै भयानक भयो छाड्यो अहम् च्याँकर
यो हो कारण दुःखको जगतमा रून्छन् सबै आखिर ।

९०५. जन्म्यो 'राहु' अझै त दुःख थपियो दुःखी थिए गौतम
ज्यादा हर्षित जन्म राहुल हुँदा रानी र शुद्धोदन
ठूलो उत्सव भो सहस्र जनमा आशा पलायो नयाँ
चिन्तैमा तर हाय ! गौतम थिए त्यस्मा छ के कारण ?

९०६. प्यारो 'राहुल' नाति प्रेम भरियो आशा गरेको जति
राजा बन्दछ भोलि श्रेष्ठ जगको नेपालकै उन्नति
यो सम्राट हुनेछ शान्तिपथको संसारमा चम्किने
मर्ला आखिर त्यो अकाल वयमै आतङ्क आतङ्कले

९०७. क्षत्री वीर भनून् यहाँ तर कतै पुर्खा थिए राहुल
पुर्खा को नसकून् चिनाउन कतै होस् गोप्य औ सुस्थिर
राजा हुन्छ अवश्य राहुल वडा सम्राट यो भेगको
सारा भारतमाथि हुन्छ विजयी यो वीर नेपालको ।

९०८. यो कोही अवतार होइन कतै श्रीकृष्ण वा विष्णुको
राजा श्रेष्ठ हुनेछ विश्वभरको श्री शान्तिको मार्गको
श्रद्धा लोक गरून् अहो ! नृप यिनी पुर्खा थिए राहुल
वंशैवंश जहाँ छ शान्त नृपको सेवा कला सुन्दर ।

९०९. आयो तर्कवितर्क ज्योतिषिहरू औंला गनी भाँच्दथे
राजा राहुल हुन्छ तापनि यहाँ त्यो नासिने देख्दथे
यस्कै कारणले त गौतम हिंडी बन्छन् भरे बुद्धता
राजा कारण क्लेश दुःख सबका हुन्छन् सबै धृष्टता ।

९१०. सातौं स्थान छ लग्नको ग्रहदशा भो राहु त्यो दुश्चर
खै सत्दृष्टि त चन्द्रमा पनि उता छन् बक्रमा शुक्र र
आठौंमा शनि भौम लग्न रहँदा लाग्नेछ है चोट रे !
सारा वंश हुनेछ नास पछि यो देखिन्छ नै खोट हे !

९११. विद्यामा भरिपूर्ण हुन्न पछि यो छन् संकटामा बुध
हारेका ग्रह शुक्र ती पछि परे रेखाहरू स्पष्ट छ
छैनन् ती गुरू लग्न सूर्य बलिया कम्ती भए योगमा
राशी वृश्चिक क्रोध हुन्छ जसमा राजा रिसाहा यहाँ ।

९१२. बाह्रौं स्थान छ शून्य हेर जसमा आँखा पर्‍यो केतुको
लग्नैमा किन राहु दृष्टि ननिको जान्ने यही हेतु हो
बीसौं शून्य छ मूल वंश सबको हो काल त्यो दण्डित
राजा राहु हुन्छ गिर्छ तर यो प्रष्ट्याउँछन् पण्डित ।

९१३. आए पण्डित विज्ञ ज्योतिषिहरू राशी जुराए पनि
यौटै नाम रहन्छ बुद्ध जगमा बाँच्तैन कोही पनि
प्यारा राहुलमा हुँदैन परको सन्तानको उत्पति
ओहो ! सृष्टिविहीन, वीज नहुने जन्मन्न सन्तान नि !

९१४. आए वैद्य हरेक औषधि लिई होस् वीर्य धेरै भनी
के हुन्थ्यो उपचार राहुल भए निस्वीर्यका आखिरी
खै शुद्धोदनवंशमा कुन रह्यो ? बाँचीरह्यो जो तप
भन्छन्- बुद्ध छ नाम मात्र अहिले छैनन् कतै वंशज ।

९१५. तर्के हो सब ठीक ठीक कुन हो ? त्यो नासियो वंशज ?
साँच्चै ती यदुवंशझैं हुन गए ? उस्तै भयो लक्षण
यो नेपाल छ शान्तिक्षेत्र भनिने धेरै भए राष्ट्र यी
जो प्रस्ताव पर्‍यो र शान्ति भनियो वीरेन्द्र भन्छन् सही ।

९१६. त्यो उद्यानमा भुले शयलमा आनन्दको खोजमा
आई दूत कतै भन्यो- प्रिय प्रभो ! भो पुत्र प्रासादमा
चिन्तासाथ हरेक व्यक्तिसँगमा भन्थे यसो गौतम
मेरो वंश अवश्य नष्ट छ हुने को राज्य गर्ला भन !

९१७. बिर्से पुत्र उता प्रिया पनि भुले प्रासाद जो विर्सिए
थाले डुल्न अनेक गाउँघरमा चिन्तासितै बाँच्तथे
भन्थे लोकहरू छ धन्य अहिले छोरो भयो सुन्दर
हाम्रा राहुल धन्यवाद ! सबको आफ्नै थियो मङ्गल !

९१८. सन्ध्याकाल थियो उता गगनमा तारा उदाए पनि
आइन् चन्द्र यतै मुहार हँसिलो धर्ती सजाऊँ भनी
चिर्दै चर्चर अन्धकार जगको ती जुन्किरी उड्दथे
आफ्नो जो छ प्रकाश उज्ज्वल थिए सत्मार्गमा जो थिए ।

९१९. तारा चम्चम चम्किए गगनमा जो सत्यमा हिंड्दथे
छन् तारा ध्रुव सत्य एक नभमा चल्दैनथे डेग हे !
मान्छेभित्र असत्य मात्र छ यहाँ तारा चलेकासरि
यौटै छन् ध्रुब सत्य आज कसरी सोच्थे यही बुद्ध ती ।

९२०. त्यो बेला सब गाउँगाउँ-घरमा बत्ती उज्याला बले
बाटोसम्म प्रकाश दिव्य भरियो सन्ध्या चलिन् वेगले
थाले भुक्न छ काम जो कुकुरको पालो र कर्तव्यले
सोभ्को जो नुनको गरेर तिनले पालो दिए पूर्ण हे !

९२१. सानो सुन्दर एउटा शहरमा डुल्दै थिए गौतम
भुक्थे स्वान कतै त स्यालगणको आवाज हुय्यासँग
सन्ध्याकाल विचित्रता सब थियो के के थियो के थियो
हिंड्थे गौतम सोचमग्न मनले सोच्ने कुरा के थियो ?

१२२. आए गौतम मार्ग उज्ज्वल हुँदा सन्तोष केही भयो
सारा शान्त थियो हरेक घरमा बत्ती बलेको थियो
देखी गौतम मार्गमा अनि कतै आवाज नेपथ्यको
कोही बोल्दछ धन्य ! धन्य ! यति नै आवाज प्रासादको ।

१२३. देखें शान्त मुहार गौतम तिमी के शान्ति नै खोज्दछौ ?
यौटा शान्ति यता छ हेर त तिमी, आवाज यस्तै छ त्यो
प्यारा गौतम धन्य छौ अब तिमी संसारका छौ सुखी
जन्म्यो राहुल पुत्र सुन्दर अहो ! मान्छेहरूका रवि ।

१२४. श्रीसौभाग्य बढ्यो अझै बढिरहोस् क्षत्री तिमी वीर हौ
त्यस्तो सुन्दर पुत्र जन्मन गए यात्रा भयो पूर्ण औ
आमा धन्य रहिन् पिता पनि अहो ! छन् शान्त संसारका
प्यारा गौतम धन्य धन्य जगका श्रीशान्तिका मार्गका ।

१२५. श्रद्धासाथ झुकेर गौतमसितै बोलिन् कृषागौतमी
प्यारा, हर्षविभोर आज म भएँ देखें समीपै तिमी
चाहेथें अघिदेखि भेट्छु म भनी खोजें कतै भेटिन
हेरें चारदिशा हरेक पलमा मात्रै तिमी देखिन ।

१२६. भन्छिन् हर्ष लिएर गौतम तिमी छौ शान्तिको यो जिमी
सक्छौ थेग्न समुद्र, पर्वत सबै साँच्चै जिमी नै तिमी
टेकून् पाउ सहस्र वीरजनले खोसून् खनून् जे गरून्
मान्दैनौ कति दुःख पर्वत तिमी जस्माथि जो जो चढून् !

१२७. यस्ता शान्त मुहारका पुरूष जो आफ्नो बनाई पति
साँच्चै धन्य भईन् तिनी पनि यहाँ संसारकी छिन् धनी
पाईन् राहुल योग्यपुत्र जसकी आमा बनिन् उत्तम
बाबा धन्य ! कुमारका यति भनी रोईन् कृषागौतमी !

१२८. चाहन्छ्यौ कुन वस्तु सृष्टिभरिमा खोजेर त्यो ल्याउँला
रूने कारण के छ आज यसरी छाडी कहाँ जाउँला ?
पाएँ सुन्न छ 'शान्ति' शब्द मुखमा रून्छ्यौ तिमी नै तर
के माग्छ्यौ भन जो छ साथ दिउँला छाती चिरी चर्चर ।

१२९. मेरा साथ छ क्लेश, दुःख मनमा सन्ताप छन् नौथरी
खोजी शान्ति म हिंड्छु छट्पट बनी सो दिन्छु बाँडीचुँडी
केही पर्ख म बुद्ध प्राप्त गरूँला छर्नेछु जो शान्ति छ
आई टिप्नु अगाडि झट्ट दगुरी श्रीशान्ति जो मिल्दछ ।

१३०. हे प्यारा कुन वस्तु माग्नु अहिले ? यौटी कुमारी हुँ म
बोलिन् फेरि छ प्रीति वाक्य मुखमा मेरा तिमी नै धन
चाहेको ऋतुदान हो यति भए सन्तुष्ट बन्नेछु म
इच्छा पूर्ण गराउँदा तब तिमी हुन्छौ सबैका गुण ।

१३१. पाऊँ गौतम नै भनीकन सधैं रोजी बसेकी म त
पाएँ बल्ल उराठका दिन गए ऐले मिल्यो संगत
पाएँ प्राण छ शान्ति मार्ग यसमै पैले हिंडेका पथ
विर्सें कष्ट सबै थिए जति जहाँ ऐले मिल्यो वैभव ।

१३२. यो नै हो पहिलो सुशान्त पथको सीमा प्रियाकासँग
आऊ साथ अरू म मागिदन कुनै साटौं दुबैका मन
यस्ता शब्द सुनेर गौतम त्यहाँ प्रासादमा हेर्दछन्
अग्लो झ्यालविशेष छिन् गुणवती भन्छन् कृषागौतमी ।

१३३. छिन् आशक्त ममा यिनी किन भइन् ? सोचेर नानाथरी
मोती हार दिए तुरून्त तिनमा आशक्ति टारूँ भनी
पाई सज्जित हार मोहित बनिन् चाँडै कृषागौतमी
पक्कै गौतम छन् खुशी तब ममा सत्प्रीति गाँस्लान् पनि ।

१३४. जस्मा छन् गुण रूप उत्तम यहाँ आशक्त हुन्छन् सब
देखी चन्द्र कहाँ विकर्षित भए मान्छन् सबै गौरव
राम्री रूपवती तथा गुणवती क्षत्री कुमारी तिनी
देखी गौतम आज मोहित भइन् स्वामी बनून् यी भनी ।

१३५. छिन् आशक्त असाध्य गौतमसितै मोती लिइन् सज्जित
पैह्रिन् हार खुशी भएर मनमा बन्दै कृषा लज्जित
ओ मेरा मन ! जिन्दगी सब तिमी पर्खीरहेकी छु म
आऊ साथ र गाँस प्रीति दिलले मेरो पुगोस् चाहना ।

१३६. यस्तो चाल बुझेर गौतम छिटै प्रासादमा उक्लिए
आफ्नो धर्म बुझे म भुल्दिन कतै ओछ्यानमा पल्टिए
चिन्ता धेर थियो र हाय ! मनमा आएन निद्रा पनि
त्यस्मा शान्ति छ क्लेश, रोग नभए यस्तै गरी खोजनी ।

१३७. माफी माग्दछु हे कृषा ! जब तिमी मेरा भनी गौतम
सम्झन्छ्यौ तब हुन्छु साथसँगमा श्रीशान्तिका निम्तिमा
सम्झन्छ्यौ ऋतुदाननिम्ति त भने माता तिमी बुझ्दछु
मेरा लागि त शान्ति शब्द मुखले पैल्यै दियौ धन्य छु ।

१३८. देऊ माफ कृषा, म जान्छु घरमा ऐले म दिक्दार छु
भेटौंला पछि बुद्ध बन्छु जहिले भेट्नै म तैयार छु
साह्रै दिक्क भएर गौतम पुगे आफ्ना विछ्यौनातिर
के मैले गृह त्याग्न सक्छु अहिल्यै ? त्यागी हिडूँ आखिर ।

१३९. जूनी मानिसको भएर यसरी यी क्लेशका दुःखमा
फन्दामा कति बस्नु हाय ! मनले के बाँच्छ यो लोकमा ?
तार्नै पर्दछ लोक बुद्ध म बनी जो नाम बाँच्ला भरे
केही उत्तम काम गर्न नसके यो जन्मको सार के ?

९४०. पल्टे गौतम सोचको शयनमा आए उही नर्तकी
हाँसून् गौतम मस्त रौनक चढी इच्छा लिएका यति
थाले नाच्न छ हावभाव अघिकै बाजा बजे नौमती
नाचे छम्छम बैंस सोह्र वयका जम्मा भई नर्तकी ।

९४१. चिन्ता व्याकुलसाथ गौतम हुँदा छैनन् कि आकर्षित
वास्ता छैन न नाच गीत तिनमा देखेर वेइज्जत
चाँडै गौतम नीदमा परिगए वैराग्यरूपी थिए
जस्का लागि छ नाच यो तर उही ऐले निदाईरहे ।

९४२. कस्का निम्ति सुनाउँ गीत रसिलो नाचेर यो छम्छम
स्यावासी पनि छैन इज्जत गयो छन् नीदमा गौतम
कोठा गौतमको विशाल पनि हो जम्मा भएका सब
जो पारंगत नाचमा र लयमा छक्कै परेका अब ।

९४३. निद्राका वशभित्र गौतम हुँदा ती नर्तकी लाजले
सुत्छन् गौतमसाथमै चुप रही गर्दै कुरा सासले
पल्टेका सब दृश्य अद्भुत बन्यो नाङ्गै थिए नर्तकी
उत्तानो कति ठिङ्ग हेर बिचरी ! पालो बसे के गरी ?

९४४. कोल्टेका कति ओल्टिने कति थिए नाङ्गी भुतुङ्गी कति
ओहो ! नग्न शरीर जाग्दछ घृणा तिन्मा थियो दुर्गति !
लामो सास लिएर कामुक बनी घुर्दै रहेका कति
निद्रामा कति त्रासमा कति थिए ती कामिनी नर्तकी ।

९४५. ओ ! बीभत्स छ दृश्य भूमि रणको पल्टीरहेका सब
साँच्चै त्यो सुनसान वीरगणकोझैँ लाग्दथे ती शव
यौटा अद्भुत दृश्यको नजरमा स्वप्नासितै गौतम
झस्की झट्ट उठे अगाडि त अहो ! बीभत्सता के भन !

९४६. देखे दृश्य विरूपता गजबको सारा ढलेका थिए
मानौं भूमि छ युद्धको रगतको खोला बगेका थिए
युद्धैमा सब मारिए शयनको कोठा भयो युद्धझैं
लाग्थ्यो गिद्ध यहाँ छ स्याल ननिका चीत्कार चीत्कार है !

९४७. यस्तो कुत्सित भूमिमा किन बसूँ ? संग्राम यी व्यर्थका
हा ! बीभत्स छ दृश्य त्यो गजबको ती नर्तकीका कथा
हामी कामुक बन्दछौं यदि भने पुग्छौं छिटै घाटमा
कालो धुम्म अहो ! भयानक बनी बस्छौं कसी आसन ।

९४८. मान्छे भुल्दछ नर्तकीसित रहे यी कामका वासमा
कैयौं वीर यहीं लडेर सकिए के बस्नु यो घाटमा ?
यस्तो दृश्य समीप गौतम थिए मुर्दाहरू बीचमा
मेरो दुर्लभ यो मनुष्य वय नै सङ्ग्रामको भूमिमा ?

९४९. छाडी राज्य छ भाग्नु उत्तम यहाँ यो शून्यको रातमा
यी सारा सुखभोग व्यर्थ मनका हुन् मूर्खका शासन
ऐले नै गृहत्याग गर्दछु जगत् उद्धारको निम्तिमा
यस्तै सोच लिएर गौतम उठी ओर्ले छिँढी द्वारमा ।

९५०. निद्राका वशमा थिए सबजना त्यो शून्यको रातमा
साँच्चै त्यो सुनसानको भवनमा जागा छ को रातमा ?
पाले द्वारसितै घुरेर बिचरो ! मुर्दा भएको थियो
बोलाए- प्रिय छन्न, गौतम म हूँ जागा बताऊ छ को ?

९५१. देखें आज विरूपता गजबको ती नर्तकीका व्यथा
साँच्चै पो छ मसानझैं समरको मुर्दाहरूकै कथा
मेरो निश्चय राजपाठ सब यो त्यागेर जाऊँ कतै
आएँ बाहिर जान्छु निश्चित गरी यी राज्य छाडी सबै ।

९५२. शैय्याबाट उठेर घोर निशिमा प्रासादको बाहिर
आएका किन आज गौतम उठी जाने कता आखिर
मानी पीर असाध्य छन्न बिचरो ! आए रूँदै छेउमा
उठ्ने कारण के पऱ्यो र निशिमा चिन्ता लिने व्यर्थमा ।

९५३. प्यारा गौतम रातका समयमा जागा भएको किन ?
त्यस्तो आपत के पऱ्यो भन सखे ! काम्दै छ मेरो मन
बग्छन् आँसु यशोधरा पनि रूँदी विग्रे कि स्वामी भनी
के मा चित्त दुख्यो कठै नि बिचरा ! साथै रहें तापनि ।

९५४. जन्म्यो राहुल पुत्र सुन्दर छ जो डाक्दैछ आऊ पिता
छाड्ने कारण के पऱ्यो घर तथा माया घना मित्रका
खाँचो के छ र राजपाठ सब छन् छौ चक्रवर्ती हुने
छोरो साथ छ संगिनी पनि सँगै हुन्छन् पिता साथमै ।

९५५. राखी माग प्रजाहरू पनि सधैं राजा चुनी गौतम
भन्दैछन् सुख पाउँथ्यौं हरघडी राजा भए उत्तम
तिम्रै माग छ देश देश सबमा हून् चक्रवर्ती भनी
के वैराग चल्यो र आज यसरी जोगी बनेका तिमी ?

९५६. ठूलो भारतसम्मको नृप बनी साम्राज्य फैलाउँदै
राजा योग्य भएर नाम रहने पाइन्छ सम्मान है
भो भो यी सब चाहिँदैन नखरा यी दुःख हुन् क्लेश हुन्
चाहेको छु सुशान्त जीवन सखे ! जस्तो तपी बुझ्दछन् ।

९५७. हे साथी अब राजपाठ सब यो छाडेर जाँदैछु म
घोडा एक तुरून्त ल्याउनु पऱ्यो ज्यादै चलाकी बन
आज्ञा भो जब दौडिए निमिषमै त्यो अश्वशालातिर
छाने कन्थक नाम अश्व बलियो काठी कसी भर्खर ।

९५८. हेरे त्यो गृहत्याग गर्नु अघिको प्रासादमा आखिरी
हेरे प्रेम गरेर चुम्बन गरे उद्यानमा ती पुगी
बास्ना मगमग फूलको पनि लिए प्रासादमै फर्किए
सम्झे पुत्र, यशोधरा पनि कठै ! हेरूँ भनी उक्लिए ।

९५९. आमासाथ छ पुत्र राहुल त्यहाँ बोलाउँ निद्रा छुटी
छेक्छिन् मार्ग यशोधरा तब उठी सोचेर यस्तै घरी
ढोकाबाहिरबाट प्रेम रसले मीठो गरे चुम्वन
प्यारी पुत्र म बुद्ध हुन्छु अनि पो बोलाउँला प्रेमले ।

९६०. मेरी प्राण ! महाभिनिष्क्रमणमा जाँदैछु छाडी तिमी
प्यारा पुत्र म आउँला बस तिमी पर्खेर बाबा भनी
निद्राका वशमा थिए सब त्यहाँ कालो थियो रात त्यो
बोलेनन्, तर पुत्र हा ! मनमनै सम्झेर फर्के अहो !

९६१. बोल्दा विघ्न हुनेछ ऊ बिउँझिए जागा हुनेछिन् यिनी
आँखाले ममता पिए अनि हिंडे ढोगीदिए यो जिमी
निस्के बाहिर झट्ट सारथि लिई पुगे घोडा चढे कन्थक
हे घोडा अब तार, पार गर लौ हल्लीदियो पुच्छर ।

९६२. हर्षैसाथ महाभिनिष्क्रमण भो उन्तीसको जोवन
वर्षा भो तब पुष्पवृष्टि महिमा गाएर त्यो सक्तिन
बाटो छेक्न भनेर जासुस कुदे आकाशवाणी भयो
आऊ फर्क न फर्क गौतम तिमी छौ चक्रवर्ती अहो !

९६३. दिन्थे उत्तर त्यागछु राज्य सब यो के चक्रवर्ती हुने ?
आशा एक छ बुद्ध बन्छु अनि यो ईर्ष्या छुटाईदिने
सारा बन्धन दुःख कष्ट सबको रोगीहरूको व्यथा
आई पार्दछु चूर्ण बन्धन सबै यी आर्तका छन् कथा ।

९६४. आए जासुस भन्न- फर्कन तिमी हौ चक्रवर्ती भनी
टेरेनन् रति पाइला चलिरहे आनन्द मान्दै अनि
त्यागे काम र लोभ जो हृदयले त्यागेर हिंसा पनि
खोजे मार्ग सुशान्तिको पर कतै सोच्दै हिंडे तापनि।

९६५. कोही जासुस आउँथ्यो अघि बढी आशा बनाई नयाँ
कैयौं कामविशेषले पनि गए देखाउँदै वासना
हिंसायुक्त अनेक पाठ रचिए हुन्थे खडा षोडषी
केही दाग बसेन गौतम कुदे एकत्वमा हे हरि !

९६६. हुन्थे भूप महान गौतम छिटै यी चक्रवर्ती तर
त्यागे राज्य समस्त बन्धुजन ती छोरा र पत्नी घर
वर्षायाम थियो छ झर्झर झरी आषाढको पूर्णिमा
राम्रो साइतमा मुहूर्त शुभ भो त्यो उत्तराषाढमा।

९६७. ती सारा सुखभोग राज्य, जनता त्यागे सबै बान्धव
पाएथे उपहार धन्य ! पहिलो पाखापखेरा सब
भन्थे गौतम धन्य ! शान्त मनले हाँस्दै थिए पर्वत
भन्थे धन्य ! हिमाल, ताल छहरा हाम्रो बढ्यो इज्जत।

९६८. ती काँडा पनि पन्छिए पर बसी देखेर यी गौतम
पन्छीले लय भिक्दथे मुटु छुने क्यावात ! शुद्धोदन,
छोरो जन्म दियौ सुयोग्य जगमा मायावती धन्य हुन्
यस्तो पो सुत हुन्छ शान्त हँसिलो सारा यही भन्दछन्।

९६९. ज्यादै हर्षित अश्व कन्थक थियो बोकी हिंड्यो गौतम
रोए छन्न विछोडमा धुरूधुरू छाती चिरी हर्दम
दौड्यो अश्व असाध्य वेगगतिले काटी सिमाना पर
ठूलो जङ्गलमा पुग्यो क्षितिजमा आयो उज्यालो तर।

शिखरिणी छन्द ।

१७०. यता रोएका छन् सबतिर थियो दु:ख- प्रकट
कता छौ हे प्यारा, भन त किन छाड्यौ यश, घर
खुबै रोइन् पत्नी जब निशि वित्यो लालकिरण
उदाएथ्यो आहा ! तर निशि बन्यो पीडित मन ।

१७१. गयौ छाडी मेरा हृदयकन स्वामी किन भन !
सँगै लैजाऊ हे ! म पनि त हुनेथैं सँगसँग
गयौ छाडी ऐले कुन जगतमा प्राणपवन
छिटै सम्भी आऊ प्रणयसित बेथा सुनिकन ।

१७२. कठै रोयो छोरो वरपर र शुद्धोदन पनि
सबै रोए क्वाँ क्वाँ हृदयकन रोयो शिवहरि !
प्रजा सारा रोए वरिपरि बगैंचा वन, घर
सखासङ्गी सारा धररर बगे आँसु बरर !

१७३. जगत्प्राणी रोए सबतिर छ कोलाहल अहो !
हराए साथैमा गजब पनि भो छन्न पनि त्यो
तबेलाका घोडाहरू सब थिए कन्थक तर
हराएको खै त्यो ? सँगसँग गए जीवन पर ।

१७४. उता छोड्ने बेला पनि हुनगयो गौतमसित
बिदा मागे रोईकंन विरहले छन्न अब त
लिई घोडा फर्के धरधर रूँदै कन्थकसित
गए टाढा-टाढा अभ्र पर कतै गौतम प्रिय !

॥ अष्टम सर्ग इति ॥

नवम सर्ग

उपजाति छन्द ।

९७५. हे बुद्ध देऊ अब शान्ति ! शान्ति !
हुँ बुद्ध आफैं तब मिल्छ शान्ति
त्यागेर सारा घरवार - नाता
पाइन्छ खोजे तब बुद्ध शान्त !

९७६. डाहा कसैको पनि गर्नुहुन्न
मिल्नेछ त्यस्मै सुखशान्ति चैन
हिंसाविरोधी अनि क्रोधदेखि
जो बस्छ टाढा तब बुद्ध प्राप्ति ।

९७७. सिद्धार्थ साँच्चै भगवान बुद्ध
उपाधि पाए जगमा छ शुद्ध
भिक्षा लिएका, धनसौख त्यागी
समीप वैराग्यसितै भए ती ।

९७८. छाडी सबै यी सुखभोग प्यार
लिएर चिन्ताकन बारबार
काटे सिमाना यस जन्मभूमि
बिदा लिएका जब शान्तिप्रेमी ।

९७९. भएर आफैं मनभित्र शुद्ध
महान ज्ञानी भगवान बुद्ध
प्रणाम गर्दै प्रिय जन्मभूमि
फर्केर हेरे हुन दूरगामी ।

९८०. फिर्ता गरे कन्थक छन्नसाथ
रोएर फर्के बिचरा ! विछोड
फ्याँके फुकालीकन राजवस्त्र
धसे खरानी अनि गेरूवस्त्र ।

९८१. कता पुगेहुन् रमणीय ठाउँ
उद्यान राम्रो अलि दूर गाउँ
चराहरूका अनि माहुरीका
शोभा दिएका पुतली लताका ।

९८२. हिमाल आहा ! अलि माथि जाउँ
नेपाल प्यारो छ तराइ ठाउँ
नदी 'अनोमा' कलकल् बगेकी
छ स्वच्छ हावा मनमा बसेकी ।

९८३. त्यो स्वच्छ पानी करमा उठाए
पिए छ ठण्डा र त्यहीँ नुहाए
छौ धन्य हाम्रा भगवान बुद्ध
भन्छन् चराले मनभित्र शुद्ध ।

९८४. कपाल काटे नङ ती मिलाए
शार्दूल आए मृग जो रमाए
सत्कार गर्छन् वनजन्तु आई
हुन् मुक्तिदाता सबको बधाइ !

९८५. कैयौं पुगेका उपदेश थाप्न
साथै रहेका 'घटिकार' नाम
भएर चेलो पहिलो जगत्‌मा
साथै हिंडेका सुखशान्ति भेट्न ।

१८६. असाध्य मिल्ने घटिकार एक
साथी थिए है अघिका अनेक
वस्त्रादि चोखो घटिकार आई
दिए पहैंला र सफा बनाई ।

१८७. सँगै हिंडे ती तर छन्न हाय !
फरक्क फर्के घरतर्फ आज
विदा दिएथे अब छन्न जाऊ
सञ्चार मेरो घरमा सुनाऊ ।

१८८. रोई कराईकन छन्न आए
प्रासाद आईकन फेरि रोए
भन्छन् सबै गौतम खै कता छन् ?
यताउता वा कुन देशमा छन् ?

१८९. कहाँ हराए अथवा कता छन्
तिमी त आयौ तर फर्किएनन्
रोएर शुद्धोदन भन्न् कराए
कता गए गौतम छन्न आए ।

१९०. खुलेन केही पनि भेद त्यस्तो
योगी भए रे ! सुनियो यही पो !
बुद्धत्व खोजी अनि प्राप्तिपश्चात्
सञ्चार आयो तब आउने रे !

१९१. रोईन् कराईन् बहले सुसाईन्
विस्मातले हाय ! यशोधराले
सिद्धार्थ मेरा मनभित्र आऊ
दुःखी रहेको छ अदृश्य घाउ ।

९९२. अलाप गर्छिन् अनि पुत्र हेर्छिन्
आँखा रसाईकन मार्ग हेर्छिन्
कठै ! छ यो राहुल एक्लिएको
पिता हराए टुहुरोसरी भो ।

९९३. छाडेर टाढा किन बस्दछौ हे
आई मलाई लग साथमा हे !
खोजी पहेँला तब वस्त्र पैह्रिन्
भै योगिनी नै अनि भुल्न थालिन् ।

९९४. प्रासाद रोयो जब भो विछोड
रोए सबै ती र भए अजोड
छ शून्य सारा यस लुम्बिनीमा
विछोडको त्यो छ कि दुःख डाहा ।

९९५. उता अनेकौं घरगाउँ झाडी
डुल्ने तराई कहिले पहाडी
थापेर भिक्षा सब देश देश
सिद्धार्थ छन् हेर त भिक्षुभेष ।

९९६. कहाँ छ बुद्धत्व जहाँ छ शान्ति
त्यहीं पुगेका छ मुहार कान्ति !
जगत् र प्राणीकन बुझ्नलाई
सिद्धार्थ डुल्छन् सबतर्फ धाइ ।

९९७. गरी तपस्या वनमा कठोर
ऊर्जा निकाले मनभित्र हेर !
तेजी अनौठो र पराक्रमी भै
हिंडे अनेकौं वन ती छिचल्दै ।

९९८. छन् छद्मरूपी अनि तेजवान
सिद्धार्थ हुन् वा कुन नौजवान ?
को चिन्न सक्थ्यो छ नयाँ जवान
मुहारमा दिव्य छ कान्तिवान ।

९९९. असाध्य तेजी कुन भिक्षु आयो
जहाँ पुग्यो शान्ति त्यहीं फिंजायो
जाँदै थिए गौतम दूर-दूर
पुगे कुनै राज्य थियो सुदूर ।

१०००. थिए मगध्मा अति होशियार
राजा प्रतापीकन बिम्बिसार
भिक्षा भनी एक सुशान्त योगी
आई पुगे हे ! दरबार हेरी ।

१००१. प्रासादको छेउ बसी कराए-
भिक्षा भनी हात दुवै उठाए
त्यो दृश्य हेरी अलि होशियार
डाके अह्राए सुन भारदार ।

१००२. गएर चाँडो बुझ भिक्षु को त्यो ?
सञ्चार ल्याऊ किन हो हिंडेको ?
आदेश पाईकन भारदार
सञ्चार ल्याए नृप बिम्बिसार !

१००३. हुन् शान्तयोगी घरबार त्यागी
योगी बनेका सुखशान्तिनिम्ति
गएर बुझ्नोस् थर नाम के हो ?
खुशी तिनी छन् मनभित्र चोखो ।

१००४. सुनेर आए नृप बिम्बिसार
को भिक्षु आए अति तेजदार
सत्कार गर्छन् नगरेर बेर
ज्यादै रमाए नृप बिम्बिसार ।

१००५. मीठा दिए भोजन भिक्षुलाई
यी दु:ख काटीकन तर्नलाई
आँखा मिलाए कर ती मिलाए
आफ्ना दुखेसो जति छन् सुनाए ।

१००६. थिए अनौठा अति भिक्षु एक
अत्यन्त तेजी छ कला अनेक
हे भिक्षु बाबा ! म हुँ बिम्बिसार
उद्धार मेरो पनि होस् हजार ।

१००७. उद्धार गर्नैकन आज आएँ
रोगी विरामीसित भुल्न पाएँ
यो जन्म मर्नेसित मुक्त बन्न
उपायं खोज्दै छु म धन्य धन्य !

१००८. छाडेर आएँ सुखभोग राज
सिद्धार्थ भन्छन् म हुँ शाक्यराज
छु बुद्ध बन्ने सुखभोग त्यागी
र कष्ट खाई म बसूँ समाधि ।

१००९. महान छौ हे जय बुद्धदेव !
छाड्नेछु आजै यस दु:ख राज्य
सबै चलाऊ यस राजपाठ
प्रंणाम गर्छन् अनि बिम्बिसार ।

१०१०. भिक्षासितै यो म दिंदैछु राज
सह्माल सारा सुखभोग देश
थपेर सांसारिक दु:ख व्यर्थ
भो लिन्न तिम्रो यस राजपाठ ।

१०११. चाहिन्न भो भो किन चाहियो यी
छन् राज्य व्यर्थै झगडा छ भोलि
राजा भनेको त परन्तुसम्म
रहन्न बाँकी परसम्म दम्भ ।

१०१२. राजन् मलाई सुखभोग हैन
उपाय खोजे किन हुन्न चैन
छाडेर सारा पर जानुपर्छ
यी राज्य व्यर्थै सब छाड्नुपर्छ ।

१०१३. अवश्य मर्छन् सबका विचार
मर्दै नमर्ने गरूँ के सुधार ?
हा ! दु:ख सांसारिक भोग्नुपर्छ
के राज्य थापूँ भन बिम्बिसार ।

१०१४. त्यो राज्य त्यागेँ परिवार त्यागेँ
भिक्षा भनी भेष नयाँ बनाएँ
छाडेर आएँ किन फेरि राज ?
देऊ विदा हे अब जान्छु दूर ।

१०१५. सिद्धार्थलाई निरबाट चिन्दा
ज्यादा थिए हर्षित बिम्बिसार
होस् प्राप्ति बुद्धत्व छिटै र आई
ज्ञानी बनाऊ सजिलै मलाई ।

१०१६. सिद्धार्थलाई त विदा दिंदै ती
पर्खी बसेका उपदेशनिम्ति
चेलो बनेथे जब बिम्बिसार
हे बुद्ध भन्दै अनि बारबार ।

१०१७. राजा हुने गौतम चक्रवर्ती
छाडी सबै ती तर छन् वियोगी
छन् दु:ख सारा किन मर्नुपर्छ
रोगी भएरै किन बाँच्नुपर्छ ?

१०१८. भो सोच यस्तै नृप बिम्बिसार
त्यागेर हिंड्छन् घरवार राज
वैराग्य छायो मनभित्र हाय !
सिद्धार्थले झैं बदलेर भेष !

१०१९. उता डुलेका वनको किनारा
नदी पुगेका र पहाड सारा
कडा तपस्यासित भोकभोकै
कैले अघाएर हिंडे अचम्मै ।

१०२०. सिद्धार्थ एक्लै जयगान गाई
भिक्षा लिएका भर पेटलाई
मुठी लिएका त्यतिमात्र खाई
बुद्धत्व खोज्दै धरती घुमेका ।

१०२१. कहाँ छ बुद्धत्व र खै कता छ ?
कैले उदासी मन हुन्छ खास
घुमे तराई र गया पुगे ती
मद्रास पुग्थे कहिले यता है !

अनुष्टुप् छन्द ।

१०२२. सिद्धार्थको चल्यो पाउ धेरै गाउँ पुगीसके
गाउँ-गाउँ चहारेर आज व्यर्थै भुलीसकें
मीठा भोजन अन्नादि खाएँ टन्न यहाँ तर
फलफूल टिपी खाई तप बन्दछ सुन्दर ।

१०२३. यसो हैन तपस्या त्यो कडा गर्छु पसी वन
भनी लागे घना भाडी खिँची इन्द्रिय औ मन
त्यतै मिल्दछ बुद्धत्व जता एकान्त शान्त छ
अब डुल्दिन यी गाउँ भिक्षा माग्दिन व्यर्थ छ ।

१०२४. थियो एक घना भाडी जनशून्य तपोवन
त्यहीँ देखे कुनै एक ऋषिको गोप्य आश्रम
त्यसै बेला प्रसिद्धै ती उद्दकरामपुत्रले
ज्ञान छर्थे सबैतर्फ जो आफ्नै उच्चशानले ।

१०२५. थिए आलारकालाम अर्का ज्ञानी तिनीसँगै
कुटी एक बनाएका भाडीभित्र बसी दुवै
तपस्यामा थिए मौन पुगे सिद्धार्थ आश्रम
चिनाजान भएपश्चात् रहे साथ निकै दिन ।

१०२६. सिद्धार्थले तिनीसाथ "अकिञ्चन्यायतन र
नैवसंज्ञानासंज्ञायतन" ध्यान सिके तर
त्यतिले बुद्धको प्राप्ति नभएर हिंडे कतै
घुमे सारा सही कष्ट भीरपाखा जताततै ।

१०२७. उरूवेल पुगे घुम्दै ठाउँ योग्य त्यहाँ थियो
नदी कल्कल् बगेकी छिन् वायु शीतल चल्दथ्यो
लटरम्म फलेका छन् फलफूल तथा उता
मीठो बोली चरा कुँज्छन् थियो शान्ति जतातता ।

१०२८. शान्त ठाउँ तपस्याको निम्ति एक त्यहाँ थियो
गरे निश्चय यो ठाउँ तपस्यानिम्ति वेस हो
बोधिज्ञान त्यहाँबाट पनि प्राप्त भएन हे !
कसो गर्ने कता जाने अलपत्र अझै परे ।

१०२९. कैले भोकै तपस्यामा कैले टन्न अघाउने
कैले नाङ्गै रहेका छन् कैले वस्त्र ढकाउने
रूखका फेदमा बस्ने तपसी मौनभावका
उरूवेल नछाडेका ज्ञानी शान्त विचारका ।

१०३०. यता हल्ला खुबै चल्थ्यो पसी सिद्धार्थले वन
गरे प्राप्त महाज्ञान खिची इन्द्रिय औ मन
लुम्बिनीको बगैंचामा तिलौराकोटमा तथा
चारैतर्फ पुग्यो हल्ला देशावर यताउता ।

१०३१. जन्मँदाखेरि सिद्धार्थ जम्मा पण्डित आठमा
नाम कौडिन्यका एक बाँचेका छन् अझै यहाँ
सुने कौडिन्यले यस्तो उरूवेल गईकन
तपस्यामा भई लीन बस्छन् सिद्धार्थ गौतम ।

१०३२. आफूले नाम राखेको बुद्ध बन्छन् भविष्यमा
यही भन्थे अरू सात ईर्ष्या हुन्न कुमारमा
सात पण्डित बाँचेका भए जान्थे उनैसित
परलोक भए ऐले छोरा जान्छन् कि सोधुँ त !

१०३३. भनी कौडिन्यले सोधे- बाबु हो, हिंड भिक्षु भै
परी सिद्धार्थको पाउ मुक्ति पाउन लोकमै
हुन्छ, मन्जुरमा आए चार कौडिन्यसाथमा
योगी पाँच भए टोली हिंडे ती उरूवेलमा ।

१०३४. पाँच ती 'पञ्चवर्गीय भिक्षु' आज प्रसिद्ध छन्
लिँदै भिक्षा पुगे पाँच उरूवेल घनावन
भेटी सिद्धार्थको वास केहीकाल बसी त्यतै
गरे सेवा बसी साथै ज्ञान प्राप्ति निमित्त है !

१०३५. एक छाक पिई पानी फलफूल छ सेवन
कडा गर्छन् तपस्या ती पञ्चवर्गीयसाथमा
उरूवेल डराएथ्यो भार थाम्न म सक्तिन
बोधिज्ञान यहाँ प्राप्त हुने छैन भनीकन ।

१०३६. रही भोको कहाँ ज्ञान सूर्यपाक लिईकन
अग्निपाक सबै खाई बसेका व्रत गौतम
पीडा बढ्छ बसे भोको तन्दुरूस्त छ अन्नले
खाए अन्न भए टन्न आहारशुद्धि व्यर्थ हे !

१०३७. खाए सिद्धार्थले अन्न पञ्चवर्गीयले त्यहाँ
कमी विश्वासको गर्दै हिंडे छाडेर गौतम
प्रव्रजा पो भएका रे हेर सिद्धार्थ गौतम
व्रत के अन्न खाएर कहाँ शुद्ध भयो भन !

१०३८. बसे सिद्धार्थको टाढा पञ्चवर्गीय भिक्षु र
कमी विश्वासमा आज भए बुद्ध यता तर
मीठा भोजन खाएर प्राप्त बुद्धत्वनिम्तिमा
उरूवेल बसे केहीकाल सिद्धार्थ गौतम ।

१०३९. स्वप्ना देखे छ आश्चर्य पञ्चस्वप्न थियो अहो !
दिन बैशाखको शुक्ल तिथि चतुर्दशी थियो
रूखका फेदमा सुत्थे आड पाएर पत्थर
महाआश्चर्यको स्वप्ना पन्छी उड्दछ लस्कर ।

१०४०. पहिलो दृश्यमा पन्छी परेवा रङ निक्खर
सेतैसेता परेवा छन् नाचगान छ सुन्दर
शान्तिको हुन्छ सन्देश परेवा उड्दछन् भने
हिमाली भेकमा उड्दा अझै हुन्छ सुशान्त रे !

१०४१. चारैतर्फ थियो शीत समीपैमा हिमालय
तल झर्ना झरेका छन् ताल सागरका क्रम
उर्लंदा खहरेसाथ सुसेल्दैछन् घनावन
कतै सागरमा पौडी तरेका पारि गौतम ।

१०४२. सपनामै पुगे एक अनौठो देशमा तर
पूर्व-पश्चिम छुट्टिन्न कता दक्षिण-उत्तर ?
चन्द्रसूर्य तथा पृथ्वी आपस्तैमा मिलेर यी
चर्चा विज्ञानकै गर्थे स्वप्ना नै छ अचम्म कि ?

१०४३. दोस्रो स्वप्ना अझै लाग्छ महाआश्चर्य अद्भुत
नाभिबाट फुली फूल ढाकेको छ सबैतिर
फूलैफूल फुलेका छन् पहेँला, श्वेत लालिमा
रङ्गीचङ्गी बगैंचामा पुगे सिद्धार्थ गौतम ।

१०४४. तेस्रो स्वप्ना अनौठो छ कमिलाको छ लस्कर
काला सेता दुवै रङ्गी स्वयम् चढ्थे उँभोतिर
पैतालादेखि उक्लेर घुँडासम्म चढीसके
सेताकाला तथा कैला एकै रङ्गी भईसके ।

१०४५. फेरि चौथो अनौठोको स्वप्ना देखे चराहरू
उडी आए समीपैमा थिए उड्दै चरा अरू
सेतै हुन्थे चरा आई कालानीला जसो हउन्
पाँचौ स्वप्ना सफा हुन्थे जस्तै फोहरमा पुगून् ।

१०४६. पञ्चदृश्य महास्वप्न देखेपश्चात् उठे उनी
नुहाएर गरे ध्यान वस्त्र पैरेर उत्तम
आजै बुद्ध म बन्नेछु आत्मोबल अझै बढ्यो
वृक्षको फेदमा पूर्वमुखी आसन देखियो ।

१०४७. वरको वृक्षको फेद उपयुक्त छ शीतल
चरा कुँज्छन् चिर्रबिर्र चिर्रबिर्र र चिर्बिर
उरूवेल बगैँचाको वरको रूख वृद्ध त्यो
हाँगा हेरे जरा हेरे खिचे तस्विर पातको ।

१०४८. छैठौं वर्ष पुगी आज टेकियो सात वर्षमा
घर मेरो यही रूख तपस्यानिम्ति उत्तम
बोधिवृक्ष रहोस् नाम इच्छा गौतमको भयो
ज्ञानबोध त्यसैमा भो उरूवेल समीप हो ।

१०४९. ज्ञान खोज्दछ ज्ञानीले अवस्था जो भए पनि
पानी मिल्दछ पानीमै जस्तै कम्प चले पनि
केही ज्ञान गरे प्राप्ति वरको फेदमा बसी
पाए चाल समीपैमा उरूवेहरूले पनि ।

१०५०. सेनानी नामको गाउँ उरूवेल प्रदेशमा
ज्यादै सुन्दर देखिन्थ्यो सिङ्गो भारतदेशमा
मान्थे विश्वास ती लोक बस्छन् ईश्वर रूखमा
वरका फेदमा एक बसेका भिक्षु देव छन् !

१०५१. सेनानी गाउँका मान्छे लिन्थे विश्वास ईशमा
वरको रूखमा पूजा गर्थे ती हरपूर्णिमा
सेनानी गाउँमा बस्ने जनजाति अनेक छन्
सुजाता नामकी श्रेष्ठ सुन्दरी एउटी थिइन् ।

१०५२. विदुषी हुन् सुजाता ती उरूक्षेत्र छ चर्चित
पढेकी महिला को छ ? शिक्षामा हेर वर्जित
उछिनेकी सबैलाई चतुऱ्याईं थियो पनि
सबै भन्थे सुजाता हुन् यी माता शिक्षिका भनी ।

१०५३. त्यही रूख थियो वृद्ध जोडा क्या वरपीपल
पूजा गर्थे गई सारा भावना हेर सुन्दर
उरूवेल बगैँचाको वरको वृद्ध रूखमा
पूजा नित्य तिनी गर्थिन् राखी भाकल भावना ।

१०५४. सुजाताका थिए दासी पूजा गर्ने तथा अरू
सबै काम तिनै गर्थे परोस् जान जता बरू
पुत्ररत्न मलाई होस् वृद्ध हे वरदेवता
खीरदान म गर्नेछु मेरो भाकल भो यता ।

१०५५. सुजातामा भयो प्राप्त पुत्र एक महामना
शुभकाल थियो आजै शुक्ल वैशाखपूर्णिमा
तैयार छिन् सुजाता ती खीरपाक चढाउन
गाईका दूधमा खीर पकाएर पठाउन ।

१०५६. डाकिन् आफ्ना निजी दासी वरका फेदमा गई
लिपपोत गरी आऊ गाईकै बटुली दही
आज्ञा पाई गईन् दासी सुकुमारी थिईन् तिनी
वरको बोटको छेउ पुग्दा कम्प भयो जिमी ।

१०५७. कहाँ लिप्ने अहो ! वृक्ष फेदमा को छ मानिस ?
गजधुम्म बसेको छ न वा हिंस्रक जीव छ ?
झलमल्ल बलेको छ सफा देखिन्छ आसन
नवा देव नवा भूत डराएको छ यो मन ।

१०५८. वरका फेदमा एक तेजयुक्त मनुष्य छन्
अनुहार अहो शान्त थालिन् मान्न अचम्म झन्
चिम्लेका छन् दुवै आँखा रूप अद्‌भुत सुन्दर
यस्तो मानिस पृथ्वीमा खोजी भेटिन्न को छ र ?

१०५९. पाखुरा बलिया मोटा चुच्चो नाक सुहाउँदो
डम्म जिउ मिलेको छ आँखा टक्क अडाउँदो
बत्तीसै दन्तको शोभा छ गोरो मुहुडा पनि
आर्यवंशी यिनी राजा किन बस्छन् तपी बनी ?

१०६०. हरियाली लताकुञ्ज मनमोहक दृश्यमा
को भुल्दैन यहाँ वस्ता यो ठाउँ श्रेष्ठ विश्वमा
भर्खरैका युवावस्था किन आए तपोवन ?
प्रेमी वियोगमा योगी हुन्छन् भन्छन् सबैजन ।

१०६१. को होलान् यी ? किन यहाँ आई एकान्तमा बसे ?
वैरागी किन हे दैव ! पितामाता कता गए ?
बिहे भा'को छ वा छैन छोराछोरी तथा घर
सबै छाडी यहाँ आएँ ? हा ! हा ! वैराग्य तर्छ र ?

१०६२. लख काटिन् अनेकौं यी हेरिन् सारा यताउता
देखिन् शान्ति तिनै एक आँखाबीच जतातता
सन्यासी रूपका देव आई यो वरवृक्षमा
बसेका छन् नमस्कार भगवान नमोनमः ।

१०६३. रूप देखी परिन् मूर्च्छा सुकुमारी कठैबरी !
पति मानूँ यिनैलाई रिस गर्छन् कि सुन्दरी ?
परैबाट लजाएर नमस्कार गरिन् अनि
सुजाताको पुगिन् छेउ देखें आश्चर्य त्यो भनी ।

१०६४. विपना वा न त्यो स्वप्ना तेजवान पुरूष छन्
कुनै चित्र तिनी हैनन् रूप देखें विचित्र झन्
रसिला हँसिला स्वच्छ युवावस्था ? सुकोमल
रूपका तेजिला एक अहो ! ती विश्वसुन्दर !

१०६५. मेरी रीता थियौ दासी आज मुक्त भयौ तिमी
समाचार छ यो सत्य ? चर्चायोग्य जता पनि
अहो ! शान्त घना झाडीभित्र बस्तैन मानिस
देवता नै तिनी मेरा अरू के भो भनेस् सब ।

१०६६. साँच्चै ईश्वर हाँसेका वरका फेदमा बसी
चन्द्रमाझैं छ जो कान्ति तेजस्वी ती महारथी
शुद्ध वस्त्र पहेंला छन् र कान्तिमय तेजसी
के को वर्णन गर्ने खै संसारैका तिनी छवि ।

१०६७. समाचार सुनी यस्तो सुजातामा खुशी भयो
देवले प्रार्थना मेरो सुनी आए यहाँ अहो !
सन्यासी भेषमा आए रूखका फेदमा बसे
तपस्यामै बसेका छन् ममा आमन्त्रणा गरे ।

१०६८. कतिखेर गई भेटूँ फलफूल पुगे जति
जम्मा गर्न तिनी थालिन् आँप, केरा प्रसाद ती
आफैं जान्छु लिई खीर तिनीलाई चढाउँछु
मेरो भाकल पूरा भो शुद्ध वस्त्र लगाउँछु ।

१०६९. लिई खीर सुजाताले चाँडो चाँडो पुगीकन
थालिन् भन्न परी पाउ पाएँ अद्भुत द्रर्शन
इच्छा आज भयो पूर्ण मेरो भाकल जो थियो
भगवान, हवोस् पूर्ण तिम्रो भाकल जो छ त्यो ।

१०७०. सुनको पात्रमा खीर चढाएँ आज ईश्वर !
परैं पाउ अहो प्राण ! विश्वका दिव्यउज्ज्वल
बनी बुद्ध सधैं बाँच ध्रुवजस्तै अजम्मर
शुद्धोदन चिनें नाम चल्नेछ मंगल सुत ।

१०७१. सुजाताले दिएको त्यो खीरपात्र लिए अनि
विपरीत बग्यो आफैं नदीमा फ्याँकिदा पनि
शुभलक्षणको चिन्ह बुद्धप्राप्ति अवश्य छ
उँधो पानी उँभो भाँडो गयो बग्दै अचम्म छ ।

१०७२. खीर खाए नुहाएर बगैंचामा घुमे अनि
एक आए कुनै घाँसी दिए घाँस लिनोस् भनी
मुठी आठ लिई घाँस ओछ्याएर बोधिवृक्षमा
बुद्ध प्राप्त हुने नै भो आज वैशाखपूर्णिमा ।

१०७३. भूमिस्पर्श गरे ढोगे कसे आसन फेदमा
चिम्ले आँखा भए मौन ! प्रातःकाल छ लालिमा
चिर्रबिर्र चरा कुन्छन् टल्के सेता हिमालय
लाली छायो सबैतर्फ पूर्वमा ज्योति झल्मल ।

१०७४. त्यहीबेला कुनै क्रोधी छेउ सिद्धार्थको बसी
हान्यो वाण खुवै तीखा रक्तधारा बग्यो कति !
मेरो आसनमा आई नसोधीकन बस्दछस्
लड्न आइज हे बुद्ध, व्यर्थमा मौन बस्तछस् !

१०७५. म हुँ राक्षसको राजा सृष्टिकै ध्वंस गर्छु म
नाम मेरो महामार हत्या गर्दछु निर्मम
मेरो काम सधैं युद्ध हतियार बनाउँछु
ध्वंस विज्ञान-मार्गी म शान्तिदेखि डराउँछु ।

१०७६. छाडिदे वृक्षको फेद जरा काटेर ढाल्दछु
केको शान्ति यहाँ खोज्छस् आगो दन्दन बाल्दछु
बोधिवृक्ष म ढाल्नेछु तरवार लिएर यो
ध्वंस गर्छु बगैंचा नै वीर आएर रोक्छ को ?

१०७७. प्राप्ति बुद्धत्वको तैंले गरी के हुन्छ व्यर्थ हो
शान्ति चाहिन्न हे बुद्ध शान्ति खोजेर हिंड्छ को ?
महामार म नै श्रेष्ठ परिवर्तन चाहने
जोगी बन्दिन हे बुद्ध भिक्षा थापी बरालिने ।

१०७८. छाला काढ्छु यहाँ तेरो मासु लुस्छु मजासित
झिकी आन्द्रा गलामा यो भिरी हिंड्छु कलासित
लछाऱ्यो हा ! पछारेर घिसारेर यताउता
दियो दुःख अचाक्ली नै थिए सिद्धार्थ मौनता ।

१०७९. हाँसे मात्र कुनै कष्ट नभएको कसो गरी ?
हाऱ्यो आफैं महामार कतै भाग्यो छिटो गरी
जता पुग्छ उतै देख्छ शान्ति शान्ति अचम्म छ
बुद्धैबुद्ध जता हेऱ्यो आज यस्तो विचित्र छ ।

१०८०. विजयी शान्तले हुन्छ युद्ध जित्दैन क्रोधले
कलाले राज्य पाइन्छ राज्य पाइन्न लोभले
हिंसाले प्राप्त भो राज्य तर बाँच्तैन आयुले
राता खोला बगाएर कल्ले स्यावास दिन्छ हे !

१०८१. राज्य बाँच्तैन हत्याले शान्ति मिल्दैन रक्तले
क्रान्तिले द्वेष जन्मन्छ हिंसा जन्मन्छ रोषले
हत्या हिंसा तथा क्रोध छल जन्मन्छ द्वेषले
पराधीन गरी राख्छ मूर्खको राज्यनीतिले ।

१०८२. राम्रो काम भए मात्र नाम बाँच्तछ विश्वमा
शान्त बस्नु सबैभन्दा उच्च हो इतिहासमा
महामार थियो वीर तर हाऱ्यो छिटै किन ?
हाँसी मात्रै रहे बुद्ध विजयी भिक्षु देखिन ।

१०८३. यिनै ज्ञान गरी प्राप्त आज सिद्धार्थ गौतम
भए बुद्ध महाज्ञानी शान्तिका दूत विश्वमा
बुद्ध प्राप्ति गरेपश्चात् वर्तमान भविष्यको
कुरा जाने वितेका ती पारंगत अचम्मको ।

१०८४. तृष्णालाई गरे ध्वंस ज्ञान बुद्धत्व प्राप्तिले
जन्मदेखि भए मुक्त मृत्यु रोक्ने यहाँ छ के ?
नाशतत्व सबैमा छ वस्तु हुन्न ननासिने
नीति प्रकृतिको यस्तै अस्त बन्ने उदाउने ।

१०८५. चन्द्र सूर्य तथा तारा पृथ्वी सारा नवै ग्रह
मासिनेछ कुनैकाल आस्था, ज्ञान विचार त !
सबै मर्छन् सबै जल्छन् आगो मर्दछ शक्ति नै
बाँच्ने तत्व यहाँ के छ ? हा ! हा ! ब्रह्माण्ड विश्व है !

१०८६. ब्रह्मचर्य थियो धर्म बुद्ध प्राप्ति भएपछि
बोधिवृक्षसितै खेले सातसप्ताह भो अनि
थाले डुल्न यता गाउँ भिक्षा थापी मुठीमुठी
शिक्षा-दीक्षा नयाँ जोश गरे जम्मा युवा जति ।

१०८७. चेला राम्रा भए केही उपदेश लिएर ती
थाले डुल्न उनैसाथ बुद्धजस्तै भएर ती
पश्चात्ताप भयो आज 'पञ्चवर्गीय' भिक्षुमा
पुनः फर्की तिनी आए दगुर्दै बुद्धसाथमा ।

१०८८. अहो ज्ञानी महाशान्त गर्थे सत्कार लोकले
कोही भन्थे छ यो अल्छी गर्दथे श्राप क्रोधले
गुरू श्रेष्ठ बने बुद्ध पाठशाला थिए स्वयम्
धेरै आए त्यहाँ पढ्न थिए राम्रा युवाजन ।

१०८९. विद्यार्थीमध्यका एक थिए कश्यप चातुर
रचना कविता मीठा कलाशिल्पज्ञ सुन्दर
भाषा संस्कृत हो पैले पुरानो विश्वकै भयो
गाह्रा शब्द सबै कण्ठ छन् ती चेलाहरू अहो !

१०९०. भाषा संस्कृतमा लेखे उपदेश दिए जति
चेला उत्कृष्ट श्रेणीका ध्यान दिन्थे यताउति
बुद्धको जीवनी लेखे त्यसैको हो रूपान्तर
हिन्दी भाषा र नेपाली उस्तै भेटिन्छ अक्षर
पाली भाषा थियो पैले भाषा संस्कृतसाथमा
बुद्धको जीवनी त्यस्मै लेखेको इतिहास छ ।

१०९१. भाषा संस्कृतको लोप हुँदै जान्छ पछिल्तिर
नेपालीसाथमा हिन्दी भयो चर्चा अघिल्तिर
भाषा संस्कृत, नेपाली, हिन्दी तीनै छ उत्तम
लिपि ब्राह्मी यिनीलाई भन्ने गर्छौं सनातन ।

१०९२. गुरू हुन् बुद्ध ब्राह्मीका सत्यमार्गी प्रवर्तक
एशियाका कला तारा विश्वका शान्तिपूजक
यो ठूलो भारतीखण्ड एशियाको छ दक्षिण
विश्वचर्चितमा पुग्ने मात्रै सिद्धार्थ गौतम ।

१०९३. चर्चामा किन आए ती ? प्रश्नवाचक चिन्ह छ ?
शान्तिका दूत हुन् बुद्ध सबको प्यार चन्द्र छ
जुनेली रातका चन्द्र नराम्रो हुन्न दुर्दुर
जूनकीरी अँधेरीका शान्तिदीप महानर !

१०९४. दरबार तथा राज त्याग्न सक्ने बहादुर
एकै मात्र भए बुद्ध विश्वमा इतिहास छ
असन्तोषी सदा दु:खी र सन्तोषी सदा सुखी
प्राणीमाथि दया राख्दा सबैको हुन्छ उन्नति ।

१०९५. मान्छे मार्दछ मान्छेले किन मार्दछ मानिसै ?
सत्ताको लोभले हिंसा हत्या जन्मन्छ धेर है !
त्यसैले म सबै राज्यसत्ता त्यागी पसेँ वन
भएँ बुद्ध बनी शान्ति खिची इन्द्रिय औ मन ।

१०९६. काम क्रोधहरू त्यागे सुखै मिल्दछ यो पनि
वैरागी बन्नु सन्यासी अहंकार छुटे पनि
सुख ठूलो अझै यो छ - 'म' अहंकार छाड्नुमा
आत्मसंयम राख्नाले दु:ख छुट्तछ हे जन !

१०९७. वर्ष पैंतीसमा बुद्ध प्राप्ति बुद्धत्वमा पुगी
आफ्नो ज्ञान छरे सारा सिङ्गो भारतमा घुमी
वर्ष पैंतीसको पारि लागे धर्मोपदेशमा
त्यतिखेर पुगे चीन हाल उत्तर-देशमा ।

१०९८. आर्यभन्दा बढी चेला जाति मंगोलका थिए
पक्ष मंगोलकै बुद्ध पक्षपाती स्वयम् भए
आर्यदेखि डराएका हेपिएका सधैं तर
जाति मंगोलले मुक्ति पाए सिद्धार्थ आखिर ।

१०९९. चतुरा छन् सबै आर्य धूर्त मुर्ख्याईं औ छल
चिप्लो धस्छन् सकेसम्म बनाएर दलैदल
पछारेर अरूलाई आर्य जान्छन् बढी अघि
जाति मंगोलमा साम्य भावना छन् समान ती ।

११००. शान्ति मंगोलले खोज्छन् आर्य रोज्दछ क्रान्ति रे
त्यसैले बुद्ध मंगोल पक्षपाती यहाँ भए
त्यतिखेरै चल्यो नाम पारि सात समुद्रको
ख्यातिप्राप्त भए बुद्ध पूर्व पश्चिम हल्लियो ।

११०१. पक्षपाती निकै नै छन् जाति मंगोलकै बढी
हेर जापानमा, चीन तथा भूटानमा अघि
थाइल्याण्ड, अरू देश म्यानमार र कोरिया
आजका बुद्धका भक्त कुरा चल्छ मलेशिया ।

११०२. यिसु खिष्ट यता जन्मे ईशाको शुरूमा जब
इजरायलमा कम्प चल्यो उत्पात हे सब
'सबैलाई गरौं मायाँ' यति भन्दा दबे उनी
कीला शासकले ठोकी हत्या गर्ने हरे खुनी !

११०३. बुद्धलाई दिए दुःख तात्कालीन कुशासन
छुसी आर्यहरू नै छन् कैंचीमारा छ भावना
स्वार्थनिम्ति यहाँ आफ्नै जात मार्छन् महाखुनी
पक्ष मंगोलका बन्दा धेरै दुःख दिए पनि ।

११०४. चढे डाँडा तरे खोला आफ्नो धर्म प्रचारमा
लेकाली वनमा नाच्दै पुगे अग्ला पहाडमा
लाली फूल फुलेका छन् पहाड र उचाइमा
मन भुल्छ अहो ! लाली फूल सौन्दर्यले छुँदा ।

११०५. प्रेम गाँसे फूलसाथ चुमी लालीगुराँस जो
लाली ओठ चुमेजस्तै बिर्सी बिर्सन्छ प्रेम को ?
फूलजस्तै फुलेकी ती लाली ओठ यशोधरा
ऊर्जा निस्क्यो त्यहाँ पुग्दा सम्झिए बैंसका कुरा ।

११०६. सात वर्ष वित्यो आज कामदेव थिए वश
तर आज भुले बुद्ध लालीसाथ रमे कि त !
लेकाली वनमा फुल्ने फूल लालीगुराँसमा
देख्न थाले अहो प्यारी, सँगै आइन् यशोधरा ।

११०७. ढकमक्क फुल्यो लाली ऋतु श्रेष्ठ वसन्तमा
कोइलीका गला खुल्दा को पो भुल्दैन प्रेममा
यसबेला नयाँ प्रेम चरा गाँस्छन् समीरमा
हरियाली अहो ! रानी ऋतु प्यारो वसन्तमा ।

११०८. उरेलूको फुल्यो फूल यता मध्यपहाडमा
जोडा खोज्छन् परेका छन् यहाँ जो जो वियोगमा
रमेका छन् चरा प्रेमी जिन्दगीको पिई रस
यता रानी भइन् एक्ली मोहनीको छुटी वश ।

११०९. सन्यासी बुद्धमा यस्तो ऊर्जा आयो स्वभाव वा
लाली सौन्दर्यले हो कि ? नीति प्रकृतिको छ वा
घर सम्झे भयो धेरै छाडी आएँ यशोधरा
पुत्र राहुलको मायाँ वयोवृद्ध थिए पिता ।

१११०. भए कस्ता सखा छन्न र कृषागौतमी पनि
आऊ गौतम भन्दी हुन् सोध्लिन् सन्ध्या कता भनी ?
एकपल्ट त्यता जान्छु गर्छु उद्धार लोकको
सन्यासी ती बनाएर अन्त गर्दछु लोभको ।

११११. सँगै चेलाहरू हुन्थे वर्षा वास तथा यता
नयाँ भ्रमणमा जाँदा हुन्थे साथै यताउता
चार सत्य यही सम्झे दु:ख नै हो भुलाउने
दु:ख कारणले गर्दा मान्छे हुन्छ रिसाउने ।

११९२. जन्मेको छ स्वयम्भित्र दुःखको जो छ कारण
आफैंबाट हुने गर्छ सारा दुःख निवारण
भजून् सत्य सदा शान्ति हिंसा हत्या विरूद्धमा
आऊन् लोक स्वयम् हट्छ जस्तै दुःख परोस् यहाँ ।

१११३. धर्म चेलाहरूसाथ बुद्ध फर्के यतातिर
बिम्बिसार बसेका छन् बुद्ध भन्दै अझै घर
सन्यासी नै बनाएर जति भेटे तुरून्त नै
मोहनी लाग्दथ्यो सारा भए बुद्ध अचम्म नै ।

१११४. प्रान्त सारा डुलेका छन् तराईमा पहाडमा
गया प्रान्त सबैतर्फ बसे धेरै विहारमा
लुम्बिनीमा चल्यो हल्ला ऐले सिद्धार्थ गौतम
सच्चा बुद्ध भएपश्चात् हिंड्छन् चेलाहरूसँग ।

१११५. राजा वृद्ध भए शुद्धोदन हाय ! कठैबरा !
भयो जोगी हिंड्यो छोरो रून्छे मात्र यशोधरा
खै त बाबा ? भनी नाति सोध्छ वैरागले छुँदा
खुशी हुन्थे सबै आज घरमा बुद्ध आउँदा ।

वसन्ततिलका छन्द ।

१११६. छाडेर जासुसहरू घर-टोल गाउँ
पक्रेर ल्याउनु भनी हुलिया र नाउँ
सिद्धार्थ गौतम भयो अनि बुद्ध प्राप्त
आदेश भो तब कुदे सब प्रान्तप्रान्त ।

॥ नवम सर्ग इति ॥

दशम सर्ग

पञ्चचामर छन्द ।

११९७. तपसी बनी हिंडे अरे ! झसङ्ग पो भएँ सुनी
यता बुझैँ उता बुझैँ दशै दिशा घुमीघुमी
वितेछ सात वर्ष यो न भेटिए न देखिए
अचम्म भो अचम्म भो कता गए कता गए ?

१११८. अघोर अन्धकारको स्वराज्य भो अदृश्यको
नदेखिने सबै थियो निशा अझै अझै बढ्यो
जहान नींदमा थिए र मध्यरातमा हिंडे
खुलाइ द्वार बन्दिला तिनी छिरी कता गए ?

१११९. अनात्म रोग हुन्न रे छ जीवसाथ रोग हे !
अनेक क्लेश डाहले दिनेछ जन्म दुःख रे !
यिनै विचार गर्दथे भविष्यसम्म सोच्तथे
विहीन बुद्ध शून्य भो अहो ! तिनी कता गए ?

११२०. यता कुमार जन्मिए विछोड भो पितासित
अभागले न वा थियों दशा खराबको कि त
बुझेन चित्त प्रेममा न वा निराश भै हिंडे
लुके कि वा न वा भुले कता गए कता गए ?

११२१. अहो ! कुमार जन्मिँदा खुशी थिए खुबै तर
छकाउँदै लुके कि वा पर कतै महाछल
जुराइयो सबै मिली कुमारनाम राहुल
विरक्तिए पिता भई दयाविहीन भो मन ।

११२२. यशोधरा कठैबरा ! धुरूधुरू रूँदै कन
कता गयौ तिमी भनी जपेर नाम गौतम
खपेर डाह नौथरी हरेक रात काट्तछिन्
विछोडले कठैबरी ! बरर आँसु झार्दछिन् ।

११२३. वियोगको विछोड भो अगाध प्रेम शून्य भो
हुँदा विछोड प्रेमको रमाउने यहाँ छ को ?
कठैबरा यशोधरा रूँदैरूँदै उनै भनी
अलापले विलापले बसिन् कठै भनी- उनी !

११२४. जतातते छ शून्य रे ! न आर्यपुत्र गौतम
चरा उडेर खोज्दछन् सकेन थाम्न त्यो मन
विचार भूपको भयो अवश्य खोज्नु पर्दछ
दिएर राजकाज यो म वृद्ध छाड्नु पर्दछ ।

११२५. अवश्य खोज्छु बुद्ध त्यो सुराक छाड्छु देशमा
हरेक गाउँ टोलमा स्वदेशमा प्रवासमा
बुझेर दक्ष व्यक्ति को ? छ जो असाध्य चातुर
गएर बुद्ध ल्याउनू नियुक्त हुन्छ जासुस ।

११२६. हरेक गाउँ प्रान्तमा डुलीसके घनावन
जतातते पुगे तिनी मिलेन साथ गौतम
हिजो यतै थिए भनी दिएर सूचना छिटै
कुनै हराउँथ्यो कतै कता कता उतै छ है !

११२७. यतै थिए हिजो उनी सुराकमाझ गौतम
हराउँथे कतै छिपी भएर आत्मसंयम
सुराकले बुझे गई खिचेर अङ्ग इन्द्रिय
तपी बनी यतै कतै बिताउँछन् सबै दिन ।

११२८. राजामा पीर भारी अझ अझ थपियो हाय ! छोरो हरायो
स्वप्ना देखैं नराम्रो घरनजिक बसी काग कालो करायो
छुत्ती खेल्थे सिनोमा बगर नजिक ती गिद्ध ब्वाँसा र स्याल
स्वप्नामै गिद्ध आई मकन पनि ठुँगे माझ झाडी विशाल ।

११२९. छोरालाई भयो के खबर छ न कुनै के छ सञ्चो विसञ्चो
हामी प्रासादमा छौं सुखसयल अहा ! हाय ! सिद्धार्थ के भो ?
जासूसी ती खटेका अझ पनि त कतै छैन पत्तो कुनै त्यो
सन्यासी भो न वा त्यो धरधरर कतै हाय ! रोई बसे हो ?

११३०. विर्सी मातापिता औ घरवरपरका इष्ट साथीसँगाती
स्वास्नी छोरा र मायाँ स्वजनकन तथा राज्य छाडेर भारी
सबैको साँच्चै योगी भयो त्यो ? अहँ ! किन कसरी बन्छ त्यागी
हार्देनन् पौरखीले स्वजन घर सबै छाड्न सक्ने यहाँ को ?

११३१. घुम्दै होला कतै वा घुमिकन वनमा पेट रित्तो हुँदो हो
काँडाघारी छ कोर्ने रगत तरतरी पाउ होला दुखेको
कस्को गर्ने तपस्या ? बनिकन मुडुलो राज्य छाडेर एक्लै
बाबा नै देवता हुन् परमसुख यहीं लोकसेवा गरे है !

११३२. भोकानाङ्गा तथा यी सकल जनहरू दीन छन् चेतनाका
हाँसी खेली रमाई सँगसँग जनका साथमा खै बसेका
यौटै राजा प्रजाको हृदय यदि भए दु:ख भाग्नेछ दूर
एकै हुन् भावनाले तब तब सुखको खुल्छ सौन्दर्य द्वार ।

११३३. राम्रा उद्योग खोलीकन उपज बढी नै निकालेर सारा
पालून् आफ्ना प्रजा ती तब त जगतको हुन्छ क्याबात राजा
खेती गर्ने र विद्यालय बहुमुखको हुन्छ खोले विकास
बाटो यो धर्मको हो किन हुनु मुडुलो के छ त्यस्मा निकास ?

११३४. कैले हाँस्छन् र कैले विवश हृदयले हाय ! राजा रूँदैछन्
छोरो भाग्यो कता खै भनिकन बिचरा शोक ज्यादा लिँदैछन्
बौलाहाझैँ भएका शरम पनि हट्यो देशवासी लजाए
प्यारा छोरा कता छौ घर कुन छ कता मिल्छ मायाँ उता के ?

११३५. भन्दै- हे पुत्र, शुद्धोदन विसुर भए उब्जियो शोक आफैं
छोरा, छोरा भनेका सकल जनहरू सोद्धछन् के भयो है ?
राजा सन्तापमा छन् हरबखत रूँदै शोकमा शोक थप्दै
भोकै बस्छन् नखाईकन अलिकति खै संकटै भो अचम्मै ।

११३६. हाम्रा राजा विरामी छटपट तब छन् पुत्रको शोकले झन्
सत्ता त्यागी हिंडेका वरपर वनमा बुद्ध ती फर्किंदैनन्
आयो हल्ला यतै छन् सबकन बटुली भिक्षु शिक्षा दिंदैछन्
सन्यासी रूपधारी नवयुवकहरू बुद्धका साथमा छन् ।

११३७. गाली गर्छन् बराला भनिकन त कतै बुद्ध कस्तो हरामी
मागी खाने अरूका शिशुजन बटुली पार्न थाल्यो विरामी
खेती गर्ने कसैका जन पनि कति काम सारा छलेर
के को शिक्षा दिने हो वनवन त घुमी भिक्षु आफैं बनेर ।

११३८. घुम्दैफिर्दै बगैंचातिर नजिक भए बुद्ध भन्दै हजार
आएका छन् हिजो नै सकल बटुलिए गर्न सत्कार लाख
गोठाला ती जुटेका हृदय छ सबको बुद्ध भेट्ता प्रफुल्ल
जम्मा छन् लुम्बिनीमा सबसित अहिले व्यस्त छन् बुद्धदेव !

११३९. राजाका कानमा यो खबर जब पर्‍यो रोग सारा निको भो
खै खै भन्दै उठे ती र खुरूखुरू हिंडे बस्छ होला कता त्यो ?
कोही जासूस आयो र खबर सब त्यो भूपलाई बतायो
हाम्रा सिद्धार्थ आए वरिपरि अरू छन् भिक्षु भन्दै गयो त्यो ।

११४०. आए आए अब त नजिकै भिक्षुका फौज आए
राजालाई खबर पनि भो देशवासी रमाए
रानी हाँसिन् तनय पनि गै भेट्छु बाबा भनेर
उफ्र्यो नाच्यो फुरफुर गर्‍यो दङ्ग पार्‍यो मुहार ।

११४१. आयो दौडी शिशु अरू थिए बाबु तेरा कता छन् ?
खोजे सोधे वरिपरि डुले भेटिएनन् कता छन् ?
नौला हुन्छन् शिशुवय हुँदै पुत्र प्रासाद छाडी
आए ऐले तर कुन भनोस् बाबुको खै चिनारी ?

११४२. हाम्रा बाबा भनिकन उठ्यो पुत्र सिद्धार्थको त्यो
खै खै बाबा छ कि त सपना खोज्नुपर्ने कता हो ?
बाबा बाबा भनिकन यता पुत्र बोलाउँदैछ
सन्यासीको मन, हृदयका बुद्ध मायाँ उता छ ।

११४३. बाबा भन्दै वनतिर पस्यो भूपलाई नटेरी
उफ्री उफ्री परपर भयो राहु ऐले अटेरी
एक्लो नानी अब त कसरी मार्ग काटेर पारि
बाबा भेट्ने मनसुव गरी जान्छ होला कसोरी ?

११४४. बाटो ज्यादै कठिन छ सबै जङ्गली मार्ग हाय !
हुन्छन् ज्यादा भय पनि दिने जन्तुमा भीमकाय
जाओ जाओ पछिपछि छिटो नाति त्यो राहुलाई
खोजी ल्याओ अरू पनि कुदे भूप-आदेश पाई ।

११४५. सानो सानो चतुर शिशु त्यो आठ लाग्यो उमेर
बाबा भन्दै वनतिर गयो हेर भ्काडी अघोर
बोलाए ती सबकन मिली बाबु आऊ कता छौ ?
भेटेनन् खै वनतिर भुल्यो शोकमा शोक भो भ्कन् ।

११४६. झाडीभित्रै पथ पनि भुली बाबु रोयो करायो
बा ! बोलायो त्यसतिर घुम्यो जङ्गलैमा हरायो
कोही छैनन् वरिपरि त्यहाँ बाबुआमा सँगाती
एक्लो नानी कससित भनून्-जन्तु आए नजाती ।

११४७. ठूलाठूला वनचर कडा जन्तु शार्दूलराज
डुक्री डुक्री वनतिर घुमी मांस खोज्थे शिकार
रोएको त्यो शिशु नजिकमा बाघले झट्ट देख्यो
आयो झम्टी त्यहिँनिर पुग्यो राहु भागोस् कता पो !

११४८. जिभ्रो फड्कार्दछ अब मिल्यो मासु मीठो अहो यी
नङ्ग्रा दाह्रा जहरसरिका न्याल काढेर कोही
घेरेका छन् वरिपरि बसी हाय ! एकान्त ठाउँ
मान्छे छैनन् वरिपरि कतै दूर देखिन्छ गाउँ ।

११४९. गर्जेका छन् गुरूरूरू वडा सिंह, शार्दूल हाती
अर्ना, गैंडा भुइँतिर कतै सर्प बिच्छी प्रजाति
कौवा घुम्छन् गगनतिर ती गिद्ध चुच्चो तिखारी
हिंसैहिंसा सबतिर छ त्यो मासु खोज्ने शिकारी ।

११५०. बाबा भन्दै निशिमय घना जङ्गली कुञ्जभित्र
आमा भन्दै घुँकघुँक रूने को छ त्यस्तो विचित्र
सौतेनीले शिशुपन कठै ! क्रोधले आज आई
ल्याई छाडिन् वनतिर न वा पुत्र हो यो कुमार ।

११५१. जाने बाटो सबतिर भुल्यो भोकतिर्खा बढे हा !
कल्ले सुन्ने वरिपरि थिए जन्तु नङ्ग्रा भएका
घेरेका छन् वरिपरि तिनी स्याल ब्वाँसा विषाद
बिच्छी डस्छन् अहिगण यता हा ! पऱ्यो के फसाद !

११५२. बाटो सानो अलिपर थियो भिक्षु यात्री शिकारी
हिंड्ने गर्थे दिनकर छँदा ढुक्क छाती फुलाई
गोरेटोमा नजर शिशुको घुम्न थाल्यो बिचारी
त्यो बेलामा सुरूसुरू यतै एक आयो भिखारी ।

११५३.को हो रून्चे शिशु कुन छ यो कुन्जको भित्रभित्र
योगी आयो अझ अझ यतै बाल देख्यो विचित्र !
रोएको त्यो धरधर कठै ! भोकतिर्खा खपेर
काँडाघारीसित लडिबुडी ध्यार्र छन् वस्त्र हेर !

११५४. को यो नानी किन त यसरी बस्छ रोई कराई
वा हुन् नानी खुद त भगवान् भेट्न आए मलाई ?
यस्तै सोची अझ नजिकिए बाल भेटे समीप
सोधे नानी किन त वनमा ? हेर झुत्रो गरीप ।

११५५. बोले बाबा अझ नजिकिंदै बुझ्न सारा रहस्य
सानो नानी किन त वनमा बाबु-आमा अदृश्य
को हौ नानी कुन थर कता वास बस्ने छ गाउँ
एक्लै रून्छौ शिशुपन तिमी के बताऊ त नाउँ ।

११५६. मेरा बाबा वनतिर गए शान्त एकान्त ठाउँ
भिक्षा थाप्छन् सबतिर डुली यी चहारेर गाउँ
बाबा खोज्नैकन वन पसेँ राहु मेरो छ नाम
वस्ती मेरो कपिलपुर हो लुम्बिनी वासधाम ।

११५७. यस्तो कालो वनतिर तिमी मार्ग विर्सी भुलेछौ
छन् वा छैनन् सहचर अरू एक्लिदैं आज रून्छौ
साथीसङ्गीजनसित बसी खेल खेल्ने छ बेला
जाऊ आफ्ना घर अब तिमी भैसक्यो है अबेला ।

११५८. योगीका ती वचन गुलिया बालले सुन्न पाए
साथी पाए तब शिशु तिनी भित्रभित्रै रमाए
आए बाबा खबर सुनियो आखिरी छैन डेरा
आएँ एक्लै वनतिर भुलें बाबु सिद्धार्थ मेरा ।

११५९. मेरा बाबा बनिकन तपी राज्य छाडेर सारा
ज्ञानी बन्ने मनसुब गरी शान्तिका भै पियारा
डुल्दैछन् रे यस जगतमा एक सञ्चार आयो
घुम्दैफिर्दै निकटतिर पो भेट्छु आशा पलायो ।

११६०. छैनन् खोजें सबतिर डुलें भोकतिर्खा खपेर
बाटो भुल्दा पनि डर भुल्यो नाम उन्कै जपेर
बाबा मेरा भनिकन बसें बुद्ध बाबा भिखारी
को हौ बाबा नजिक पनि छौ हौ कि कोही शिकारी ?

११६१. नानीका ती वचन गुलिया पाउँदा झस्किएर
काखी च्यापे मिलन पनि भो दैवको खेल हेर !
आयो एक्लै वनतिर अहो भेट्छु बाबा भनेर
त्याग्यो यल्ले पनि त घर त्यो तत्वदर्शी बनेर ।

११६२. तिम्रा बाबा यस जगतमा बुद्धको नाममा छन्
मै हूँ बाबा चिन यति भनी पुत्रको साथ बस्छन्
तिम्रो पैले जनम जब भो राज्य त्यागेर मैले
खोजें सारा प्रभुकन यता प्राप्ति बुद्धत्व ऐले ।

११६३. आएँ छोरा, कपिलपुरमा शान्ति निर्माण गर्न
भेटें पैले तनयकन पो आज पाएँ सुधार्न
छोरा जाऊँ ! हिंड अब सँगै गाउँ वस्ती पहाड
मै झैं योगी बनिकन तिमी गर्नु उद्धार सारा ।

११६४. त्यागी राज्य महाभिनिष्क्रमणको ऐले वित्यो वर्ष जो
भेटेँ पुत्र असाध्य हर्षित भएँ यो वर्षले सात भो
यस्को जन्म भयो र भिक्षु म बनेँ सानै थियो बालक
छाडेँ पुत्र यशोधरा अनि अरू त्यागेँ सबै वैभव ।

११६५. त्यागेँ राज्य विलासका सब कुरा साथीसँगाती पनि
प्यारा छन्न म फेरि भेट्छु र नयाँ शिक्षा दिई जीवनी
सन्यासी म बनाउँला सबजना ती भूप शुद्धोदन
माता, नन्दकुमारका सँगसँगै सन्ध्या, कृषागौतमी ।

११६६. भेटेँ आज अपूर्वको मिलन यो संयोगले के भयो
शिक्षा दिन्छु असाध्य चातुर बनोस् बाँकी कुरा के रह्यो ?
बाबाले दिनुपर्छ ज्ञान सुतमा कर्तव्य मेरो थियो
पूरा गर्दछु आज पुत्रसँगमा संयोग राम्रै भयो ।

११६७. ठूला हिंस्रक जन्तुमाझ वनमा बाँचेर बाबा भनी
पर्ख्यो राहुल पुत्र बालक छ यो होला भरे सद्‌गुणी
माटो बालक हुन् मुछेर जलले भाँडा बनाऊँ जसो
त्यस्तै बन्दछ चित्र निश्चित भरे आकार जस्तो दियो ।

११६८. भोको नग्न शरीर हाय ! बिचरो रोईरहेको थियो
खाना खान दिए रसाल फल ती खाएर भो जोशिलो
भाग्यो त्रास सबै पितासित हुँदा नाच्यो भई हर्षित
बाबा शान्त चरित्रका र हँसिला संसारका चर्चित ।

११६९. बाबाको ममता नवीनपनको आहा ! थियो शान्त त्यो
हाँसे राहुल आज धन्य म भएँ क्या भाग्यमानी अहो !
आमाको घरमा छ भिन्न ममता छैनन् कि ज्ञानी तिनी
यस्तो पो ममता खुशी छ मनमा हुन् बुद्ध माता जिमी ।

११७०. हे बाबा गुलिया मिठाइ दिनुहोस् नाना र चाचा पनि
पाएँ बल्ल म खेल्न बाबुसँगमा छाडी हिंडे तापनि
मेरो जन्म हुँदा रिसाउनुभयो छाडी गएको किन ?
साथै बस्दछु हास्छु गाउँछु सँगै बाबा कतै छाड्दिन ।

११७१. छोराको मनका कुरा सब बुझे आँखा रसाए तब
खाए म्वाइँ सपूत हौ जगतका राख्नेछु साथै अब
माया हो सबथोक पुत्र घर यी भन्थे सधैं गौतम
छोरासाथ बसेर छन् अझ खुशी यस्तै छ माया मन ।

११७२. धर्तीमै सब जन्मिए तर कुनै बाँच्तैन वर्षौंतक
बाँच्ने के छ उपाय आखिर यहाँ हुन्छन् सबै नै मृत
प्यारा राहुल, प्रेम हौ सब तिमी पुग्छौ भरे खै कहाँ ,
मायाको सब खेल हो अब तिमी आएर एकान्तमा ।

११७३. गर्नू ध्यान विचित्र यो जगतको नक्शा खिची आँतमा
देऊ मुक्ति अजान लोकजनको राखी सफा भावना
ऐले बालक छौ तिमी तर भरे विद्वान् र ज्ञानी बनी
गर्नेछौ हित लोकको जगतको हौं साम्य हामी भनी ।

११७४. बाबासाथ रहेर व्यर्थ झगडा गर्छौ तिमी बालक
पापा, भोजन मिष्ट वस्त्र नउला हो चाहनामा तर
बूढो हुन्छ र मर्छ मानिस यहाँ रोगी बनी दुःखले
के हो कारण बाबु बुझ्नु पछि यो पापा यही मिष्ट हे !

११७५. नाना दिन्छु शरीर ढाक्न बलियो फाट्तैन यो स्पर्श छ
होऊ शान्त र हाँस दुःख जति होस् चाचा त्यही बन्दछ
ईर्ष्या, क्रोध र लोभ द्वेष ननिका यी शत्रु हाम्रा बुझ
मर्नै पर्दछ आखिरी सब यहाँ खै के छ बाँच्ने सुख ?

११७६. हे छोरा, सुख, खोज बस्दछ कहाँ ? भेटिन्छ खोजी गरे
आमाबाबु सखाहरू सब तिनी छन् भित्र आफैं भए
बाबा बुझ्दिन, मित्र शत्रु कुन हो हुन् लोभ वा क्रोध के ?
तिम्रै साथ म बस्छु पुग्छ यति नै इच्छा अरू हुन्छ के ?

११७७. दोस्रो भेट थियो कुमारसितको आज्ञा दिए बुद्धले
आऊ पुत्र सफा भएर मुडुलो ढाकी सफा वस्त्रले
केही दूर कुटी छ भिक्षुगणको सत्कार गर्नू गई
ज्ञानी बालक राहु भिक्षु कलिलो सम्मान तिम्रो छ है !

११७८. बाबा हुन्छ म जान्छु भिक्षुगणमा बन्नेछु बाबासरि
पैले जाउँ दुबैजना घर पुगी भेटेर आमा पनि
आफैंसाथ लिएर पो हजुरले शिक्षा दिई मंगल
होस् उद्धार यशोधरा अनि अरू छन् नन्द बाबा घर ।

११७९. हा ! हा ! पुत्र कता गयो दिन गनी रोएर शुद्धोदन
पर्खेका घरमा हरेक दिनमा हेरेर बाटो वन
चिन्तैमा हरकाल छन्न पनि छन् सन्ध्या, कृषा गौतमी
हे बाबा घर जाउँ यो समयमा आफन्त भेटौं भनी ।

११८०. बाबा मिल्दछ शान्ति जाउँ घरमा आफन्त ती हाँस्दछन्
हाँसोमै सब शान्ति लुक्दछ बुबा जो वेदना हट्तछन्
आमाको मनमा छ दु:ख यसरी बाबा हराए भनी
बाबा मिल्छ र शान्ति कारण बनी छन् दु:ख हाम्रा पनि ।

११८१. छोरा, धन्य तिमी खुशी तब भएँ काट्यौ कुरा तर्कले
पक्का जान्छु म पुत्रसाथ घरमा मेरो त्यही स्वर्ग हे !
छन् आफन्त डुबेर दु:ख दहमा रोईरहेका सब
तिन्मा मुक्ति म दिन्छु जो सुख चिनून् मिल्नेछ है वैभव ।

११८२. छन् अष्टाङ्गिक मार्ग यी वचनमा सङ्कल्प सम्यक् स्मृति
सम्यक् दृष्टि, समाधि कर्म घरमा आजीविका संस्कृति
सम्यक् भाव प्रयत्नमा रहिरहे हामीसितै शान्ति छ
यी अष्टाङ्गिक मार्गबाट नहिंडे संसार दिग्भ्रान्ति छ ।

११८३. सारा सृष्टि छ नाशवान तब के हामी जगेर्ना गरौं ?
बाँचौं बाँच्न सिकाउँ यो जगतको रक्षार्थ आफैं बनौं
छन् अष्टाङ्गिक मार्गभित्र जिउँदा आस्था कला सुन्दर
जो नासिन्न यहाँ अजम्मर हुने आत्मा स्वयम् ईश्वर ।

११८४. हे छोरा, अहिले तिमी शिशु कला बन्दा भरे यौवन
बन्छौ कामुक एकपल्ट नबुझ्री अन्धो बनी चेतन
त्यो बेला जब आत्मसंयम भई यी मार्ग अष्टाङ्गिक
हिंड्ने बन्दछ चेतवान् जगतको चर्चिन्छ सर्वाधिक ।

११८५. हे छोरा, सुन शान्त जीवन बनोस् आफन्तमा यी सब
मेरो चाह यही छ शान्ति सबमा देखूँ कलावैभव
छन् शुद्धोदन लोभ, द्वेष पथमा आतङ्क मच्चाउँछन्
राजा मै हुँ घमण्डले जब तिनी सद्भाव रित्याउँछन् ।

११८६. राजा भुल्दछ राजनीति पथमा फुस्रो अहंकारले
हिंसायुक्त विचारका सब हुने नेतृत्व उल्ले दिए
जस्तो संगत हुन्छ बन्दछ उही चैतन्य नै मर्दछ
राम्रो संगत गर्नु बालक तिमी चैतन्य जो बाँच्दछ ।

११८७. कामी, कामुकभित्र आचरणको सीमा कतै हुन्न त्यो
त्यस्मा शान्ति हुँदैन हेर जगमा कामी भयो भिक्षु को ?
छन् शुद्धोदन भूप कामुक तिनी ? छैनन् अहो ती तर
राजा द्वैध चरित्रका तब तिनी चिन्ता लिँदैछन् घर ।

११८८. राजा बन्नु रवाफ हो जगतमा राजा प्रजा भिन्नता
आत्मा एक छ बग्छ रक्त सबमा उस्तै त हो इज्जत
मायाका वशमा परेर नृपले के मुक्ति त्यो पाउँछन्
मायाँ प्रेम प्रजापती पनि भनून् के शान्ति ती पाउँलिन् ?

११८९. मायाँ प्रेम यशोधरा पनि भुलिन् सन्ध्या कृषा 'गौतमी
प्यारा छन्न सबै म भेट्छु अहिले शिक्षा दिई मौसमी
भ्राता नन्दकुमार भिक्षु गणमा छोरा तिमी राहुल
बुझ्नेछौ सब जीव जीवन तिमी भै पारदर्शी पर ।

११९०. यस्तै वात गरी हिंडे घर तिनी हल्ला पुग्यो देशमा
के आश्चर्य भयो त आज यसरी फर्के यतै गौतम
राजा हुन् तर भिक्षु भेष बदली माग्ने बनी लोकमा
आए शुद्ध बनेर बुद्ध घरमा सन्यासको भेषमा ।

११९१. त्यागे यो दरवार सौख सब यी त्यागेर यी हैकम
के हो कारण भिक्षु बन्नु तिनमा हुन् चक्रवर्ती धन
के हो जीवन शुद्ध आचरण के ? खोजी गरे बुद्धले
आऊ स्वागत गर्दछौं सब मिली सम्मान यो देशले ।

११९२. लाली फूल उचाइका शिखरका टुण्ड्रा पखेरातिर
गर्छन् स्वागत धन्य गौतम तिमी होऊ यतै नै स्थिर
बोल्छन् स्वागतसाथ पर्वतहरू छाती खुलाईकन
हामीसाथ रहेर गौतम तिमी पार्नू सफा त्यो मन ।

११९३. आहा ! वाग हराभरा र रसिलो झर्ना झरी झर्झर
गर्छन् स्वागत बुद्धको हृदयले जो भावना सुन्दर
गर्दै स्वागत लुम्बिनी पनि त्यहाँ उत्साहले हर्षले
पुज्छन् पाउ अहो ! छ धन्य भगवान् आनन्दले गर्वले ।

११९४. आए बुद्ध समीप गद्गद भई ती रूखका पातले
छर्दै शीतल वायु स्वागत गरे उद्यानका झाङले
गोठाला घँसिया किसान सबले प्यारा भनी गौतम
एकैसाथ गरेर स्वागत मुरी आफ्ना दिए आसन ।

११९५. हाम्रा मुक्ति पिता उदाहरण हुन् यो विश्वका एक यी
बाँच्नेछन् परसम्म दम्भ नलिई श्रीशान्तिका मूल यी
सन्यासी गण छन् मुहार सबको हाँसीखुशी तेजसी
नेता गौतम भिक्षुका सब उनी देवर्षि सच्चा मुनि ।

११९६. आए दूत, सुराक चातुरहरू हे भूप शुद्धोदन
आए आज छ वर्षको समयमा फर्की यतै गौतम
भिक्षा दान लिएर देशभरमा घुम्दै रहेका तिनी
खौरी केश अहो ! भएर मुडुलो टेकीरहेका जिमी ।

११९७. वैरागी जनका बुझेर मन जो योगी बनाईसके
साथैमा छ कुमार राहुल अहो ! बाठो बनाईसके
योगी बालक वृद्ध औ सब युवा छन् बीचमा गौतम
भन्छन् शान्ति महाभिनिष्क्रमणको शिक्षा छ रे उत्तम ।

११९८. आउ बुद्ध हतारले सब उठे राजा र रानी पनि
आए स्वागत गर्न फूल छरिए राता पहेँला जुही
आइन् झट्ट यशोधरा पनि कुदी हे प्राण आयौ भनी
आए छन्न उता हतार बहुतै सन्ध्या कृषा गौतमी ।

११९९. सन्ध्याको दिलभित्र चोट गहिरो सम्झिन् पुरानो कथा
भेटेँ आज समीप गौतम यिनी पोखूँ कि मेरा व्यथा
प्रव्रज्या हुँ कि ! बुद्धसाथ रहुँला इच्छा थियो अन्तिम
इच्छा पूर्ण हुने भयो अब छिटै अर्की कृषा गौतमी ।

१२००. भारी स्वागत भो अगाडि सबले गर्दै नमस्कार हे !
देऊ मुक्ति छ दुःख द्वेष सबमा यो मुक्तिको मार्ग के ?
प्रव्रज्या गणमाझ गौतम उठी सम्मान सम्वोधन
दिन्छन् यी उपदेश भिक्षु गण हो एकाग्र पार्नू मन ।

१२०१. भन्ते ! भिक्षु महान् छ मार्ग हिंडने व्यर्थै गरी शोक के ?
मर्छन् जीवहरू हरेक घरका संसारकै रीत हे !
चिन्ता व्यर्थ छ मर्त्यलोक यसमा ल्याऔं नयाँ दर्शन
चिन्ता त्याग यशोधरा अब तिमी सम्झेर यो गौतम ।

१२०२. रोएँ झल्झल आँसुका लहरमा सम्झेर प्यारा तिमी
सारा शून्य भए चराचर सबै आमाविनाकी बनी
एक्लै आँसु बगाउँदै जगतमा खोजी हिंडे गौतम
आयौ आज म धन्य धन्य छु सखे हाँस्दैछ मेरो मन ।

१२०३. मानै गर्न यशोधरा अघि सरिन् संयोगको यो घडी
बोलिन् हर्षविभोर भै हृदयले प्यारा, भुल्यौ के गरी ?
त्याग्यौ व्यर्थ म एक्लिएँ जगतमा माया मर्‍यो बैंसको
मुर्दातुल्य भएँ म गौतमबिना मेरा मरे ऐश जो ।

१२०४. पाएँ आज रहन्छु साथ अब ता जान्छौ जता साथमा
प्रव्रज्या पनि हुन्छु साथसँगमा मेरा तिमी छाड्दिन
चाहिन्नन् सब ऐश राज्य किन यी निस्सार छन् वैभव
मीठो प्रेमविना हुँदैन सुख क्यै माया दिनोस् ईश्वर !

१२०५. पैह्रिन् वस्त्र दुरूस्त पीत रङका जस्ता थिए गौतम
उस्तै रूप धरिन् अघिल्तिर सरिन् खैंचेर सारा मन
आइन् गौतमसाथ पाउ कर ती माया फिंजाई नयाँ
पारिन् मोहित फेरि गौतम भनी ठूलो सभा माझमा ।

१२०६. ताली पट्पट् पड्कियो जय भनी सारा प्रजा हर्षले
थाले नाच्न र गीत गाउन अहा ! ऊर्जा थप्यो प्रेमले
ज्यादा हर्षित सुप्रबुद्ध पनि छन् हुन् कूटनीतिज्ञ ती
मौका यो छ अझै भुल्याउन सकून् मायाविनी गौतमी ।

१२०७. रानी वृद्ध प्रजापती अघि सरिन् माया फिंजाइन् पनि
आयौ पुत्र छ साधुवाद मनको माया दिउँ के भनी ?
बाबा वृद्ध भए सँभाल्नु घर यो भै चक्रवर्ती नृप
योगी भैकन कल्पियौ किन तिमी छाडी सबै वैभव ।

१२०८. लाछी बन्दछ भिक्षु शून्य दिलले संघर्ष गर्दैन त्यो
के हो मुक्ति विकास मार्ग कुन हो त्यो मूर्ख बुझ्दैन हो
आफ्नो हैकम राख्नुपर्दछ अहो ! राजा बनी तेजसी
जोगी भैकन हुन्छ के जगतमा लाछी भिखारी तिमी ।

१२०९. आऊ राज्य सँभाल यो र जनता होऊन् सुखी वैभव
छाहारी बन रूख शीतल दिने उद्योग खोली नव
पाऊन् यी जन रोजगार सबले सारा गरीबी हटून्
ओ ! स्यावास भनून् हरेक जनले मीठो चलोस् हैकम !

१२१०. फुस्रो फुङ्ग भएर जङ्गल घुमी यी शून्य वैराग्यले
केही हुन्न विकास सृष्टि घरको खोजी नभेट्ने छ जे
के खोज्छौ वनमा अचेत तपमा अल्छी तिमी बन्दछौ
प्यारा बुद्ध समात राज्य घर यो सारा यहीं भेट्तछौ ।

१२११. योगी वृद्ध भएर बन्दछ फगत् छोरो समानै भई
सक्ने हुन्छ सह्माल्न राज्य घर यो निर्भीक आफैं रही
त्यो बेला घर राज्य त्यागछ जसले धर्मात्म त्यो बन्दछ
प्यारा गौतम राज्य थाम अहिले कर्तव्यको भित्र छ ।

१२१२. धेरैको अनुरोध आउँछ उही राजा बनी हैकम
गर्नु शासन बुद्धले जगतमा मीठो गरी भाषण
ठूलो मानिस हुन्न राज्य घरको तीतो गरे शासन
भेटिन्नन् सुख शान्ति राज्यघरमा पाइन्छ एकान्तमा ।

१२१३. हे माता, म त शान्ति खोज्दछु यहाँ एकान्तको ठाउँमा
भेटी शान्ति प्रचार गर्दछु यतै अज्ञानका गाउँमा
मेरो कीर्ति त्यही अजम्मर हुने सङ्केत मै देख्दछु
प्रव्रज्या सब बन्नुपर्दछ यहाँ जो शान्तिले भेट्तछु ।

१२१४. फुस्रो फुङ्ग हुँदैन जङ्गल घुमी खोजिन्छ सद्भावना
आहा ! ती लहरा पतङ्ग हरिया सत्प्रेमका चुम्वन
बोल्छन् ईश्वर कुन्जभित्र दिलमा श्रीशान्ति फैलाउँदै
त्यस्मै हुन्छ सुशान्त बुद्ध मनको फैलन्छ मौलाउँदै ।

१२१५. हामी लोभ र क्रोधमा भुलिरह्यौं संवेदना टाढियो
व्यर्थै द्वन्द्व गरेर राज्य घरमा यी जिन्दगी मेटियो
हे माता अब राजकाज सब यी छाडेर दुर्भावना
सच्चा जीवन खोज्नु पर्दछ यतै छाडेर यी हैकम !

१२१६. मेरी प्राण यशोधरा, तनय औ माता पिता दौंतर
भ्राता नन्दकुमार गाउँ घरका इच्छा भएका सब
आऊन् साथसँगै पछिल्तिर बसी श्रीशान्तिको देशमा
प्रव्रज्या सब आह ! शान्त मनका काषायको भेषमा ।

१२१७. ताली पट्पट पड्कियो तब त्यहाँ लागे सबै लस्कर
योगी गौतम मुक्तिमार्ग सबका हल्ला भयो यो तर
कोही गौतमका विरूद्ध पथमा बाधा पुर्‍याईदिने
कोही छन् भयमुक्त साथ रहँदा सत्कर्ममा भेटिने ।

१२१८. लाछी बुद्ध बराल्छ लोक यसले कोही कुरा काट्तछन्
केको शान्ति प्रचार व्यर्थ यसको कोही यही भन्दछन्
नौला दर्शनमा खुलेर प्रतिभा कोही कला जाँच्तछन्
हाम्रा गौतम बाँच्दछन् अब सधैं हल्ला कतै गर्दछन् ।

१२१९. बाँच्ने के छ भविष्यसम्म यिनको जादू फिंजाए नयाँ
सक्खै छन् जनता पछिल्तिर हिंडे चोरे सबैको मन
साराको मन जित्न सक्छ जसले बेला बुझी भावना
त्यै मान्छे अमरत्व पुग्छ जगमा जस्मा छ सत्चेतना ।

१२२०. देऊ मुक्ति भनी पछिल्तिर हिंडे हाम्रा यिनी ईश्वर !
प्यारा गौतम आखिरी प्रलय हुन् बाँकी अरू के छ र ?
धर्ती भोलि छ नाशवान जसरी हामी सबै मर्दछौं
केको व्यर्थ छ क्रोध द्वन्द्व मनमा साथै सबै मिल्दछौं ।

१२२१. आहा ! श्वेत हिमालको पवनले मीठो दियो शीतल
झर्ना झर्झरसाथ शब्द रचियो श्रीशान्ति ॐकार छ
ढुङ्गा आसनबाट मुक्त ऋषिले यी ईश हुन् भन्दथे
बोल्थे चिर्बिरले चरा पनि त्यहाँ ती बुद्धमा मिल्दथे ।

अनुष्टुप् छन्द ।

१२२२. बुद्धिमानी छहारी हो मूर्ख काँडा समाजको
काँडा पन्छिन्छ बाटोको चौतारी रूख ढाल्छ को ?
उपदेश दिऊन् सारा गीतासार छ बुद्ध जो
भगवान् श्री महाबुद्ध लोकमाझ प्रचार हो !

॥ दशम सर्ग इति ॥

एकादश सर्ग

शार्दूलविक्रीडित छन्द ।

१२२३. आहा ! शान्त स्वभावका र हँसिला जित्ने सबैका मन
प्यारा गौतम बुद्ध छन् जगतका खोजी नभेट्ने धन
लागे लस्कर बुद्धका सँगसँगै मातापिता औ सखा
साथीभाइ र पुत्र बालकहरू पत्नी सखी ती सब ।

१२२४. आएका उपदेशनिम्ति जनता ती बुद्धका साथमा
रोजी पीपलवृक्ष फेद रसिलो ठूलो सफा चौरमा
कैले शीतल शान्त निर्झर पुगी कैले किनारा नदी
कैले मन्दिरको समीप कहिले एकान्त झाडी पुगी ।

१२२५. दिन्छन् भाषण बुद्ध गौतम त्यहाँ श्रोता हजारौं थिए
गर्थे प्रश्न र प्रश्न उत्तर हुने ती बुद्धिदाता थिए
हुन् ब्राह्मी लिपिका सचेत गुरू जो पैला भए गौतम
राखेका वशभित्र इन्द्रियहरू एकत्व पारी मन ।

१२२६. कर्मैमा सब निष्ठ हुन् मनुज यी बाँचोस् सुखी जीवन
यो संसार छ नासबान अनि के यी व्यर्थका हैकम !
आफू बाँच्न त गाँसवास सबले आफैं जुटाऊन् जन
ज्ञानी बन्न, छ साधना यदि भने जित्नेछ आत्मारण ।

१२२७. जो छन् शान्त स्वभावका सरलता विज्ञान ज्ञानी अनि
जो जस्मा प्रतिभा छ त्यो दमनको फस्नेछ चक्कामनि
राखी होस सधैं समस्त जगमा हिंड्नू सबैले यहाँ
त्यल्ले जित्दछ आखिरी सब यहाँ आक्षेप बाचोस् कहाँ ?

१२२८. जो जो हिम्मतवान् छ यो जगतमा झुक्तैन त्यो आखिर
एक्लो सूर्य छ हेर ! यो जगतमा पूरा हुने उज्ज्वल !
हामी साहसवान् भई अझ डटी गर्ने गरौं सामना
झुक्लान् बाघ कहाँ र युद्ध उसको हो वीरको साधना ।

१२२९. चिन्ता दुःख अनेक पर्छ जसमा गर्नेछ उद्योग त्यो
दुःखैं होस् कवि लेख्छ काव्यकविता उद्योग त्यो सत्य हो
मीठा काव्य बनून् रसै करूणका गन्तव्य साहित्य त्यो
जस्तो दीन-दरिद्रका दुखकथा लेख्ने नराम्रो छ को ?

१२३०. तातो घाम प्रचण्ड ताप छरिंदा पोल्ने हवोस् तापनि
छायाँ रूख बुट्यानका सतहमा पाइन्छ क्यै शीतल !
ठूला शासकका कडा दमनले देख्दैन सानोतिर
हात्ती रून्छ सुटुक्क टोक्छ भुसुना के काम ठूला शिर ?

१२३१. हावायान अकाशमा जति घुमोस् बोकेर भारी बम
गोली एक भए पुग्यो तल खसी जल्नेछ सारा तन
ठूलो जङ्गल ध्वस्त हुन्छ छिनमा झिल्को परे अग्निको
सानो शत्रु हुँदैन ढल्छ गलले ढुङ्गा वडा भीरको ।

१२३२. मान्छे बन्छ महान् यही समयले राम्रो भए संगत
फल्दैनन् फल बाह्रमास जसरी चाहिन्छ मिल्ने ऋतु
बढ्छन् संगतभित्र कीर्ति-महिमा घट्छन् कतै इज्जत
विद्वान्-संगत, मूर्ख-संगत दुवै मिल्दैन उस्तै मत ।

१२३३. जाडो याम कहाँ छ चैत महिना पस्तैन ठण्डी त्यहाँ
गर्मी माघ हुँदैन शीत भरिंदा त्यो याम दर्शाउँछ !
इच्छाले कुन बढ्छ कीर्ति-महिमा ? चाहिन्छ है साधना
अज्ञानी कुन जाँच दिन्छ सजिलै विद्या नजानीकन ।

१२३४. ज्ञानी सत्य सचेत श्रेष्ठ प्रतिभा हुन्छन् सधैं मौनता !
छैनन् ढल्पल शान्त-पत्थर कडा आग्नेयका क्षेत्रका
झुक्छन् सानु बनेर उच्च प्रतिभा थेकिन्न थेकी कतै
नुग्छन् बाँस उँचा हुनेजति सबै छैनन् नझुक्ने कतै ।

१२३५. आत्माप्राङ्गण देख्न सक्छ जसले देख्ला परात्मा पनि
झर्ना झर्झर स्वच्छ तापनि तिनी जान्छन् समुद्रै भनी
खोजून् शान्ति कहाँ छ यो जगतमा छन् क्रान्तिका वाण यी
यौटै शान्ति सदृश्य सूर्य नभमा त्यो ज्योतिमा क्रान्ति छ ।

१२३६. जस्मा चञ्चलता छ वाक्य अधुरो त्यो दीर्घजीवी नभै
चाँडै मर्दछ हेर ! क्रूर रचना टिक्तैन झुट्टो कतै
खोजे मिल्दछ सत्य दूर नपुगी यो हेर आफ्नै मन
चल्छन् पाउ र हात, माथ सब यी सत्सत्य हाम्रो तन ।

१२३७. चिल्ला गौतमका कुराहरू सुनी बोल्छन् त्यहाँका कवि
के हो जीवन आखिरी भन प्रभो ! बाँच्ने छ के खै छवि ?
के लेखून् कविता यिनी कविहरू कल्ले पढोस् यी कथा
आफैंभित्र कडा कडा दमन छन् जन्मन्छ आफैं व्यथा ।

१२३८. नारीका दल छन् हरेक गृहिणी बैंसालु कोही वय
कोही छन् विधवा अनेक सधवा सोध्छन् तिनी निर्भय
प्यारा गौतम भिन्न जात महिला छौं हेपिएका सब
हाम्रा मुक्ति हुने उपाय कुन हो विस्तार गर्नोस् अब ।

१२३९. धर्ती हुन् भवकी पवित्र दिलकी नारी यिनी मोहनी
नारी वीज र सृष्टिमूल सबकी संसार थेग्ने पनि
नारी बन्धन हुन् समाज कसिने फुक्दै नफुक्ने तिनी
ठूला जङ्गलमा जरा दविदिंदा हल्लन्न त्यस्तो जिम्मी ।

१२४०. नारी क्रन्दन हुन् छ आँसु गहमा तिन्मै छ कालो कली
हार्छन् पौरख गर्न यी पुरूषका शङ्का लिंदा नौथरी
छैनन् साहसयुक्त हिम्मत कमी बन्छन् स्वयम् कायर
नारी जात सधैं पछाडि तब छन् ओभ्रेलमा यो तर-

१२४१. नारी कारण हुन् कडा समरको जस्तो महाभारत
आफ्नै बान्धवमा लडाइँ तब भो नारी त हुन् कारक
फुट्छन् भाइ र साधुसज्जन सबै नारी कडा वाणले
बाँध्छन् जोड पुरूष हार्छ त्यसमा झुक्क्याउँछन् मोहले ।

१२४२. नारी कारण राजनीति पथका सङ्ग्रामका भूमिका
खोल्छन् गोप्य कहाँ ? दवाइ मनमा राख्छन् तिनी गोप्यता
तोड्छन् शक्ति महामहापुरूषको झुक्नेछ ठाडो शिर
खोजेमा पनि पाइँदैन सतको विश्वास नारीतिर ।

१२४३. नारी नै तर, छन् प्रकाश घरका ढाक्छन् तिनी ज्योतिले
कैले निष्पट अन्धकार घर त्यो हान्दा कडा वाणले
शोभा हुन् घरकी हरेक गृहिणी छायाँ बने ज्योति के ?
मायाले सब ढाक्दछन् तब भने विश्वास पाइन्छ के ?

१२४४. रूपैले यिनका पछिल्तिर परे रण्डा महापण्डित
गर्दा शोषण यौनको ऋषि गिरे कस्ता थिए चर्चित
नारी कारण भै महाकवि बने योगी बनेथे कति
बौलाएर हिंडे कतै कति भए बोल्दै नबोल्ने रति !

१२४५. वैरी भाइ र भाइबीच छ हुने यौटै हवोस् गर्भको
टाढा आखिर बन्दछन् तिनीहरू आफन्त विर्सेर जो
नारी, अग्नि, बिहङ्ग, भूप अहि यी विश्वास लिन्नन् कवि
खिच्छन् शक्ति दवाउँछन् हरघडी तोडेर सारा छवि ।

१२४६. हामी साहसवान् बनौं जगतमा विश्वास नारी गरून्
सक्छन् पुग्न बराबरी पुरूषका साम्ने खडा ती हऊन् !
नारी उज्ज्वल चन्द्रमा पुरूष यी हुन् टल्कने आँगन
नारी आँगन हुन् यता पुरूष हुन् आकाशका चन्द्रमा ।

१२४७. यौटा पीपलबोटको रूखउँधो कोही उँघेका थिए
कोही ध्यान दिएर ज्ञान दिलले सुन्दै रहेका थिए
त्यै बेला नजिकै चरा गण उडे ! उड्ने थियो कारण
बोले गौतमले रचेर कविता जा जा चरा भन्दिनँ !

१२४८. जाने पूर्व थियो चरो तर यहाँ झर्दैछ त्यो पश्चिम
देखोस् पश्चिममा नयाँ कुन कुरा पाइन्न नौलोपन
चारा छैन त्यहाँ कठै नि बिचरो ! खाएर के बाँच्छ त्यो ?
लाग्ने दिक्क, उराठ पश्चिम दिशा हेरेर के देख्छ त्यो ?

१२४९. सम्झी पूर्व दिशा हरेक पलमा रोला कि त्यस्को मन
के उड्ला मरूभूमिमाथि बिचरो ! दुख्छन् पखेटा, तन
पानी प्यास, अनेक त्रास त्यसले खप्नेछ दैनन्दिन
दिन्छौ व्यर्थ सजायँ के ? किन दिने ? जा जा मता भन्दिनँ !

१२५०. खेल्ने जङ्गल पूर्वमा छ हरियो फुस्रो छ त्यो पश्चिम
मायाँ छन् घरको यता तर उता छन् त्रास दैनन्दिन
गाली व्यर्थ तँ पाउँछस् शिव ! चरा, झारी दिए पश्चिम
मायाँ पूर्वतिरै छ इष्ट पनि छन् जा जा मता भन्दिनँ !

१२५१. सन्ध्याकाल छ पश्चिमी क्षितिजमा ती दुष्टका राजमा
बल्दैनन् नवदीप्ति झल्मल त्यहाँ जो साँझको कालमा
कल्ले देख्छ र अन्धकार जगमा झर्ने चरो पश्चिम
गर्दै छट्पट रून्छ हाय ! स्वरमा को छाम्छ त्यस्को मन !

१२५२. कल्ले सुन्दछ ? मर्म बोल्दछ जहाँ सुन्दैन कोही त्यता
के हो सत्य असत्य छान्छ कसले यो लोक बोलोस् यता
ढुङ्गा ईश्वर देख्छ, पुज्छ जसले देख्दैन चीत्कार त्यो
यौटा सत्य त्यहाँ छ हेर दुनियाँ ! जो रून्छ त्यो ईश हो ।

१२५३. यी चीत्कार अदृश्य छन् शिव ! चरो, रोई झऱ्यो पश्चिम
गर्छन् शाषक धृष्ट शासन यहाँ छन् स्वार्थको कारण
के रून्छस् तँ चरो उडेर अहिले ती श्रृंखला घुम्न जा
तेरो इज्जत छैन पश्चिम झरे स्वच्छन्द भै उड्न जा !

१२५४. भर्नू साहस, बुद्धि, हिम्मत तथा संघर्ष गर्नू नयाँ
कैल्यै हार हुँदैन शत्रुसँगमा मित्रत्व राखे जहाँ
लाग्ने शून्य छ पूर्व पश्चिम झरे के बाध्य आयो भन !
प्यारो छस् तँ सदैव यो हृदयमा जा जा चरा भन्दिनँ !

१२५५. पूर्वैतर्फ तँ बस्दछस् यदि भने सम्मानले बाँच्नु तँ
अर्कोसाथ मिलेर बस्नु सुखले सद्भावले कञ्चन
पूर्वी जङ्गल स्वच्छ सुन्दर छ यो पाइन्छ संवेदना
के झर्छस् छ उराठ पश्चिम दिशा जा जा चरा भन्दिनँ ।

१२५६. पूर्वैबाट झरेर पश्चिम गयो यौटा चरो के भयो
डाके गौतमले चरो तर गयो मान्दै नमानी झऱ्यो
यस्को कारण के छ प्रश्न छ खडा छन् पूर्वमा शोषण
झम्टा पर्दछ रात प्रात दिनमा वैरी शिकारी जन ।

१२५७. अर्को जीवनमाथि आक्रमणले गर्छन् शिकारी रण
खान्छन् मासु भुटेर जीवन उही पापी भए यी जन
अर्काको किन मार्नु जीवन कठै ! साझा छ पृथ्वी घर
बाँच्ने छन् अधिकार जीव सबले होस् भावना सुन्दर ।

अनुष्टुप् छन्द ।

१२५८. आशपाश थिए शिष्य ज्ञानका निम्ति जम्दथे
जय बुद्ध दिनोस् बुद्धि हामी छौं मूर्ख भन्दथे
आर्यवंशीहरू छट्टू मंगोलियन शान्त हुन्
आर्य शाषकमा धूर्त हत्या हिंसा बढाउँछन् ।

१२५९. आर्यबीच महाशान्त बुद्ध सिद्धार्थ गौतम
उपदेश दिंदै हिंड्थे गाउँवस्ती तथा वन
उनीसाथ थिए शिष्य पुत्र, पत्नी पिता सब
आफ्ना आफन्त जो जो छन् सारा सज्जन औ सखा ।

१२६०. कतै हाँसो कतै आँसु हामी मानिसको कथा
हाँस्ने हाँस्छन् रूने रून्छन् कल्ले बुझ्ला त यी व्यथा ?
तब गम्भीर छन् बुद्ध असमान भयो किन ?
अहंभाव तथा क्रोध जस्को आखिर कारण !

१२६१. हत्या हिंसा बढेको छ विश्व नै रून्छ बर्बर
निम्जा शाषितका हाय ! छाती फुट्तैछ चर्चर
दृश्य बीभत्स देखेर बुद्ध हिंसा विरूद्धमा
जन्मेका छन् यहाँ आज लुम्बिनी शैलकाखमा ।

१२६२. बुद्धसाथ छ जो बोध किन छैन सबैसित
तब हामी उनीसाथ हुनुपर्छ समाहित
आत्मज्ञानी हुनेमा नै बुद्धबोध पलाउँछ
जल्ले देख्छ महासाम्य बुद्ध त्यै कहलाउँछ !

१२६३. कसी आसन एकत्व दुनियाँमाझ गौतम
उपदेश यिनै दिन्छन् हितकारक उत्तम
शान्ति ! शान्ति ! जगत् शान्ति पूर्व पश्चिममा तथा
चारैतर्फ हवोस् शान्ति प्राणी जस्मा सजीवता ।

१२६४. मुक्ति हाम्रो उसै हुन्न तपस्या गर्नुपर्दछ
प्राणीको भावना बुझ्ने मुक्तिको प्राप्ति गर्दछ
जबसम्म यहाँका यी कीट-जीवाणु पूर्णले
भेट्तैनन् मुक्ति आफैंले तबसम्म म दुख्छु रे !

१२६५. हामी संवेदनाहीन घोर आतङ्कमा पऱ्यौं
शक्तिशालीहरू बाँच्छन् शक्तिहीन हुने मऱ्यौं
पापीको राजमा आज मर्छन् धर्मात्म सज्जन
हतियार हुनेमा छ पापकर्म हजारन ।

१२६६. नाशतत्व सबैमा छ अविनाश यहाँ छ के ?
आयुको अन्तमा पुग्दा छुँदैनन् उपचारले
अहंकार तथा क्रोध उर्लंदो खहरे बुझ
खहरे सुक्दछन् चाँडै फुस्रो पर्वत बन्दछ ।

१२६७. आफ्ना शिष्यहरूमाझ ज्ञानले पूर्ण गौतम
दिंदै जान्छन् यिनै शिक्षा आफ्ना आफन्त सज्जन
छन्न कोलिल योगी औ कालुदायी यशोधरा
कुमार नन्द औ सारा भिक्षु पण्डित लस्कर ।

१२६८. शान्ति शब्द तथा साम्य अविनाशी छ विश्वमा
गहिराई कहाँ के छ थाहा हुन्न समुद्रमा
शान्त सागर छन् ठूला माथि विस्तार उठ्तछ
धर्ती सिञ्चित गर्दै त्यो फेरि सागर पस्तछ ।

१२६९. निम्तिनेछ महाशोक अन्तको प्रेम भोकमा
हुने गर्छ स्वयम् अन्त प्रेमको वस्तु शोकमा
हुन्छ संयोगको अन्त असामान्य वियोगले
नाश जीवन यो हाम्रो प्रेम नै अन्ततत्व हे !

१२७०. बुद्धका छेउमा बसने अर्धज्ञानी थिए जति
कुरा काट्थे अहंकारी बुद्धमा छ अधोगति
के पो पाउँछ वैरागी ? जन्म, मृत्यु र जीवन
शून्यमै मिल्छ वैरागी त्यसैभित्र पलायन ।

१२७१. हल्लाखल्ला बढी गर्दा हुन्न उन्नति देशमा
नहुँदा योग्य नेतृत्व हल्ला चल्दछ लोकमा
चेतनाका कमी हामी तब नेतृत्व गर्दछौं
लथालिङ्ग सबै हुन्छ आफैंलाई बिगार्दछौं ।

१२७२. नेतृत्वमै हुने गर्छ ईर्ष्या द्वेष अहंपना
हेर राजकलामा छन् नेता हिंस्रक निर्मम
शिक्षा दीक्षा कहाँ हुन्छ ? ध्यानी एकान्त खोज्दछ
विद्या प्राप्त त्यहीँ हुन्छ सत्य सन्देश छर्दछ ।

१२७३. भिक्षुमाझ रमाएर बुद्ध आचार्य गौतम
ज्ञानमार्ग खुलाएका जो जोतिर्मय चेतन
मूर्खबाट सिकून् ज्ञानी विद्या लुक्दछ मूर्खमा
ज्ञानीबाट कहाँ सिक्छन् मूर्खभित्र घमण्ड छन् ।

१२७४. प्रतिभा हुन्छ ज्ञानीमा तब मारिन्छ ऊ यहाँ
मूर्ख सैनिकले मार्छन् करूणामर्म औ दया
जाडोको घाममा छायाँ घना बादल छाउँछ
पारिलो घाममा छेकी मूर्ख बादल आउँछ ।

१२७५. ज्ञानी मानिसले धेरै राम्राकै आदत सिक्दछ
तर ज्ञान छ ज्ञानीको मूर्खलाई त बिभ्दछ
मै हुँ ठूलो भनी गर्छ उद्घोषणा यहाँ
त्यो नै हुन्छ महामूर्ख अहंकार छ घोषणा ।

१२७६. ज्ञानीलाई कतै कोही सक्तैनन् है छकाउन
कुदून् माछा कहाँ उठ्छ छाल हेर समुद्रमा
ज्ञानी संसारमा थोरै हुन्छन् धेरै महापट
लाखौं कागहरूमाझ डाँफे बन्छ सुशोभित !

१२७७. स्वयम्भित्र सबै तत्व खोजी भेटिन्न बाहिर
झारबाटै बनेको छ बुटी औषधि आखिर
ज्ञानीमै विनयी हुन्छ थोरै जान्दछु भन्दछ
मूर्ख उफ्रन्छ ज्यादा नै घमण्डी धेर बोल्दछ ।

१२७८. संसारको सबैभन्दा बलशक्ति छ ज्ञानमा
मूर्ख साम्राज्यले हार्छ एक ज्ञानी उदाउँदा
बेला अन्तिमको आए ज्ञानले नै बचाउँछ
ज्ञानी मानिसको बोली भै पीयूष रसाउँछ ।

१२७९. अवलोकन धेरै नै गर्नुपर्दछ शास्त्रको
बढ्दै जान्छ त्यहाँ बोध ज्ञानविज्ञान क्षेत्रको
ज्ञानभन्दा अझै माथि बुद्धि हुन्छ उचाइमा
बुद्धिभन्दा अझै माथि बुद्ध बस्छन् संचाइमा ।

१२८०. अल्पज्ञानी छचल्किन्छ ज्यादा हुन्छ भयावह
पूर्ण ज्ञानी सधैं बाँच्छ बुद्ध बुद्धत्व एक छ
ज्ञानी मानिसले शिक्षा दिन्छ आफ्नो भए जति
बुद्धिमानी सधैं सुन्छ कुरा लिन्छ सुनेजति ।

१२८१. कोही पण्डित बन्दैन कथ्न जानोस् बढी कुरा
क्षमाशील अवैरी पो हुन्छ पण्डित चातुर !
ज्ञानी निन्दा प्रशंसाले हल्लिदैन कतै पनि
ठूला ढुङ्गा हवा चल्दा सर्दैनन् छेउमा पनि !

१२८२. हे भिक्षु गण हो मेरा आयौं आज समीपमा
प्रार्थना हो सबैभन्दा ठूलो, सन्तोष लोकमा
दुःख पर्दा रूने मान्छे सुखमा व्यर्थ हाँस्दछ
दुःख औ सुखमा उस्तै त्यही ज्ञानी महान छ ।

१२८३. आफ्ना शिष्यहरूमाझ ज्ञानी आचार्य गौतम
उपदेश दिंदै जान्छन् इतिहास सुनाउँछन्
महाभारतको गीता सारसंक्षेप यो सुन
गीतार्जुन तथा कृष्ण गर्थे संवाद उत्तम ।

१२८४. उद्योगी जनता होऊन् कर्मयोगी महान हो
मुख्य मन्त्र छ गीतामा दया मर्म प्रधान हो
गीताको सार हो भन्ते ! प्राणीमाथि गरून् दया
कर्मशील बनून् सारा सृष्टि पालननिम्तिमा ।

१२८५. केमा दुःख बसेको छ ? गर्भमा रहँदा अनि
गर्भ बोक्ता, हुँदा जन्म दुखै जन्माउँदा छ नि !
रोग लाग्दा, हुँदा वृद्ध मरेको लाश देखिंदा
दुःखै हुन्छ भनेका छन् गीतामा कृष्णले उता ।

१२८६. दुःखी बन्छन् सबै मान्छे यसको के छ कारण ?
बासना, दुर्गुणी नै हो मान्छेका दुःख वैगुन
ज्ञानयोग तथा कर्म आत्मसंयोगयोगमा
तपीयोग यिनैमा छन् दुःख दूर निवारण ।

१२८७. योगले दुःखको अन्त गर्ने पक्का छ निश्चय
अन्तर्गत छ यो पैलो आफैं चिन्नु छ ईश्वर !
जन्मँदा आदिमा दुःख चिन्नु पर्छ शरीर यो
वासना मार्न सक्नेले दुःख भोग्दैन सृष्टिको ।

१२८८. सद्गुणी बन्नु सद्ज्ञानी योगयुक्त तथा सम
आशा त्याग्नू गरी कर्म सुख त्यो हुन्छ उत्तम
प्राणी-कल्याणमा लाग्नू बुझी कर्तव्यशीलता
सेवा निस्वार्थले गर्नू कर्म बन्दछ उन्नत ।

१२८९. हामी थाल्छौं जसो काम पूर्व तैयार भैकन
बुझी सोची गरे कार्य पूर्ण बन्नेछ उत्तम
ज्ञानयोग यसैमा छ बन्छ जो गुरूयोजना
खेती उद्योग व्यापार राजकाज र हैकम ।

१२९०. आफ्ना आफ्ना गरून् काम गरी कर्तव्यपालन
ठूलो मान्छे त्यही बन्छ नाम चल्नेछ देशमा
कुनै चिन्ता छँदैछैन बाँध्छ आसन व्यर्थको
त्यस्तो पण्डित बन्दैन फोस्रो भाषण क्षेत्र हो ।

१२९१. गुण तीन तमो, राज सत्व त्यागेर आउँछ
बुद्ध प्राप्ति त्यही गर्छ चेतको मुक्ति पाउँछ
यो गीतासार जो बुझ्छु व्यवहार बनाउँछु
भन्ते ! भिक्षु सबैबीच त्यही ज्ञान दिलाउँछु ।

१२९२. महत्वपूर्ण गीताको सारसंक्षेप कर्म हो
सृष्टि हुन्न नभै कर्म निर्विवाद यहाँ छ त्यो
ॐ नारायण सट्टामा गरौं कर्तव्यपालन
आत्मचिन्तनले गर्दा मुक्ति मिल्नेछ जीवन ।

१२९३. मान्छे अज्ञानले गर्दा यी सांसारिक मोहमा
पदार्थ बीचमा भुल्छ नाशयुक्त अनित्यमा
दु:खमा भोगमा भुल्छ भई आशक्त मोहित
त्यसैमा मुक्ति मिल्दैन तब त्यो हुन्छ क्रोधित ।

१२९४. चिन्ता छुट्तैन आशक्ति र सांसारिक मोहले
काबुमा राख्न सक्तैन आफूलाई अजानले
अज्ञानीले सधैं आफ्नो छाड्छ कर्तव्यपालन
न भलाइ अरूको छ न लिने आत्मसंयम ।

१२९५. अविनाशी र सामर्थ्य स्वयम् आफू हुँदा पनि
मान्छे बुझ्दैन के सत्य ? दुःखलाई सुखै गनी
अर्काको वस्तुमा आँखा गाड्छ मात्र दिनौंदिन
नाश वस्तु हुँदा नाश नराखी आत्मसंयम ।

१२९६. इन्द्रियै वशमा छैन शब्द, स्पर्श छ दूरमा
जीवात्मा अंश भेटिन्छ इन्द्रियै वशमा हुँदा
जन्मी मर्छन् सबै जीव रूपै हो परिवर्तन
झार गल्छ त्यहाँ फेरि अर्को उम्रन्छ जीवन ।

१२९७. मारिन्छौं मर्दछौं हामी भयबाट रही पर
कर्म गर्न नछाड्नू नै यही कर्तव्य सुन्दर
कर्मयोग बुझे मात्र कर्मशील बनाउँछ
कर्मशील भए मात्र सच्चा ईश्वर पाउँछ ।

१२९८. आत्मा तथा परात्माको भावचिन्तन बुझ्दछ
सहयोगी अरूको छ त्यो मान्छे कहलाउँछ
ब्रह्मज्ञानी स्वयम् तत्व बोलोस् सत्य जसो भयो
वकालत गरे झुट्टा त्यही पापी हुने भयो ।

१२९९. कर्मबन्धन चुँड्दैन तत्वज्ञान नभैकन
स्वरूप् कर्मको जाने मुक्ति मिल्नेछ आखिर
श्रद्धाकासाथमा ज्ञान कर्म निस्वार्थले गरे
मान्छे आशक्ति बन्दैन मुक्ति भेट्नेछ अन्त हे !

१३००. ज्ञानी, कर्म दुवै योग प्राणी कल्याणनिम्तिमा
ज्ञान अज्ञानकाबीच परीक्षा हुन्छ तत्क्षण
ज्ञानी हुन् समतावादी समदर्शी सदासुखी
क्रोध औ वासना मोह मुक्त आशक्तिबाट छ ।

१३०१. पहिले काबुमा आफू शुद्ध इन्द्रियले गरी
गर्नू उद्धार आफन्त बन्धु भित्र सबैथरी
आफन्त वा परायामा हेर्छ जो समभावले
त्यही ईश्वर हो सच्चा सिद्धि प्राप्त महान् हुने ।

१३०२. हत्या हिंसा गरी हिंड्ने समदर्शी हुँदैन त्यो
विना उद्देश्य अर्काको हत्या गर्दछ व्यर्थ त्यो
सत्ताका प्रहरी सेना नेता निम्ति शहीद छन्
आफ्नै जात लडाएर हाँस्छन् गद्‌गद राक्षस ।

१३०३. मन वैराग्यद्वारा नै छ सन्तुलन औ वश
जस्को काराण हो सच्चा ज्ञानको आत्मसंयम
जडता कर्मयोगीको हैन चैतन्य चेतन
चमत्कार नपत्याऊन् कर्मै हो सुखइन्धन ।

१३०४. दुःख विर्सन्छ ज्ञानीले जुनी श्रेष्ठ मनुष्य हो
पुनर्जन्म सडेपश्चात् मलवीजन सृष्टि हो
हाम्रो लाश ढलेपश्चात् मल बन्छ सडेर जो
कीरा जन्मन्छ त्यो ठाउँ पुनर्जन्म त्यही छ त्यो !

१३०५. हड्डी मासु सबै गल्छ गल्दैनन् जो विचार छन्
सधैं बाँच्छ सही कर्म लोकको हितकारक
ईश्वरीय महाशक्ति भावना हो विचार हो
अजम्मरी त्यही हुन्छ कीर्तिवान् र प्रचार हो ।

१३०६. हावापानी तथा माटो तेजशक्ति प्रकाशको
मिलेपश्चात् बनी जीव जन्म लिन्छ नयाँ छ जो
भगवान् त सबैमा छन् कर्मले जो छ उत्तम
कृष्ण ईश्वर हाम्रा हुन् आत्माज्ञानी हुँदाकन ।

१३०७. भिक्षु भन्ते ! म नै बुद्ध कर्मले आज बुद्ध छु
फालेको छु अहंकार र प्रकाश म बन्दछु
जस्को कारणमा के छ ? पत्ता लाउनु पर्दछ
आफैंले जो गरी योग प्राप्ति बुद्धत्व गर्दछ ।

१३०८. योगशक्ति महाज्योतिस्वरूपै धारणा गरी
र पदार्थहरूमा नै हुनू लीन बनी तपी
यी पदार्थहरू सारा हुन् विभूति सुकर्मकै
प्राणीकल्याणका निम्ति हुन्छ सेवा जतासुकै ।

१३०९. योगशक्ति भएका नै विश्वरूप अदृश्य हुन्
कहाँ खोज्छौ अरू देव आफैंभित्र विराज छन्
मृत्यु के हो ? विनाकर्म विनाचेत रहन्छ जो
कर्मशील सधैं बाँच्छ पुनर्जन्म हुँदैन त्यो ।

१३१०. ढोंग हिंसा नगर्ने नै तत्वज्ञानी हुनेछ हे !
गीतासार यही नै हो कर्मयोग नछाड हे !
मर्नु जन्मनु पर्दैन हामी सत्वगुणी भए
रजो तमी गुणी बन्दा पुनर्जन्म सधैं छ हे !

१३११. अविनाशी छ जीवात्मा नाशमा पृथिवी तथा
छ शरीर सबै नाश प्रकृतिरूपका कला
भगवान् हो महावृक्ष कर्मद्वारा अजम्मर
शाखा सन्तानमा भोग, ममता छ विशाल छ ।

१३१२. अहंकार जरा काण्ड वासना लहरा तथा
फूल वैराग्यमा फुल्छ सदाचार सुधाफल
लोककीर्ति हवा चल्दा पात फिर्फिर हल्लिंदा
आत्मा बोल्छ चरासाथ सारङ्गी कण्ठ रेटिंदा ।

१३१३. छहारीमा बसी बोल्छ एक ईश्वरको मुख
भरिया बटुवा सुस्त सुस्ताउँछ लिई सुख
एक भिक्षु त्यहाँ जाऊन् प्राणी कल्याणखातिर
कर्मशील वडा वृक्ष त्यहाँ हुन्छ चराचर ।

१३१४. प्राणीकल्याणका लागि कर्मशील हुनेहरू
तिनै देव सदाचारी बाँकी राक्षस हुन् अरू
मान्छे मराउँछन् मार्छन् सत्तानिम्ति छ लालसी
राजा, मन्त्री तथा नेता हुन् स्वाभाविक राक्षसी ।

१३१५. उपदेश दिंदै कृष्ण पार्थ अर्जुनमा पसी
कर्मैशील बनाएथे सारा वैराग्य नै हटी
हितैषी बन्धुका छाती वाणद्वारा फुटाउँदै
हत्या अर्जुनले गर्छन् क्रोध ज्वाला जगाउँदै ।

१३१६. भयो हिंसा त्यहाँ ज्यादै किन हो के छ कारण ?
कला प्राकृतिकै यस्तो गर्थे चिन्तन अर्जुन
सत्यवादी तथा त्यागी दया कोमल भावका
दैवीशक्ति त्यता खोज छ जो सहनशीलता ।

१३१७. के अहिंस्रक हुन् पार्थ ? कर्मशील थिए उनी
गर्दा खेती मरून् कीरा पाप लिन्छन् किसान यी
प्राणीकल्याणका निम्ति क्षति थोर भए पनि
त्यहाँ मिल्छ महाधर्म हिंड्थे कृष्ण यही भनी ।

१३१८. राक्षसी भावना त्यागी शुद्ध आचार मार्गमा
मर्नु जन्मनु पर्दैन पुनर्जन्म कहाँ भन !
ॐ नारायणको अर्थ - आफ्नै दर्पण हो सफा
छायाँको भावना बुझ्ने स्वयम् हो परमेश्वर !

१३१९. शुभकर्म- गरून् यज्ञ छ जस्मा मुक्तिभाषण
तपीको साथमा बस्दा छ कहाँ क्रूर शासन ?
जस्तो संगतमा हुन्छौं हामी सिक्छौं छ त्यो जसो
हावाको झोंकमा पात फर्कनेछन् बगोस् जसो ।

१३२०. भिक्षु, भन्ते ! कुरूक्षेत्र ईर्ष्याले जन्मियो रण
बोले अर्जुनकासाथ तब कृष्ण महाजन
निराशाले थिए शून्य हाय ! गाण्डीव, अर्जुन
पाए जो कृष्णको शिक्षा तब भो घोर ताण्डव ।

१३२१. गाण्डीवै हो कुरूक्षेत्र हुन् दुर्योधन कारण
चलाकी कृष्णको ज्यादा मात्रै साधन अर्जुन
द्रौपदीको थियो इच्छा चलोस् युद्ध भयावह
नासिए जनता लाखौं सत्ताकै पूर्ण आशय ।

१३२२. प्यारा पार्थ ! हुँ आचार्य आखिरी सम्झ ईश म
निस्वार्थी भावमा ऐले युद्धमा छु समागम
सत्यकै लागि लड्दैछु तिमी वीर जगाउँछु
तब जागा भए पार्थ गीतासार सुनाउँछु ।

१३२३. आत्मसंयमयोगी औ कर्मयोगी र ज्ञानको
भक्तियोगी बनून् कर्मी प्राणीकल्याणनिम्तिको
यी सांसारिकको माया तोडी दुःख अनित्य यी
अविनाशी त्यही बन्छ गर्छ चिन्तन आखिरी ।

१३२४. कर्मभूमि सबैभन्दा ठूलो हुन्छ त्यहीं मर !
परको देशमा हुन्न मुक्ति, सम्मान सुन्दर !
आफ्नै चोट बढी दुख्छ शिर पाउ जता पनि
जन्मभूमि छ जो स्वर्ग दु:ख बुझ्ने व्यथा पनि ।

१३२५. नयाँ काम गरी राम्रो चलाऊ नाम आखिर
डाँफेका बीचमा डाँफे हुन्न वैचित्र्य सुन्दर !
जगत्प्राणी सबैमा छ क्रियामा परिवर्तन
तब काम गरून् नौला जन्माई नव्यदर्शन ।

१३२६. गीतामा छ बताएको चार योगादिका कुरा
अनुभूतिविना हुन्न ज्ञानयोग कुनै यहाँ
ज्ञानयोग भनेको के ? जान्ने साधन ज्ञान हो
ज्ञान उद्देश्यको हुन्छ हुन्छन् तीन प्रकारको ।

१३२७. ज्ञान सात्विक हो उच्च आध्यात्मिक र भौतिक
ज्ञाता तात्विकको हुन्छ समभाव हुनेसित
कर्मशीलतिरै तान्ने ज्ञान भौतिकको भयो
आध्यात्मिक भए ज्ञान समभाव हुने भयो ।

१३२८. परमात्मा भनेको के ? अनुभूति परात्मको
ऊ त्रिकालज्ञ सर्वज्ञ सर्वव्यापी महान् भयो
के हो जीव ? छ जो आत्मा यस प्राकृत देशमा
मन बुद्धि अझै माथि बुद्ध हुन्छन् उचाइमा ।

१३२९. वायु, आकाश औ तेज जल पृथ्वी सजीव हुन्
पाँचतत्व यिनैसाथ जीवआत्मज्ञ बाँच्तछन्
शरीर के ? यिनै पाँच- तत्वसाथ सजीव छ
पृथ्वी, जीव उही भाव यिन्मा नाश अवश्य छ ।

१३३०. दु:ख के हो ? छ जो पीडा अन्त:करणमा छ त्यो
पीडाबाट छ त्यो जन्म अनुभूत्याम भाव हो
यी मनका तथा शारीरिक पीडासितै रही
दु:ख बाँच्छ दिई कष्ट भावसाथ लुकीछिपी ।

१३३१. आँखामा मृत्युको दृश्य जब पर्दछ दु:खको
जन्म हुन्छ निराशा जो त्यही आखिर दु:ख हो
मर्नै पर्दछ मान्छेले तर आशा छ बाँच्नको
त्यसैभित्र लुकेको छ पीडा दर्द अनन्तको ।

१३३२. जन्मनेछ स्वयम्बाट दु:ख कष्ट र दुर्गुण
दु:ख हुन्न भए ज्ञाता त्यस्को हुन्छ निवारण
यौनाचारी दुराचारी भ्रष्टाचारी छ सेवन
धूमपान तथा मद्यपान हो दु:खकारण ।

१३३३. हिंसावादी अहंकारी स्वार्थी, अल्छी यिनैसित
डेरा गर्छ बसी दु:ख यिनैदेखि छ वर्जित
हुन्न दु:ख छ सद्ज्ञानी, सद्गुणी र निस्वार्थमा
सदाचारी तपी ज्ञानी र कर्तव्यपरायण ।

१३३४. वासना के ? छ आकांक्षा पदार्थ अनि भोगको
प्राप्तिपश्चात् गरून् भोग वासना उपयोग हो
आशा, आशक्ति, आकांक्षा अभिलाषा अनादर
तृष्णा, लोभ तथा प्रेम वासना हुन् सबै तर ।

१३३५. वासना दुर्गुणीभित्र ज्यादा हुन्छ अहंपना
खरावी गुण औ दोष हुन्छन् वैगुन दुर्गुण
अभिमान अहंकार ढोंग, क्रोध घमण्डमा
काम, लोभ तथा क्रोध मद, निद्रा कुभावना ।

१३३६. अनाचार, दुराचार निर्दयीमा अशान्तमा
अज्ञानीमा र आलस्य यिनै हुन् रूप दुर्गुण
दुर्गुणीमा सही ज्ञान सदाचार र सत्यता
केही हुन्न नयाँ ज्ञान प्रतिष्ठा मान-इज्जत ।

१३३७. गुणको परिभाषा के ? राम्रो उच्च स्वभाव हो
गुणका भाग छन् तीन तम, राज र सत्व जो
उच्च सत्व रजो मध्य निम्नमा तम हो गुण
गुण प्रकृतिका कार्य लागू हुन्छ सबैसँग ।

१३३८. गुण चालकमा हुन्छन् मन बुद्धि र इन्द्रिय
लान्छ सच्चा खराबीमा नहुँदा वश इन्द्रिय
अनुकूल जसो हुन्छ बाटो खोज्दछ निश्चय
सद्ज्ञानी त त्यही हुन्छ राख्छ जो वश इन्द्रिय ।

१३३९. धैर्यधारण गर्ने वा क्षमाशील सफा मन
कर्मशील सधैंको छ उसैमा हुन्छ सद्गुण
स्तुति निन्दा तथा दङ्गा देख्छु जो समता सब
योगदर्शी त्यही बन्छ समदर्शी महानर ।

१३४०. शत्रु, मित्रु दुवै आफैं हो आफैं अनुशासन
ख्याल राख्नू कुरा तीन आत्मा, योग र संयम
आफ्नो उद्धार आफैंले गर्नुपर्दछ आखिर
यहाँ छैनन् अरू द्यौता आत्मसंयम नै बुझ ।

१३४१. राजा हृदय हो श्रेष्ठ मन्त्री बुद्धि प्रधान छ
मन ता सहकर्मी हो कामदार त इन्द्रिय
इन्द्रियै वशमा राख्न कर्मयोगी किसान होस्
ध्यानयोगी गरून् राज्य जस्मा हिंसाविरूद्ध होस् ।

१३४२. जैलेसम्म छ यो धर्ती वर्गभेद सधैँ छ यो
चार भाग छ जो वर्ग मानवीय समाजको
प्राज्ञवर्ग भए पैला दोस्रा शाषकवर्ग हुन्
व्यवसायी भयो तेस्रा सेवीवर्ग त निम्न छन् ।

१३४३. कल्लाई प्राज्ञमा गन्ने ? कवि, पण्डित, शिक्षक
ऋषि, योगी तथा ध्यानी न वा पथप्रदर्शक
साझा चिन्तक प्राणीको तथा देश सुधारक
प्राज्ञ हुन्छ सधैँ त्यस्तो अध्येता र विचारक ।

१३४४. दोस्रा वर्ग अहंकारी राजसी गुणका यिनी
राजा, मन्त्री उँचा दर्जा राजनीतिज्ञ वैगुनी
यिनी शासनमा गर्छन् प्राज्ञमाथि अनादर
मृग भागून् कता उफ्री बाघ झम्टन्छ आतुर !

१३४५. व्यवसायी छ जो वर्ग तेस्रो स्थान छ प्राप्तिमा
उद्योगीसाथ व्यापारी श्रमी कृषकवर्गमा
कर्मचारी भए सेवी सेना शाषकका भए
प्रहरी हाजिरी हुन्छ सुरक्षा पदवी दिए ।

१३४६. सेवीवर्ग सबैभन्दा तल्लो मानिन्छ वर्गमा
दोस्रा शाषकका सेवी छन् कर्तव्यपरायण
आफ्नो रक्षा स्वयं गर्ने प्राज्ञवर्ग छ उत्तम
व्यवसायी पिता साझा जो छन् कृषकवर्गमा ।

१३४७. वर्ग शोषक छन् दोस्रा राजकाज चलाउने
उन्कै हैकमले चल्छ गोली वारूद अस्त्रले
मूर्ख शाषक नै हुन्छन् राजनीतिज्ञ हुन् तर
हुन्न विश्वास राजाको बाघमा मर्म हुन्छ र ?

१३४८. कृष्ण, अर्जुन संवाद-सार गीता किताबमा
लेखेको छ कुरा यस्तै कर्म गर्ने महाजन
शिष्यका माझमा बुद्ध ताराकाबीच चन्द्रमा
दिव्य ज्योतिर्मयी ज्ञानी कलादार प्रकाशमा ।

१३४९. जलका बिन्दुमा सूर्य भर्छन् दिव्य प्रकाश जो
सफा सेतो अहो ! चाँदीजस्तै बुद्ध मुहार त्यो
भिक्षुसाथ खुलेको छ सबका मनमा पसी
आफैं आफैं बनेका छन् मरूको जलझैं बनी ।

१३५०. आशा राख्छौ तिमी केही जे माग्छौ अरूमा त्यही
वस्तु देऊ उसैलाई बन्नेछौ धन्य आखिरी
व्यवहार तिमी गर्छौ जे गर्छौ अरूले त्यही
चित्त बुझ्छ भने श्रेष्ठ व्यवहार छ उच्च है !

१३५१. पहिलो द्वार सानो होस् त्यसैबाट तिमी छिर
ठूलो द्वार भए हानि पुग्छ, नासिन्छ आखिर
आशा सम्मानको राख्छौ कर्मले हैन लोभले
टिकाउ हुन्न है त्यस्तो चाँडै जल्छ विचार हे !

१३५२. मिल्दो काम गरे हुन्छ नमिल्ने फाप हुन्न है
मीठो अङ्गुर फल्दैन काँडाको बोटमा कतै
पाप के हो, कहाँ हुन्छ ? हुन्छ युद्ध र ध्वंसमा
हतियार जहाँ हुन्छ पाप बस्छ त्यहाँ त्यहाँ ।

१३५३. रचिए कानुनी नीति आत्मरक्षा निमित्तमा
त्यस्तो बाँच्तैन कालान्त बदलिन्छ निमेषमा
कुरा सत्य छ जो एक चिसो हुन्छ सधैं चिसो
तातो तातै छ त्यो सूर्य तातो हुन्न हिमाल त्यो ।

१३५४. सामान्य देखिने मान्छे, जब शासक बन्दछ
तब ऊ क्रूरता लिन्छ स्वार्थकानिम्ति हिंड्दछ
निजी स्वार्थ लिई हिंड्ने कोही बन्दैन सज्जन
हतियार लिने व्यक्ति हुन्छन् हिंस्रक दुर्जन ।

१३५५. हतियार उठाएर सत्ता प्राप्ति निमित्तमा
राज्यकै पक्षमा हुन्छ हत्या हिंसा महारण
किन हुन्छ यहाँ हिंसा ? अन्धो बन्दछ मानिस
आँखा देख्दैन के हेरोस् हेर निर्जीव पत्थर ।

१३५६. चरेको मृग मार्दैमा व्याधा हुन्न बहादुर
झम्टिंदो बाघका सामुन्ने भिड्ने पो हुन्छ चातुर
लडाइँ गर्नु नै हुन्न के का निम्ति लडाइँ यो ?
मान्छे मान्छे छ के द्वन्द्व ? द्वन्द्व निम्न विचार हो ।

१३५७. चल्दो संस्कृति जो नित्य धर्म कर्म नछाड हे,
रोकिएं अक्षको चाल धर्तीको गति हुन्छ के ?
बोल्छ जीवनमा एक आफ्नै रीतिपरंपरा
रूने आफन्त नै हुन्छन् पराई हुन्न आखिर ।

१३५८. असतीको यहाँ थोरै चल्छ शासन हैकम
आखिरी सत्यको जीत हुने गर्छ समाजमा
हुन्छन् शासक यी अन्धा स्वार्थनिम्ति यहाँ सधैं
राजा, मन्त्री तथा सेना हुन्नन् मायादया कतै ।

१३५९. हुन्न विश्वास आफैंको हत्याहिंसा गरी हिंडे
अर्का निम्ति खने खाल्डो आफैं भित्र परिन्छ हे !
आफू जस्तो सबै उस्तै देख्ने गर्दछ भावले
चोरले चोर नै देख्छ ज्ञानी हुन्न स्वभावले ।

१३६०. दु:खका कालमा दु:ख सुखका कालमा सुख
सधैँ उस्तै कहाँ हुन्छ सांसारिकहरूसँग
सधैं मौन सधैं उस्तै सुख-दु:ख बराबर
शान्त हुन्छ वडा वृक्ष हल्लिंदैन हवासित ।

१३६१. जो जो छन् नित्यसंस्कार दम्भकारी अनित्य छन्
गुण, धर्म नछाड्नू है चलेको जो सनातन
भिक्षु आनन्दकासाथ उपदेश दिंदै अरू
नीति एक बनाए है दीर्घकालीन बाँच्छ जो ।

१३६२. ओरालीमा उकालीमा पाउ गल्दैन वीरको
जुन बाटो तिमी हिंड्छौ हिंड राखेर याद त्यो
शक्तिका सामुमा शक्ति जुध्न सक्छ बराबर
शक्ति त्यस्तो छ के ठूलो विद्या नै हुन्छ आखिर ।

१३६३. नम्र बोली तथा मीठो नित्य मुस्कान सद्गुण
नराम्रो हुन्न त्यो कैल्यै गला खोल्दछ कोयल
बोलीमै छ सबै तत्व मान्छे राक्षस ईश्वर !
रूखो बोली तथा मीठो अरू भिन्नता के छ र ?

१३६४. तीतो पीरो तथा टर्रो झड्का तत्काल पाउँछ
शक्ति तोड्छन् छिटै तिन्ले भोलि दुर्गन्ध आउँछ
वैरीको पनि निन्दा जो गर्नुहुन्न कतै पनि
आफैंको पहिलो निन्दा गर्नू के म भएँ भनी ?

१३६५. नगर्नू भर्त्सना निन्दा कुरा काटेर व्यर्थमा
गर्छन् कर्म सबै आफ्ना आफ्नै निम्ति छ उत्तम
ज्यान मार्छन् कतै कोही हत्या हिंसा छ सार्थक
कोही भन्दैन हत्या भो राम्रै मान्दछ हेर त !

१३६६. आफ्नो घाउ सधैं आफ्नो दुख्दै दुख्दैन पर्तिर
सबै राम्रा यहाँ हुन्छन् नराम्रो को छु भन्छ र ?
कर्मशील भए भिक्षु बुद्ध कर्तव्यपालन
ज्ञान विज्ञानका ज्ञाता शान्तिमार्गी विचारमा ।

१३६७. बुद्धका साथमा चेला भए धेरै प्रशिक्षित
व्याख्याकार भए कैयौं बुद्ध दर्शनका वडा
आज्ञापालक चेला ती नमूनायोग्य देशमा
छन्न, आनन्द इत्यादि सत्यमार्गी समाजमा ।

१३६८. सामर्थ्यवान् भए भिक्षु विषयी क्षेत्रमा यता
चिररात्रज्ञ, कौडन्य महास्थविर श्रेष्ठता
एकसे एक सामर्थ्य बुद्धशासनमा थिए
विद्वान् भिक्षु लिई कर्म बुद्धकै साथमा हिंडे ।

१३६९. विषयी मार्गमा कोही सत्यका परिचालक
आ-आफ्ना क्षेत्रमा योग्य नमूनायोग्य शिक्षक
ऋद्धिवान्मा महामौद्गल्यायन सारिपुत्र र
प्रज्ञावान् ती भए नामी बुद्ध धर्म प्रचारक ।

१३७०. श्रेष्ठ धूताङ्गधारीमा महाकाश्यप नाम छ
कुलीनमा उच्च भद्र, मिष्ट वाणी लकुण्टक
सिकाउने सिंहनाद पिण्डोलभारद्वाजले
विद्वान् श्रेष्ठ महाकात्यायन बोल्थे विचारले ।

१३७१. चुल्लपन्थ र निक्लेश मन्त्राणी-पुत्र पूर्ण छन्
वीर्यवान्मा भए अग्र सोण कोलिविसै महान्
झाडीवासीहरूमा झन् अग्राणी नाम रेवत
कुठी कल्याण वार्तामा ध्यानीमा कंखरेवत ।

१३७२. उच्चो पद वडा ज्ञानी कार्यभार विभाजन
श्रद्धाधिकहरूमा भन् बक्कली छन् महाजन
शिक्षाकामीहरूमध्ये पुत्र गौतम राहुल
प्रतिभा चेतमा आए अग्र बंगीस चर्चित ।

१३७३. प्रासादिक हुनेमा छन् बगन्तसुत सेनम
दब्बमल्ल महापुत्र पदमा शयनासन
देवपक्षहरूमा छन् पिलिन्दबच्छ नायक
दारूचीरी अभिज्ञालाभीहरूमा प्रकाशक ।

१३७४. महास्थविर छन् धेरै बुद्धका शिष्य उत्तम
छन् प्रतिसंभिदामध्य महाकोट्ठित अग्रण
ज्ञानी सर्वोच्च आनन्द र उरूवेलकाश्यप
कालुदायी तथा बक्कु उपाली नन्दनान्दिक ।

१३७५. महाकप्पिनसाथैमा मोघराज महामना
बुद्धशासनका ज्ञानी गर्थे कर्तव्यपालन
उपदेश छरी सारा तिनी गर्थे प्रचार जो
पूर्व पश्चिममा फैल्यो चारैतर्फ प्रकाश भो ।

१३७६. भिक्षुणी अग्रणीमा छन् महास्थविरनी बनी
बुद्धशासनमा हिंड्थे अनुशासनमा पनि
चिररात्रज्ञकी श्रेष्ठ हुन् प्रजापती गौतमी
प्रज्ञावान्हरूकी अग्र खेमा नाम थिईन् अनि ।

१३७७. विनयीहरूमा श्रेष्ठ पटाचारा तथा अरू
सोना ध्यानीहरूकी औ वीर्यवान् विरनीहरू
सकुला नामकी नारी दिव्यचक्षु हुने भईन्
दिव्य कुण्डलकेशामा पूर्वानुस्मृति कालिनी ।

१३७८. यशोधरा बनिन् नेतृ श्रद्धाधिमुक्त सिंगला
र कृषागौतमी श्रेष्ठ पैहने रूक्षचीवर
बुद्धशासनमा धेरै भिक्षुणी अग्रणी थिए
बुद्धनीति लिई सारा ती प्रचारक भैदिए ।

१३७९. थिईन् वैरागिनी सन्ध्या बुद्धशासनमा पनि
आखिरी बुद्धका सामु आईन् भैकन भिक्षुणी
सुप्रबुद्ध भए भिक्षु कूट रच्ने थिए जति
बुद्धशासनमा आए कतै दब्दैन शान्ति है !

१३८०. बुद्धशासनमा लाग्ने भए राम्रा उपासक
उपासिका विशाखा औ खुज्जुत्तरा श्यमावती
उत्तरा सुप्पवासीकी सुप्पिया विरणी अनि
उरूवेल कुमारी औ कालीमाला जता पनि ।

१३८१. उपासिका भए राम्रा बुद्धनीति प्रचारक
दानकार्य तथा धर्मकर्म उच्च विचारमा
ती विश्वासी तथा ज्ञानी थिए सारा उपासन
उपासिनी थिए श्रेष्ठ चल्दो नाम छ उत्तम ।

शार्दूलविक्रीडित छन्द ।

१३८२. गाए कीर्तन लोकले हृदयले प्यारा थिए गौतम
चर्चा भो सबतर्फ त्यो समयमा जित्दा सबैको मन
को पो बाँच्छ र हाय ! पार्थिव ढल्यो ढाक्यो त्यहाँ शोकले
बाँच्यो आखिर बुद्धनीति जगमा सम्झीरहे लोकले ।

॥ एकादश सर्ग इति ॥

द्वादश सर्ग

शिखरिणी छन्द ।

१३८३. तपस्याले मान्छे कुशल, दिलको हुन्छ सफल
हिंडोस् त्यागी सारा घरजम तथा कष्टकहर
वडा ध्यानी ज्ञानी जन तब भए गौतम तर
सबै त्यस्ता हुन्नन् जब जब लिऊन् सौखसयल ।

१३८४. भुलेका छौं हामी किन त यसरी मोह-ममता ?
कतै क्रोधी बन्छौं हृदयसँग नै द्वन्द्व रहँदा
यहाँ छाडोस् कल्ले सुखसयल औ राज्य घर यी
कहाँ छाडून् तातो जब ठिहिरिने शीतसँग ती ।

१३८५. सबै ज्ञाता हुन्नन् समयसँग जो नाच्दछ यहाँ
चिसो तातो होस् तब कहलियो ऊ जगतमा
नयाँ मार्गी होस् ऊ जगतहितमा जीवन दिने
बुझोस् आत्मा पैले जगतभरि होला कहलिने ।

१३८६. भुल्यौं हामी उस्तै चलनसित यो देख्नु पर के ?
सधैं पानी पर्दा कुन जन चिनून् सूर्य पनि हे !
बने ठूला मान्छे जगतभरका गौतम अहो !
मितेरीको नातो छ उनसित पो शान्तिसितको ।

१३८७. भए बूढा बाबा अब त उनमा दुःख थपियो
सबै बूढा हुन्छन् तर पनि स्वयम् भाव बुझियो
निकै थाके किंवा कुन किसिमले गौतम सुते
भएको के होला हरतरहका मानिस जुटे ।

१३८८. यो संसार छ नाशवान सबमा निर्जीव औ जीवमा
के पो बाँच्छ र हेर आखिर यहाँ पुग्छन् सबै नाशमा
राजा वा जनता न विज्ञ गुरू हुन् वा तत्ववेत्ता बचून्
लड्छन् पर्वत यी विशाल चुचुरा ताराहरू जो हऊन् ।

१३८९. ठूला पर्वत ढल्दछन् नदनदी सुक्छन् सबै आखिर
बत्ती निभ्दछ हेर तेल सकिंदा के बाँच्छ खै आखिर ?
हामी व्यर्थ घमण्डले जलिसक्यौं सामर्थ्य के पो गऱ्यौं
व्यर्थै लोभ र क्रोधसाथ रहँदा ज्यूँदै मरेका भयौं ।

१३९०. मायामा सब भुल्दछौं अनि अहम् तेरो र मेरो भनी
आमाबाबु र पुत्र सन्ततिहरू भन्दै भुलेका अनि
आकाङ्क्षा सबथोकको छ मनमा ईर्ष्या र डाहा बढी
गर्छन् द्वन्द्व हरेक मानिस अहो ! देख्तैन मर्ने घडी ।

१३९१. पक्का मर्दछ जन्म हुन्छ जब ऊ बाँच्तैन कोही पनि
ज्ञाता गौतममा छ चिन्तन यही मर्ने भएँ लौ भनी
मर्ने पर्दछ सृष्टि जीव सबले छाड्दैन है कालले
ज्ञाता गौतमले बुझे सब कुरा बाँचून् र के आशले ?

१३९२. लाग्यो रोग शरीर वृद्ध अहिले भिक्षा भनी के हिंडून्
कस्छन् आसन वृक्ष पीपलमुनी ती दुःखसास्ती खपून्
रोगी, वृद्ध तृतीय दृश्य शवको चारौं भयो सन्तको
चारौं दृश्य स्वयम् छु आज म यहाँ इच्छा भयो पूर्ण जो ।

१३९३. साँचो, धर्म मरेर बाँच्छ जगमा निष्पक्षमा जो थियो
इच्छा पूर्ण भयो मरूँ कि नमरूँ संसार नै नाश हो
खोजें शान्ति जतातते जगतमा खोजेर भेट्थें म के ?
आफैंभित्र रहेछ शान्त नगरी इच्छा भयो पूर्ण रे !

१३९४. खै खै गौतमका थिए गुरू कहाँ चेला स्वयं नै गुरू
आफैंभित्र छ तत्व खोज्न गहिरो जो तत्ववेत्ताहरू
बोल्ने जो प्रतिभा छ चेतजगमा त्यो शान्तिको राज हो
सिङ्गो गौतम बुद्ध विश्व तब हो जो शान्तिको वृक्ष हो ।

१३९५. आहा ! शान्त समाज एक रचियो भो बुद्धको शासन
चिन्ता छैन कतै कसैसित त्यहाँ आनन्दको आसन
साँच्चै स्वर्ग यहीँ छ शुद्ध मनमा राजी रहून् गौतम
आहा ! सुन्दर लुम्बिनी नगरमा भो बुद्धको शासन ।

१३९६. ठूलो कष्ट सहेर गौतम पुगे सम्मानमा बुद्धको
यौटा क्रान्ति गरे सुशान्त पथमा खोजी गरी शान्तिको
भेटे आखिर शान्तिमार्ग सजिलो लाग्यो त्यहीँ जीवन
लाने आखिर के छ साथसँगमा सम्झेर नारायण ।

१३९७. ऐले वृद्ध भए उमेर सकियो बूढा असी वर्षका
सारा शिष्यहरू जुटे सब तिनी सेवासुसारे यता
आए राहुल वृद्ध बाबु नगिचै सेवा गरौं के भनी
यौटा शान्त समाज सिर्जित गरेस् भेला गरी सद्गुणी ।

१३९८. छोरा राहुल, मर्नुपर्छ सबले छाला र हड्डी तर
राम्रो कीर्ति भए रहन्छ जगमा जो भावना सुन्दर
प्राणीको हितनिम्ति जीवन दिएस् कल्याण होस् जीवको
राम्रो कर्म गरेस् समाजहितमा होस् स्थापना शान्तिको ।

१३९९. अर्काको नदुखाउनू हृदयमा प्राणी नमार्नू कुनै
हिंसासाथ हुँदैन साम्य जगमा वा शान्ति नै हुन्छ है !
मेरो शासन साम्यवाद तब हो हिंसा र हत्या छ खै ?
छोरा राहुल छौ स्वयम् सम तिमी प्राणी बचाऊ सबै ।

१४००. हे छोरा, सुन राजनीति मनको ईर्ष्या र डाहा बुझ
मारी एक असाध्य क्रूर मनले उक्लन्छ त्यो मास्तिर
आफ्नो हैकम लाद्छ लोकजनको बुझ्दैन सच्चा व्यथा
नेता बन्नु हुँदैन पुत्र कहिल्यै त्यो हुन्न राम्रो कथा ।

१४०१. राजा बन्नु हुँदैन पुत्र कहिल्यै उल्टो छ त्यस्को गति
योगी बन्नु छ सत्य सत्य त्यसमा सच्चा छ जस्को मति
खोज्नू तत्व छ के अजम्मर हुने संसार यो नाश छ
भेट्नै पाइन एक तत्व गहिरो भेट्छौ तिमी आश छ ।

१४०२. यो नेपाल छ एक सुन्दर कला वैचित्र्य भूगोल छ
आहा स्वच्छ हिमाल उत्तर दिशा खोजे यहीँ शान्त छ
जाऊ भीर, पहाड पर्वत उँचा मीठो तपस्या गर
छर्दै वीजन शान्तिको हृदयमा मीठा फलाऊ फल ।

१४०३. हाम्रो भारतखण्ड-उत्तर छ यो आर्यादिका शासन
दाब्छन् आर्यहरू अनार्यजनमा भो द्वन्द्व यिन्मा किन ?
यी मंगोल स्वभावमा सरल छन् औ कर्मका साहसी
रक्षा गर्नु सदैव पुत्र यिनको राखेर राम्रो मति ।

१४०४. जाऊ तिब्बत, चीन उत्तर दिशा मंगोल छन् प्रान्तमा
गर्नू धर्मप्रचार बुद्ध जगका हुन् शान्तिका भूषण
हाम्रो शासन शान्तिको जगतमा जापान औ चीनमा
सारा उत्तरपन्थमा जय भनून् होस् शान्ति आमन्त्रण ।

१४०५. लोभी क्षुद्र विचार कूट ननिका जो आर्यका छन् सब
छन् मंगोल असाध्य भावुक सधैं ईर्ष्या गरून् ती कब ?
खुट्टो तान्दछ आर्यले रगतमै हिंसा र हत्या गरी
आर्यैसाथ हरेक प्रान्ततिरका मंगोल दब्छन् घरी ।

१४०६. छोरा राहुल सम्झ है वचन यी सत्कर्म गर्ने गर
जातित्वादि विभेद साम्य गर है सद्भाव बीऊ छर
लाग्नेछन् फल कर्म जो छ उसरी कर्मै छ ठूलो तर
कर्मै मात्र महान हुन्छ जगमा जो सत्यमा सुन्दर ।

१४०७. ऐले वृद्ध भएँ छ काल नजिकै मान्दैन मेरो कुरा
कल्ले सक्छ र काल जित्न सजिलै निर्धा हुँदा पाखुरा
मेरो चाह थियो सुशान्ति छरियोस् होस् सत्यमा त्यो स्थिर
इच्छा पूर्ण भएन जीवन छँदा बाँकी रह्यो आखिर ।

१४०८. थाल्यो बढ्न अनेक डाह तनमा छाला परे चाउरी
काम्यो लुग्लुग हा ! शरीर बिचरो ! ओठै सुक्यो आखिरी
बोल्छन् तैपनि साहसी हृदयले बन्दैन बूढो मन
बोल्दैछन् तब वृद्ध बुद्ध यसरी बूढो भयो यो तन ।

१४०९. वैरीहीन हुँदैन मानिस कुनै छन् द्वन्द्व यी जीवमा
वैरी गौतमका थिए तर उनी देख्थे समानै जन
बोल्थे बुद्ध गरीबपक्षतिरको सर्वत्र उत्थान होस्.
बाटोमा तर छेक्दथे अरिहरू साम्राज्य हाम्रै बनोस् !

१४१०. छन् मंगोल र आर्यबीच झगडा मंगोल सोझा थिए
आर्यै धूर्त, घमण्ड स्वार्थ दिलका आतङ्क मच्चाउँथे
योगी गौतम आर्यवंशज थिए हुन् फूल काँडासित
शोभा दिव्य छ कोर्छ ध्यार्र तर हा ! छन् हाय ! सास्तीसित ।

१४११. फुल्छन् फूल हिलोतिरै कमलका बत्ती अँध्यारोतिर
उम्रन्छन् मलबीच वीजन नयाँ जस्तै हवोस् फोहर
काँडाबीच सुवास गौतम भए सौन्दर्यले चम्किए
आर्यबीच हिमालको शिखरझैँ अग्ला सधैँ देखिए ।

१४१२. लाछी गौतम्म बुद्ध हो जगतको निन्दा कतै गर्दथे
रच्थे कूट अनेक आर्यजन ती मौका कुनै खोज्दथे
जत्था एक थियो असाध्य बलियो त्यो युद्धकारी थियो
सेना हिंस्रक भावका सब थिए षड्यन्त्रकारी छ जो ।

१४१३. राती मध्य थियो सफा प्रकृतिमा वैशाखको पूर्णिमा
टल्के टल्टल चन्द्रमा निशि चिरी क्या शान्त त्यो जीवन
यौटा पीपलवृक्ष फेद डिलमा चिम्लेर आँखा दुवै
गर्दैथे तप बुद्ध शान्त मनले एक्कासि हल्ला छ है !

१४१४. नारा घन्घन घन्कियो गजबको भ्याली कतै पिट्तछन्
यो साम्राज्य अनन्त आर्यजनको हाम्रै छ यो शासन
यौटा गौतम मात्र बोल्छ किन त्यो मंगोलको पक्षमा
जाऊ पक्र पछार गौतम छिटै आतङ्ककारी यहाँ ।

१४१५. हाम्रो वंश छ आर्यको अटल यो को भन्छ होस् शान्ति के ?
आयो काल समीप गौतम मरोस् छन् कूटमा वंश हे !
छायाँमा सुनसान जीवगणको आवाज एकान्त छ
ध्यानी गौतम ध्यानमग्न बिचरा ! कोही त्यहाँ काल छ ?

१४१६. कोही एक अदृश्य शक्ति उभियो हुन् वा तिनै ईश्वर ?
वा हुन् काल अदृश्य अद्भुत कला खैंची सबै इन्द्रिय
हा ! हा ! गौतम बुद्ध इन्द्रियसितै कब्जा भए आखिर
साँच्चै मौन रहे सधैंभरि तिनी निर्जीव भै पार्थिव ।

१४१७. आत्मा बोल्दछ आखिरी त यसरी - होस् शान्ति नै लोकमा
कल्ले गौतमका कुरा अब सुनोस् छन् क्षुद्रका शासन
मर्नेछन् प्रतिभाहरू जति बढून् यी आर्यका देशमा
यस्तै श्राप दिएर गौतम ढले टेक्ता असी वर्षमा ।

१४१८. लाने को कुन हो निरंकुश छ को छैनन् भनी गौतम
रोइन् धर्धर हाय ! हाय ! धरणी रोईन् उता चन्द्रमा
रोए जङ्गलका अबोध पशु ती रोए हिमाली वन
रोए फाँट नदी र भीरपहरा हा ! हा ! भनी गौतम ।

१४१९. रोए प्राकृत दृश्य आर्त सुरले पन्छीहरू कीट ती
धर्ती कम्पन भो छ झर्झर झरी आश्चर्य के भो भनी
आए गौतम बुद्धको शवनिरै चेलाहरू आतुर
हा ! हा ! के छ अचम्म यो गजब भो के भो नि ! हे ईश्वर ?

१४२०. आए राहुल छेउमा अनि यता आफन्त औ सज्जन
आईन् हाय ! यशोधरा पनि त्यहाँ रोई कराईकन
नाघेका सयवर्ष वृद्ध बिचरा छन् पुत्रको शोकमा
हाहाकार भयो अचम्म पनि यो आफैं मरे गौतम ?

१४२१. माऱ्यो अद्भुत शक्तिले प्रिय प्रभो ! को भेट्छ खोजीकन
हा ! हा ! लाश ढल्यो कुशीनगरमा बक्छन् गवाही जन
लेखेको छ जमीनमा अमर यो- होस् शान्ति यी देशमा
मारिन्छन् तर हुन्छ जन्म प्रतिभा हत्या गरी तत्क्षण ।

१४२२. जन्मन्छन् प्रतिभा अपार तपले बन्दैन कोही उसै
ज्यादा तीक्ष्ण दिमाग हुन्छ प्रतिभा हार्दैन उल्ले कतै
मारिन्छन् तर तीक्ष्ण तीक्ष्ण प्रतिभा यस्को छ के कारण ?
चाहेको कुन बुद्धले जगतमा खै शान्ति त्यस्तो भन !

१४२३. विश्वैका प्रतिभा भए पनि कतै जानै पऱ्यो आखिर
साँच्चै मर्नु छ आखिरी सब यहाँ रोएर बाँचिन्छ र ?
रोए शिष्य समीपका सबजना आफन्त रोए त्यहाँ
लावा, सिन्दुर छर्किए शव चुमी जस्तो थियो संस्कृति ।

उपजाति छन्द ।

१४२४. बोलेन आत्मा अब बुद्ध छैनन्
हे बुद्ध भन्दै सब शोक गर्छन्
आनन्द रोए अनुरूद्ध रोए
नदी बगे आँसु झरी बगाए ।

१४२५. चिता बनाए सब हाय ! हाय !
आगो लगाए घृतले जलाए
श्रीखण्ड ल्याए शव त्यो जलाए
शरीर मुर्दा त धुवाँ बनाए ।

१४२६. कठै नि प्यारा जनका महान
आखीर छाडे जन ती तमाम
को बाँच्छ खै यी सब मर्नुपर्छ
जो जन्मियो जानु त पर्छ पर्छ ।

१४२७. भयो खरानी सब मांस-हड्डी
सिद्धान्त बाँकी छ विचार कीर्ति
विचार राम्रो सबतर्फ फैल्यो
हुन् बुद्ध साझा मनभित्रका पो !

१४२८. रोए मलामी प्रभु प्राणप्यारा
छाडेर धर्ती कुन देशपार ?
जो कीर्ति बाँच्यो उपदेश एक
सच्चा कमाई यस लोकबीच ।

१४२९. सिद्धार्थ संस्थापक शान्तिका हुन्
छ फैलिंदो आज त विश्वमाझ
प्रचार भो गौतमकै सुनाम
हुन् बुद्ध संस्थापक आदिसाम्य ।

१४३०. महान् छ छाती भगवान् सुबुद्ध
हुन् शान्तिका दूत सफा चरित्र !
आतङ्क फैलन्छ जहाँ जहाँ त्यो
र बुद्ध पुग्छन् त्यस ठाउँमा पो ।

१४३१. हत्या र हिंसा किन हुन्छ यस्तो
चिन्ता यसैमा उनमा भएथ्यो
हत्या र हिंसा हुनहुन्न भन्ने
सिद्धान्त हो गौतमले भनेको ।

१४३२. बिंडो पिताको अब थाम्नुपर्ने
चिन्ता थियो राहुलमा अचम्मै !
इच्छा पिताको सब पूर्ण गर्छु
गरी तपस्याकन तत्व खोज्छु ।

१४३३. सन्देश ती गौतमका थिए जो
प्रचारमा राहुल छन् खुशीले
मंगोलका देश र आर्य - देश
सन्देश छर्दै सब देश - देश ।

अनुष्टुप् छन्द ।

१४३४. आकांक्षा तिर्सना लोभ तर्क संघर्ष दोमन
अनि निर्णयकोपश्चात् पश्चात्ताप लिऊन् जन
हाम्रो जीवनमा यस्तै चक्र घुम्छ सँधैभरि
कोही सन्तुष्ट बन्दैन कर्मको चक्रमा परी ।

॥ द्वादश सर्ग इति ॥

त्रयोदश सर्ग

अनुष्टुप् छन्द ।

१४३५. शान्तिप्रेमी उनै बुद्धलाई सम्भूँ म जीवन
सिङ्गो काव्य उनैलाई गरेँ मैले समर्पण
लेखेँ काव्य यही मैले बुद्ध गौतमकै कथा
यति मात्रै बुझेँ मैले जति शिक्षा थियो ममा ।

१४३६. थिए बुद्ध स्वयम् शान्ति हामी सापट खोज्दछौं
स्वाभाविक छ खै शिक्षा मात्र नक्कल गर्दछौं ।
बुद्धको जीवनी के हो मैले देखिन जीवन
सुनेका भरमा कोरेँ कविताकाव्य यो किन ?

१४३७. अहंकारी म भै एक रचेँ काव्य यही किन ?
नाम फैलोस् न वा कीर्ति लाद्न खोजेँ कि हैकम ?
गरेँ लोभ तथा ईर्ष्या न वा हो भावना नयाँ
उही संरचना लेखेँ गरेँ के साधना यहाँ ?

१४३८. भन्छन् लोक गरिस् गल्ती काम के काव्यको यहाँ
कोही पढ्दैन मायाले लेखेँ रोएर व्यर्थमा
कुनै नौलो कुरा हैन नवा सिद्धान्त यो नयाँ
उही प्राचीनकै दस्तावेज लेखेँ कि काव्यमा ।

१४३९. भनेथे बुद्धले पैले - पढ्यौ जो सत्य होइन
जो पढ्दैनौ छ त्यो सत्य खै मैले सत्य पाइनँ
पुगेँ एकान्त झाडीमा सुनसान पहाडमा
गहिराई पुगेँ कैले सत्य खोजेँ हिमालमा ।

१४४०. उर्लंदा भेलमा पौडें खहरेसाथ चिप्लिएँ
चरासाथै उडें कैले हरियाली कतै भएँ
चिर्रबिर्र चुँ चूँ चिर्र गाना गाएँ वसन्तमा
तर सत्य कतै मैले आज खोजेर पाइनँ ।

१४४१. योगीका देशमा धाएँ राजाका मुखमा परें
नेताका चातुरी देखें योगादि क्षेत्रमा गएँ
गरीबी आँतमा रोएँ शान्तिका बुद्ध भेटिनँ
ढुकुटी धनका फोएँ त्यसमा पनि देखिनँ ।

१४४२. जो पाएँ ठीक त्यो छैन जो भेट्तिन छ चाहना
किन मैले गरें व्यर्थ यी झुट्टा काव्यसाधना ?
पश्चात्ताप स्वयम् जन्म्यो यस्तै चक्र रहेछ कि ?
वैरागी छु यही शिक्षा गए बुद्ध दिएर कि ?

१४४३. अहँ होइन यो केही के हो तत्सत्य तत्व त्यो
परिवर्तन सारा छ नयाँकै हुन्छ चाह जो
झिक्नू सार पुरानाको काम लाग्ने भए तर
नत्र छाड त्यता हेर्न सिर्जना गर आखिर ।

१४४४. सत्यता सिर्जनामा छ साधना होस् निरन्तर
कर्मको गतिमा चल्दा छ मिल्ने आखिरी फल
तर आशा नगर्नू है कर्म गर्नू सकेजति
आखिरी प्राप्ति मिल्नेछ नछाड्नू गर्न उन्नति ।

१४४५. शान्ति शान्ति ! जगत् शान्ति ! द्वन्द्वहीन समाज होस्
प्राणीबीच हवोस् शान्ति ! राज्य शान्ति यहाँ हवोस्
जनका मनमा शान्ति ! सिद्धान्तैमा विचारमा
सर्वशान्ति ! खुलोस् मार्ग शान्ति शान्ति समाजमा ।

१४४६. जब जन्म भयो धर्ती तब यी जीव जन्मिए
चल्यो द्वन्द्व यिनैभित्र र हाहाकार मच्चिए
भो कोलाहल ज्यादै नै शान्तिको प्रार्थना गरे
भेटिंदैन कतै शान्ति आफूमै बुद्धले बुझे ।

१४४७. भेटेका हुन् यिनै तत्व शान्तिका दूत बुद्धले
शान्तिकै प्रार्थना गर्थे त्यो बेला पनि लोकले
सबैले नै सुनेका हुन् शान्ति शब्द छ चर्चित
बुद्धले 'मात्र भेटेथे त्यसमा कुन तत्व छ ?

१४४८. आफ्नो जीवन नै सुम्पे बुद्धले शान्ति खोजमा
पुगे निर्णयमा अन्त आफैमा शान्ति खोजन !
दिए के बुद्धले त्यस्तो यी सारा लोक निम्तिमा
आफैंभित्र लिए शान्ति जो बाँच्यो आत्मसंयम ।

१४४९. भेटे आखिर आफैंमा एक शान्ति अजम्मर
तब आज बचे बुद्ध अझै बाँच्छन् सरासर
कैयौं मानिस जन्मेथे तर बुद्ध बचे किन ?
के छाडे उनले बाँच्ने बाचिने के छ कारणं ?

१४५०. सत्य बस्तु सधैँ बाँच्छ सत्य सिद्धान्त बाँच्ताछ
लोकको भावना बुझ्ने त्यही मानिस बाँच्ताछ
'म' को हुँ ? छु कहाँ ऐले ? मेरो कर्तव्य के छ खै ?
यति बुझ्ने सधैँ बाँच्छ आफैंभित्र छ शान्ति नै !

१४५१. आफैंभित्र भए शान्ति जगत्शान्ति छ यो सबै
शान्ति छैन भने द्वन्द्व शान्ति भेट्तैन त्यो कबै
बुद्धभित्रै थियो शान्ति दिएनन् भाग्न उम्कन
सधैँ राखे स्वयम्भित्र राखेर आत्मसंयम ।

१४५२. हामी भावुक बन्दैमा सक्तैनौं बाँच्न अन्तिम
लोकका हितका निम्ति त्याग्नु पर्दछ जीवन
निजी स्वार्थ लिए मर्छ छिटै हेर समाजमा
कलादारी कहाँ मर्छन् दीर्घ हुन्छन् विचारमा ।

१४५३. नमूना हुन्छ प्राचीन सत्य भेटिन्छ सुन्दर
कहाँ हुन्छ नराम्रो त्यो हेर सत्य हिमाल छ
सूर्य प्राचीनकै सत्य तारा, आकाश चन्द्रमा
भन्न मिल्दैन चाहिन्न ! रीतिसंस्कृति, हैकम ।

१४५४. नयाँ संरचना गर्दा खोज प्राचीनका कुरा
चुरो मर्दैन ढुङ्गाको गर जाँच सबै त्यहाँ
यही सिद्धान्तका बुद्ध सधैँ सत्यसितै रहे
आष्टाङ्गिक लिई मार्ग व्यावहारिक देखिए ।

१४५५. हाम्रो जीवन हो चक्र आकांक्षा, लोभ, तिर्सना
भुलेका छौं यतै हामी तर्क संघर्ष दोमन
यस्तै भौतिक विज्ञान के हो निर्णय जीवन
पश्चात्ताप भएपश्चात् पुनः फर्कन्छ यो मन ।

१४५६. मनोरञ्जनमा पन्ध्र आधा भाग त सुत्दछौं
दश भाग लुगा, खाना झगडा पन्ध्र गर्दछौं
पाँच भाग कुरा काट्छौ लोभमा चार भाग छ
बाँकी एक पढी बित्छ सिर्जना हेर शून्य छ ।

१४५७. आत्मसंयमकासाथ कर्मशील विचारले
गरी कर्म बचे बुद्ध आज चिन्दछ विश्वले
गरी ईर्ष्या तथा लोभ कोही बाँच्तैन आखिर
उर्लंदा खहरे सुक्छन् सुक्दैनन् हिमनिर्झर ।

१४५८. बिगारी निर्माण गर्न नसक्नेले कुनै पनि
नभत्काऊ संरचना अर्को निर्माण होस् भनी
अधिकार दिनै हुन्न नजान्ने जो छ लोकमा
भए कर्मी कला कुँद्छ अधिकार दिनू त्यहाँ ।

१४५९. बनेको काम भत्काई अर्को गर्दछु भन्नु त
खुट्टा भाँचेर जोडेझैँ लङ्गडो हुन्छ हेर त !
पुराना जो छ ठीकै छ नयाँ काम अरू थप
सिर्जना नव गर्ने नै सदा हुन्छ पदोन्नत ।

१४६०. बुद्ध शासनमा सारा देखिएथे खुशी जन
श्रद्धा लोकहरू राख्थे झुम्मिन्थे बुद्धकासँग
त्यागेथे हैकमी सत्ता नयाँ संरचना गरी
त्यसैले बुद्ध बाँचेछन् निस्वार्थी बाँच्छ आखिरी ।

१४६१ राम्रो चिन्तन गर्नेको सिर्जना हुन्छ उन्नत
कर्मको फल हो प्राप्ति नयाँ संरचनासित
नयाँ संरचना के हो ? सिर्जना शुद्ध भावना
भलाइ होस् लोकनिम्ति जन्मियोस् शुभकामना ।

१४६२. तर हामी गरी द्वन्द्व स्वार्थनिम्ति समाजमा
गरेका छौं अहंकार अर्कोलाई दवाउन
मान्छे मान्छे नहोस् द्वन्द्व किन युद्ध स्वजातमा ?
शक्ति प्राकृतमा हुन्छ गरून् द्वन्द्व त्यहाँ जन ।

१४६३. बुद्धबोध त्यहाँ हुन्छ जहाँ शान्ति छ शासन
स्वार्थी भाव हवोस् दूर साम्य राखेर भावना
प्रजा राजा नहोस् भेद हामी पियन, हाकिम
बुद्धबोध त्यहीँ हुन्छ जस्मा भेटिन्न दुर्गुण ।

१४६४. निजी राख्दछ सम्पत्ति बुद्धबोध हुँदैन त्यो
भाव सामाजिकी नै हो अमरत्व रहन्छ जो
बुद्ध सिद्धान्तमा स्वार्थ अहंकारी परै थियो
निजी दौलत त्यागेमा बुद्धबोध स्वयम् छ त्यो ।

१४६५. बुद्धको नै लिई बाटो कार्लमार्क्स बढे अघि
साम्यवाद भनी आफ्नो गरे व्यक्त विचार ती
संसारैका सबैभन्दा पहिलो साम्य भावका
बुद्ध नै हुन् निजी स्वार्थ त्यागी हिंड्ने समाजका ।

१४६६. व्यावहारिक सन्देश बुद्धका गहना सब
नमूना पहिलो आफैं बुद्धभित्र छ गौरव
बुद्धजस्तै बनौं हामी लोभ त्यागेर हैकम
सच्चा मार्ग स्वयम् खोजौं खैंची केन्द्रीयको मन ।

१४६७. गर्दैनौं चाहना हामी सत्य हुन्छ समीपमा
टाढा जान्छौं त्यहाँ के छ ? आफैं हौ पहिलो कला
बुद्ध छाडी जप्यौं मार्क्स अनि कृष्ण र खीष्ट रे
हामी हिंसक बन्दैछौं विदेशीले कला सिके ।

१४६८. बुद्ध दर्शनमा चीन, श्रीलंका कोरिया तथा
धर्म जापानले मान्यो छिमेकी देश भारत
जनसंख्या पिता चीन बुझी बुद्ध त्यता गए
सानो नेपालमा माओ किन गर्छन् लडाइँ हे !

१४६९. पिठो चामलमा साट्ने विदेशीले सिक्यो कला
गुदी खायो विदेशीले हामी छौं भुसमा यता
के जान्यौं बुद्ध खेदेर हत्या हिंसा यहाँ भयो
के पायौ मार्क्स डाकेर माओ आए लडाइँ भो ।

१४७०. रूसमा चीनमा बुद्ध मंगोलियन देशमा
आए नेता त्यताका ती माओ हिंस्रक लेनिन
यस्को कारणमा के छ ? छाडे नेपाल बुद्धले
माओ लेनिनले घेरे हाय ! नेपाल आज हे !

१४७१. हत्या हिंसा बढेको छ निर्दोषी जनता मरे
राजा नै मारिए हाय ! बुद्ध भागी कता गए ?
पसे बाहिरका नेता घर हाम्रो लुटे सब
चोठाकोठा डुले सारा लुटे अस्तित्व वैभव ।

१४७२. किन हिंस्रक भो बाघ ऊ हिंसामै रमाउँछ
मन्त्री, हाकिम उच्चस्थ हिंसैलाई सघाउँछ
छिः सेना रे ! लिई गोली जनता हाय ! मार्दछ
राक्षसैको छ यो राज्य आज ठुस्स गनाउँछ !

१४७३. बुद्धबोध कतै छैन प्रतिस्पर्धा छ शक्तिको
बग्दो आँसु थुनोस् कल्ले हाय ! नेपाल देशको
आँसु मात्रै कहाँ हो र ! छ खोला रक्तको यहाँ
बगायो रक्त कल्ले यो ? सत्ताको लोभमा छँदा ।

१४७४. कल्ले डाक्यो यहाँ चोर आमाको गहना लुछ्यो
बाबालाई टुपी तानी पछार्‍यो हाय ! चोट यो
माओ लेनिनले खाए गाईको दूधमा खिर
जाँड खान गए बुद्ध रस्सामा चीनमा किन ?

१४७५. बेइज्जत भए बुद्ध श्रीलंकामा तथा उता
नाक काटे विदेशीले आज नेपालको यता
यतै आऊ छिटै फर्की रोएको हेर देश यो
मार्‍यो मानिस मान्छेले सुन हाम्रा कुरा छ जो ।

१४७६. आखिरी चाहना के हो ? तपस्या बुद्धको थियो
सीमाबन्धन जग्गामा भावनामा कतै नहोस्
निजी सम्पत्तिमा हुन्छ खिचातानी स्वजातमा
त्याग्नै पर्छ निजी स्वार्थ यही सुन्दर कामना ।

१४७७. तेरो मेरो सबै छाडौं साझा भाव लिऔं यहाँ
नासिन्छौं आखिरी हामी जीवबीच जता जहाँ
आखिरी नाशमै पुग्छ धर्ती आकाश औ भव
नाशवान् छ सबै तत्व मेरो भन्ने छ के अब ?

१४७८. केही छैन सबै शून्य ? त्यसो हैन छ जीवन
बाँचुन्जेल मिलोस् शान्ति सिर्जनासाथ साधना
लोककै हितकानिम्ति साझा राखेर भावना
हाम्रा निम्ति गरौं काम तोडेर व्यक्तिबन्धन ।

१४७९. जन्मेको छ निजी स्वार्थ यी मान्छेका विचारमा
कसरी जन्मियो द्वन्द्व ? व्यक्तिवादी विकासमा
छ साझा भावना सारा वस्तु प्राकृतमा पनि
पूरै भूमि भिजेको छ हुँदा वर्षा जता पनि ।

१४८०. एउटा वृक्षको बोट मात्र भिज्दैन शीतले
शीत पर्दा सबै भिज्छन् अनुपात समान हे !
झुल्कँदा भूमिमा सूर्य दिन्छन् साझा प्रकाश जो
ज्योतिहीन कुनै ठाउँ हुन्न, भाव समान हो ।

१४८१. खुल्ला छाती उँभो देख्छौं साझा आकाश जीवको
बाक्लो बादलले छोप्छ घनावस्ती समान हो
गरीब पनि मान्छे हो सबैको धरती छ यो
जीव सारा बचेका छन् पानी पाइन भन्छ को ?

१४८२. हावा बग्छ सबैबीच तँ मा भन्दैन बग्दिन
माटो साझा सबैमा छ दिन्न भन्दैन बीजन
यस्तै साझा हवोस् भाव हामीबीच सबैसित
इच्छा गौतमको यस्तै हुँदा बाँचे अझैतक ।

१४८३. साधना सिर्जना हुन्न शून्य एकान्तको विना
केमा प्राप्त छ बुद्धत्व ? तपस्या त्यागकासँग
साधना एकले गर्नू शून्य एकान्त ठाउँमा
प्राप्त ज्ञान छरे हुन्छ मानिसैको समाजमा ।

१४८४. ज्ञान तत्व निजी हुन्न ज्ञानी हो सर्वव्यापक
अहिंसा भावनाको नै ज्ञानी हो सर्वपालक
आफूमा प्राप्त जो ज्ञान छर्दैन त्यो समाजमा
ज्ञानी बन्दैन त्यो मान्छे क्लेश हुन्छ विचारमा ।

१४८५. जगत्प्राणी अवस्थाको सुमूल्याङ्कन गर्छ जो
जल्ले चक्र बुझेको छ निर्देशन सही छ त्यो
आफैंमा छ जगत्प्राणी चक्र यो अल्पजीवन
साटिंदैछौं अवस्थामा पानी माटो हवासँग ।

१४८६. ज्ञान प्राप्त छ ज्ञानीमा त्यागीमा तपसीसँग
ईर्ष्या, लोभ सबै त्याग्ने त्यही बन्दछ सज्जन
यसको सार यस्तै हो काव्य "गौतम बुद्ध" यो
पढून् लोक खिचून् सार छाडी शासन दम्भको ।

१४८७. केही पाउँन केही त गुमाउनु अवश्य छ
ज्ञानको निम्ति अज्ञान त्याग्नै पर्दछ पर्दछ
गुमाएँ धनका राशि काव्य लेखेर हर्दम
लोकलाई म के छाडूँ ? यही काव्य छ अर्पण ।

१४८८. थियो जो भावना त्यस्तै गरेँ मैले समर्पण
महाकाव्य रचेँ यस्तै मेरो यो धृष्टता किन ?
जस्तो ज्ञान थियो प्राप्त कवितामा दिएँ यहाँ
उँभो चढ्दैन खोलो है ! आफ्नै बग्दछ मार्गमा ।

१४८९. मेरो देश अहो ! राम्रो विश्वमाझ विचित्र छ
कलाकौशलको खानी आत्मा मेरो पवित्र छ
नेपाली भै सधैं बाचूँ चेलो गौतमको हुँ म
त्यसैले यो गरेँ काव्य लोकनिम्ति समर्पण ।

१४९०. मेरो सगरमाथाको उच्च यो विश्वको शिर
शान्ति नेतृत्वमा हाम्रो शिर झुक्तैन आखिर
तर द्वन्द्वित छौं आज आफैँ आफैँ पर्‍यौं पछि
काम लाग्दैन त्यो वस्तु प्रयोग नभए यदि ।

१४९१. देश नेपाल हाम्रो हो बुद्धको जन्मभूमि यो
म हुँ बुद्ध तिमी बुद्ध यहाँ छैन र बुद्ध को ?
पश्चिमेली र पुर्वेली अनि उत्तर दक्षिण
पसे चोर यता धेरै द्वन्द्व गर्न विचारमा ।

१४९२. सत्य को हो ? स्वयम् छानौं बुद्ध, मार्क्स कि लेनिन ?
माओ गान्धी अझै पैले हो त्यो चार्वाक लौ भन !
आफ्नै माटो छ यो राम्रो आफ्नै पाखा हिमाल यी
हुन्नन् आमा नराम्री है ! गर्छिन् माया सधैंभरि ।

१४९३. मेरी आमा म भै बुद्ध नयाँ नेपाल रच्दछु
आर्शीवाद ममा देऊ रचना नव्य गर्दछु
शान्ति छर्छु भयो क्रान्ति रक्तखोला बगे यहाँ
स्वयम् आज बने बुद्ध हुन्न क्रान्ति समाजमा ।

शिखरिणी छन्द ।

१४९४. छ रोएको मेरो हृदय किन हो थाम्न सकिन
म अस्थायी प्राणी अबुझ मनु, यो सृष्टि बुझिन
गुनासा मेरा यी कससित गई पोखुँ सहसा
सखा मिल्दो पाए जब जब म लेख्नेछु कविता ।

१४९५. विहानीमा खोजेँ दिनभर तथा साँझपखमा
विते वर्षौं वर्षौं तर पनि कतै पाइन यहाँ
कहाँ होला खै खै यहिँतिर छ वा दुर्लभ न वा
अहो ! कस्तो होला मकन पर भो सत्य कविता ।

१४९६. अँध्यारोमा खोजेँ अनि झिलिमिली दीपगणमा
विवेकीमा खोजेँ अलिकति सिकेँ मूर्खसँगमा
कतै गाली खाएँ कहिँकहिँ त मायाँ र ममता
कहाँ भेटूँ मैले मकन पर भो काव्यकविता ।

१४९७. म रोएँ चिच्याएँ भययुक्त बनेँ हाय ! म भएँ
पुकारेँ सारा यी तर पनि यहाँ शासित भएँ
म मेरै डाहाले छटपट छु हा ! तैपनि यता
छु कोर्दै व्यर्थैका अहित ननिका काव्यकविता ।

१४९८. कता छौ हे मेरा प्रणयित भनी सागर पुगेँ
पुगेँ झाडीमा औ रनवन सबैसाथ म डुलेँ
सबै झुट्टा पाएँ जगत रचना, शून्य गतिका
अझै खोजेँ मैले विपुल प्रतिभा सत्य कविता ।

१४९९. सबैलाई सोधेँ भन, प्रिय छ कहाँ सत्य कविता ?
रचेँ सोल्मू मान्छे अलिपछि सिमाना रचयिता
कथेँ जो प्रत्याघात अनि त बुझेँ गौतम कला
कता के पाएँ खै अजर रहने सत्य कविता ?

१५००. तरैँ ठूला खोला अनि गगनभेदी शिखरमा
म धाएँ छाप्रामा अनि गगनचुम्बी महलमा
करूणामा खोजेँ श्रमिकगणका पौरखसित
कता जाऊँ खोज्दै हृदयसुखको काव्यकविता ?

१५०१. म धाएँ नेताका घर महलमा आँसु बटुली
म रोएँ राजाकासँग सहज हा ! शासित बनी
कतै ज्ञानी भेटेँ तर पनि कुनै छैन ममता
कता भेटूँ खोजी जगतहितका काव्यकविता ।

१५०२. कता होला साँचो ? सबतिर छ झुट्टो विजय यो
कहाँ मिल्ला खोजी कुन जगतमा सत्य थुनियो ?
यहाँ के पाएँ खै ? किन त यसरी शून्य छ कला
कहाँ जाऊँ खोज्दै प्रणयित कला काव्यकविता ।

१५०३. भयो जो ठीकै हो यति दिन सकेँ पौरख यही
यही मेरो आत्मा कवि र कविता जीवन यही
अरू राम्रा होलान् कुन दिउँ म सामाजिक कृति
गुनासा आफ्नै हुन् तब तब म सन्तुष्ट छु कति ?

१५०४. न चाहेँ मैले ती मयलतिरका धन्य ! कथित
यही मेरो राम्रो छ विजय पुरस्कार अमिट !
यहाँ जन्मून् लाखौँ सहज प्रतिभा गौतमहरू
म यौटा मार्गी भै पथ अब नयाँ निर्मित गरूँ ।

१५०५. म छोरो नेपाली जगतभरिकै उच्च शिर यो
कता फैलोस् मेरो जति जति थियो बुद्धसँग त्यो
खुशी छाओस् सारा जनहृदयमा शान्ति भरियोस्
सँगै बाँचौं हाँसौं अहित झगडा अन्त गरियोस् ।

१५०६. छ जो हाम्रा साम्ने सुखसयल यी व्यक्तिहितमा
गरौं साझा हाम्रो र सुखदुख बाँडौ सबकन
'उनी' नै हुन् हाम्रा प्रणयित कला भूषण सब
उनीलाई सम्झौं हृदयसित छन् सुन्दर बुझ ।

१५०७. 'उनी' मेरा साम्ने अघि पनि थिए आखिर पनि
'उनी' नै मेरा भै जुगजुग रहून् साथसँग यी
कठै ! प्यारो धर्ती शशि, रवि तथा व्योमसँगका
अहा ! ताराका यी सँगसँग रही पाउँ ममता ।

१५०८. हिमाली हावाले मकन रसिलो शीतल छरोस्
घना झाडीले यो हृदयसित ओ ! मोहित बनोस्
कला जाचूँ मेरो शिर सगरमाथासित बसी
खुशी हुन् नेपाली अनि जगतका मानव ज़ति !

१५०९. यतै छन् मेरा ऊ पथसित उनी भर्खर थिए
कता जाऊँ खोज्दै हृदयसित छन् आखिर त हे !
महाज्ञानी प्यारा यस जगतका गौतम यहाँ
सधैं बाँच्छन् हाँस्छन् जनहित हुने शान्ति छ जहाँ ।

अनुष्टुप् छन्द ।

१५१०. पाएँ मायाँ तपाईंकै दिउँ के पाहुर अब
मन साटें यिनै मेरा सिर्जना दिन्छु वैभव
शान्तिको चाहना राखी काव्य गौतम बुद्धको
भावनाले दिएँ मैले पाऊँ मायाँ हजूरको ।

॥ गौतम बुद्ध महाकाव्य इति ॥

G.NO. 1471

लेखक परिचय

नाम : चन्द्रप्रसाद न्यौपाने
जन्म : २८ कार्तिक, २०२४ साल
सम्पर्क : फुलपिङकोट-३ कल्लेरी, सिन्धुपाल्चोक ।
संप्रति : शिक्षण र लेखन
सम्मान : प्रतिभा सम्मान-२०५४

प्रकाशित कृति

	कृति	साल	विधा
१.	पालुवा	२०४७	खण्डकाव्य
२.	नयाँ घर	२०४९	कथासंग्रह
३.	बेचिएकी चेली	२०४९	खण्डकाव्य
४.	सगरमाथामाथि	२०५०	खोजकाव्य
५.	युद्धको नाइके	२०५०	उपन्यास
६.	आँसुको थोपा	२०५१	खण्डकाव्य
७.	विद्रोही	२०५२	खण्डकाव्य
८.	फुलपिङकोट एक परिचय	२०५२	प्रोफाइल
९.	कहाँ छ ईश्वर ?	२०५२	कवितासंग्रह
१०.	सोल्मू	२०५३	महाकाव्य
११.	जीवनलक्ष्य	२०५४	कवितासंग्रह
१२.	एउटा बालमजदुर	२०५५	लघुकाव्य
१३.	चन्द्रप्रसादका १०१ कविता	२०५५	कवितासंग्रह
१४.	प्रत्याघात	२०५५	महाकाव्य
१५.	केही साहित्यिक व्यक्तित्व-कृतित्व	२०५६	समालोचना
१६.	मनका गुनासा	२०५६	कवितासंग्रह
१७.	व्यावहारिक सन्देश	२०५७	नीतिकाव्य
१८.	उज्यालोको खोजीमा	२०५८	निबन्धसंग्रह
१९.	सिमाना	२०५८	महाकाव्य
२०.	गौतम बुद्ध	२०५९	महाकाव्य

प्रकाशोन्मुख

गान्छे (महाकाव्य)
सिपाही (महाकाव्य)
निबन्धसंग्रह
कवितासंग्रह
फुटकर समीक्षा, समालोचना आदि ।